ISSN 2350-8523

# इसिलिम

# ISILIM

(Half Yearly Dumee Language Magazine)


(अर्धवार्षिक दुमी भाषिक पत्रिका)

२०७१ वर्ष १६ अङ्क १६ छिरियाम्लो जावोम्लो (उधौली) यले थो ५०७४ September 2014




जोगाई राखौं संस्कृति, नभित्र्याउँ है विकृति

## संस्कृति विशेषाङ्क











विजया दशमी तथा शुभ दीपावली २०७१ को
उपलक्ष्यमा सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति,
समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।
Link Star Manpower Services Pvt. Ltd.
Kathmandu, Nepal
Govt. Lic. No: 1025/068/69
Link Star Manpower Services Pvt. Ltd.
P.O.Box No. 11972, Gangabu-5, Kathmandu, Nepal
Tel: +977-1-4357047, 4390309, Fax: +977-1-4363942
E-mail: linkstarmanpower@gmail.com, Web: linkstar.com.np
विश्वसनीय तथा भरपर्दो वैदेशिक रोजगारीका लागि हामीलाई सम्झनुहोस्


विजया दशमी तथा शुभ दीपावली २०७१ को उपलक्ष
सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा
उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।
OUR SERVICES
Air Ticketing
Travel and Tour
Trekking
Adventures
Nepal Information
Nepal Travel Guide
National Heritage
Online Booking
Link Zone Travels & Tours Pvt. Ltd.
Kathmandu, Nepal
Govt. Reg. No: 113076/069/70
Link Zone Travels & Tours Pvt. Lt
P.O.Box: 11972, Gangabu-5, Kathmandu, Nepal
Tel: + 977-1-4357047, 4365665, 4361490, Fax: +977-1-4363
E-mail: linkzonetravel@gmail.com
Web: www.linkstar.com.np

# इसिलिम ISILIM

अर्धवार्षिक दुमीराई भाषिक पत्रिका

वर्ष १६ अंक १६ २०७१

जि. प्र. का. द. नं. ४५/०५६, काठमाडौं



**संरक्षक:**

क्या. श्री नैनबहादुर दुमीराई (MM)²

**प्रमुख सल्लाहकार:**

सह.प्रा. चतुरभक्त राई

**सल्लाहकार:**

पू. सांसद श्री टंक दुमीराई

समाजसेवी श्री रामबहादुर दुमीराई

क्या. श्री पर्जबहादुर दुमीराई

**प्रधान सम्पादक:**

नेत्रमणि हलक्सु दुमीराई

**सम्पादक:**

तेजमाया मुरह दुमीराई

मौलिधन छाचुङ दुमीराई

**व्यवस्थापक:**

ऋषिश्वर सरचु दुमीराई

यादव कुमार (अवेश) सत्म दुमीराई

**प्रतिनिधी:**

शुक्रराज हदी दुमीराई, U.K.

धौलवीर बलक्पा दुमीराई , U.S.A.

नृप सत्म दुमीराई, जापान



**प्रकाशक:**

दुमी किरात राई फन्सीकीम

**मुद्रण:**

राईलिंक सपोर्ट अफसेट प्रेस

फोन/फ्याक्स: ४४६०९०६

**आवरण फोटो:**

तेजमाया मुरह दुमी राई



**पत्राचार**

इसिलिम दुमी भाषिक पत्रिका

पो.ब.नं. २०२११, कोटेश्वर, काठमाडौं

फोन/फ्याक्स : ९७७-१-४९१५७२६, ४९१५०७२

E-mail: info@dumikiratrai.org

www.dumikiratrai.org



मूल्य: ने.रू. १००/- भा.रू १००/- H.K.$ 20, सिंगापुर/ब्रुनाई $5/-, U.K£.2/-


# विषय सूची


| शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|
| सत्म रिङ्दहरुमा नुवागी:...... | चतुरभक्त दुमी राई | १ |
| प्रशासनमा एउटा बहस....... | सहजित दुमी राई | २१ |
| सिकीपरिकी धनी...... | तेजमाया दुमी राई | २३ |
| सामाजिक र सांस्कृतिक .... | किर्तीकुमार दुमी राई | २५ |
| उमेरका यादहरु......... | कान्छा दिक्पा दुमी राई | २८ |
| खुम्बु क्षेत्र र हाम्रो संस्कृति.... | गिनीता दुमी राई | ३२ |
| किराती साङ्गितिक अभियान.... | जनक राई | ३४ |
| तयामा, खियामा र खक्चुलुप्पा.... | तारामणि राई | ३७ |
| कस्तो संस्कृति........ | मौलिधन दुमी राई | ४६ |
| *Just be positive*........ | श्रृष्टी हलक्सु दुमी राई | ४८ |
| *My happiest moment*.... | सोफि हलक्सु दुमी राई | ४९ |
| गीत.................... | युवराज दुमी राई | ५० |
| दुमी बुसुरु युमुमा प........... | जगत/भूमिराज दुमी राई | ५१ |
| राज्य पुन:संरचनासम्बन्धी.... | चतुरभक्त दुमी राई | ५६ |
| सारसमाचार................ | दुकिराफ, दुमकिम | ८५ |
| देउसीभैलो............. | दुकिराफ, दुमकिम | ८७ |
| भलाकुसारी .......... | मौलिधन दुमी राई | ९६ |
| चर्चा: चेतना....... | सरिता कोयी दुमीराई | ९८ |
| *Choose right pals*..... | पन्ना थुलुङ राई | १०१ |
| ऐतिहासिक युग पुरुष ....... | सम्पादक | १०२ |
| यस पटक मैले...... | मिरह साइला (नेत्रमणी) | १०४ |

## हार्दिक शुभकामना


जावोम्लो / छीरीयाम्लो ५०७४ (सकला उघौली) चाडको शुभ उपलक्ष्यमा सुप्तुलु, युङ्खुलु, रिमेम, नायम, एवं सुम्निमा पारुहाङ्ले हामी सबैको रक्षा गरुन् ।

**ढुमी किरात राई फन्सीकीम तथा ढुमकिम काठमाडौं**

## हार्दिक शुभकामना

**छीरीयाम्लो २०७१ तोसी (सकला उघौली) चाडको**

शुभ अवसरमा सिमेभूमे, सुप्तुलु, युङखुलु एवं सुम्निमा - पारूहाङले सबैको रक्षा गरून् ।



क्या. नैनबहादुर सत्म दुमीराई ($MM^2$)
श्रीमती रत्नमाया (साम्पाङ) दुमीराई
तथा स-परिवार
सप्तेश्वर-९, थानागाऊँ, खोटाङ
हाल: महारागञ्ज, काठमाडौं

# सत्म रिङ्दुहरूमा नुवागी : एउटा परम्परा संस्कृति
## सत्म रिङ्दुहामबी नुजा : तुक्पु तुलुयाङखा



✍ चतुरभक्त राई

### १. आरम्भ

यो नुजा तुलु याङ्खा विवरण स्वर्गीय तायामी धनरुप राईले २०५६ साल कार्तिक २० गते यो स्तम्भकारलाई उपलब्ध गराउनु भएको हो । तसर्थ यो स्तम्भकार निज प्रातःस्मरणीय बाजे स्वर्गीय धनरुप सत्म रिङ्दु राईप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछ । यसमा नुवाङ्गीगर्दाको मुद्दुम तथा दप्सनुसम्बन्धी मूल अंश उहाँको लिखित मौलिक कृति हो । यसलाई आवश्यकता अनुसार अर्थ लगाउने र व्याख्यागर्ने कार्य स्तम्भकारले मौलिक स्रष्टासँग सोधेको आधारमा गरिएको हो । थप कुराहरू उहाँको उत्तराधिकारीको रुपमा रहेका वर्तमान तायामी मोहनसिंह सत्म राई र खम्बसिंह सत्म राईसँगको साक्षात्कारबाट उपलब्ध भएको हो ।

### २. चुल्हाको परिचय (सुप्तुलुपो छेन्सी)

दुमीहरू चुल्हालाई सुप्तुलु भन्छन् । यसैलाई मुद्दुमी भाषामा दाउलो भनिन्छ । सुक्तुलु शब्द पछिल्लो समयमा अपभ्रंस भई सुप्तुलु भएको मानिएको छ । (नेत्र) यसमा सुक् को अर्थ तीन, तु को अर्थ टेकाउने र लु को अर्थ ढुङ्गा भन्ने जनाउँछ । ती तीन चुल्हाहरूमा एक चुल्हाले घरको प्रतिनिधित्व गर्दछ जसलाई सेरलु (पितृचुल्हा) भनिन्छ, अर्को



न्वागी गर्दै तायामी मोहनसिह राई र पदमबहादुर राई

एक चुल्हाले वंशीय दाज्युभाईहरूको प्रतिनिधित्व गर्दछ जसलाई वात्तोलु (वंशीयचुल्हा) भनिन्छ र तेस्रो एकचुल्हाले छोरीचेली एवं कुटुम्बको प्रतिनिधित्व गर्दछ त्यसलाई दनीलु (पाहुनाचुल्हो) भनिन्छ । यी तीनवटै चुल्होलाई चारवटा पाता ढुङ्गाले चौकुने आकारमा घेरिएको हुन्छ त्यसलाई बाखालु भनिन्छ । यी तीन चुल्हामध्ये सेरलुलाई थुमालु नामले पनि बोलाइन्छ । यसको अर्थ घरको मुख्य चुल्हा भन्ने अर्थ लाग्छ । पुनः तीन चुल्होढुङ्गा बाहेक अर्को एक सानो खेलुवा चुल्होढुङ्गा पनि हुन्छ जसलाई कुनै एक चुल्हो ढुङ्गोसँग आड राखेर सानो भाडा वर्तन बसाईन्छ त्यसलाई साकालु भनिन्छ । किराती पूर्खाहरू भन्छन्- "किराती राईहरूलाई तीर्थवर्तको लागि काशी धाइराख्नु पर्दैन यही तीनचुल्हा नै पवित्र धाम हो । यही धामभित्र हाम्रा तमाम प्रात पूर्खाहरू बिराजमान छन् । र, हामीहरू बेलाबेलामा र आवश्यक पर्दा ति पूर्खाहरूलाई चोखो जाँड, रक्सी, मोधाम, अदुवा आदि दिएर सम्मान गर्छौं । त्यस प्रकारका पूजाका विभिन्न किसिम र विशेषताहरू रहेका छन् । तिनीहरूको नाम नुवाङ्गी, छोर्सु, खरम, तिधाम, छिदाम, छमदम आदि भनिन्छ । यस लेखमा विशेषत दुमी राईका सत्मपाछाले वार्षिकरुपमा सम्पन्नगर्ने नुवाङ्गीको वारेमा विधि र मुद्दुमको वारेमा चर्चा गरिनेछ ।

### ३. नुवाङ्गी (नुजा/थोपिजा)

किरातीहरू आदिकालदेखि नै पितृ र प्रकृति पूजक भएकाले वार्षिक रुपमा सुप्तुलुदेखि साखेलपूजासम्म पितृ र प्रकृतिकै नाममा धुमधाम पूजा गरिन्छ । यसमध्ये भाद्र महिनाको अन्तिम हप्तातिर विशेषत : नयाँधान पाकेपछि

घरको तीनचुल्हालाई पितृको नाममा अर्पणगर्ने सांस्कृतिक पूजालाई नुवाङ्गी वा दुमीभाषामा 'नुजा' वा न्युजा भनिन्छ । यो सालको उधौलीको नयाँ अन्नको खान्की (थोपिजा) हो ।

नुवाङ्गी गर्दा एक कुबी वा चुल्हाधामी, कुबीलाई सहायता गर्ने एक वा दुई पूर्खा (चाई गर्ने वा कुरुमी) र छिमेकी घरको प्रतिनिधित्व गर्ने पाको पूर्खौलीहरू चुल्हाका वरीपरी बसेर सम्पन्न गर्दछन् । चाईगर्ने (कुवीसँगै पूर्खाको भाषा बोल्ने एक मुद्दुमी, एउटा कुरुमी (धामीको सहयोगी) हुन सक्तछन् तर कुबी वा नक्षो एंकजना मात्र हुन्छ । कुवीनक्षो नभएको अवस्थामा कुनै बृद्धपूर्खा जो चाईवाला, कुरुमी होस वा नहोस तर मुद्दुम र विधि पुऱ्याउन सक्ने सक्षम व्यक्तिले पनि नुवाङ्गी वा अन्य किरातपूजा वा सांस्कृतिक कर्म कुवीनक्षोकै भूमिकामा सम्पन्नगर्न सक्तछ।

### ३.१. नुवाङगी गर्दा चाहिने सामग्रीहरू

उक्त सामग्रीहरू केही खाद्य, केही खेतीपाती, केही युद्ध र केही दैनिक प्रयोगका सामाग्रीहरू हुन्छन् । ति सामाग्रीहरू केही घरबेटीले र केही कुवीनक्षोले व्यवस्था गर्नुपर्ने हुन्छ ।

३.१.१.घरधनीले व्यवस्था गर्नुपर्ने सामाग्रीहरू -

१. नयाँ धानको चामल अन्दाजी चार माना नाङ्लोमा राख्ने
२. पाना नछुट्टिएको दुईदुईवटा हाङ्गो भएको ७ झ्याङ् अदुवाको बोट)
३. अदुवाको फाल्टो पाना ५।६ टुक्रा
४. कोदोको चोखो जाँड (भएसम्म नयाँ कोदोको)
५. नयाँ जाँडको दुइटा तोम्बा र तोम्बामा राख्ने फिपासमेत
६. बटुकामा अदुवाको पाना, मोधाम खिदाम (चरा, माछा, जङ्गली चौपाया आदिको मासु) र चामल राख्ने
७. कोदाको चोखो रक्सी
८. एकजोडी पावा रक्सीको कठुवा सुरुमी सिकारीको लागि छेममा राख्ने
९. चोखो गडुवा
१०. एकजोडी चोखो जाँडको कठुवा
११. खेतीपातीगर्दा प्रयोग भएका कोदालो, कोदाली, कुत्ते, कचिया, हँसिया, खुर्पा, खुकुरी, खुर्मी हलो, झम्पल, बञ्चरो आदि
१२. शिकार गर्दा चाहिने धनु, तिर, ठोक्रो, बन्दुक, गुलेली, भाला आदि
१३. युद्धमा प्रयोग गरिने र गरिएका सामाग्रीहरू- ढाल, तरवार, ठूलो खुकुरी, मुरुमी, कट्टि,
१४. नाङलो
१५. माछा मार्ने जाल, ढडिया, थकौली आदि
१६. बलङ्खा
१७. चुल्हामा राम्ररी आगो फुकेको हुनुपर्दछ । यसमा एउटा विश्वास के गरिन्छ भने दप्सनु गर्दैगर्दा आगो ठोस्ने फुक्ने कामगर्नु हुँदैन । त्यसो गरिएमा पूर्खाहरू रिसाउँछन् भन्ने विश्वास गरिन्छ । आगो चलाउँदा फुक्दा एकफिन्ताको वीचमा मात्र गरिन्छन् । वीचमा आगो नवलेमा वा आवश्यकताभन्दा बढी बलेमा राम्रो मानिन्न । त्यसैले पहिले नै राम्रो बल्ने दाउरा हालेर आगो बालिएको हुनुपर्दछ ।

### ३.१.२. कुवी नक्षो (सेरधामी) ले व्यवस्थापन गर्नु पर्ने सामाग्रीहरू–

१. नक्षोले हातमा खेलाउने रोनु (चिण्डो) जसमा नुवाङ्गी गर्ने घरको चोखो जाँड भरिन्छ
२. नाङ्लोमा राख्ने सलवा चिण्डो जसमा नुवाङ्गी गर्ने घरको चोखो जाँड भरिन्छ
३. नक्षोको फ्याक्सुम (झोला) जसमा नुवाङ्गी गर्ने घरको चोखो दुईहाङ्गे अदुवा र थोरै चामल राखिन्छ ।
४. थान (बुजुदाम) सजाउने सामग्रीहरू र यसका विधि

बुजुदाम भन्नाले कुवी तथा नक्षोद्वारा कुनै पारम्परिक

तथा सांस्कृतिक कार्यहरू सम्पन्न गर्नका लागि आवश्यकीय सामाग्रीहरू क्रमबद्धरुपमा एकठाउँमा सजाइएको एकमुष्ट थानको व्यवस्थालाई जनाउँछ। जस्तो खापकोर चिन्तागर्दा धामीले आफ्ना सबै सांस्कृतिक सामाग्रीरू चिण्डो, बज्रढुङ्गा, दुम्सीको काँडा दियो, चामल, सेउली, चोखो गडुवा, काउलो, लिसो (खोसु) आदि एकठाउँमा क्रमशः बुजुदामको निर्माण गर्दछ । त्यसैगरी नुवाङ्गीमा पनि माथि उल्लेख गरिएका सामाग्रीहरू व्यवस्थित रुपमा राखिन्छ जसलाई बुजुदाम भनिन्छ ।

यस्तो बुजुदाम बनाइने स्थान सेरकुना हो। सेरकुना भनेको चूल्हाको भित्तापट्टिको घरमूली बस्ने स्थान हो । त्यहाँ अरुलाई बस्नको लागि बर्जित जस्तै मानिन्छ ।

नुवाङ्गीको दिन सर्वप्रथम घरको सेरकुनामा चोखो लिपपोत गरी नाङ्लोमा चामल राख्नुपर्दछ । अदुवाको जोडी नटुक्रिएको दुईहाङ्गे बोट नाङ्लोको दुबैपट्टि भित्तामा ठड्याएर राख्नुपर्दछ । तोम्बालाई नाङ्लोका दुवैपट्टि राख्नुपर्दछ। नाङ्लोको वीचमा चामल जम्मापारी चोखो जाँडको चिण्डो ठड्याउनु पर्दछ। माथि उल्लेख गरिएका सबै हतियार तथा सामाग्रीहरू नाङ्लोको दुवैपट्टि भित्ताको आडमा ठड्याएर राख्नु पर्दछ। यसरी राख्दा पुरुष हतियार दाहिनेतिर र महिला हतियार देब्रेतिर राख्नु पर्दछ। हतियार राख्दा आफूतिर फर्केकोस्वरुपमा र कोदाली, चपरा, कुत्ते आदि धोईपखाली भित्तातिर मुख फर्काएर राखिन्छ । टुक्रे अदुवाका दुइचारवटा पानालाई नाङ्लोको छेउमा राख्नुपर्दछ। जोडी नटुक्रिएको एकजोडी अदुवाको भ्याङ र दुइपावा रक्सी छेममा राख्नुपर्छ। एकजोडी चोखो जाँडको कठुवा बुजुदामको दाहिने देब्रे पारेर राख्नुपर्छ । जोडी नटुक्रिएको दुईहाङ्गे अदुवाको एकबोट धामीले हातमा लिनुपर्दछ। त्यस्तै जोडी नटुक्रिएको दुईहाङ्गे अर्को एकजोडी अदुवाको बोट र केही एकदुई मुठी चामल कुवीको झोलामा राख्नु पर्दछ। चुल्हालाई चढाउने नयाँ अदुवाको पाना, नयाँ चामल र मोधामखिदाम, बटुकामा राख्नुपर्छ जसलाई कुबीले चुल्हामा चढाउने कार्य गर्दछ । यत्ति सामग्रीहरू बुजुदाममा सजाईसकेपछि नुवाङ्गीको लागि तयारी पुरा हुन्छ ।

अब पूर्खाहरू चुल्हाको तीनतिरबाट वरीपरी बस्छन् । कुबीनक्षो बुजुदामको छेउमा अगेनापट्टि फर्केर बस्छ। कुबीनक्षो बस्नको लागि बलङ्खा चाहिन्छ। बलङ्खा भन्नाले कुबी वस्ने एक सांस्कृतिक पिरा हो जसलाई नदीमा चल्ने डुङ्गाकोरुपमा त्यसलाई लिइन्छ र त्यसैबाट कुबीधामी आवतजावत गर्छ भन्ने गरिन्छ। तायालाईसमेत नुवाङ्गी गर्दा चोखो पिरा चाहिन्छ । कारण तायाहरू बलङ्खामा बस्दैनन् । अन्य चाई वा दप्सीगर्ने पूर्खाहरू गुन्द्री ओछ्याएर तीनचुल्हो तीनतिरवरीपरी बस्छन् । अरु आमन्त्रितहरू मुल पूर्खाहरू बस्नेस्थानभन्दा केही मुनीतिर बस्छन् । दप्सनु गर्न थाल्नु अगाडि रक्सी वा जाँड खाएर थोरै मुखजुठो गरेर आफूलाई शुद्ध पार्नुपर्छ। नत्र अशुद्ध वा खोलो भएको मानिन्छ ।

## ५. मुद्दुम, दप्सनुरदप्सी प्रारम्भ : पहिलो तह

मूल मुद्दुममा प्रवेश गर्न अगाडि कुबीले बुजुदाम अगाडि बसेर आफूले मानिएका केही मुख्य मान्य देवताहरूको नाममा दाहिने हातको बुढीऔंलाको नङ्ले अदुवालाई चिमट्दै नयाँ चामलसमेत उनिहरूको नाममा अर्पण गर्नुपर्छ। यसलाई सारसुर गर्नु भन्दछन् । यो विधि मनमनै वा केही सानो आवाजमा पुकार गरिन्छ। त्यसरी सारसुर गर्नुको अर्थ उनीहरूसँग लहै आज यो-त्यो कार्यगर्दैछु भनेर शरणपर्ने तथा जानकारी गराउनु हो । यस अनुसार आज म फलनाको घरमा नुवाङ्गी गर्दैछु त्यसैले बलदेउ, शक्ति देउ, कोही हानबाँध नगरीदेउ, थुनछेक नगरीदेउ, बाटो खोलीदेउ, भीरपहराबाट बचाईदेउ, अवगालबाट बचाईदेउ भनेर छिमोदिमो, देवीदेवता, चियोपा चियोमा, शिकारी, भूमे आदि देवताहरूको नाम लिइन्छ । सत्म रिङ्दुहरूले त्यस्ता देवताहरूको नाम निम्नानुसार लिने गरेको पाइन्छ र धेरथोर यो विधि अरु दुमी पाछाहरूमा पनि उस्तै-उस्तै नै हो ।

*१. सुम्निस् निनाम पारुबु दप्तो*

*मो : छाम्छे*

*सुम्निम निनाम खादी*

*धिरीती हालकुम ककुम दप्तो*

*मो : छाम्छे ।*

*Sumnim ninam parubu dapto*
*Mo chhamchhe*
*Sumnim ninam khadi*
*Dhiriti halkum kakum dapto*
*Mo chhamchhe*

**भावार्थ :**

सुम्निम, घामजस्तो पारुहँलाई पुकार्दैछु

पारम्पिरिक पवित्र कार्य गर्दैछु

सुम्निम घामजस्तो धरतीमाता

धरतीमाता पृथ्वी बज्यूलाई पुकार्दैछु

पारम्परिक पवित्र कार्य गर्दैछु ।

२. *दिबु सप्सावाला किम दप्तो*

*मो : छाम्छे*

*थम्पुकिम दप्तो,*

*धिलुकिम दप्तो*

*मालुकिम दप्तो*

*मो : छाम्छे*

*Dibu Sapsawala Kim Dapto,*
*Mo Chhamchhe,*
*Thampukim, Dapto,*
*Dhilu Kim Dapto,*
*Malukim Dapto*
*Mo Chhamchhe,*

शिकारी अन्नदाता घरको, पुकार्दैछु

पारम्परिक पवित्र कार्य गर्दैछु

पवित्र भूमिका बनाएको घरलाई पुकार्दैछु

आदरणीय मूलघरलाई पुकार्दैछु

मान्यजनको घरलाई पुकार्दैछु

पारम्परिक पवित्र कार्य गर्दैछु ।

३. *सुबुकु माबुकु साप्तेलकु दप्तो*

*मो : छाम्छे*

*कावा साखुमोरु दप्तो*

*मो : छाम्छेमुल*

*तमुल दप्तो*

*मो : छाम्छे ।*

*कुइम साजुम दप्तो*

*मो छाम्छे ।*

*Subuku mabuku, Saptelku Dapto,*
*Mo Chhamchhe,*
*Kawa sakhumoru, Dapto,*
*Mo chhechhemul,*
*Tamul, Dapto,*
*Mo Chhamchhe,*
*Kuim sajum Dapto*
*Mo chhamchhe*

पानी पँधेरोलाई पुकार्दैछु

पारम्परिक पवित्र कार्य गर्दैछु

खोला, खोलाहरूको दोभानलाई पुकारर्दैछु

पारम्परिक पवित्र कार्य सबै गर्दैछु

आँधीबेरीयुक्त कालोबादललाई पुकार्दैछु ।

पूर्ण पारम्परिक पवित्र कार्य गर्दैछु ।

कालो कुइरो बादलाई पुकार्दैछु

पारम्परिक पवित्र कार्य गर्दैछु ।

४. *चियोपा चियोमा दप्तो (नाग नगेनी दप्तो )*

*मो : छाम्छे*

*सिमेभूमे दप्तो*

*मो : छाम्छे*

*सेतीनाग दप्तो*

*कालीनाग दप्तो*

*मो : छाम्छे*

*शेषनाग दप्तो*

*बासुकीनाग दप्ता*

*मो : छाम्छे ।*

*Chiyopa Chiyoma dapto (Nag Nageni Dapto)*
*Mo Chhamchhe,*
*Simebhume Dapto,*
*Mo Chhamchhe,*
*Setonag Dapto,*
*Kalinag Dapto,*
*Mo Chhamchhe*
*Shesnag Dapto,*
*Basukinag Dapto,*
*Mo Chhamchhe*

नागनगेनीलाई पुकार्दैछु

पारम्परिक पवित्र कार्य गर्दैछु
सिमेभूमेलाइ पुकार्दैछु
पारम्परिक पवित्र कार्य गर्दैछु
सेतोनागलाई पुकार्दैछु
कालीनागलाई पुकार्दैछु
पारम्परिक पवित्र कार्य गर्दैछु
शेषनागलाई पुकार्दैछु
बासुकीनागलाई पुकार्दैछु
पारम्परिक पवित्र कार्य गर्दैछु ।

५. *सुम्निम कुबी ककुमा दप्तो*
*मो : छाम्छे*
*सेलेकुवी दप्तो*
*मो : छाम्छे*
*वनेशखण्डी*
*हँःपा हँमा दप्तो*
*मो : छाम्छे ।*

*Sumnim Kubi Kakuma Dapto,*
*Mo Chhamchhe*
*Selekubi Dapto,*
*Mo Chhamchhe*
*Baneshkhandi,*
*Hanpa Hanma Dapto,*
*Mo Chhamchhe*

सुम्निम कुबी बज्युलाई पुकार्दैछु
पारम्परिक पवित्र कार्य गर्दैछु
बिजुवाधामीलाई पुकार्दैछु
पारम्परिक पवित्र कार्य गर्दैछु
बनेशखण्डी
वनराजा वनरानीलाई पुकार्दैछु
पारम्परिक पवित्र कार्य गर्दैछु ।

६. *सतम् सालुबिम*
*सतम् नामरुङ दिबुमी*
*सतम् बुढेनी*
*सतम् दिबुमी दप्तो*
*मो : छाम्छे ।*

*Satam salubim,*
*Satam Namrung Dibumi,*
*Satam Budheni,*
*Satam Dibumi dapto,*
*Mo Chhamchhe*

सात भ्याँक्रि
सात नामरुङ शिकारी
सात बुढेनी
सात शिकारीलाई पुकार्दैछु
पारम्परिक पवित्र कार्य गर्दैछु ।

७. *रङ्कपु एकले, दुकले*
*सहले बगाले धिपुलु दप्तो*
*मो : छाम्छे*

*Rangkapu Yekle, dukle,*
*Sahale, Bagale dhipulu dapto,*
*Mo Chhamchhe.*

वनदेवताका राजा एकलै हिड्ने जोडी भएर हिड्ने सहसम्बन्ध भएर हिड्ने, बगाले भएर हिड्नेलाई पुकार्दैछु
पारम्परिक पवित्र कार्य गर्दैछु ।

८. *साखुदा मुक्पु*
*छिमोदिमो दप्तो*
*मो : छाम्छे ।*

*Sakhudha mukpu*
*Chhimodimo dapto,*
*Mo Chhamchhe*

शक्तिशाली मुक नबोल्ने
छिमोदिमोलाई पुकार्दैछु
पारम्परिक पवित्र कार्य गर्दैछु ।

९. *सिकिमी, यारीमी, कुरिमी*
*मिकिमी, मिरिमी दप्तो*
*मो छाम्छे ।*

*Sikimi, yarimi churimi, Kurimi,*
*Mikimi, Mirimi dapto*
*Mo Chhamchheou.*

सीपगर्ने, हेरकोर गर्ने यारीचुरी गर्ने, धामीसँग हिड्ने पूर्खा
आँखा देख्ने, भविष्यद्रष्टालाई पुकार्दैछु
पारम्परिक पवित्र कार्य गर्दैछु

यसरी आकाश पातालका सबै देवताहरूलाई एकएक गरेर अदुवा चामल अर्पणगर्दै शरण पर्नु पर्दछ। यसपछि मात्र चुल्होतिर फर्केर मुद्दुम फलाक्ने काम हुन्छ।

### ६. मुद्दुम, दप्सी : दोस्रो तह

मुद्दुम फलाक्नु अघि कुवीले नयाँ चामल देब्रेतिरबाट हात घुमाउँदै तीन चुल्हाको शिरमा राख्नुपर्छ, त्यसपछि अदुवाको टुक्रा र रोनुका सहायताले चोखो जाँड पनि यसरी नै राख्नुपर्दछ। यो क्रिया तीनपटक दोहोरिन्छ। यसपछि कुबीले चुल्होलाई हात जोडेर नमस्कार गर्नुपर्छ। त्यसपछि कुबी र तायामीहरूले एकैपटक दप्सनु तथा मुद्दुम फलाक्नु पर्दछ। किराती मुद्दुम मौखिक परम्परामा आधारित भएकाले अन्तरज्ञानबाट मुद्दुम फलाक्नु पर्दछ। यस्तो मुद्दुम फलाक्दा कुबीनक्षोले पहिले थाल्नुपर्छ अनी मात्र तायामीले पछ्याउनु पर्छ। मुद्दुम समाप्तगर्दा पनि कुबीभन्दा तायामीले पहिले सक्नुपर्दछ। कुबीलाई तायामीले उछिनपाछिन गर्नु हुँदैन। कुबीभन्दा तायामीले पहिले र पछिसम्म मुद्दुम गरीराखेका तायामी खस्ने (मर्ने, व्यथा लाग्ने) संभावना हुन्छ। मुद्दुम फलाक्दा सुम्निम बज्यूबाट शुरुयात गरेता पनि त्यसपछि भने सबभन्दा पहिले पुरुष बाजेहरूलाई दप्सनु गर्नु पर्दछ। त्यसका **दर्प्सीरमुद्दुम यसप्रकार रहेको छ -**

*ममे,*

*सुम्निम बाखायुप्पा, सुम्निम बाखायुम्मा*

*ब्रास्मी चुचुहामङौ*

*तोदुसे, लुम्दुसे, छालुसे, छेनुसे, वाकुसे, वाकुमे, ताकुसे, सायासे, साखासे, सिबिसेहामङौ*

*Mame,*
*Sumnim,Bakhayuppa, Sumnim Bakhayumma, Brasmi Chuchu Hamngou, Toduse, Lumduse, Chhaluse, Chhenuse, Wakuse, Wakume,*

*Takuse, Sayase, Sakhase, Sibise Hangmou,*

नेपाली भावार्थ :

लहै

आदिम पिता,सुम्निम सृष्टिमाता

ब्रास्मीका सन्तानहरू हो १ जेठो, माइलो, साइलो, काइलो, अन्तरे, जन्तरे,

लखन्तरे, मन्तरे, ठाइला, कान्छा राजाहरू हो १

आनिङ

*सुप्तुलु होपु, लामालु होपु, थुमालु होपु, कुबिलु होपु, सेलेलु होपु, बेलेलु होपु, ताया ताङ्कीलु होपु, मिकी मिरिलु होपु, चादुम्लु होपु, बुलुलु होपु, चासुमी होपु, खिवालु होपु, वाछेलु होपु, वारेलु होपु, आनिङ मोतीनीम्यै आम्ना*

*Aninga*
*Suptulu Hopu, Lamalu hopu, Thumalu hopu, Kubilu hopu, Selelu hopu, Belelu hopu, Taya Tangkilu hopu, Miki Mirilu hopu, Chadumlu hopu, Bululu hopu, Chasumi hopu, Khiwalu hopu, Wachhelu hopu Warelu hopu . Aaning Motinimei Aamna*

**भावार्थ :**

तपाईहरू

तीनचुल्हा राजा तथा मान्यजन, चौकुने चुल्हा राजा, मुलचुल्हा राजा, मान्यजन, कुबीचुल्हा राजा मान्यजन, बिजुवा चुल्हा मान्यजन, कुबीधामी राजा, तायाको रुपमा रहेको मान्यजन, आँखादेख्ने जान्नेसुन्ने मान्यजन, अन्नका राजा, पैसाको राजा, अन्न फलाउने राजा, क्षेत्रकै ठूलो हैकम भएको राजा, परम्पराका अनुयायी, रमाईलोगर्ने ठूलो विशेषता भएको राजा तथा मान्यजन (वाछेलु होपु वारेलु होपु)। तपाईहरू सबैजना उपस्थित होइदिनुहोस है आज त

मओ होदिनी मओ खोदिनी होला, आम्नामा चिरिचो लम्का धिरिचो, धिरिचो लम्का चिरिचो, नुलु होतुम, पुमा पुचुम, थोपियुम्का, थोपियका थोपिन्जा, नोपियका नोपिन्जा, आन्नी, चुचापुपो खारुजा, उक्तिजा, बक्तजा, पुछाजा, खुर्बुजा, सुम्निम न्युजा, खारुजा खार्सीजा, छिप्लिजा, मुक्तिजा,

*Mao hodini, Mao khodinihola, Aamnana, Chhiricho lamka, Dhiricho lamka, Dhiricho lamka Chhiricho, nula Hotum, puma puchum, Thopiyumka, Thopiyaka Thopinja nopiyaka Nopinja, Aanni Chuchachupo, Kharuja, Uktija, Baktaja, Puchhaja, khurbuja, Sumnim Niuja, Kharuja Kharsija, Chhipilija, Muktija*

**भावार्थ :**

के के लिएर आयौ, के के न बोकेर ल्यायौ भन्नुहुन्छ होला, आज त उधौली पछि उभौली लागेछ, उभौलीपछि उधौली लाग्यौ, नयाँसाल आईपुग्यो, फूल फूल्यो, नयाँवर्ष आयो, नयाँवर्ष उधौली आएकाले उधौलीको नयाँ भात पकाएको, तपाईहरूको दरसन्तानहरूले खनजोत गरेर उब्जाएको भात तथा खान्की (खारुजा), नयाँ धानको भात तथा खान्की (उक्तिजा), पसिना बगाएर उब्जाएको भात तथा खान्की (बक्तजा), काँचो बाँसको ढुङ्ग्रोमा पकाएको भात तथा खान्की (पुछ्राजा), हातले कमाई गरेर उमारेको अन्नको खान्की, कोदोको नयाँभात तथा खान्की (सुम्निमजा), खनजोत गरेर जमिन खनीखोर्सी आवादगरेर उब्जाएको अन्नको भात तथा खान्की (खारुजा खार्सिजा), माटाको भाँडामा पकाएको भात (छिप्लीजा), खेती गरेर उब्जाएको नयाँ अन्नको भात (मुक्तिजा) ।

ब्रास्मी, साखाम रुरी, साका फिङ्कु, चादुम बुलु फिङ्कु, छिलाम धिलाम फिङ्कु, वाछेवारे फिङ्कु, हारीदुरी फिङ्कुबी

*Brasmipo, Sakhama ruri, Sakha phingku, Chadum bulu phingku, Chhilam Dhilam phingku, Wachheware, Hariduri phingkubi*

**भावार्थ :**

सत्म ब्रास्मीहरूको, सन्तानको आयु, शक्ति दिनुहोस भनेर मागेको, अन्न पैसा दिनुहोस भनेर मागेको, पूर्खाको फराकिलो बाटो दिनुहोस भनेर मागेको, पूर्खाहरूको रीतिथीति सम्पन्न गर्ने बल दिनुहोस भनेर मागेको, तागत दिनुहोस भनेर मागेको

*झाराम मोदाम खिदाम, दिबुसु, ललसु, रोपोसु, धिरीसु, खादिम्सु, हादिम्सु, बिसुसु, बरसु, सिकेसु, माकेसु, पुलुसु, ङुसुसु,*

*jharam, Modam khidam, Dibusu, Lalasu, Roposu, Dhirisu, Khadimsu, Bamsuksu, Hadimsu, Bissusu, Barasu, SikesuMakesu, Pulusu, ngususu,*

नेपाली भावार्थ :

सबै चरामाछाको पवित्र मासु, डाँफे मुनालको मासु, पाहाको मास (ललसु), बदेलको मासु (रोपोसु), सालकको मासु (धिरिसु), जमिन भित्र बस्ने जन्तुको मासु (खादिम्सु सालक, दुम्सी आदि), दुम्सीको मासु (बामसुक्सु), थारको मासु (हादिम्सु), गाईको मासु (बिस्सुसु), घोरलको मासु (बरासु), चरा र जन्तुको मासु (सिकेसु माकेसु), भिङ्गुमा चराको मास (पुलुसु), माछाको मासु ।

*सुबिम माकुम, फिरिलु फोल्मु, खाप्चीखावा, सिपका खारवा, सलवा, झाराम, हाल्नुप्रोनु, प्रुक्तुका, थोपिजा, बिन्निम खन्निम् । हसहल, छिवाम, पाछामकाई, जोनीतोनिका, लुखिनीम्येई ब्रास्मी चुहाम्डौ*

*Subim Makum, Phirilu Pholmu, Khapchi khawa, Sipka Kharawa, Salawa, Jharam, Halnupranu, Pruktuka, Thopija binnim, Hashala, Chhiwam, Pachhamkai, Jonitonika, Lukhinimei, Brasmi Chuhamngou,*

**भावार्थ :**

स्यानो जातको अदुवा ठूलो जातको अदुवा (सिकुम माकुम), देवताको नाममा सारीएको अदुवाको पाना (फिरिलु फोल्मु), पूर्खाको नाममा भर्जाइएको जाँडरक्सी (खाप्चीखावा), पूर्खाको नाममा तोम्बा, चिण्डो, कठुवामा तुप्लासहित राखिएको जाँड, रक्सी (सिपका खारवा), चिण्डोमा राखिएको जाँड, रक्सी (सलवा) सबै हाल्ल्याएका छौं राखेका छौं (सबै हाल्ल्याएका छौं), उठ्नुहोस तयारी हुनुहोस (प्रुक्तुका), यो वर्षको नयाँ बाली भोजनका लागि दिएका छौं (थोपिजा), खुसी हुनुहोस (हसहल), उधौली भाद्रमासमा (छिवाम), पाछाहरू सबैले (पाछामकाई) खाएर पिएर तृप्त हुनुहोस है *(जोनी तोनिक लुखिनीम्येई), ब्रास्मी चुचुहरू १*

*चिलिलि खेरेरे मामुईसी, छुमुछापछुल मामुईसी, सम्खालुम्खा माबुखिनी, सिपसिमो झिपझिमो माबुखिनी, लाकला मुलुम्पु, हिलीसी, मामासी माबुखिनी, सुक्सु साइसुमी माबुखिनी, सारीसुमर माबुखिनी, साम्खालुम्खा लाचिनी, सारीसुमर लाचिनी, सिप्सिमो झिप्झिमो लाचिनी, बोक्सीरी, दाइनारी, नाचुरी, नहरी, खाप्चुरी, अन्चुरी, याका हेचिनी, कान्चिनीम्येई,*

*Chilili kherer Mamuisi, Chhumuchhapchhul mamuisi, Samkhalumkha Mabukhini, Sipsimo jhipjhimo Mabukhini, Lakla mulumppu, sukusi sayasi, Hilisi Mamasi, Mabukhini, Suksu sayisumi*

*mabukhini, Sarisumar mabukhini, Samkhalumkha lachini, Sarisumer lachini, Sipsimo jhipjhimo lachini Boksiri Dainiri, Nachuri, Nahari, Khapchuri, Aanchuri, yaka hecheni, Kanchinimei,*

नेपाली भावार्थ :

रिसराग नगरीदिनुहोस, मन नदुखाईदिनुहोस, भोकले सताएर मरेकाबाट आउने रोगहरू सबै नउठाईदिनुहोस, शरिर कक्रीने हलचल गर्न कठिन हुने रोग नउब्जाईदिनुहोस नउठाईदिनुहोस, लागुभागु जागित्रा सियाँ (लाकला मुलुम्पु), बच्चा मरेर बन्ने प्रेतात्मा, उमेरदारी पूरुष अप्राकृतिक मृत्यूबाट भएको प्रेतात्मा, उमेरदारी महिला अप्राकृतिक मृत्युबाट भएको प्रेतात्माबाट हुने व्यथा नउठाइदिनुहोस, उमेर नपुगेको बालबच्चा मरेको प्रेतात्माबाट उब्जने व्यथा नउठाईदिनुहोस, सम्खाबाट हुने व्यथा फ्याँकिदिनुहोस, जिउको व्यथा फ्याँकीदिनुहोस, आङ कक्रिने ज्युँज्युँ हुने व्यथा फ्याँकीदिनुहोस, बोक्सी, बोक्सी मरेपछि हुने प्रेतात्मा (दाइनी), आँखी डाही, खाब्जे भएर लाग्ने रोग (रोगमाथि रोग लाग्ने क्रिया) चाल्नो नाङ्लोमा हेन्चाएररनिफनेरर चालेर, फ्किकेर फ्याँकीदिनुहोस है ।

*ब्रसपा, ब्रसमा, छेकामापो, रिरामवी, रुरीबेनी, साकाबेनी, बुलुरुरी बेनी, खक्चीमुनाम रुरीबेनी, सहःलामरुरी, पेन्दारुरी बेनीम्येई, चुचुहाम्डौ ।*

*Brasapa Brasama, Chhekamapo rirambi Ruribeni, Sakhabeni, Chadum ruri beni, bulururi beni, Khakchi Munam ruri beni, Sahlam ruri, penda ruri benimei Chuchuhamngou !*

**भावार्थ :**

सत्मको मूख्य वंश, पुरुष, महिला, रत्कु, हदी रत्कुको घरबाट बुहारी हुन आएको मुख्य महिला वंशको शरिरमा आयु दिनु, शक्ति दिनु, पैसाको आयुरसह दिनु, अन्नको आयुरसह दिनु, बरपिपलको जस्तो आयु दिनु, सहरआयु दिनु, रहलपहल सबैको आयुदिनुहोस है चुचुहरूहोउ १

जसको घरमा नुजा दिइदैछ त्यसैको घरको महिला पुरुषको सामे बताउनु पर्दछ । यसपछि अदुवा, चामल र जाँड चुल्हाको शिरमा राख्ने र नमस्कार गर्ने ।

**७. अब कुबी बुजुदामतिर फर्केर दप्सनु गर्ने :**

माथि उल्लेख गरिएका क्रिया र मुद्दुम समाप्त भएपछि कुबी बुजुदामपट्टि फर्केर माथिकै मुद्दुमलाई पुनः एकपटक दोहोरोरुपमा फलाक्दै नाङलोको चामल, अदुवाको मसिनो टुक्रा र रोनुबाट जाँड बुजुदामको भित्तामा हान्नु पर्दछ ।

जस्तै : माथि ममे सुम्निम बाखायुम्मा सुम्निम बाखायुप्पा भनेर शुरुयात गरी अन्त्यमा खक्चीमुनाम रुरीबेनी, सहःलामरुरी, पेन्दारुरी बेनीम्येई, चुचुहाम्डौ भन्ने शब्दसम्म आईपुग्नु पर्दछ । अत : यो क्रिया पहिले वाचन गरिएको मुद्दुम समाप्त नभएसम्म गरिन्छ । अन्तिम्मा बुजुदामलाई कुबीले नमस्कार गर्नुपर्छ ।

**८. अब कुबी पुन : चुल्हातिर फर्केर मुद्दुम दप्सनु गर्ने**

बुजुदाममा कुबीले पूर्व वाचित मुद्दुम दोहोऱ्याईसकेपछि फेरी चुल्हापट्टि फर्केर छमदममा नाम लगाएका (नुपुमा वा मोचिनु) पूर्खाहरूलाई एक-एकगरी अदुवा, चामल, मोदामखिदाम चुल्हाको शिरमा राखी जाँडलेसमेत खन्याउनु पर्छ । चुल्हामा आगो निभ्नु हुँदैन ।

नुपुमाको अर्थ दुमी किरात राईहरू जसले छमदमगरी पवित्र सांस्कृतिक नाम लगाएका छन् उनीहरूको नाम भन्ने जनाउँछ । उनीहरूलाई सोही नाममा नयाँ अन्न बालीको खान्की दिइन्छ । नुपुमालाई दिंदा सर्वप्रथम पुरुषहरूबाट नै शुरु गरिन्छन् । दुमीको सत्म पाछाहरूमा निम्न ११ जना पूर्खाहरूले छमदम गरी नाम लगाएको हुनाले तिनीहरूको नाममा नयाँ अन्न चुल्हामा चढाउनु पर्दछ । अब कुबी र तायाहरू नुपुमाका नामहरू लिदै मुद्दुम फलाक्न थाल्छन् । यसरी फलाक्दा पछिल्लो अवस्थामा छमदम गरेको नामलाई पहिले र त्यसपछि क्रमशः उँभोतिरजाने विधि (ascending order) अनुसार नामहरू लिइन्छन् । यसरी अदुवा चामल जाँड चुल्हामा तर्पणगर्दा एकजना नुपुमाको नाम लिएर माथिका सबै मुद्दुम फलाक्नु पर्दछ ।

उदाहरणको रुपमा हनवीर राईको नामलिंदा ममे, लुम्दुसे हलकु चादुलु मछेमु (हनवीर राई ) भन्दै माथि दप्सुनु गरिएका मुद्दुममध्ये आम्नामा चिरिचो लम्का धिरिचो, धिरिचो लम्का चिरिचो, नुलु होतुम, पुमा पुचुम, थोपियुम्का, थोपियका थोपिन्जा, नोपियका नोपिन्जा भन्ने पंतीबाट शुरुगर्दै .... ब्रसपा, ब्रसमा, छेकामापो, रिरामवी, रुरीबेनी, साकाबेनी, बुलुरुरी बेनी, खक्चीमुनाम रुरीबेनी, सहःलामरुरी, पेन्दारुरी बेनीम्येई, चुचुहाम्डौ भन्ने शब्दसम्म मुद्दुम दप्सनु पर्दछ । ।

यहि तरिकाले दशैजना पूर्खाहरूको नाममा नूजा दिनु पर्दछ । सत्म रिङ्दुहरूमा उपलब्ध भएका नामहरू यस प्रकार रहेका छन्-

१. *लुम्दुसे, हलकु, चादुलु, मछेमु लुखिनी* = माहिलो, हलो जोतेरै अन्नको धनी भएको, छमदम गर्ने ( हनवीर राई) ले खाउ है ।
२. *तोदुसे माथुमु, चादुलु, वाथुमु लुखिनी* = जेठा, जाँरक्सीको भोगी, अन्न उब्जाउने, ठट्टामसला गर्ने पुत्रसिंह राईले खाउ है
३. *वाकुसे, तायालु, मरुतु लुखिनी* = कान्छो, किराती परम्परागत कार्यमा तायागर्ने पृथुगञ्ज राईले खाउ है
४. *लुम्दुसे खारुलु मोतिमु लुखिनी* = माहिलो अन्न उब्जाउने, सरसल्लाह कुरागर्न सिपालु, सरसल्लाहमा आउने जयश्वर राईले खाउ है
५. *सिबिसे होरुतु लुखिनी* = कान्छो, हकडक गर्ने, ढाकिलो भुवानसिंह राईले खाउ है .
६. *लुम्दुसे जियमु लुखिनी* = माहिलो सबैको गुरु, बाटो देखाउने फेन्दुराम राईले खाउ है.
७. *तोदुसे मुनाम्लु मछेमु लुखिनी* = जेठो बर पिपल जस्तो मोहनसिंह राईले खाउ है
८. *लुम्दुसे मारुमु, रिसिलु माफ्रोमु लुखिनी* = माहिलो, चिनिएको, रिसिया गाउने, सबैकुरा गर्नसक्ने. बाकवीर राईले खाउ है
९. *सिबिसे मारुमु लुखिनी* = कान्छो चिनिएको प्रशिद्धि पाएको कायासिंह राईले खाउ है
१०. *तोदुसे दुरीतु लुखिनी* = जेठा किरात संस्कृति गर्ने निगुहाङ राईले खाउ है

Mame

*Lumduse Halaku Chadulu Machhemu Lukhiniou - Hanbir Rai*
*Toduse, Mathumu; Chadulu, Wathumu, Lukhini - Putrasing Rai*
*Wakuse, Tayalu, Morutu, Lukhini -Prithuganja Rai*
*Lumduse, Kharulu, Motimu, Lukhini – Jayasor Rai*
*Sibise Horutu Lukhini- Bhuwansing Rai*
*Lumduse Jiyamu Lukhini- Phenduram Rai*
*Toduse Munamlu Machhemu Lukhini– Mohansing Rai*
*Lumduse Marumu Risilu Maphromu Lukhini – Bakbir Rai*
*Sibise Marumu Lukhini – Kayasing Rai*
*Toduse Duritu Lukhini –Niguhang Rai*

पछिल्लो समयमा छमदम गर्ने अन्तिम पूर्खाको नाम तपासेनी बसेको जेठिमा राई र उनकै कान्छो भाई बिष्णबहादुर राई हुन । तर यसमा उहाँहरूको नाम छूट्न गएको छ ।

चुल्हामा नुपुमालाई तर्पणगर्ने काम समाप्त भएपछि अदुवा, चामल, मोदामखिदाम र जाँड चुल्हालाई दिई नमस्कार गर्नुपर्छ ।

## ९. हुप्सा दिने ।

हुप्सा भन्नाले नेपालीमा एकमुष्टमा भन्ने अर्थ लाग्छ । यसमा छमदम नगरेका वा नाम नलगाएका पूर्खाहरूको नाममा एकमुष्टमा नयाँ चामल, अदुवा, जाँड र मोदामखिदाम दिनुपर्दछ । यस विधिलाई हुप्सा दिने भनिन्छ । यो भनेकै एकमुष्टमा नयाँ बाली, अदुवा, जाँड तर्पणगर्ने भनिएको हो । हुप्सा दिंदा चुल्हाको शिरमा चामल, अदुवा, मोदामखिदाम राख्दै जाँडले खन्याउनु पर्दछ । हुप्सा दिंदा भनिने मुद्दुम निम्नानुसार रहेको छ -
*ममे,*

*तोदुसे, लुम्दुसे, छ्यालुसे, छेनुसे, वाकुसे, ताकुसे, सायासे, साखासे, सिबिसे, चुचुहाम्डौ, दोखासा जोनी, तोनिका, लुखिनीम्येई, ब्रस्मी, चुचुहाम्डौ हुप्सा, दोखासा, जोनीतोनिका, लुखिनीम्येई, ब्रास्मी चुचुहाम्डौ छुपुछापछुल, मामुइसी, चिलिलिखेरेर मामुइसी, रुरी पान्चीनी, साखा पान्चीनी, छिलामधिलाम, पान्चीनी, वाछेवारे, हारीदुरी पान्चीनी, चादुम बुलु पान्चीनी, विक्पु जिक्पु, नुजा बिन्निम् खन्निम्, आनिङ जोनिका तोनिका हसहलका मोतिनीम्येई चुचुहाम्डौ ।*

***Hupsa (lumpsum):***

*Toduse, Lumduse, Chhaluse, chhenuse, wakuse, Takuse, Sayase, Sakhase, Sibise, Chuchuhangmou, Hupsa, Dokhasa, Joni, Tonika, Lukhinimei, Brasmi, Chuchuhangmou, Hupsa, Dokhasa jonitonika motinimei, Brasmi chuchuhamngou, Chhupuchhapchhul Masuisi, Chilili Kherere Mamusi, Ruri Panchini, Sakha panchini, Chhilamdilam Panchini, Wachheware, Hariduri Panchini, Chadum bulu panchini, bikpujikpu, nuja binnim khannim, Aaninga jonika tonika hasahalaka Motinimei, chuchuhamngou.*

**एकमुष्ट तर्पण :**

जेठा, माहिलो, साइलो, काइलो, ठाइलो, अन्तरे, जन्तरे, लखन्तरे, कान्छो चुचुहरू हो १ एकमुष्ट रुपमा खाएर पिएर, बस्नुहोस है, ब्रास्मी चुचुहरू । मनदुखाई, इर्ष्या नगरीदिनुहोस, रिसराग नगरीदिनुहोस, आयु थपिदिनुहोस, शक्ति थपिदिनुहोस, परम्परा रीतिरिवाजको बाटो खोलीदिनुहोस, किरात परम्परा संस्कृति सम्पन्न गर्नसक्ने बनाईदिनुहोस (वाछेवारे), शक्तिशाली बनाईदिनुहोस, अन्न पैसा बढाईदिनुहोस, यसोभन्दै तपाईहरूलाई नयाँ धानको भातरखाद्य दिएको, खाएर पिएर खुसीभएर बस्नुहोस है चुचुहरू होउ । यसो भन्दै तीनै चुल्हालाई अदुवा, चामल, चोखो जाँड तीन-तीन पटक खन्याउँदै नमस्कार गर्नुपर्छ ।

**१०. अब बुजुदामतिर फर्केर मुद्दुम गर्ने**

यसमा माथि ६ नंबरदेखि उल्लेख भएको ममे, सुम्निम बाखायुप्पा, सुम्निम बाखायुम्मा ब्रास्मी चुचुहामडौ ... भन्ने शब्ददेखि नै मुद्दुम मुखज्यात फलाक्दै अन्त्यमा हुप्सा दिँदा भनिने हसहलका मोतिनीम्येई चुचुहाम्डौ भन्ने शब्दसम्म आईपुग्नु पर्दछ । यसमा चुल्हामा जसरी नुजा दिईएको थियो त्यसरी नै सबै विधिले पुऱ्याउनु पर्दछ । यसको अर्थ नुपुमामा नुपुमाकै विधि र हुप्सामा हुप्साकै विधि अपनाउनु पर्दछ । अन्तिममा कुबीले चुल्हालाई नमस्कार गर्नुपर्छ ।

**११. बज्यूहरूलाई नयाा अन्नको खाद्यवस्तु तर्पणगर्ने (पिहामवी मुद्दुम दप्सनुरदप्सी (विधि) तेस्रो तह**

माथि उल्लेख गरिएका पुर्खाहरूलाई नुजा तर्पण गरिसकेपछि अब कुबी पुन चुल्हातिर फर्केर प्रातः बज्यूहरूको नाममा अदुवा, चामल, मोदाम खिदाम र जाँड तर्पणगर्नु पर्दछ । चाइ गर्ने तायामीले पनि कुबीलाई पछ्याउनु पर्दछ । यसरी बज्यूहरूलाई नुजा दिंदा निम्न मुद्दुम बोल्नु पर्दछ ।

*ममे,*

*सुम्निम बाखायुम्मा, ब्रास्मी पिहाम, ब्रसमा, दिखामा, इम्बुमा, छेकुमा, यक्सामा, साकामा, नासामा, याङखामा बुङखामा, वारीमा वाछेमा, थुलुमा, कुलुमा, लावामा, तोलोमा, हातामा, ब्राङखेलमा, योबुमा, स्योरुङमा सिरिङमा, चेचेरेङमा चेरेङमा, हायुमा, बजुमा थारुमा, सपाह मुमाहहाम्मौ १*

*Mame,*

*Sumnim bhakhayuma, Brasmi piham, Brasama, Dikhama, Imbuma, Chhekama, Chhekuma, Yeksama, Sakama, Nasama, Yangkhama, Bungkhama, Warima, Wachhama, Thuluma, Kuluma, Lawama, Toloma, Hatama, Brankhelma, Yobumma, Syorungma, Siringma, Checherengma, Cherengma, Hayuma, Bajuma, Tharuma, Sapaha, Mumaha, Hammou,*

**भावार्थ :**

ल है,

सुम्निम सृष्टिमाता, ब्रास्मीवंशी पिपिहरू, ब्रसमावंशी महिलाहरू, लुप्पोवंशी महिलाहरू, हरसी, दिम्मचु, सरचु, वालक्पा र हमरुचुवंशी महिलाहरू, रत्कु, हदी र रङ्कासुवंशी

महिलाहरू, खबचुवंशी महिलाहरू, खालिङवंशी महिलाहरू, नाछिरिङ्वंशी महिलाहरू, साम्पाङ्वंशी महिलाहरू, तुर चुवंशी महिलाहरू (वारेमा वाछेमा चामलुङ् महिलाहरूको सामेसमेत जनाउने), थुलुङ्वंशी महिलाहरू, कुलुङ्वंशी महिलाहरू, खालिङसँग सम्बन्धित महिला पूर्खा (लावामा), बायुङवंशी तोलो पाछाका महिलाहरू, अम्बोलेवंशी हाताचो पाछाका महिलाहरू, कुलुङवंशी एकपाछाका महिलाहरू, लोहोरुङवंशी महिलाहरू (योबुमा), लिम्बुवंशी महिलाहरू, सुनुवारवंशी महिलाहरू, हायुवंशी महिलाहरू, थारुवंशी महिलाहरू, शेर्बावंशी महिलाहरू हो ।

(थाहाभएसम्म अन्य वंशी महिलाहरू जो वैवाहिकरुपमा सत्मपाछामा आएका थिए उनीहरूको सामे बताएर नयाँ धानको भात, खान्की वा कोसेली चढाउनु पर्दछ ।)

*आनिङ्*

*सुप्तुलु होपु, लामालु होपु, थुमालु होपु, बाखालु होपु, किम्तासु होपु, सिकिमी परिमी होपु, हारिमी दुरिमी होपु, रिसिमी, छम्पुमी होपु,*

*Aaninga,*

*Sutulu Hopu, Lamalu Hopu, Thumalu Hopu, Bakhalu Hopu, Kimtasu Hopu, Sikhimi Parimi Hopu, Wachhemi, Waremi Hopu, Chadumi chasumi, bulumi hopu, Harimi Durimi Hopu, Risimi, Chhampumi Hopu,*

**भावार्थ :**

तपाईहरू,

चुल्हा ठूलोरराजारमान्य, उँधोपट्टिको ठूलोरमान्यर राजा चुल्हा, मुलचुल्हो राजा, चारैतिर घेरिएको मान्य रठूलोरराजा चुल्हो, घरको मान्यर राजा चुल्हो, सिपसाप गर्ने राजा, बोल्नजान्ने सिपालु राजा, अन्नका राजा, पैसाको राजा, शक्तिधारी राजा, रिसिय गाउने, सिली नाच्ने आदरणीय राजा

*आनिङ्*

*मोतिनी, आम्ना, मओ होदिनी मओ खोदिनी, आस्तीनी होला, चिरिचो पातेचोलमका धिरिचो, धिरिचोलम्का, चिरिचो नुलु होतुम, पुमा पुचुम, थोपियुम्का थोपियका थोपिन्जा, नोपियका नोपिन्जा,*

*Aaninga,*

*Motini Aamna, Mao hodini, Mao khodini, Aastinihola, Chhiricho lamka, Dhiricholamka, Dhiricholamka, Chhiricho, Nulu hotum, Puma Puchum, Thopiyumka, Thopiyaka thopinja, Nopiyaka Nopinja,*

**भावार्थ :**

तपाईहरू

बसिदिनुहोस आज, के लिएर आयौं के बोकेर ल्यायौं भन्छौ होला, उधौली पछि उभौली, उभौलीपछि उधौली आयो, फूल फूल्यो, नया सालको नयाँ बाली खाने बेला आयो, नयाँ बालीको नयाँ भातरखान्की खाने बेला आयो,

*आन्नीपो चुचाचुआ,*

*खारुजा, उक्तीजा, बक्तजा, पुछ्याजा, नम्मो, नाम्चीजा, छिपलिजा, मुक्तिजा, सालीजा, अमलोजा, छिरिजा, पातीजा, खार्मा खार्सीजा, हाल्नु प्रोनु, प्रुक्तुका रुरी साका फिङ्कु, चादुम बुलु फिङ्कुवी, वाछेवारे, हारीदुरी फिङ्कु, छिलम धिलम फिङ्कु*

*Aannipo Chuchachupoaa,*

*Kharuja, Uktija, Baktaja, Puchhuja, Namnmo, Namchija, Chhipilija, Muktija, Sali Olmaja, Chhirija, Patija, Kharma Kharsija, Halnu, pronu, Pruktuka ruri, Sakha phingku, Chadum bulu Phingkubi, Wachhewari, Hariduri Phingku, Chhilam Dhilam Phingkubi,*

**भावार्थ :**

तपाईहरूको छोराछोरीहरूले,

खनजोत गरेर उब्जाएको भातरखाद्यवस्तु (खारुजा)र, नयाँ धानको भातरखाद्यवस्तु (उक्तिजा) परिश्रम गरेर उब्जाएको अन्नरखाद्यवस्तु (बक्तजा), काँचो बाँसमा पकाएको भात (पुछ्याजा), छोरी बुहारीले पकाएको घैयाधानको भात, माटाको हण्डीमा पकाएको भात, खेतीपाती गरेर उब्जाएको खाद्यवस्तुरभात, अटेमार्सीधानको भात तथा चिउरा, दुधेचामलको भात, उधौलीमा पाकेको अन्नको भात, पाथी डालोमा राखेको भात, खनजोत खेतीपाती गरेर उब्जाएको अन्नको भात, हाल्न्याएकोरराखेको (हाल्नु प्रोनु), आयु उठाएर पठाईदिनुहोसरबलदिनुहोस (प्रुक्तुका

रुरी साका फिङ्कु), अन्न पैसा दिनुहोस, पूर्खाको रीति सम्पन्न बनाईदिनुहोसरशक्ति दिनुहोस, पूर्खाको रीतिथीति सम्पन्न गर्ने बाटो दिनुहोसरखोलीदिनुहोस

*झाराम मोदामखिदाम, दिबुसु, ललसु, रोपोसु, भिरीसु, खादिम्सु, हादिम्सु, बिस्सुसु, बरासु, सिकेसु, माकेसु, पुलुसु, ङार्सेसु, सुविम, माकुम, फिरिलु, फोल्मु खाप्ची खावा, सिपका, खारावा, सलावा, हाल्नु, प्रोनु, प्रुक्तुका, थोजा, नुजा, विन्निम्येई, हसहलका, छिवाम पाछामकाई, जोनी तोनिक लुखिनीम्येइ ब्रास्मी पिहाम्डौ ।*

*Jharam Modam Khidam, Dibusu, Lalasu, Roposu, Bhirisu, Khadimsu, Hadimsu, Bissusu, Barasu, Sikesu, Makesu, Pulusu, Ngarsesu, Subim Makum, Phirilu Pholmu, Khapchi Khawa, Sipka, Kharawa, Salawa, Halnu Pronu, Pruktuka, Thoja, Nuja, binnimmei, Hasahalaka, Chhiwam pachhamkai, jonitonika lukhinimei, Brasmi Pihamngou,*

**भावार्थ :**

सबै स्यानो जातको अदुवा ठूलो जातको अदुवा (सिकुम माकुम), देवताको नाममा सारीएको अदुवाको पाना (फिरिलु फोल्मु), पूर्खाको नाममा भर्जाइएको जाँडरक्सी (खाप्चीखावा), पूर्खाको नाममा तोम्बा, चिण्डो, कठुवामा तुप्लासहित राखिएको जाँड, रक्सी (सिपका खारवा), चिण्डोमा राखिएको जाँड रक्सी (सलवा) सबै हाल्ल्याएका छौं राखेका छौं (सबै राखेका छौं), उठ्नुहोस तयारी हुनुहोस (प्रुक्तुका), यो वर्षको नयाँ बाली भोजनका लागि दिएका छौं (नोपिजा थोपिजा), खुसी हुनुहोस (हसहल), उधौली भाद्रमासमा (छिवाम), पाछाहरू सबैले (पाछामकाई) खाएर पिएर तृप्त हुनुहोस है (जोनी तोनिक लुखिनीम्येई), ब्रास्मी पिपिहरू होउ १

*छुनुछापछुल मामुइसी, चिलिलि खेरेरे मामुइसी, सम्खालुम्खा माबुखिनी, सिपसिमा झिपझिमा माबुखिनी, लकला मुलुम्पु, हिलीरी, मामारी माबुखिनी, सुक्सु साइसुमी माबुखिनी, साम्खालुम्खा लाचिनी, सारीसुमर लाचिनी, सिप्सिमो झिप्झिमो लाचिनी, बोक्सीरी, दाईनीरी, नाचुरी, नहरी, खाप्चुरी अन्चुरी, याकाङा हेचिनी, कान्चीनीम्येई, पिहाम्मौ १*

*ChhunuChhapchhul mamuisi, Chilili Kherere, Mamuisi, Samkhalumkha mabukhini, Sipsimo Jipjimo Mabukhini, Lakala, Mulumpu, Hiliri, Mamari, Mabukhini, Suksu siyisumi mabukhini, Samkhalumkha lachini, Sarisumer lachini, Sipsimo jhipjhimo lachini Boksiri Dainiri, Nachuri, Nahari, Khapchuri Aanchuri, Yakanga, Hechini, Kanchinimei, Pihammou !*

**भावार्थ :**

अन्तरमनबाट दुःखित नभईदिनुहोसरदुःखमन नगरी दिनुहोस, रिसराग नगरी दिनुहोस, सम्खाबाट लाग्ने रोगलाई नउठाईदिनुहोस, शरीर कक्रिने रोग, शरिर ज्युँ-ज्युँ हुने रोगलाई नउठाईदिनुहोस, लागुभागु जागित्रा सियाँ (लाकला मुलुम्पु), उमेरदारी पुरुष लडेर मरेको भूतप्रेतबाट आउने रोगलाई नउठाईदिनुहोस, उमेरदारी महिला अप्राकृतिक अवस्थाबाट मरेको प्रेतात्माबाट लाग्ने रोगलाई नउठाईदिनुहोस, मसिनो केटाकेटी मरेको प्रेतात्माबाट लाग्ने रोगलाई नउठाईदिनुहोस, सम्खाबाट हुने व्यथा, जिउशरिरको व्यथा, आङ कक्रिने ज्युँज्युँ हुने फ्याँकीदिनुहोस, बोक्सी दाईनी, इर्ष्या, आरिष, खप्टिएर दोहोरिएर (खाप्चुरी अन्चुरी) आउने रोगलाई छान्दै चाल्दै परपर फ्याँकीदिनुहोस (कान्चिनी) है पिपिहरू होउ १

*ब्रसपा ब्रसमा, छेकामा, रिराम्बी, नुरुरी, सानुरुरी पान्चीनी, चादुम रुरी, बुलुरुरी पान्चीनी, खक्ची मुनाम रुरी पान्चीनी, सलाम रुरी, पेन्दा रुरी पान्चीनी, पिहाम्डौ, बिक्पुजिक्पु आनिङ मोतिनीम्येई*

*Brasapa, Brasama, Chhekamapo, .rirambi, Nururi, Sanururi Panchini, Chadumruri, Bulururi, Panchini, Khakchi, Munam Ruri Panchini, Sahlam ruri, Penda ruri, Panchinimei, Pihamngou, Bikpu Jikpu, Aaning Motimei..*

**भावार्थ :**

ब्रसपा ब्रसमा पाछाको (पुरुष महिला), रत्कु हदी र रङ्कासु महिलाको शरिरमा आयु थपीदिनुहोस, ज्ञान थपीदिनुहोस, अन्नको आयु, पैसाको आयु थपीदिनुहोस,

बरपिपलको जस्तो आयु थपीदिनुहोसरबनाईदिनुहोस, अन्नको सहबृद्धि हुने मार्ग थपीदिनुहोस, सबैको आयु थपीदिनुहोस है पिपिहरू, होउ १ यसोभन्दै तर्पण गर्दैछौं, तपाईहरू आएर बसिदिनुहोस है । (अन्त्यमा नयाँ अदुवा, चामल, मोदामखिदाम र चोखो जाँड तीन चूल्हामा राख्दै नमस्कार गर्ने)

**१२. मिचुमहाम मोचिनु रनुपुमा (छमदममा नाम लगाएको महिलाहरूलाई दिने**

जब माथिको दप्सनु सकिन्छ तब नयाँ धानको खान्की र जाँडरक्सी छमदम गरेर नाम लगाएको प्रात महिला पूर्खाहरूको नाममा चढाउनु पर्दछ। यसै नामलाई मोचिनु वा नुपुमा भनिन्छ। यसको अर्थ दोस्रो पवित्र किरात सांस्कृतिक नाम हो भन्ने हुन्छ । त्यस्ता महिलाहरूको नाम तल उल्लेखगरेअनुसार रहेको पाइन्छ

१. *तामुछे बुलुमी ङयालु, नामरुमी लुखिनी- पन्दुमाया राई*

२. *ब्राक्सुमा, नामरुछे साप्तेल, तामुछे लुखिनी - मतिसोभा राई*

३. *हँमालु हुङ्गेमा, चादुलु चामवार्मा, खामालु वात्तामा, सुम्तालु सुम्निम्मा लुखिनी-*

*Tamuchhe Bulumi Ngayalu, Namrumi Lukhini – Pandumaya Rai*

*Braksuma, Namruchhe, Saptel, Tamuchhe Lukhini- Matisobha Rai*

*Hamalu hunggema ,Chadulu chambarma, khamalu watama, Sumtalu Sumnimma Lukhini*

**भावार्थ :**

१. जेठी, पैसावाल, शुन्दरु केश भएकी, नाम फैलाएर बसेकी तपाईले खानुहोस, पन्दुमाया राई

२. ब्राक्सुमा महिला, नाम राख्न चाहने, क्षेत्रभरीकै प्रख्यात, जेठी तपाईले खानुहोस है मतिसोभा राई

३. रानी जस्ती, अन्नपात तुल्याउने, जाँडरक्सी बनाउने, जाँडपानी दाज्यूभाईलाई ख्वाउने पियाउने, जाँड नटुटाउने सुम बनाईराख्ने, सुम्निमा जस्ती ।

यसरी नुपुमा दिईसकेपछि पुन : कुबीले तर्पणगर्ने वस्तु तर्पण गरी नमस्कार गर्नु पर्दछ । त्यसपछि हुप्सा विधिमा जानुपर्छ ।

यसमा स्मरण गर्नुपर्ने कुरा के हो भने नूपुमा लगाउँदा जोडी श्रीमान-श्रीमती हुनुपर्दछ । तसर्थ माथि उल्लेख गरिएका दसजना पुरुषहरूको श्रीमतीहरूको नुपुमामध्ये सातजना महिलाहरूको नुपुमा छुट्न गएकाले यसमा तीन महिलाहरूको नाममात्र उल्लेख गरिएको छ । संभवत पूर्खाहरूले सबै महिलाहरूको नाम कण्ठगर्न नसकेकाले छुट्न गएकाले हुप्सा विधिबाट सबैकार्य सम्पन्नगर्दै आइएको बुझिन्छ। अर्कोतिर पुरुषको तुलनामा महिलाको नाम कममात्र पुकारिने भएकाले पनि पूर्खाहरूले उक्त नाम भूलेको हुनसक्छ ।

**१३. हुप्सा (एकमुष्ट रुपमा तर्पण गर्ने)**

छमदममा लगाएको सबै महिलाहरूको नाम उपलब्ध हुन नसकेको अवस्था र छमदम नगरेका महिलाहरूको नाममा एकमुष्टरुपले नयाँ धानको खान्की र जाँडरक्सी निम्न दप्सनुगरी दिनुपर्दछ -

*ममे, पिलाम हुप्सा, ब्रास्मी पिहाम ब्रसमा दिखामा, इम्बुमा, छेकामा, याक्सामा, साकामा, नासामा, याङ्खामा बुङ्खामा, वारीमा, वाछेमा, थुलुमा, कुलुमा, लावामा, तोलोमा, हातामा, ब्राङ्खेलमा, योबुमा, स्योरुङ्मा, सिरिङ्मा, चेचेरेङ्मा चेरेङ्मा लुखिनी ओउ । हायुमा, बाजुमा थारुमा, सपाह, सुमाहहाङ्मौ,*

***Hupsa (providing in an aggregate form)***

*Pilam Hupsa for those females who did not named in Chhamdam. Mudum tells as following :*

*Mame, Pilam hupsa,*

*brasmi piham, brasama, dikhama, imbuma, chhekuma, chhekama, yeksasma, sakama, nasama, yangkhama bungkhama, warima wachhima, Thuluma, kuluma, lawama, toloma, hatama, brangkhelma, yobumma, syorungma siringma, checherengma cherengma Hayuma bajuma tharuma sapaha mumaha hamngou*

**भावार्थ :**

लहै, बज्यूहरूलाई एकमृष्ट दिएको ,

ब्रास्मी पिपिहरू, ब्रसमावंशी महिला बज्यूहरू, लुप्पो तथा खारुबु, हलक्सु, हजूर र वालक्पावंशी महिला बज्यूहरू (दिखामा), हरसी, दिम्मचु, सरचु, वालक्पु र हमरुचुवंशी महिलाबज्यूहरू (इम्बुमा र युमुमा), खबचुवंशी महिला बज्यूहरू (छेकुमा), रत्कु, हदी र रङ्कासुवंशी महिला बज्यूहरू (छेकामा), याक्खावंशी महिला बज्यूहरू (यक्सामा), खालिङ्वंशी महिला बज्यूहरू (साकामा), नाछिरिडवंशी महिला बज्यूहरू (नासामा), साम्पाङवंशी महिला बज्यूहरू (याङखामा बुङखामा), तुरचुवंशी महिला बज्यूहरू (वारीमा वाछेमा, साथै चामलिङवंशी महिला बज्युहरूसमेतलाई जनाउने), थुलुङ्गवंशी महिला बज्यूहरू, कुलुङ्गवंशी महिला बज्यूहरू (कुलुमा), खालिङ्गवंशी राईको एक सामेसँग सम्बन्धित महिला बज्यूहरू (लावामा), बायुङवंशी राई महिला बज्यूहरू (तोलोमा), अम्बोलेवंशी एकपाछाका महिला बज्यूहरू (हातामा), अम्बोलेको एकपाछाका महिलाहरू (ब्राङ्खेलमा), लोहोरुवंशी पाछाका महिला बज्यूह (योबुमा), लिम्बुवंशी महिला बज्यूहरू, सुनुवारवंशी महिला बज्यूहरू, हायुवंशी महिला बज्यूहरू, थारुबाजूवंशी महिला बज्यूहरू, शेर्पावंशी महिला बज्यूहरू हौ,

*हुप्सा दोखसा, जोनी-जोनीका, तोनी तोनिका मोतिनीम्येई, लुखिनीम्येई, छुपुछापछुल मामुइसी, चिलिलि खेरेर मामुइसी, सम्खा लुम्खा माबुखिनी, सिप्सिमो सिप्जिमो माबुखिनी, लाकला मुलुम्पु माबुखिनी, हिलिरी मामारी माबुखिनी, सुक्सु साइसुमी माबुखिनी, सम्खाबाट हुने व्यथा, जिउशरिरको व्यथा, आङ कक्रिने ज्युँज्युँ हुने फ्याँकीदिनुहोस, साम्खालुम्खा, सारीसुमर, सिप्सिमो झिप्झिमो लाचिनी, बोक्सीरी दाइनीरी नाचुरी नहरी, खाप्चुरी, अन्चुरी, यकाहेचिनी काञ्चिनीम्येई, पिहामडौं,*

*hupsa dokhasa joni-joni toni tonika lukhinime,i chhupuchhapchhul mamuisi, chilili kherere mamuisi, samkha lumkha mabukhini, sipsimo sipjimo mabukhini, lakola mulumpu mabukhini, hiliri mamari mabukhimi, Suksu sayisumi mabukhini, Samkhalumkha lachini, Sarisumar lachini, Sipsimio Jhipjhimo lachini, boksiri dainiri nachuri nahari, khapchuri anchuri yakahechini kanchinimei pihamngou,*

एकमुष्टरुपमा रहलपल सबैले खानु-खाएर पिउनु-पिएर बस्नुहोस खानुहोस है, मन नदुखाई दिनुहोस, रिसराग नगरीदिनुहोस, भोकभोकै भएर मरेको प्रेतात्माबाट लाग्ने रोगलाई नउठाईदिनुहोस, आङ ज्युँज्युँ हुने (सिपसिमो झिप्झिमो), कक्रिने रोगलाई नउठाईदिनुहोस, लागुभागु जागित्रा सियाँबाट हुने रोग (लाकुला मुलुम्पु) लाई नउठाईदिनुहोस, उमेरदारी पुरुष अप्राकृतिक अवस्थाबाट मरेकोबाट निर्मित प्रेतात्मा, उमेरदारी महिला अप्राकृतिक अवस्थाबाट निर्मित प्रेतात्माबाट हुने व्यथा (मामासी वा मामारी), सानो नानी अप्राकृतिक अवस्थाबाट मरेको अवस्थाबाट निर्मित प्रेतात्माबाट हुने व्यथा (सुक्सु वा सुसुमी सायीसुमी), नउठाईदिनु, सम्खाबाट उब्जने रोगलाई फ्याँकीदिनु, शरिरमा उठ्ने व्यथा कष्ट फ्याँकीदिनुहोस, शरिर कक्रिने, ज्युँज्युँ हुने रोगलाई फ्याँकिदिनु, बोक्सी दाइनी, इर्ष्या डाही, खाब्जे भएर आउने तथा रोगमाथि रोग थपिने दोहोरिएर आउने व्यथालाई हटाईदिनुहोस, फालीदिनुहोस है पिपि पूर्खाहरू,

*ब्रसपा ब्रसमा, छेकामापो, छेकुमापो, रिराम्बी, रुरी साका पान्चिनी, चादुम रुरी, बुलुरुरी, खाक्ची रुरी, सहलाम रुरी, पेन्दा रुरी, पान्चिनीम्येई, बिक्पु जिक्पु, सेवा विन्तिनी, खन्तिनी, आनिङ नुजा बिन्निम् जोनिम तोनिम हसहलका मोतिनीम्येई, लुखिनीम्येइ ।* पिहाम्मोज,

*ब्रसपा, ब्रसमा, छेकुमापो रिरामबी, रुरीसाका पान्चिनी, चादुम रुरी, बुलुरुरी, खावारुरी, खाप्ची, सालाम रुरी, पेन्दा रुरी पान्चिनीम्येई, बिक्पु जिक्पु सेवा विन्तिनी खन्तिनी,नुजा विन्निन, जोनिम तोसनम हसहलक मोतिनीम्यै, लुखिनिम्यै पिहाम्डौं आनिङ मोतिनीम्येई ।*

*brasapa brasama chhekamapo, chhekumapo, rirambi ruri saka panchini, chadum ruri, bulururi, khakchi ruri, sahlam ruri, penda ruri panchinimei, bikpu jikpu,*

*sewa Bintini, khantini, aaninga nuja binnim jonim tonim hasahalaka motinimei, lukhinimei. pihammou !*

सोत्माली ब्रसपा ब्रसमा, रत्कु, हदी, रङ्कासु सामेभएको महिलाहरू, खबचु सामेभएको महिलाहरू (भएसम्म त्यसघरमा आएका अन्य सामेका बुहारीहरू भएमा उनिहरूकोसमेत सामे पक्रेर बोल्नुपर्छ) को शरीरमा आयु शक्ति थपिदिनु, अन्नको आयु, पैसाधनको आयु, बरपिपलजस्तो लामो आयु, अन्न धानको सह, एकमुष्ट आयु थपिदिनु, यसो भन्दै, सेवा बिन्तीगर्दै तपाईहरूलाई नयाँ अन्नको खाद्यबस्तु दिएको, खुसीभएर बस्नुहोस, खानुहोस है । पिपिहरू १

(अन्त्यमा पुन : अदुवा, चामल, मोदामखिदाम, जाँड चुल्हाको शिरमा तीनपटक नै चढाई नमस्कार गर्नु पर्दछ )

## १४. बुजुदाममा बज्यूहरूलाई दिने

चुल्हामा प्रात : बज्यूहरूलाई नुजा दिएपछि पुन : बुजुदामतिर फर्केर चुल्हामा दिएकै विधि र मुद्दुम अनुसार दप्सनु गर्नुपर्दछ । यो विधि मोचिनुदेखि हुप्सासम्म रहन्छ । अन्त्यमा बुजुदामलाई तर्पणगर्ने वस्तु तर्पणगर्दै नमस्कार गर्नुपर्दछ ।

## १५. सुक्सु वा सुसुमी साइसुमी, हिलिसी ममसी, राङ्ली बुदुमालाई दिने

सबै पूर्खाहरूलाई दिईसकेपछि अप्राकृतिकरुपबाट मरेका साना नानीहरूको प्रेतात्माबाट निर्मित ननिको वा सियाँ, (सुक्सु साइसुमी) अप्राकृतिकरुपबाटै मरेका उमेर पुगेका पुरुषहरू- हिलिसी तथा महिलाहरू-मामासी, खान नपाई भोकभोकै मरेका-राङ्ली बुदुमा जस्ता सबैखाले प्रेतात्माहरूलाई पछाडिबाट दाहिने र देब्रेहातले चामल अदुवा, मोदामखिदाम तर्पण गर्नु पर्दछ । यो काम कुबीनक्षोले मात्र गर्दछ अरु ताया ताङ्कीलुहरूले मुद्दुम दप्सी गर्नु पर्दैन । यी ननिकोहरूलाई तर्पणगर्दा निम्न मुद्दुमहरूले दप्सनु गर्नुपर्दछ -

*१५.१. सुसुमी साइसुमी* (susumi Sayismi)
*तवित आन्नी सुसुमी साइसुमी,*

*आम्नान चिरिचोर पातेचोलमका धिरिचो, धिरिचोलम्का, चिरिचो, नुलु होतुम, पुमा पुचुम, थोपिजा, नोपिन्जा, खारुजा, उक्तीजा, बक्तजा, पुछ्राजा, नाम्चीजा, छिपलिजा, मुक्तिजा, सालीजा, अमलोजा, छिरिजा, पातीजा, खार्मा खार्सीजा हुप्सा त बिन्निम जोनियो तोनियो ।*

*Tabita aanni sisumi sayisumi,*

*Aamnana chiricho/Chhiricholamka dhiricho, dhiricholamka chiricho, nulu hotum, thopija, nopinja, kharuja, uktija, Baktaja, puchhaja, Namchija, chhiplija, muktija, salija, amloja, chhirija, patija, kharma kharsija hupsa ta binnim jonio toniyou.*

*The same verson repeats to Hilisi Mamasi and Rangli buduma also.*

यत्ति दप्सनु गर्दै पछाडिबाटै दाहिने हातले विशेषगरी मूलदैलोको छेउमा भुँइमा अदुवा, चामल, मोदामखिदाम र जाँड दिनुपर्छ ।

१५.२. हिलिसी ममसी (Hilisi Mamasi)

सोही विधि अप्नाई हिलिसी ममसीलाई पनि देब्रे हातले मूलदैलो छेउमा भूइमा दिनुपर्छ ।

१५.३. राङ्ली बुदुमा (Rangli Buduma)

त्यसैगरी राङ्ली बुदुमालाई पनि देब्रेहातले पछाडिबाटै माथिकै मुद्दुमबाट तर्पण गरिन्छ ।

## १६. सुरुमी दिबुमी पूजा

अन्त्यमा सबै चुल्हा तथा पूर्खाहरू र बाहिरका ननिकोहरूलाई दिइसकेपछि सुरुमी पूजा गर्नुपर्दछ । यो पूजा कुबीले मात्र गर्दछ । अरु तायाहरूले मुद्दुम फलाक्नु पर्दैन । कुबी उभिएर हातमा चामल, अदुवा, रक्सी, जाँडले सुरुमीलाई दप्सनुगर्दै बासफुटेको भालेलाई मुद्दुमबाट दप्सनु गर्दै पर्साउने र सुरुमीलाई पनि जाँडरक्सीले नुहाईदिनु पर्दछ । कुनै एक तायाले कुखुरा पक्रने काममा सहयोग गर्नु पर्दछ । तीनपटकसम्म पर्साएपछि भालेलाई धामीले नै काटेर सुरुमीको नाममा छेममा रगत पार्नु पर्दछ ।

आदिमकालमा किरातीहरू जङ्गली अवस्थामा

सिकारगर्दै जीवीका चलाउँदै आएकाले आजकल पनि हरेक किरात राईहरूको घरमा सुरुमी सिकारीको पूजा गर्नुपर्छ। यो सुरुमी दिबुमी अन्नदाता वा धानेदेवताको रुपमा पूजिने भएकाले यो पूजा नुवाङ्गी गरेकै दिन कुखुराको भालेको भोगबलीदिई पूजा गरिन्छ । भोग दिएको भालेको रगत छेममा पार्नुपर्दछ । बलीदिएको कुखुराको मुटु, कलेजो, पखेटा, खुट्टा पोलेर पकुवा चढाउनु पर्दछ। त्यसपछि उक्त भालेको मासु खानु सकिन्छ । तर सुरुमी पूजा दुमी रिङ् दुहरूमा ऐच्छिक जस्तो भएको छ। सुरुमीलाई पूजागर्दा निम्नलिखित मुद्दुम फलाक्नु पर्दछ।

*तबित आनिङ सुरुमी होपु, दिबुमी होपु किम्तासु होपु आम्नान चिरिचो पातेचोलमका धिरिचो, धिरिचोलम्का, चिरिचो, नुलु होतुम, पुमा पुचुम, थोपिजा, नोपिञ्जा, खारुजा, उक्तीजा, बक्तजा, पुछाजा, नाम्चीजा, छिपलिजा, मुक्तिजा, सालीजा, अमलोजा, छिरिजा, पातीजा, खार्मा खार्सीजा बिन्निम, खावाखाप्ची जोनियो तोनियो, खयम खाप्कर फिङ्कु, रुरी फिङ्कु, साका फिङ्कु, रुरी बेनी, साका बेनी, बुलुबेनी, नुबेनी, सानुबेनी आनिपो चुचापुपो थोजा न्युजा, फापु बिन्निम, खन्निम लुखिनीम्येइ ।*

*Tabita aaninga Surumi hopu, Dibumi hopu, Kimtasu hopu, aamnana chiricho patecholamka dhiricho, dhiricholamka chiricho, Nulu hotum, puma puchum, thopija, nopija, kharuja, uktija, Baktaja, puchhaja, namchija, chhiplija, muktija, salija, amloja, chhirija, patija, kharma kharsija, binnim, khawakhapchi jonio, tonio, khayem khapkar phingku, Ruri phingku, saka phingku, Ruri beni, saka beni, bulu beni, nubeni, sanubeni, aanimpo chuchapupo thoja, niuja, phapu binnim khannim Lukhinimei.*

लौ तब तिमीरतपाई सुरुमी राजा, लेकमा चलखेल गर्ने, घरको ठूलो राजा मान्य, आज त उधौलीपछि उभौली लागेछ, उभौलीपछि उधौली लागेछ, नयाँऋतु लाग्यो, फूल फूल्यो, नववर्षको अन्न, नयाँ खान्की खनजोत गरेर उब्जाएको भातरखाद्यवस्तु (खारुजा)र, नयाँ धानको भातरखाद्यवस्तु (उक्तिजा) परिश्रम गरेर उब्जाएको अन्नरखाद्यवस्तु (बक्तजा), काँचो बाँसमा पकाएको भात (पुछाजा), छोरी बुहारीले पकाएको घैयाधानको भात, माटाको हण्डीमा पकाएको भात, खेतीपाती गरेर उब्जाएको खाद्यवस्तुरभात, अटेमार्सीधानको भात तथा चिउरा, दुधेचामलको भात, उधौलीमा पाकेको अन्नको भात, पाथी डालोमा राखेको भात, खनजोत खेतीपाती गरेर उब्जाएको अन्नको भात, दिएका छौं, जाँडपानी खानु पिउनु, उपचारगर्दा सञ्चो हुने बनाईदिनु, आयु मागेको, शक्तिबल मागेको, आयु दिनु, शक्ति दिनु, पैसा दिनु, ज्ञान दिनु, बुद्धि दिनु, तपाईको दरसन्तानको नयाँवर्षको खान्की, कुखुराको भाले दिएका छौं, टक्र्याएका छौं खानुहोस है ।

*छुपुछापछुल मामुइसी, चिलिलि खेरेरे मामुइसी, सम्खा लुम्खा माबुखिनी, सिप्सिमो सिप्जिमो माबुखिनी, लाकला मुलुम्पु माबुखिनी, हिलिरी मामासी माबुखिनी, सुक्सु सायीसुमी माबुखिनी, सारी सुमर माबुखिनी, साम्खालुम्खा लाचिनी, सारीसुमर लाचिनी, सिप्सिमो झिप्झिमो लाचिनी, बोक्सीरी दाइनीरी नाचुरी नहरी, खाप्चुरी, अन्चुरी, यकाहेचिनी काञ्चिनीम्येई, सुरुमी दिबुमी, इङकीपो ब्रसपा, ब्रसमा, छेकुमापो रिरामबी, रुरीसाका पान्चिनी, चादुम रुरी, बुलुरुरी, खावारुरी, खाप्ची, सालाम रुरी, पेन्दा रुरी पान्चिनीम्येई, बिक्पु जिक्पु आनिङ बिन्निम किमछेम्बी हसहलका मोतिनीम्येई ।*

*Chhupuchhapchhul mamuisi, chilili kherere mamuisi, samkha lumkha mabukhini, sipsimo jhipjhimo mabukhini, lakala mulumpu mabukhini, Hiliri mamasi mabukhini, suksu sayisumi mabukhini, Samkhalumkha lachini, Sarisumer lachini, Sipsimo jhipjhimo lachini, Boksiri Dainiri, nachuri nahari, khapchuri anchuri, yakahechini kanchinimei, Surumi Dibumio, Ingkipo Brasapa, Brasama, chhekumapo rirambi, Ruri saka panchini, chadum ruri, bulu ruri, khawa ruri, khapchi, salam ruri, penda ruri panchinimei, bikpujikpu, aaninga binnim kimchhembi hasahalaka motinimei.*

**भावार्थ :**

मन नदुखाईदिनु, रिसराग नगरीदिनु, भोकबाट

निर्माण हुने रोगलाई नउब्जाईदिनु, लागुभागु सियाँ, जागित्राबाट आउने रोग (लाकला मुलुम्पु) लाई नउब्जाईदिनु, , हिलीबाट आउने, मामासीबाट आउने रोगव्याधीलाई नउब्जाईदिनु, साना नानीहरू मरेपछि हुने प्रेतात्माबाट हुने रोगलाई नउब्जाईदिनु, भोकतिर्खाबाट निर्मित व्यथालाई फ्याँकीदिनु, शरिरको व्यथाकष्ट फ्याँकीदिनु, शरिर कक्रिने, ज्युँज्युँ हुने व्यथालाई फ्याँकीदिनु, बोक्सी दाइनी, इर्ष्याबाट पैदाहुने रोग, खाब्जेभई लाग्ने वा दोहोरिएर लाग्ने रोगलाई हेन्च्याएर केलाएर वा निफनेर फ्याँकीदिनु है सुरुमी दिबुमी हाम्रो ब्राक्सुपा, ब्राक्सुमा छेकुमाको शरिरमा आयु शक्ति थपिदिनु, अन्नको आयु, पैसाको आयु, जाँडपानीको आयु, सहको आयु दिनु, समग्र आयु थपिदिनु, यसोभन्दै तपाइलाई दियौं घरको छेममा खुसीभएर बस्नुहोस है ।

यसोभन्दै कुखुराको भालेलाई चिण्डोको जाँडले तीनपटकसम्म पर्छाई कुबीले रेटेर मारी त्यसको रगत सुरुमी बस्ने छेममा पार्नु पर्दछ। यसपछि कुबीले नमस्कार गर्नुपर्दछ। सुरुमीको पूजा यत्तिमा नै समाप्त हुन्छ।

पूजापछि त्यस सालको अदुवा, नयाँधान, कोदो खान फुकुवा हुन्छ । त्यसैले पूजा समाप्त भएपछि नयाँ अदुवा, चामल, नयाँ जाँड सबैले खान्छन् । सुरुमी गरेको भालेको जोडी पखेटा, जोडी खुट्टा, मुटु, कलेजो पोलेर पकुवा चढाउनु पर्दछ । त्यसपछि उक्त भालेको मासु पकाएर खान हुन्छ ।

नुवाङ्गी सबैको घरमा एकैदिन हुन्न । तसर्थ जुनदिन जजसको घरमा नुवाङ्गी गर्नुछ सो दिन कुवीनक्षो र तायामीहरूले सबैको घरमा नुवाङ्गी समाप्त गरीसकिएपछि मात्र अन्तिम घरमा भात भान्सा खाने चलन रहेको छ। तर जाँड अदुवा, चामल भने सबै घरमा खान्छन् । **मुचीङा ।**

भावार्थ : (Meaning )

(A)

*Aamna/ Aamnana = today, ,Aastinihola = what did you say, Aanchuri= repeatedly*

(B)

*Bagale = walking in multiple numbers, Bakhalu = Bakhayumma = senior mother, creator, Bakhayuppa= senior father creator, Baktaja =the grain produced having hard working. Barasu = sacred meat of Ghoral. Belelu = the shaman concerned with kirat hearth. Beni = give us,Benimei = give us ok. Bissusu = sacred meat of cow and bull. Bhirisu = sacred meat of wild pig. Bikpujikpu =doing so, talking so.Binnim = given. Binnimmei = we have given you ok. Brasmi = main branch of Satma Rai (muddum term :same. Brasmi Hopu= respected person, Boksiri = female wizard. Brasama= main female clan of Satma Rai (muddum term: same). Brankhelma = one of the clan of Amnole Rai. Brasmi = main clan of Satma. Brasapa = male main branch of Satma Rai muddum term : same). Brasmi king. Brasmipo = of the Brasmi clan. Braksuma = the main branch of Satma female. Budheni = female detiey of Tarai Nepal. Bulu = money. Bulumi = money owner. Bulururi = the span of money. Bungkhama = major clan of Sanpang Rai denotes Same in Muddum term. Bajuma = female clan of Tharu people.*

(C)

*Chadum = grain. Chadumi chasumi = the grain owner. Chadulu = rich for grain owner. Chambarma = grain owner, depositor. Chilili kherer = to be jealousy, to be angry. Chhekama = the main female clan of Ratku, Hadi and Rangkasu of Dumi Rai. Chhekamapo = of the main female clan of Ratku, Hadi and Rangkasu Chhipilija = the food cooked in clay pot. Chhirija = seasonal rice or food of after Bhadra month. Chuchachupo = relating to generations. Chhiwam = the time arround Bhadra. Chilili Kherere = jeoloucy. Chuhamngou = o' grandfathers. Chadumlu – the grain owner. Chhaluse= third son. Chhamchhe =a holy ritual. Chhampumi = the ritual dancer. Chhekuma = main female clan of Khabachu Dumi Rai. Chhenuse = the fourth son, kahilo nep. Chhipilija = food cooked in clay pot. Chhiricho = autumn season, udhauli nep. Chhirija = the food of chhiriyamlo. Chhilam Dhilam = the ritual way of ancestor. Chiyopa Chiyoma= male and female king serpents. Chuchachupo = relating to generations. Chuchu = grand father. Chuchuhangmou= O'grandfathers. Churimi = ritual divinator. Chhumuchhapchhul = to*

be heartache because of jeolousy or disobedienc by others. Checherengma, Cherengma = main clan of Sunuwar or Same,nep.

(D)

Dainiri = dead spirit after the death of Boksi. Dapsanu = recitation, telling muddum. Dapsi = ritual recitation. Dapto = doing recitation. Dhilumi = the reconised person, Dhipulu = multiple number. Dhiricho =spring season, ubhauli, nep. Dhiricholamka = after spring season

Dhirisu = a type of reptile animal, Salak, nep. Dhiriti = the eath, land. Dibu = hunting deity. Dibumi = a hunging deity, incarnation of Kirat ancestral hunter. Dibusu = a sacred ritual meat of lopophoras, a national bird of Nepal, Danfe and Munal, nep. Dikhama = main female clan of Luppo, Kharubu, Halaksu, Hajur and Walakpa Dumi Rai. Dokhasa = an aggregate manner. Dukle = pair, Duritu = personality ownered person, the doer of kirat ritual.

. (H)

Hadimsu = a sacred ritual peace of meat of wild animal, Thar, nep. Halaku = the plougher. Halkum = the sacred worshiping place, the earth. Halnupronu = offered the drinking liquers and rice in the name of Kirat ancestors before or after ritual done. Hanmalu = like a queen lived strongly. Hamalu = joining place of rivers dukoshi and Rawakhola.( some argues Hattitar) Hanpa Hanma = king and queen. Hamngou = O' respected female ancestor. Harimi Durimi = personality imposed person. Hariduri = energetic person. Hasahala = with enjoyable. Hasamihalami = jester. Hatama = a female branch of Ambole Rai. Hayuma = a female branch of Hayu Kirat. Hodini = to bring something as a percel. Hecheni = to filter. Hilisi = dead spirit due to unnatural death of adult man. Hopu = a respected person. Horutu = personality ownered person. dhakilo,nep.

Hotum = arrived. came. Hunggema = warm greeter, effective of all. (Hanmalu Hungema.) Hupsa = lumpsum.

(I)

Imbuma = a major female clan of Harasi, Dimmachu, Sarachu, Walakpu and Hamruchunu of Dumi Rai.

(J)

Jharam = all of. Jhipjhimo = the disease which does not move to body freely. Jiyamu = guide of all, person loved by deties. spiritual teacher of all, path finder. Joni = eat. jonim= eaten. Jonitonika = having eat and drink..

(K)

Kakum /Kakuma = grandmother. Kawa = river. Khadi = the earth, land. Khadimsu= the sacred ritual meat of land animal like Salak, Dumsi, nep. Khakchi = the bunian tree. Kanchini= to throw. Kanchinika = having thrown. Kanchinimei= throw it ok. Khannim = offered. Khamalu = the alcoholic liquer producer Khapchuri = adding of another disease before to recover the first one. Khapchi Khawa = earned the sacred ritual alcoholic liquers for deties. Kharma Kharsija = the grain and the food earned by hard working in the land. khawa = ritual alcoholic liquers. Kharawa = local alcoholic liquers kept into the wooden vessel, Raksi, nep. Kharuja = the rice or food made by two hand with hard working. Kharulu = grain owner.Khiwalu = rich and effective person of certain region. Khodini = brought, presented. khayem khapkor = spiritual treatment. Khurbuja = the food earned by hands. Kim = house. Kimtasu = living in house. Kubi = hearth shaman. Kubilu = the hearth stone of the house. Kuim = cloud. Kuluma = black cloud taken the water and wind. Kurimi = the helpers of shaman.

(L)

Lachini = to throw. Lakla mulumppu = dead spirit, lagubhagu / jagitra, Sinya nep. a symbol of dead spirit to which the Bijuwa shaman kills it in shamanic healing or chinta, nep. Lamalu = lowerside hearth stone. Lamka = after, alteration of the season. Lalasu = a sacred ritual meat of jumping frog. Lawama = one of the clan of Khaling Rai. Lumduse = second son. Lukhinimei = eat ok. Lukhiniou = have it ok.

(M)

Makesu = sacred ritual meat of animal for offering to deties. Makum = big seedling class of zinger Mamuisi = don't do it. Mamasi = the female dead spirit born because of unnatural death. siyan, nep. Mame = lets now. Mo = great kirat ritual like Chhamdam. Mabukhini = don't make disease. Mabuku = the water resource. Modam khidam = the sacred ritual meat of bird and animal. Motini = have a seat. Motinimei = have a seat ok.Malukim = important ritual house. Maphromu = capable to

work. Marumu = recognized person. Mathumu = the luster of alcoholic liquers. Mawo = what. Miki = eye. Mikimi = knowledgeable person, divinatory. Mirilu = observer, viewer. Mirimi = divinator, fortune teller. Mochhemu = Chhamdam doer. Morutu = muddum teller and chhamdam organizer. Motimu = skillful for talking, come into in counseling. Muchi/muchinga = that's all. Mulumpu = dead spirit because of unnatural death, Jagitra, sinya, nep. Munamlu = like a buniyan tree. Marumu = famous, recognized person. Muktija = a rice food of new paddy. Mulumpu =dead spirit. jagitra, nep. Mumaha = major female clan of Sherpa, same, muddum. Munam = peepal, buniyan tree

(N)

Nachuri Nahari = jelousy. Namchija = a kind of rice which matures within three months, ghaiyadhan, nep. Namnmo = a symbolic word denoting to daughter and daughter in law or female person. Namruchhe = as is the name so is the work.. Namrumi = the fame kept as the name, famous

Ngayalu = beauty haired. Namrung = a kind of hunting detiey. Nasama = a major female clan of Nachhiring Rai. Ngarsesu/ngususu = the sacred ritual meat of fish. Ninam = sun, most powerful. Niuja = new rice of the new year. Nopinja = new rice of new year. Nulu/a = new year. Nuja = new rice, nuwanggi, nep. Nopiyaka = given the food of the new year. Nulu hotum = new year came.

(O)

Olmaja = new rice food which are not matured.

(P)

Pachhamkai = with clan. Panchini = adding something. Parimi = skilled women for weaving. Parubu = Paruhang. Patija = food given in measuring pot, pathidalo, nep. phingku = demand asked with ancestor, give us. Phingkubi = give us/ having given. Phirilu Pholmu = piece of zinger, adhuwako pana, nep. Pruktuka =eat with sitting.

(R)

Rangli buduma = dead spirit that born due to starvation. Rangkapu = deties of forest. Risilu /Risimi = muddum singer. Risiya singer. rich for Risiya. Roposu = a sacred ritual meat of wild pig. Rirambi = in the body or health. Ruri = span of life, long span of soul.Ruribeni = give us long span of life.

(S)

Sahlam = span of life of grain. Sahale = couple. Sajum = whirld wind. Saka/Sakha = power. Sakhase= 9th son, Thaila, nep. Sakabeni/Sakhabeni = give us power. Sakama/Sakhama = a female clan of Khaling Rai, same, nep. Sakhumoru = joining place of rivers, Tribenighat of east Nepal, Salawa = round shaped vessal with small long neck. Chindo, nep. Salukim =an important ritual house(salukmi malukim). Salija = a kind of paddy, rice called Atemarsi and its food. Samkha lumkha = a kind of disease born due to death of starvation. Sanururi =span of knowledge. Sapaha = a female clan of Sherba. Sikimi = skilled women for weaving and kneating. Suksu sayisumi / Suksu sayisu = dead spirit after the death of children. siyan, nep. Suptulu = hearth with three stoned. Suptulu hopu = respected hearth, hearth like a king. Saptelku = common watertape of the region or large village. Sapsawala = the producer of alcoholic liquers. jand and Raksi, nep. Satam = seventh. Sayase = 8th son. Mantare, nep. Selekubi = shaman with dual nature –Sele and Bele, Bijuwa and Kubi (hearth shaman). Selelu = the hearth stone concerned with the Sele shaman. Sibise = the youngest son. Sikesu= the sacred titual meat of birds for offering to deties. Sipka = ritual drinking gifts given to the ancestors putting a piece of leaf of banana (tupla) in the drinking vessel like Tomba, Chindo and Kathuwa. Sipsimo = a kind of immovable disease which disturbs to walk. Subim = a small class of zinger. Subuku = water resource place. Suksusayi sayisumi/ Susumi sayisumi = dead spirit born because of the death of small children. siyan, nep. Sumnim = mother Sumnima. Sumnimma = sumnim. Sumtalu = permanent producer of local beer. Syorungma Siringma =a female clan of Limbu, muddum term : Same.

(T)

Tabita = yes ok. Takuse =7th son, Lakhantare, nep. Tamuchhe = eldest female or daughter. Tamul= black cloud taking a rain. Taya /Tangkilu = the ritual expertr who helps to perform the kirat ritual to the shaman. Tayalu = muddum teller as a helping hand in shamanic ritual. Thoja = rice or food of new year. Tonika = having drunk. Thampukim = the house made in the land. Tharuma = a female clan of Tharu. Thopija Thopinja = newly rice made of the new year. Thopiyumka = kept the food of the

*new year. Thopiyaka = having placed the food of new year. Thumalu = a main hearth stone. Toduse = eldest son. Thuluma = a female clan of Thulung Rai, same, muddum term. Toloma= a female clan of Bahing Rai. Tonim = kept*

*(U)*

*Uktija = the earned food of the new rice. ubjiyeko, nep.*


*(W)*

*Wachhama = a clan of Turachu Dumi Rai also denotes to the clan of Chamling Rai. Wachhelu/warelu = jester, the followers of ritual. Wachhemi Waremi = skilled in talking, Wachheware = follower of ritual. Wakume = 6th son, jantare, nep. Wakuse = 7th son. Lakhantare, nep. wathumu = jester, speaking with joking. Warima = female speaking with joking. Wattama =beloved by brotherhoods.*

*(Y)*

*Yaka = long distance. Yarimi = a skilled female in weaving and kneading (sikimi yarimi parimi). Yekle = loneley , Yeksama = a clan of Sherpa. Yangkhama = a female clan of Sampang Rai (Yangkhama bungkhama). Yobumma = a female clan of of Lohorung Rai. same, muddum term.*



**जावोम्लो / छीरीयाम्लो ५०७४ (सकला उद्यौली) चाडको शुभ उपलक्ष्यमा सुप्तुलु, युङखुलु, रिमेम, नायम, एवं सुम्निमा पारूहाङले हामी सबैको रक्षा गरून् ।**




**अष्ट बहादुर हदी दुमी राई**
**तथा स-परिवार**
**भिमसेन, भोटेपुल-८, धरान**



**जावोम्लो / छीरीयाम्लो ५०७४ (सकला उद्यौली) चाडको शुभ उपलक्ष्यमा सुप्तुलु, युङखुलु, रिमेम, नायम, एवं सुम्निमा पारूहाङले हामी सबैको रक्षा गरून् ।**



**आसपूर्ण रंकसु/टेक बहादुर मुरह राई**
**खोटाङ लाम्दिजा हल्कुम**
**हाल सखुवा गाछी, धरान ११**



# प्रशासनमा एउटा बहस


सहजित राई
शाखा अधिकृत
संसद सचिवालय,
सिंहदरबार काठमाण्डौ




राईजी अर्थात राई कर्मचारी । कार्यालयमा सम्बोधन गरिने उपनाम । कार्यालयमा प्राय एकाध हुनुको नाताले प्राप्त सम्मान भनौं । के हाकिम के सहयोगी सबैको राईजी या राई सर । नाम बिर्सिए पनि फरक नपर्ने । जम्मैले राईजी भने पुग्ने । यसको एउटा कारण यो हुन सक्छ कि नाम थर दोहोरिएका, तेहेरिएका कोइराला र कार्कीजीहरुको जस्तो राईजीको संख्या छैन अफीसमा । खड्का र खरेलजीहरुको जस्तो बाहुल्यता पनि छैन । संख्यामा अधिक भएकै कारण उनीहरुको नामै उच्चारण गर्नु पर्ने हुन्छ । तर राईजीको भने त्यो अवस्था छैन । यसैले राईजीको नाम काढ्नै पर्दैन । राईजी भन्दिए परिचय काफी भईहाल्छ ।

उपस्थितिको दृष्टिमा राईकै जस्तो गुरुङ, मगर, भुजेलको अवस्था हो प्रशासनमा । शेर्पा, तामाङहरुको पनि स्थिति हाराहारी हुन सक्छ । चेपाङ, दनुवार, धानुक, राउटे, हायुहरुको स्थिति विचारणीय देखिन्छ । यस भन्दा बाहिर समग्र महिला, दलित, मधेसी तथा अपांगहरुको अवस्था समेत उल्लेख्य रुपमा देखिएको छैन । गहिरिएर हेर्दा तत् तत् वर्गको उपस्थिति सांकेतिक रुपमामात्र देखिएको छ । त्यो पनि नीति निर्माण तहमा होइन । तल्लो तहहरुमा । साच्चै भन्ने हो भने उनिहरुको उपस्थिति सालबनमा उम्रेका केही सल्लाको बोटजस्तो मात्र हो । एकाध सल्ला उम्रिदैमा सालबन खर्लप्पै सल्लाबनमा रुपान्तर भइसक्यो भन्ने आसय पनि आएको देखिन्छ। सल्लोको बोट मात्रहोइन अरु पनि बोटविरुवाको आगमन जरुरी हुन्छयहाँ । अनि त विविधताको परिचयहुन्छ । तर आजभोलि त्यही केही सल्लोको बढी कुरा भईरहे भैँ लाग्छ । त्यो, एक पटक आरक्षण पाएकाहरुले पटक-पटक त्यही सुविधालिन/दिनु हुदैन भन्ने हो विषय जोडतोडकासाथ उठिरहेछ । एउटै व्यक्तिले कसरी दोहोरो सुविधाको तर् खान सक्छ ? भन्ने तर्कका साथ केहीबहसहरु सुरु भएकाछन् । प्रशासन सुधार आयोग, २०७० ले पनि यो कुराको समर्थन गरकों छ । सार्वजनिक प्रशासनको तर् कसले खायो र छालीकसको भागमा पर्‍यो भन्ने बहसको विषयबन्नु हुदैन । यदि बन्यो भने पनि इतिहास हेरे पत्ता लागिहाल्छ । प्रश्न उठान भैहालेमा त्यो पूर्वाग्रही सवाल जवाफ मात्रहुनजान्छ । र अहिलेको बहसको विषय भनेको नीति निर्माण तहमा पहुँच नभएकाहरुको के कसरी द्रुतकिसिमले त्याँहा पुरयाउन सकिन्छ भन्ने हो । यसलाई राज्यको नीतिले सम्बोधन गरेको छ । संवैधानिक प्रावधान पनि प्रष्ट छ । र त्यहाँ पुग्नु/पुऱ्याउन अनिवार्य पनि छ । यहाँनेर विचारणीय कुरा के हो भने हाल भईरहेको प्रावधानले त अपेक्षित वर्ग, क्षेत्र, लिङ्ग एवं समुदायको अपेक्षित नतिजा दिन नसकिरहेको अवस्था छ भने विद्यमान ढोकाबन्द गर्दा लक्ष प्राप्ति हुन सक्छ त ? भन्ने विषय सोच्नु जरुरी देखिन्छ । र कथंकदाचित यस्तो हुनगयो भने अपेक्षितवर्ग, लिङ्ग, क्षेत्र र समुदायकालागि राज्यको नीतिकागलाई बेल पाके सरह हुन्छ । यस कारण यो विकल्पविनाको आधारहिन प्रस्ताव मात्र हो भन्ने लाग्दछ । अहिल्यै यस्तो निर्णयमा पुगिहाल्नु त्यति न्यायोचित हुने देखिन्न ।

कुरा कोटा र आरक्षण पक्षको मात्रहोइन । विषय गैर आरक्षित र बिनाकोटाकालागि पनि उठान हुन आवश्यक देखिन्छ । गैर कोटा र गैर आरक्षित भित्र पनि केही सिट सुरक्षित गर्नुपर्ने जरुरत महशुस गरिएको देखिन्छ । तर यि विषयमा कहिल्यै कसैको ध्यानगएको छैन । अमुक एउटा उच्च जाति, वर्ग, क्षेत्र र समुदाय भित्र पनि थुप्रै पीडित र अवसर नपाएकाहरुको बाहुल्यता छ । पाठ्यपुस्तक किन्न पैसा नहुने र सदरमुकाममा पुगी फाराम भर्न नसक्ने अत्यन्तै पिछडिएका नाजुकवर्गहरु पनि कथित उच्च र सुविधा सम्पन्नवर्गको छायाँभित्र रहेकाछन् । के ति वर्गकालागि सिट आवश्यक छैन ? अवश्य जरुरी छ ।

उनिहरु पनि राज्यको हरेक तहमा पुग्न पाउनु पर्छ । आरक्षित वर्गका एलाईटहरुले मात्र दोहोरो सुविधाभोग गर्नु न्यायोचित हुदैन, अरुले पनि अवसर पाउनु पर्छ भनेर मन पगाल्नेहरुले सगोत्रीहरुको हालत पनि मुल्यांकन गर्नु पर्छ। उनिहरुको मर्कामा बोल्न सक्नु पर्छ । तिनीहरुलाई पनि राज्यको मुलधारमा समाहितगर्न आवश्यक छ ।

यसभित्र बारम्बार उठिरहने एउटा सवाल हो योग्यता । अजिब छ यो योग्यताको प्रयोग । प्रशासन भित्र काँहानेर, कतिबेला कसरी योग्यताको प्रयोग हुन्छ र भइरहेको छ भनेर अध्ययनगर्नु अनिवार्य देखिएको छ । यस सन्दर्भमा एउटा भनाई छ -हिजोका डिग्रीहोल्डरहरु आजअपडेट हुन सकेनन् भने भोलि ति अशिक्षित वर्गमा पर्छन् । कुरा निकै सोचनीय छ । र प्रशासनको हालत करिब करिब यस्तै पनि छ । सेवाप्रवेश पछिअपडेट हुने विषय निकै कमजोर रहेको छ । प्रवेशताकाको लेगासी (legacy) ले सेवा अवधिभर कामचलाइएको स्थिति हो । समावेशी नीतिले योग्यता प्रणालीको दोहोलो काढ्यो भन्ने मतहरु पनि प्रशस्त छन् । यसको परीक्षण र मूल्यांकनको आधार केही देखिदैन । तर पनि प्रशासन बिटुलै भईसक्यो भन्ने कुरा पनि देखिएका छन् । यसै सन्दर्भको कुनै प्रशंगमा लोकसेवा आयोगका पूर्व सदस्य प्रा.कृष्ण पोखरेल भन्नु हुन्छ "विगतमा पनि निजामती सेवा चम्चम् चम्कने थिएन, आज पनि त्यस्तो झुर भईसकेको अवस्था छैन ।" यसर्थ आजको निजामती सेवाको पृष्ठभूमि भनेको विगत नै हो । त्यही हाँडाभाँडा हो, अहिले आएर मिसिनेहरुले चलाउने । त्यही गोरेटो हो, आजकालकाहरुले पनि हिड्ने । यो देखिएकै विषय हो कि प्रशासन त्यति सङ्लो र सफा छैन । जति नतिजामा देखिनुपर्ने हो त्यो देखिन सकेको छैन । योग्यता भनेको ढाट्न र छल्न जान्नुको पर्याय किमार्थ हुदै होईन । चाकडि र चाप्लुसीमा चिप्लेटी खेल्नु पनि योग्यताको अर्थ हुन सक्दैन । यो त नतिजाको तुलोमा तौलिएर हेरिन्छ । सेवाग्राहीको सन्तुष्टिमा जहाँबाटै देख्न सकिन्छ ।

Sahajitrai@gmail.com
माक्पा, ५ खोटाङ
हाल : कपन, काठमाण्डौ ।

जावोम्लो / छीरीयाम्लो ५०७४ (सकला उद्यौली) चाडको शुभ उपलक्ष्यमा सुप्तुलु, युङखुलु, रिमेम, नायम, एवं सुम्निमा पारूहाङले हामी सबैको रक्षा गरून् ।

" समृद्धिको लागि सहकार्य, सुम्निमा सबैलाई अनिवार्य "

सुम्निमा बचत तथा ऋण सहकारी संस्था लि.

SUMNIMA SAVING & CREDIT CO-OPERATION LTD.

चापागाउँ ढोबाटो, ललितपुर, फोन नं.: ५५३६६८७


# सिकीपरिकी धनी मनिशोभा हदी दुमी



तेजमाया मुरह दुमी राई
dumitejmaya@gmail.com

खोटाङ लाम्दिजा (बाक्सिला) गैरी गाँउ-६ मा जन्मिनु भई लाम्दिजाकै हल्खुम गाउँमा आफ्नो कर्म थलो बनाउनु भएकी पिपी (बजु) सिकीपरीकी धनी मनिशोभा हदी दुमी आफ्नो बाल्यकालको ४ वर्ष उमेर देखि १२ वर्षसम्म मावली गाँउको गोठमा नोनो (छेमा) सँग गाईभैंसी चराउँदै दाउरा घाँस गर्दै कहिले चन्दु, सिक्रे, गोलखाडी, सुर्के, नाक्सी त कहिले काँडेनी, कालोवन, हिले, फँलाटेको उच्च पहाडी जंगलहरूको गोठमा बिताएका ती दिनहरू सम्झदै आफ्ना विगतलाई कोट्याउँदै अनि त्यो बेलामा आफूले गरेको कामको सम्झना यसरी पोख्नु हुन्छ । गोठबाट घर झरेको बेलामा आमा र पिपीहरूसँगै बसेर किराती परम्परागत सीपहरु रातभरी कुपी बालेर त कहिले ढोडको उज्यालोमा कपास केलाउने, फड्काउने, पिउरी बनाउने वान्चीमा धागो बटार्ने काममा सघाउने गर्नुहुन्थ्यो । उ बेला कपासको धागोबाट बुनिने कपडाहरूमा जस्तैः खाँडी, खेस, गिम्ती नामको कपडा बाह्र हाते र सोह्र हातको तान लगाएरबनाउने गर्नु हुन्थ्यो । त्यतीबेला सबैले आफू आफूले बुनेको घरबुना लुगा कपडानै लगाउने गर्थे । यसरी नै सुनखरीको चोया दुम्सीको काँडा र धागोबाट अम्लरी ओम्पलु बनाउने गर्नु हुन्थ्यो । किराती महिलाहरुले लगाउने गहना, हारी, आठानी, चारानी (पैसाको माला) बनाउने गर्नुहुन्थ्यो । यसरी यस्ता किराती परम्परागत सामाग्री बनाउनमा निक्कै सिपालु उहाँ यती मात्र होइन किराती लोक बाजा मुचुङगा विनायो पनि उसैमिठो बजाउनु हुन्थ्यो साथै नास (मारुनी) गीत गाउनमा पनि उत्तिकै दक्ष हुनुहुन्छ । यी सम्पूर्ण सीप कलाको ज्ञान आफ्ना अग्रजहरूबाट सिकेको जानेको कुरा बताउनु हुन्छ ।

जीवनको छयासी औं हिउद अनि वर्खाहरु खेपी रहनु भएकी पिपी, पुराना लुगा खाडी, खेसको कपडा बुन्ने सवालमा यसो भन्नुहुन्छ समय सँगै देश प्रदेशबाट भित्रिएको आधुनिक कपडाहरूले गर्दा हामीले हाम्रो मौलिक सीपहरू बुनतुनको काम विस्तारै छोड्दै गयौं त्यसैले लुगाको सवालमा विगतमा हाम्रो पूर्खा पूर्खेनीहरूले कस्तो किसिमको लुगा लगाउँथे भन्ने कुरामा नयाँ पुस्ताका नानीहरू सबैजना अन्जान रहेका छन् । पछिल्लो पुस्ताका सन्तानहरूले यो प्राचीन हाते कपडाको बारेमा सुन्नु, जान्नु र देख्नु पाउनु गाह्रो हुनेछ । आफ्नो यथार्थ पिरलो व्यक्त गर्नुहुन्छ । उहाँ देश प्रदेशमा हुनुहुने आफन्त इष्टमित्रलाई कुनै उपहार कोशेली दिनु पऱ्यो भने आफनो सभौ (कोसेली) को रुपमा आफैले बनाको अमूल्य किराती चिजहरू मध्येको सामग्री विशेषगरी अम्लरी दिने गर्नु हुन्छ । यसरी हामीहरू सबैजनाले यी किरातजन्य सामाग्रीहरुको प्रयोगको थालनी हामी आफैबाट गरिनु



वान्चीमा धागो काट्दै मनिशोभा हदी

पर्छ है नानी हो भन्दै सल्लाह पनि दिनुहुन्छ । विभिन्न बिहे, पार्टी, परम्पारिक चाडवाड उत्सवहरूमा बाहिरको बिरन्तरी चिजहरू किनेर दिनुको सट्टामा बरु यी आफ्नै किरातजन्य मौलिक कोशेली दियादी गरे हाम्रो संस्कृति जोगिनु अनि प्रचारप्रसार हुनको साथै केहि अर्थ उपार्जन पनि हुनेथियो र अब आउने दिनहरूमा त्यस्तो खाले रीति बसाउनु पर्ने सुझाव दिनुहुन्छ ।

हाल: विगत दश वर्ष देखि काठमाण्डौ पुरानो बानेश्वर भिमसेनगोलामा कान्छी छोरी अनिता दुमी सहित नाति नातिनीहरूलाई मायाँ, स्नेह अनि अभिवावकत्वको सितल ओत दिरहनु भएकोछ । बुढेसकालको शरीर बिरामीले सताएर प्रायजसो अस्पताल धाउनु परे पनि शरीर केहि हलुका हुनसाथ उहाँ आफूलाई हरमेसा क्रियाशिल राखिरहनु हुन्छ । वान्चीमा रुवा धागो बटार्दै घरी अम्लरी अम्पलु, आठानी, चारानी, हारी बुन्दै । अनि भन्नुहुन्छ- *यो मनुखे चोला बाँचेसम्म मात्र हो आफूसँग भएको ज्ञान, सीप बाड्नु, सहि बाटो देखाई राख्नु हामी सबैको कर्तव्य हो*। सोही अनुरुप आफूले जानेको ज्ञान, सीप अहिलेको पुस्तालाई बाँडिराख्न चाहानुहुन्छ र सकेसम्म सबैजनालाई सिकाउने कोशिस गरिरहनुहुन्छ सिक है नानी हो भनेर सदैब प्रेरित गरिरहनु हुन्छ तर अझै पनि कसैले सिक्ने, बुझ्ने, जान्ने चासो नगर्दा चाही खुब पिरोलिनु हुन्छ र भन्नुहुन्छ ए बाबा ! *हामीत सानोमा बाउ आमा तथा आफू भन्दा ठूलोहारले भनेकोत खुब मान्थिइत आईलेकोहार के भाको ?* अनि फेरी गुनासो पोख्नुहुन्छ *"मैले माफिक (सित्तै) मा सिकाउन खोद्दा ध्यान गर्दैनन् एकदिन थाहा पाउछन्, पछुताउछन्"* यो कुरालाई बारम्बार दोहोर्‍याइ रहनु हुन्छ । हो साच्चै आजको पुस्ताले यो सीपको वास्ता चासो नगरे भोलिको पुस्तालाई हामी के जवाफ दिने ? कसरी सिकाउने ? मैले सधैजसो अनुभव गरिरहेको एउटै कुरा भाषा बोल्ने सवालमा दुमी भाषा बोल्न आउछ भनेर कोही कसैलाई सोध्यो भने **"खै हामीलाई त बाउ आमाले,**



हारीमाला बुनिसकें पश्चात गर्दै

**बाजे बोजुले नै सिकाएनन् अँह आउदैन"** भन्ने खाले जवाफ अधिक मात्रमा आउछ । त्यसो हुनाले भोलिको पुस्ता वर्तमानमा आईपुग्दा हाम्रो पुस्ताले त्यसरी नै आरोपित हुन नपरोस खैर हामी कामना गरौं अब उप्रान्त हामी सबैमा पिपीको अर्ति उपदेशको कदर, सम्मान, मनन, गर्ने भावनाको जन्म अवस्यनै हुनेछ । वैज्ञानिक युगको चुनौतीसँग हातेमालो गर्दै किरातीहरूको सिङ्गो पहिचान बोकेको मौलिक रत्नरुपी सीपकलालाई निरन्तरता दिने सद्‌बुद्धि बेलामै हामी सबैमा पलाओस । छिलछिल ।

**शब्दार्थ:**

*अम्लरी:* (सुनखरी जडित रातो, सेतो धागोमा दुम्सीको काँडा मिसाएर बनाईएको किराती श्रृङगारीक वस्तु ।

*खेस:* कपासबाट निर्मित कपडाको एक प्रकार जसबाट विशेषत: पटुकी खास्टोको रुपमा प्रयोग गरीन्थ्यो ।

*गिम्ती:* कपासबाट निर्मित मसिनो धागोलाई रंगिन बनाइएर बुनिएका कपडाको एक प्रकार जसबाट विशेषत दौरा, सुरुवाल, खास्टो, गुन्यू, चोलीको रुपमा प्रयोग गरीन्थ्यो ।

*वान्ची:* कपासबाट धागो निकाल्ने तथा धागो डल्लाउने काठ तथा बाँसबाट निर्मित साधन ।

# सामाजिक र सांस्कृतिक पहिचानको चाड छिरियाम्लो धिरियाम्लो



✍ कीर्तिकुमार राई

हाम्रो देश नेपाल क्षेत्रफलको हिसाबले सानो रहेता पनि विभिन्न जातजाति, भाषाभाषी, धर्म, संस्कृति, संस्कार, परम्परा र रीतिरिवाजले धनी मुलुक हो। विभिन्न जातजाति, भाषाभाषीहरुको चाडपर्व, धर्म, संस्कृति, परम्परा र रीतिरिवाजले आ-आफ्नै प्रकारको महत्व बोकेको छ । हरेक चाडपर्व, धर्म, संस्कृति, परम्परा र रीतिरिवाज कुनै न कुनै जातजातिसँग सम्बन्धित रहेको हुन्छ। त्यसले कुनै जातजाति विशेषको आफ्नो मौलिक पहिचान बोकेको हुन्छ । यसैमध्ये नेपालका प्राचिन आदिवासी किरात समुदायहरु (राई, लिम्बु, याक्खा, र सुनुवार) को महान पर्व उभौली र उधौली हो । ऋतु परिवर्तनसँगै वर्षमा दुई पटक धुमधामकासाथ मनाइने यो पर्वमा किराती बस्तीहरु ढोल, झ्याम्टाका आवाजले गुन्जिन्छन्। बैशाख पूर्णिमा अर्थात वसन्त ऋतुमा उभौली र मंसिरे पूर्णिमा अर्थात शरद ऋतुमा उधौली पर्वको रुपमा मनाइन्छ। यस चाडमा किराती रीति र परम्परा अनुसार भूमिको पूजा गर्ने गरिन्छ। हरेक वर्ष अन्नबाली लगाउने बेलामा उभौली र अन्नबाली पाक्ने बेला वा पाकिसकेपछि खुशीयाली मनाउँदै उधौली पर्व मनाईन्छ।

अन्नबाली राम्रोसँग सप्रियोस्, अन्नबाली लगाउने बेला पानी परोस्, किराफट्याङ्ग्रा तथा जङ्गली जनावरले दुःख नदिउन्, सबैमा सुखशान्ति, सुस्वास्थ्य होस्, दैवि प्रकोप तथा विपत्ति नआवोस् भन्ने कामना गर्नु यसको उद्देश्य हो । त्यसै गरी उधौली पर्वमा उभौली पर्वको समयमा लगाएको अन्नबाली पाक्ने, अन्नबाली खेतबारीमा लहलह देखिने, अन्नबालीले भकारी भरिएको हुने हुँदा अन्नबालीको सह बसोस्, आउँदो साल खाद्यान्नको अभाव नहोस् भन्दै खुशी, सुख र समृद्धिको कामना गर्नु उधौली पर्वको उद्देश्य हो । तराईतिर गर्मी बढेर माछा, पशुपन्छी, चराचुरुङ्गी, किरा फट्याङ्ग्रा समेत उभो चिसो लेकतिर बसाई सर्छन् भन्ने विश्वास र हिउँदमा लेक तथा पहाडतिरको वातावरण चिसो हुने हुँदा गर्मीको समयमा तराईतिरबाट चिसो लेकतिर बसाई सरेका माछा, पशुपन्छी, चराचुरुङ्गी र किराफट्याङ्ग्रा समेत उधो गर्मी भएको ठाउँ मधेस, तराईतिर बसाई झर्छन् भन्ने विश्वास रहनु उभौली र उधौली पर्वसँग पर्यावरण र मानव संस्कृतिबीचको अन्तरसम्बन्ध रहेको हुन्छ भन्ने कुरा बुझिन्छ। प्रकृतिभन्दा टाढा कोही पनि रहन सक्दैन भन्ने पनि हो । पर्यावरणले मानव संस्कृतिलाई प्रभाव पारेको हुन्छ भन्ने हो ।

बैशाख पूर्णिमा अर्थात वसन्त ऋतुमा मनाइने पर्व उभौलीको समय भनेको माना छरी मुरी उब्जाउने समय हो । यही समयमा रोपेको, छरेको, फलाएको अन्नले वर्षभरी खानुपर्ने हुन्छ। खेतीपातीको लागि मनसुन सुरु भएको हुन्छ। गाउँघरतिर यस पछिको समय सबै जना खेतीकिसानीमा व्यस्त हुने र आफन्त नातेदारहरुसँगको भेटघाट समेत कम हुनु स्वाभाविक हो। यसर्थ यस पर्वले खेतीकिसानीमा लाग्नुभन्दा पहिले एक पटक भएपनि सबै आफन्त, नरनाताहरुको भेटघाट अवस्य गराउँछ । त्यसै गरी मंसिरे पूर्णिमा अर्थात शरद ऋतुको पर्व उधौलीको समय अन्नबाली पाकिसकेको हुन्छ। सबै कामबाट मुक्त भइ सकेको अवस्था हुन्छ। जसको कारण पहिले भेटघाट हुन नसकेता पनि यस पर्वमा सबै आफन्त, नरनाता र छोरीचेलीहरु, सबैसँग भेटघाट र जमघट गर्ने राम्रो अवसर पनि हो। खेतीपाती लगाउनुभन्दा पहिले र पाकिसकेपछि हर्ष, उमंग र खुसीका साथ मनोरञ्जन गर्ने एउटा अवसर हो।

यसले सबै आफन्त, नरनाताबीचको सम्बन्ध सुमधुर बनाउने, एकआपसमा नजिक बनाउने काम गरेको छ । समाजलाई एकीकृत गर्न मद्दत गरेको छ ।

किरात समुदायभित्रका राई, लिम्बु, याक्खा र सुनुवार सबैले साकेन्वा, साकेला, फोलष्याँदर, चासोक, तोसी वा तोसु जस्ता विभिन्न नामले चिनिए पनि, छुट्टाछुट्टै तरिकाले नाच्ने, गाउने गरिएता पनि हाम्रो संस्कृति यो हो भनेर सबै किरातहरुलाई एकताबद्ध बनाएको छ। 'हामी' भन्ने भावनाको विकास गरेको छ । उभौली र उधौली पर्वले सम्पूर्ण प्रकृति पुजक किरातीहरुलाई एउटै थलोमा जम्मा भएर एकताको सन्देस दिएको छ। यस पर्व समग्र संरचनाभित्रको एउटा भागको रुपमा रहेर प्रकट र लुप्त कार्य अर्थात प्रत्यक्ष रुपमा देखिन सक्ने र देख्न नसकिने कार्य एक साथ भइरहेको छ । एक ठाउँमा सबै जम्मा भएर नाचेको, गाएको रमाइलो गरेकोमात्र देखिएता पनि यसले किराती संस्कृतिलाई बचाइ राख्न महत्वपूर्ण भुमिका खेलेको छ । हरेक प्रकारका रीतिरिवाज, परम्परा, संस्कार र संस्कृतिको आ-आफ्नो छुट्टै विशिष्टता रहेजस्तै यस पर्वको पनि छुट्टै विशिष्टता रहेको छ । यहि विशिष्टताले अन्यभन्दा फरक देखाएर मानव जीवनलाई सन्तुलित रुपमा नियमित अगाडी बनाउनको साथै किरातीहरुको पहिचान दिएको छ ।

नाच्ने क्रममा हातखुट्टाको चाल र हाउभाउको माध्यमबाट ढोल, झ्याम्टाको तालमा विभिन्न जीवजनावर, पशुपन्छी, चराचुरुङ्गीको नक्कल अभिनय, खोरिया फाँडेको, अन्नबाली लगाएको, गोडमेल गरेको, अन्नबाली काटेको, उठाएको जस्ता कृषि कार्य प्रदर्शन गरिनुले मानव, जीवजनावर र कृषि कार्यबीचको अन्योन्याश्रित सम्बन्ध रहेको र मानव जीवनमा कृषिको महत्वलाई झल्काउछ । खेतीकिसानी बिना मानव जीवन अपूरो हुने र हामी मानवहरु प्राचिन समयदेखि नै कृषि कार्य गर्दै आएको थियौं भन्ने कुरा बुझिन्छ। यसको साथै कपासबाट धागो कातेको, तानमा कपडा बुनेको, सिङ्गारपटार जस्ता कार्यलाई पनि अभिनयको माध्यमबाट नाँचमा उतारिनुले किरातीहरुको परम्परागत कला र सिपहरुलाई उजागर गर्दछ । जसलाई 'सिली टिप्ने' भनिन्छ । सिली टिप्ने वा नाच्ने तरिका फरक-फरक हुनसक्छ । यसरी नाच्दा वा सिली टिप्दा त्यहि अभिनय वा हाउभाउसँग मिल्ने, पितृ र प्रकृतिसँग मेल खाने विभिन्न प्रकारका गीतहरु गाउँने गरिन्छ। यसरी दैनिक जीवनमा गरिने कार्यहरुलाई सिली र गीतको माध्यमबाट प्रस्तुत हुनाले यसको आफ्नै खालको मौलिक बिशेषता रहेको प्रष्ट हुन्छ ।

कुनै पनि जातजाति, समुहको पहिचान पोसाक अथवा लगाउने कपडाले दिने गर्दछ। जस्तो बक्खु, दोचाले हिमाली क्षेत्रमा बसोबास गर्ने शेर्पा जाति, हाकुपटासीले नेवारहरुको जातिय पहिचान झल्काए जस्तै उभौली र उधौली पर्वमा नाच्दा लगाइने पोसाक र प्रयोग हुने सामानहरुले किरातीहरुको जातिय पहिचान भल्काउने काम गरेको छ। पुरुषहरु कोट, खाँडिको कपडा, अल्लोको धागोबाट बुनिएको कपडाद्धारा निर्मित दौरासुरुवाल, टोपी, पटुका, बिनायो, मुर्चुङ्गा, बुकिफूल, कम्मरमा खुकुरी, हातमा चौरीको पुच्छर, धनुकाँड, त्यसै गरी महिलाहरु पनि चौबन्दि चोलो, फरिया, पटुका, बिनायो, मुर्चुङ्गा, बुकिफूल, कम्मरमा हँसिया, विभिन्न परम्परागत गरगहनाले सजिनुले किरातीहरुको आफ्नो मौलिक पहिरन झल्काउने गरेको छ । ढोल, झ्याम्टा बजाउँदै महिला, पुरुष, बालकदेखि लिएर वृद्धवृद्धासम्म सबै सहभागी भएर, गोलबद्ध भएर गोलाकार रुपमा नाच्दा नयाँ र पुरानो पुस्तालाई एक ठाउँमा जम्मा हुने अवसर मिलेको छ । पुरानो पुस्ताबाट नयाँ पुस्ताले आफ्नो पर्व, रीतिरिवाज, संस्कार, संस्कृतिहरु सिक्ने, त्यहि अनुसार सामाजिकरण हुने र एक पुस्ताबाट अर्को पुस्तामा पुस्तान्तरण भइरहेको छ ।

नेपालको पूर्वी भाग जहाँ किरातीहरुको बसोबास क्षेत्र र बाहुल्यता रहेका खोटाङ, भोजपुर, उदयपुर, संखुवासभा, धनकुटा, सोलु, ओखलढुंगा, सुनसरी, मोरङ, इलाम लगायतका जिल्लाहरुमा प्रमुखता र धुमधामका साथ मनाइन्छ । अहिले पछिल्लो समयमा राजधानी काठमाडौंमा समेत धुमधाम र रौनकताका साथ मनाउने थालिएको छ। विभिन्न उदेश्य लिएर काठमाडौंमा बसोबास गर्ने किरातीहरुको सामूहिक आयोजनामा ललितपुरको

हात्तीवनस्थित साकेला थानमा जम्मा भई पूजाआजा सम्पन्न गरिन्छ । त्यसदिन नखिपोटमा र त्यसपछिका दिनहरुमा काठमाडौंको टुँडिखेल, जावलाखेल, बानेश्वर लगायत अन्य विभिन्न ठाउँहरुमा भव्य रुपमा मनाउने गरिएको छ । त्यसै गरी किरातीहरुको बसोबास रहेको विदेशी भूमि बेलायत, हङकङ, सिङ्गापुर, अमेरिका, भारत लगायत किरातीहरु पुगेका ठाउँहरुमा समेत यो चाडलाई धुमधामका साथ मनाउन थालिएको छ। किरातीहरु जहाँ-जहाँ पुगेका छन् त्यहाँ-त्यहाँसम्म यो पर्व पुगेको छ । प्रचार-प्रसार भएको छ। फैलिदै गइ रहेको छ ।

विश्वव्यापिकरणको वर्तमान अवस्था र आधुनिकीकरणको व्यापक चपेटामा परेर दिनानुदिन हराउँदै, लोप हुदैं गई रहेको चाडपर्व, धर्म, संस्कृति, परम्परा र रीतिरिवाज विश्वभर छरिएर रहेका किरातीहरु जो जहाँ रहेता पनि एक ठाउँमा उभिएर आफ्नो चाडपर्व, धर्म, संस्कृति, परम्परा र रीतिरिवाज जोगाउनु पर्छ भन्ने मान्यता स्थापित भएको छ । विगत केही वर्ष पहिलेदेखि यस चाडको अवसरमा नेपाल सरकारले राष्ट्रिय रुपमै सार्वजनिक बिदा दिने व्यवस्था गरेको छ । यसले यो चाडको महत्वलाई थप प्रोत्साहन गरेको छ । पछिल्लो समयमा आएर जातिय पहिचानको आधार र सांस्कृतिक महत्व झल्काउने गरी यो पर्व मनाउन थालिएको छ । अन्य संस्कृतिको प्रभावमा हराउँदै गइरहेको संस्कृति र रीतिरिवाजलाई जगेर्ना गर्न सबै किरातीहरु लागि परेको देखिन्छ । यस पर्वले समाजमा सामाजिक, सांस्कृतिक सद्भाव, हस्तान्तरण, आपसी सम्बन्ध, मेलमिलाप कायम गर्न थप टेवा पुर्‍याएको छ । र यसले किरातीहरुको सामाजिक र सांस्कृतिक पहिचान दिएको छ। मुची ॥

माक्पा -६, नोरुङ, खोटाङ
हाल - पाटन संयुक्त क्याम्पस, पाटन ढोका, ललितपुर
एमए दोस्रो वर्ष, समाजशास्त्र/मानवशास्त्र
email – kirti_dumeerai@yahoo.com

**जावोम्लो / छीरीयाम्लो ५०७४ (सकला उद्यौली) चाडको शुभ उपलक्ष्यमा सुप्तुलु, युङखुलु, रिमेम, नायम एवं सुम्निमा पारूहाङले हामी सबैको रक्षा गरून् ।**



**लक्ष्मीमाया मुरह दुमी राई**
**खड्ग बादुर रंकशु दुमी राई**
**धरान ८, कविटोल**

**जावोम्लो / छीरीयाम्लो ५०७४ (सकला उद्यौली) चाडको शुभ उपलक्ष्यमा सुप्तुलु, युङखुलु, रिमेम, नायम, एवं सुम्निमा पारूहाङले हामी सबैको रक्षा गरून् ।**



**मीना सत्म दुमी राई**
**सप्तेश्वर,**
**हाल सतासीधाम-२, झापा**

# उमेरका यादहरु...



✍ कान्छा दिक्पा दुमी राई (अमर)

चिम्सो आँखा, थ्याप्चो अलि ठुलो नाक, हसिलो अलि गम्भिर मुहार, तीन दशक वरिपरिको उमेर, पिट्लिक्क अलि डल्लो भुडि, करिव ५ फिट २ इन्चको होचो कद करिब यहि नै हुनसक्छ पक्का मेरो परिचय । जीवन यात्राको क्रममा ठ्याक्कै दाजैदुइ र ३ दिदीहरु गरी ५ जना । आमा भै सक्नु भएको भर्भराउदो ३९ औं वर्षको उमेरमा पापाको सपना साकार गर्दै ध्वाके म एउटा घोर्ले छोरोलाई यो धर्तिमा पहिलो पाईला टेकाउनु हुने स्वर्गबासी मामापापालाई स्मरण गर्दछु उहाँहरुले जन्माई, हुर्काई, बढाई योग्य बनाई यो शुन्दर धर्तिमा प्रतियोगिताको लागि खेल खेल्न छाडि जानु भएकोछ । झण्डै अड्किनै सकेको रहेछु म, सोच्दै हतास लाग्छ, परिवार नियोजनको विज्ञापनलाई झसंग सम्झन्छु, अनाहक रिसले आच्छु-आच्छु हुन्छु । दुई सन्तान, ईश्वरका बरदान वा...? १ छोरा १ छोरी आखाँका नानि उसो भए म चै कता हुन्थे त ? खरो प्रश्न मेरो ।

बितेछु झण्डै भ्रुणमै, बिचरा म... । यसैक्रममा मेरो ताक्छिलाई भाका टिपाउदै जिवन प्रगतिका यात्राका तहहरुलाई यसरी बर्गिकरण गर्दछु ।

(प्रथम चरण) : १६ बर्ष सम्म जिवन यात्राको क्रममा (गल्लि)
(दोश्रो चरण) : २५ बर्ष सम्म जिवन यात्राको क्रममा (गोरेटो)
(तेश्रो चरण ) : ४० बर्ष सम्म जिवन यात्राको क्रममा (कच्चि सडक)
(चौथो चरण ) : ४० बर्ष पछाडिको जिवन यात्राको क्रममा (पक्कि सडक)

प्रथम चरणको जिवन यात्रा धेरै सजिलो अनि नजिक पनि, बितेको पत्तै नहुने रहेछ । त्यो गल्लिमा धेरै सहज र सुरक्षित पनि, अरुले धेरै मन पराउने, सुरक्षा र स्याबास दिने एक मात्र समय बस् यति भनौं । धेरथोर डोबाटोबाट छुटिन्ट=भेटिन्छ गारेटो । यो आफै घरि-घरि बाटो हराउन पनि के बेर...फेरि खोज्नै पर्ने, फेरि हराउछ, बटारिन्छ, तन्किन्छ मरुन्जेल उ पारि राते डाँडा अनि अधेरी खोल्सी काटुन्जेल सम्म... काट्यो फेरि त उस्तै कहिले लेकतिर त कहिले बेसी तिर, कछ्याड र घुम्ति तिर बिसाउदै त कहिले दौडदै खोल्सा खाल्सि तिर फेरि खोज्दै भेट्दै गोरेटो उकालिन्छ निरन्तर । कहिले गारेटो नै हिड्दा हिड्दै टुगिंछ एकाध । धेरै सोचेर, सोध खोज गरेर मात्र शुरु गर्नु पर्ने रहेछ यो गोरेटो, सोध खोज गरेर हिडियो भने धेरै सजिलो यो । थाहा नहुदा कहिले काहि गलत स्थानमा पनि पुगेर फिर्नु पर्ने धेरै दिक्क....बाह्... । अनि त बल्ल भेटिन्छ कच्चि रोड, अलि ठुलो, अलि आराम, डरबिहिन, त्रास बिहिन । ईच्छा बमोजिम धैर्य गरि सवारि साधन छानि-छानि रोज्न पाईने । यो धेरै फराकिलो रोड, हराउने सम्भाबना धेरै कम, अड्कल काट्न अलि सजिलो तर पनि बिच-बिचमा धेरै जल्ट्याङ्ग, खाल्डोहरु, काडा, काटि, कडा पत्थर साथै बेबकुफहरु, सावधानि अपनाउनु बढि, पम्चरको धेरै सम्भाबना..... थुप्रै अबरोधरु, अनाहक सामना बस् यति मात्र ४० बर्ष सम्मको जिवन यात्रा सम्म ।

किताबका अक्षरहरुलाई आफ्नो आखाबाट अलि टाढा-टाढा सम्म पुर्‍याएर हेर्दा देख्न थालियो अनि कन्सिरी माथि तिर दुई चार वटा केस खैरो वा फुल्न थाल्यो भने चै कम्फर्म चालिसेले छुयो । हो वास्तवमै त्यतिऔं दिनसम्म गरेको फल लाग्ने समय अनि मिठो परिकल्पना बोकेर भेटिने चालिसौं बर्ष पार पछिको जिवन नै हो वास्तवमै पक्कि रोड बाफ्रे कति कठिन भेट्न । घोडेटो पनि हुन्छ तै पनि घोडाको आयू धेरै लामो नहुने यो बाटो त्यति लक्षित पाईदैन, आखिर बुई न हो, अरुको भर ... सबैको सपना नै हो पक्कि बाटो । बिगतको मिठो फल खाने वा निल्नै नसकिने तितो टर्रो तितेपाति सरहको फल खाने समय पनि यहि नै त हो । गर्न सक्नेहरुको लागि धेरै आधारहरु र गर्न नसक्नेहरुको लागि जिविन बेकार हो भनि मुल्यांकनको समय हो यो । छेका-छेकामा जन्मेका किराति युवाहरु प्रायः गोरेटो मै घुमिरहेको, रन्थिनिरहेको पाइन्छ याँ । हामि उस्तो हो कि उनिहरु । पक्कि सडकको उमेरमा कच्चिमा पनि पुग्न नै गाह्रो । कोहि गल्लि मै आखिरि जिवन बिताउछन् ।

यसै क्रममा ..... केवल जिवन जिउने मात्र, अरु विल्कुलै केहि होइन बस् यति मेरो । जिवन यात्रामा २ दशक बढि नै म कता-कता अनाहक अल्मलिएछु क्यारे, झसंग-झसंग झस्किन्छु आज, गन्दै उमेर म कहा रन्थिनिरहेको थिए उ बेला, कुरी-कुरी मलाई । खिसिमजा पनि त उस्तै । गल्ढ्याक्क जन्मे पछि, लाग्छ म एकरति पटक्कै अडिएका पनि महसुस गर्दिन एकछिन । निद्रामा समेत सपनामा धेरै दुःख पाएकोछु मैले । म लाचार भै सके उमेर बढेको, मैले खानेकुरा खाएको तौल, बोलेको बचन, खर्च ईत्यादि बढेको बढेकै देखेर । हिजो जस्तै मात्र लाग्छ जन्मेको तर जुंगा खौरदो रहेछु, मेरो कमजोरी । सिनो हुदा भुडिपङ्गि भेष फाटेपछि फेरी ढाडपङ्गि फर्काएर ओढेको अहिले भै लाग्छ । दाईहरुले धोति लगाएको कुरा अनि दिदिहरुले मामाको पुलिष्टरको फरिया फाटेपछि नापेर सबैलाई जामा डोल्ठे सियो धागोले सिलाई दिनु भएको कुराले मलाई

सोच्न बाध्य बनाउछ । धोति लगाउदा दिशा पिसाब गर्न चै धेरै सजिलो, सायद एक पटक पनि नधोई नै धोतिको उमेर बित्थ्यो होला उ बेला । मक्टमासि, खोर्बु र रिठ्ठाको साबुन, बालुवाको मन्जन चुचुको जमाना । पापा मामा कोईलाले, दाई दिदिहरु ब्रस डाबरलाल दन्त मन्जन र मेरो पालामा मै केरे टुथ पेष्ट, जेल पेष्ट, आयुवेर्दिक, एलोपेथिक, होमियोपेथिक अनि अबको पाला हो अर्गानिक ब्रस, पेष्ट .... समय .... कति मजबुत । पापाले शेर्बा भनि बोलाउनु हुने नाम मलाई साहै प्रिय लाग्थ्यो । मामा र दाईहरुले काले । मनमनै सोच्थे म त्यति कालोछु, मायाले त का...ले वा का...लु पो भनिन्छ । डेडो आखा बनाएर काले ? मैले उट्पट्याङ्गगर्दा दिदिहरुले कहिलेकाहि कालेख्लिबा भनेको चै अलि छुट थियो म मा हिहि... । उमेर पनि कति छिटो बढ्दो रहेछ र बुद्धि पनि, प्रायः फुर्सदमा ट्यूसन, घुमघाम र फेसन भन्दा बढि भानुचौकको छाप्रिको मिठो तातो तोङ्बा र सुकुटि चै प्रायः होटलवाला आन्टिले हामि दुईलाई महिनामा २ पटक चै पक्कै दिनुहुन्थ्यो हिउदको समयमा, हामि गएपछि । मेरो साईनोले सोल्टि, त्यो पनि आधा प्रा.वि. स्कुल पढे पछि साईनो फेरियो कठै... नत्र औं... औं... को साईनो हामिमा, उहाँहरुको बाबाखाललाई धेरै पटक ससुराको ठाँउमा डेबा र पोपोकान्छा भनेको सम्झना आउछ । छिमेकमा साईनो फेर्न समय लाग्ने । हामि २ खत्रे केटाहरु.... ५, ६ वटा त एकांकि नाटक लेखेर गाउमा धुनचक्र नै दशै तिहारमा मच्चायौं । नाम अनुसारको काम पनि पक्कै गर्‍यौ नै । नाटक रिहल्सल गर्दा खोसेला बजाउथिउ, चमेल दि लाई डर देखाएर, चि मगाउथिउ । एक दिन होटलवाला आन्टिकोमा रु. १० तिर्न नपुग्दा र राजेन्द्र शर्मा साथ डा. गोपाल भण्डारी सरहरु हाम्रो टेवल अगाडि आई बस्नुहुदा छ्यांग ज्ञान आएको याद अिले लाग्छ । त्यति बेला थाहा भो ज्ञान कसरी आउदो र छ भनेर । संस्कारको सिद्धान्त पनि गजबको लाग्यो । जसले पायो त्यसले, जहा भन्यो त्यहा, जे पायो त्यहि, जहिले भन्यो त्यहिले । त्यसमा पनि त सबै चिज खाउ तर कहिले पनि बिचार नभुलहौं को सिद्धान्तले त सधै खानेबेला प्रोत्साहित गर्‍यो हामिलाई र यहि नै सिद्धान्त अहिले सम्म पनि पालनामा ।

हुन त प्रावि गाँउमा, निमाबि स्तरको कक्षा नजिकैको गाबिसमा र माबि स्तरको स्कुल अलि राम्रो भनि २:३० घण्टा गरि पढ्नु पर्ने बाध्यता । खार्पा र बुईपा बाहेक बिकल्प नै थिएन । खार्पा स्कुल पढ्न जाँउ, भोक लागेको बेला मरुन्जेल जुके खोलाको पच्यांङ्गर लंगुर खोला उकालोको अंग्रेजि बर्णमालाको जस्तो बाटो घर पुग्दा सम्म । बोईलर जिउ भने त सेन्टिल्फ्याट, उहि लोकल भएर मात्र नै हो उ बेला । त्यसैले म बुईपा तिर हुईकिए । साथिको त धरानमा दाजु, दिदिहरु उहाँ त हुईकिनु भो सुईकुच्चा ठोकेर धरान तिर ..... । कम्ता मलाई पनि धरान जान मन परेन कठै तर बाध्यता । तथापिः बुईपा धाउदै पढ्दा प्रायः भदौ ४ को कार्यक्रममा पाईने बर्ष भरिको कार्यक्रमहको पुरस्कार राधाकृष्ण बुककपि, ज्योति कपि अनि रेन्को डटपेन र हिरो कलमले नै प्रायः बर्षदिन पुग्थ्यो, सायदः कमै होला आमाबाबालाई खर्चाएको मैले, मेरो मामापापाको हविगत पनि कम नै थियो । आम्दानि भनेको नै रागा सुंगुर बेच्नु बाहेक मान्द्रो, तरकारी र घिउ मात्र । मेरो लागि त म भाग्यमानि नै । माईला दाईको पाला सम्ममा मासिक ७५ होला फि तिर्नु पर्‍थ्यो मावि पढ्दा खेरि । अनि दिदिको पाला देखि फ्रि, झन मेरो पालामा पुरै फ्रि भयो । प्रावि स्तरिय, निमावि स्तरिय, मावि स्तरिय प्रतियोगिता हुन्थ्यो प्रायः जसो दशै आउने छेका तिर । स्टिलका थुप्रै प्याला, ग्लास, थाल, प्रमाण पत्रहरु सजाएर राख्ने गरिन्थियो घरमा । अनि बुईपा स्कुल पढ्दा हिउदको समयमा छिटो रात र ढिलो उज्यालो हुदा खोल्सा खाल्सीमा वारिपारि हेर्दै कुलेलाम दौडेको तागत अझै सम्झदा किन एक्सरसाईज, वाकिङ्गवा योगा गर्नु पर्दो होला र खै मलाई । तै पनि समय यति मजबुद हुदो रहेछ । प्रायः कलेज पढिन्जेल सम्मको प्रत्येक हिसाव र रमाईला अनि नरमाईला दिन, क्षणहरुको दैनिकि कुनै धेरै लामो वा छोटा छन् । कै-कै बेला फुर्सद वा मोड चलेको बेला हेर्छु, पढ्छु, असुद्ध नि असुद्ध, झन अंग्रजिमा त .... खै हुन त हो ३ कक्षामा गएर मात्र ए, बि, हौ सि डि भन्दै अंगालो मारेर साथिभाईहरु संग पढेको सम्झदा धेरै नै हो तै र पनि मलाई उत्प्रेरणा दिने गर्दछ । मलाई घच्घच्याउछ अगिल्तिर ..... निरन्तर .... निरन्तर ....... ।

गहत लेखेर ईन्द्र सरले यो के हो प्रकास भनि सोध्दा ' ल्येम्ची' सर भनि उत्तर दिएको बिषय भाषा बिज्ञानको बिषयमा रहेर बहस गर्दा प्रकास पनि सहि नै थियो । हाजिरि जवाफ प्रतियोगितामा कोपिन्द्र जिले उत्तर नआए पछि पास भन्नु पर्नेमा जुरुक्क उठेर 'गलत' सर भनेको झल्झल्ती सम्झन्छु, लंगुर खोलामा भुडिले भुई छुईरहेर दिपक दाईले हेर केटाहो भुई नछुई पौडि खेलिरहेकोछु भनेको संझदा दिपक दाईको अझै पनि त्यो दहको पोजिसन याद आउछ । माईलि दिदि सँग बुईपा बढेको याद खुब आउछ । खालि गालि गर्नुहुन्थ्यो । सब्य दुमि भाषामा हकार्नु हुन्थ्यो । दिदि म प्रति धेरै आभार हुनुथ्यो तै पनि । म पनि अलि पाईनवाला भएकोले होला दिदि पनि मेरो कुराबाट पनि कहिले काहि हच्किनुहुन्थ्यो... हा...हा धम्क्याउदा । अनि आभार पनि त त्यतिकै थिए । त्यतिबेला हामि ४ जना डेरा बस्थ्यौं । म, दिदि, खिला दाई र हेम दाई, उहाँहरु दाजुभाई, म र दिदि । त्यो कोठा धुलाम्मे थियो । अ... हो समस्या त, उपुयाको थियो । हामि मुनि, माथिल्लो तलामा

कुखुराको खुड्डी, त्यै पनि जेनतेन डेरा बसियो । हेम दाई र म क्लासमेट, दिदि सिनियर क्लास, दाई झन सिनियर क्लास हुनुन्थ्यो । त्यति बेला हामि हेम दाई र म खुब भलिबल क्रेजि थियौ । भलिबल किन्न नसकेर त होला जुत्ताको मोचाको बल बनाई बास टागेर नेट बनाई खेल्दा धुलो उडेछ घरबेटि काकिले एकदिन बक्सिस दिनु भयो । कान्छा र साईलाले भलिबल खेलेर धुलो उडायो र हाम्रो गाँईलाई रुघा लाग्यो भनेर कराउनु भयो मज्जाले । खै हाम्रो गोठ, घर तिर त लाग्दैन थियो रुघा गाईलाई । डेरा भएको ले होला लागेछ । दाई र दिदिको आर्शिबाद पछि खेल्नै छाडियो बल, मनले खुनखुन गरे पनि ।

त्यसै समयमा मलाई झल्यास्स याद आयो । बासको कप्टेरोको खाट, रातभरि यता पल्टियो उता पल्टियो बजेर नि खटक्टक्टक, कट्क्ट्रयाक्ट, कम्मल बासको कप्टेरोमा चेपिएरनै बढि फाट्यो । अनि झोला झुन्ड्याउने बनाउनको लागि बासको किला भित्तामा ठोक्दा, लोहोरो ढुंगा मैले छोडि पठाएर खिला दाईको टुईकेमा लागेको झल्झल्जी याद आउछ । किन कि दाई लगभग १५ मिनेट बटारिएर उफ्रिनु भयो । तर हामि मजाले हास्यौ । अचनाको पिडा त्यहि होला । अर्को घटना हेम दाईलाई खिला दाई र मैले सिल्पेग (सिल्पिङ्गब्याग) मा चेन हालि भित्र हालेको खुबै याद आउछ । हेम दाईले अझै कुरो गर्नु हुन्छ, साथि हो त्यो फलामको चेनको (जिपको) नजिकमा मेरो नाक लगेर अक्सिजन लिए भनेर । म सम्झिन्छु त्यो क्षण । तर खिला दाई पनि साह्रै रोमान्टिक, जे पनि मिल्ने हा....हा.... । अहिले हामि सबै ४ रै जना १, जना २, जना, ३ जना को पापा मामा भै सक्यौ । त्यसै बेलाको याद आउछ मलाई । उखानमा पोथि बासेको कुरा । वास्तवमैः पोथि बासेको त्यहि देखियो । अनि जता फर्किन्छ उतै भेट्छ भनेको पनि साच्चै नै रहेछ केरे । पोथि बास्ता यति नसुहाउदो रहेछ कि हामिले काका काकिलाई भन्यौं । पत्याउनु भएन । बिचरा ७ बर्षको शुन्दर भाईको म धरान पढ्दै गर्दा बितेको खबरले मलाई स्तब्ध बनायो र त्यो क्षणको याद आयो । यसरी नै संझने क्रममा पापाले एउटा नेवार काकाबाट गाँउको १ जना राईलाई रु. पाँच सय त्रृण काढिदिई त्रृणिलाई सेवा गर्ने हुदा त्रृणिले बैमान गरेपछि पापाको टाउकोमा बेतुकको आइभारा लागेर मामाले छोरा छोरीलाई चाड पर्वमा ख्वाउला भनि साचेको फलफुल चिजबिज जब दशै आउथ्यो प्रत्येक साल घोरेनको पाकेको धुस्रे केराहरुको घरि, पाकेको ठुलो काक्राहरु र ठुलोखाले मान्द्रोहरु ब्याज सरह साहु भनचाउदाले लैजाने गर्दथ्यो । जसले मामापाको घरमा धेरै झगडा पनि हुन्थ्यो । आफ्नो छोरा छोरिलाई मिठो ख्वाउने परिकल्पना गरिरहदा स्वाट्टै नेवारले लैजाने २ बै जना फुच्चे साहु र त्रृणिलाई सम्झदै अझै पनि कुच्याउन मन छ मलाई, किनकि बेतुकमा इमान्दार र सोझो पापामामालाई मानसिक पिडा दिएको महसुस गरेको छु पछि काजिदाईले साउब्याज सल्टाउनु भएको ताजा याद छ ।

मानिसको मुल्यांकन हरेक १० बर्षको फरकमा हुन्छ । एक मित्र अझै धरान मै हुनुन्छ साह्रै ग्लानि गर्नुहुन्छ मलाई धेरै सताएको भनेर तर मैले भुलेछु केरे । रोशन जि संग त मेरो भेट अझै भएको छैन तर हिरण्य जि संग भने बिदेश गएर आउनु भए पछि घरेडि जोडजाम गर्ने बिषयमा धरान आउनु हुदा भेट भयो उहाँ पुरै परिवर्तन हुनु भएछ खुशि लाग्यो । एक धनाढ्य श्रेष्ठ साथिको बाबालाई काठमाण्डौंमा भेट्दा सारै दुःखी तुल्यायो, साथी हनुमान ढोका जेलमा जेल जीवन बिताईरहनु भा' रहेछ । सायद अझै उहि हुनुपर्छ । उहाँको बाबाको आँशुले मेरो मन कुडियो । जमानामा गणित बिषयमा बुईपा स्कुलमा हंगामा नै मच्चाएको पनि खुब याद आउछ मलाई । बिज्ञान बिषयमा खेमराज जि तकडा हुनुन्थ्यो । भक्त र नरेन्द्र गुरुहरुको प्रोत्साहनले गर्दा क्लासमा हामी पढाउन जान्थ्यौं । केहि गर्नु पर्छ मैले भन्ने भान हुन्थ्यो जहिल्यै मलाई । हामि १८४ जनाको यस.एल.सि. प्लाटुनमा २२ जना चम्पावति माबिबाट पास भएका थियौं । त्यो पनि सेकेण्ड डिभिजनमा ५ जना मध्ये १ म । गुरु सबै हुदैनन् तर सच्चा गुरुहरु डा. सुकराज सर लाई सम्झन्छु । उहाँको नानिलाई ल्याईदिनु हुने विस्कुट खेम जि र मलाई बरपानिमा बसेर केहि बाड्नु हुन्थ्यो । म त लेक्चर हुने योग्यताको हो केटा हो तिमिहरुको लागि मात्र म बसेको यो स्कुलमा भन्नु हुन्थ्यो । सायद स्कुलमा धेरै राजनिति भयो । साच्चै मैले स्कुल छाडेको साल पछि उहा दिक्तेल बहुमुखि क्याम्पस सर्नु भयो पनि ।

म अक्कडेमा साह्रै अक्कडे सोचे भन्दा, मिल्नेमा साह्रै मिल्ने खरानि नै धसेर बस्ने । न बढि नै चलाख न बढि नै घमण्डि मेरो अड्कल बाजि । साथिहरु मेरो साह्रै कम, म धेरै साथिहरु बनाउन नै सकिन, मेरो उमेर र म भन्दा कम उमेरको साथि हरु धेरै कम हुनुन्छ, धेरै साथिहरु म भन्दा बढि उमेरका अग्रजहरु नै हुनुन्छ । ता कि मेरो साथिहरु भए पनि उहाँहरु अग्रज नै हो । म कहिल्लै पनि म भन्दा कम उमेर र मेरो उमेरको हरु सँग धेरै साथि बन्न र बनाउन त्यति सजिलो भएन ।

अब त समय धेरै बदलिसकेछ, कसैले कम बोलेमा म धेरै बुझ्न सक्छु । मैले कमै बोले पनि अरुले धेरै अड्कल बाजि गर्न सक्छन् म मा । यो समय रहेछ । मैले धेरै साथिहरु संग हात मिलाए, छुटाए तर पनि त्यै साथि नै आवश्यक र महान छ म मा । किन कि मेरो कुरा मेरो जस्तै उमेरको अनि परिवेशको साथिले मात्र अलि सजिलै बुझ्दछ । मेरो साथिको रुम वा

घरमा जादा वा भेट्दा, किन चाहियो मलाई फर्मालिटिज । थोरै मात्र मेरो गुरुहरु हुनुन्छ ताकि मलाई उत्प्रेणा दिनुन्छ । थोरै मात्र मेरो आफन्त हुनुन्छ ताकि मलाई सहि सुझाव, सल्लाह दिई सहि बाटो देखाउनु हुने । मेरो थोरै मात्र साथिहरु हुनुन्छ, ताकि मलाई सधै आफ्नो सम्झि साथ दिने । किन कि मैले बेलैमा आमा बाबाको सुझाव सल्लाह, माया ममता र आत्मियता गुमाई सकेको छु । जिउनकै लागि एक टाईम बिहान कलेज हुईकिन्छु पढाउन, दिनभर आफ्नै कार्यालय र ब्यावसायमा ब्यास्त यता र उता गर्दै आजभोलि म । बेलुकि एक टाईम आफै बिद्यार्थि । छुट्टिको समय मेरो अनन्य मित्र उर्मिला र चिन्टु (अग्रिम) लाई नै अनि खै साथी भाई, ईष्ट मित्र, कुल कुटुम्ब, संघ संस्था कस्तो बिडम्बना यो उमेरमा नै मैले खेताला खोज्नु पर्ने पक्कि सडकको परिकल्पनामा केवल ... अरु थुप्रै होला म जस्तै भनि मन बुझाउछु बस् यति... ।


खोटाङ, लामिडाँडा

हाल धरान

URL http://everestacademy.com.np

Mail: info.dumi@gmail.com

http://facebook.com/dumikanchha



आदिवासी जनजातिको शान, राष्ट्रको पहिचान !

आदिवासी जनजातिको पौरख, राष्ट्रको गौरव !!



भाषा, धर्म, वंशावली, संस्कार, संस्कृति

जोगाऔं मिलेर आफ्नै हो सम्पत्ति - डुबिकाफ

**नेपालको सूचीकृत आदिवासी जनजाति वर्गीकरण**

सरकारी मानव विकास सूचकांक २०५८ (साक्षरता दर, पक्की घर, भूमीको स्वामित्व, व्यवसाय, भाषा, जनसंख्या तथा स्नातक तह वा सोभन्दा माथिको शैक्षिक स्थिति) को आधारमा बर्गिकरण गरिएका नेपालका आदिवासी जनजातिहरुको सूची :

**क. लोपोन्मुख समूह :** १. कुसुण्डा २. बनकरिया ३. राउटे ४. सुरेल ५. हायू ६. राजी ७. किसान ८. लेप्चा ९. मेचे १०. कुशवाडिया

**ख. अति सिमान्तिकृत समूह :** १. माझी २. सियार ३. ल्होमी (शिङ्साबा) ४ धुदाम ५. धानुक ६. चेपाङ ७. सतार (सन्थाल) ८. थामी ९. झांगड १०. बोटे ११. दनुवार १२. बरामु

**ग. सिमान्तिकृत समूह :** १. सुनुवार २. थारु ३. तामाङ ४. भुजेल ५. कुमाल ६. राजवंशी ७. गन्गाई ८. धिमाल ९. भोटे १०. दराई ११ ताजपुरीया १२. पहरी १३. तोप्केगोला १४. डोल्पो १५. फ्रि १६.मुगाल १७. लार्के १८. ल्होपा १९. दुरा २०. वालुङ

**घ. सुविधा वञ्चित समूह :** १. गुरुङ २. मगर ३. राई ४. लिम्बु ५. छैरोतन ६. ताङ्बे ७. तिनगाउले थकाली ८.बाह्रगाउले ९. मार्फाली थकाली १०. शेर्पा ११. याक्खा १२. छन्त्याल १३. जिरेल १४.ब्यांसी १५. ह्योल्मो

**ङ. उन्नत समूह :** १. नेवार २. थकाली

नेपाल सरकार

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

जावलाखेल, ललितपुर

फोन नं. ५५५३१७५, फ्याक्स: ५५५३१४८

वेभसाईट : www.nfdin.gov.np

# खुम्बु क्षेत्र र हाम्रो संस्कृति



✍ गिनीता दुमी राई

भाग्य, परिस्थिति र समयको गतिमा डुबुल्की मार्दै हिमाली जिल्ला भनेर चिनिने सोलुखुम्बुको चौरीखर्क भन्ने ठाँउमा पुगिएछ। सपनामा पनि नसोचेको यस्तो ठाउँमा पुग्न पाउँदा सायद मैले आफैलाई भाग्यमानी नै ठान्नु पर्ला। समयले निक्कै फड्को मारिसकेछ। आज यसो सोची हेर्दा त पूरापूर ३ वर्ष नै पो वितिसकेछ। समय कति चाँडो वितेको केहि पत्तो नै पाइएन। यहि ३ वर्ष बीचको खुम्बु बसाइको क्रममा बटुलेको मेरो छोटो अनूभव यहाँ पस्कदैछु। विश्वकै सर्वोच्च शिखर सगरमाथा भनेर चिनिने विशाल हिमाल गर्वका साथ ८,८४८ मि. उचाईमा उभिइ रहेको छ। यसका आसपासमा अन्य साना हिमालहरु पनि प्रसस्त मात्रामा रहेको पाइन्छ। यतिमात्र नभएर यसका आसपासमा महत्वपूर्ण ऐतिहासिक तथा धार्मिक स्थलहरु र गाउँ बस्तीहरु विभिन्न धर्म संस्कृति, रितिरिवाज र रहनसहन सहित आफ्नो स्थानमा अडिग भएर रमाई रहेको देखिन्छ। यस क्षेत्रलाई समग्रमा खुम्बु क्षेत्र भनेर चिनिन्छ। सोलुखुम्बुको खुम्बु क्षेत्र अन्तर्गत मुख्यतः चौरीखर्क, नाम्चे र खुम्जुङ गा.वि.स.हरु पर्दछन्। खुम्बु क्षेत्रको मनमनोहक दृश्यसँग लोभिएर यहाँ वर्षेनी हजारौं स्वदेशी तथा विदेशी पर्यटकहरु भित्रिने गर्दछन्। यसको फलस्वरुप खुम्बु क्षेत्रमा सुनमा सुगन्ध त थपिदिएको छ नै तथापि यसका साथै दिनहु अनेकौं किसिमका विकृतिहरु पनि त्यतिकै मात्रामा बढ्दै गइरहेको पाइन्छ।

शेर्पा जातिको थातथलोको रुपमा परिचित यस क्षेत्रमा विशेष गरी यस जातिको बाहुल्यता रहेतापनि तामाङ लगायत अन्य जातजातिहरु पनि विभिन्न पेसाको हिसाबले प्रवेश गरिरहेको पाइन्छ। यसैगरी यहाँको मूख्य पेसा ट्रेकिङ तथा होटल ब्यवसायलाई मानिन्छ। पर्यटकहरुलाई नै मध्यनजर गरी विभिन्न प्रकारका सुविधा सम्पन्न तथा आफ्नै विशेषता सहितका होटलहरु सञ्चालन भएको पाइन्छ। बर्षेनी ऋतुको परिवर्तन चक्रसँगै विदेशी पर्यटकहरुको आगमन सँगसँगै यस क्षेत्रमा महँगीले पनि सगरमाथाको चुचुरो चुम्न लागिसकेको देखिन्छ। त्यसैगरी यस क्षेत्रमा पर्यटन व्यवसाय फस्टाएको हुनाले धेरै मानिसहरुको मुख्य पेसा नै पर्यटन बनेको छ। पर्यटन व्यवसायबाट राम्रो आम्दानी हुने आशामा देशका विभिन्न भागबाट मानिसहरु रोजगारीका लागि यहाँ आउने गर्दछन्। ट्रेकिङ जाने काम सहज र सुविधायुक्त भने हुदैन्। ट्रेकिङका क्रममा कतिपय डर लाग्दा र जोखिमयुक्त ठाउँहरु पनि पार गर्नुपर्ने हुन्छ। जहाँ ज्यान जोगाउनै गाह्रो हुन्छ भन्ने पनि सुनिन्छ। तर नेपालीहरु साहसी भएकै कारण जस्तो सुकै जोखिम मोल्न पनि पछि हट्दैनन्। त्यसैले प्रायः सबैजसो विदेशी पर्यटकहरु पनि साहसी नेपालीहरुको कदर गर्दै ट्रेकिङबाट फर्किएपछि आफ्ना सहयोगीहरुलाई बक्सिस दिने गर्दछन्। अझै उनीहरुलाई खुसी पारी मन लोभ्याउन सकियो भने त विभिन्न संघसंस्था, विद्यालय, अस्पताल, गुम्बा, तथा गरिव परिवारहरुलाई समेत सहयोग पनि गर्ने गर्दछन्।

जनसङ्ख्याको हिसाबले शेर्पा जातिको बाहुल्यता रहेको यस क्षेत्रमा राई, तामाङ, क्षेत्री, बाहुन तथा अन्य जात जातिका मानिसहरु समेत बसोबास गर्दछन्। उनीहरु आफ्नो गाउँठाउँमा आ-आफ्नै भाषा, धर्म, संस्कृति, रितिरिवाज र रहनसहनलाई मान्ने गर्दछन्। उनीहरु बौद्ध धर्मावलम्बीहरु भएकाले भगवान गौतम वुद्धको अनुयायीको रुपमा आफूलाई चिनाउने गर्दछन्। उनीहरु हिमाली प्रदेशमा बसोबास गर्ने भएकाले आङ्गी, बक्खु तथा दोचा जस्ता न्यानो पोशाक लगाउने गर्दछन्। त्यसैगरी उनीहरुका खानाको परिकारहरु पनि अन्य जातिको भन्दा भिन्ने प्रकारका छन्। स्याक्पा, फल्गि,

रिकिसेन (आलुको ढिँडो), रोटी र सु चिया (नुन र नौनी सहितको चिया) यस समुदायको लोकप्रिय परिकार हो । यी जातिका मानिसहरुले मुख्य चाडको रुपमा ल्होसार मनाउने गर्दछन् । शेर्पा जातिका साथै तामाङ जाति समेत बौद्ध परम्परा अनुसार गुम्बामा गई पुण्य कमाउनको लागि पूजा गर्ने, बत्ति बाल्ने, मनि (माने) घुमाउने, छ्वा बाँड्ने, डिङ्ने गर्ने, आफ्नो घरमै बोलाएर ल्होसार ख्वाउने, नयाँ बालि भित्राउदा (छुट्टै जाँड पकाएर) मैना पूजा गर्ने, आदि संस्कारहरुमा रमाउने गर्दछन् । बर्षभरि गरिने विभिन्न स्थानीय चाडपर्वहरुका अतिरिक्त नवजात शिशुको न्वारन, पुण्य कर्म र मृत्यु संस्कार, लामाहरुद्वारा गराउने गर्दछन् । यस जातिले विभिन्न पूजा-पाठ, कर्म-काण्ड र चाड-पर्व आदिमा ढोल, झ्याम्टा, सहनाइ र चमर जस्ता संस्कारजन्य सामानहरुको प्रयोग गर्दछन् । जुन कुरा अन्य जात जातिका संस्कारहरुसँग पनि मेल खाने देखिन्छन् । उसोभए आखिर के फरक छ त नेपालको जाति, धर्म र संस्कार-संकृति बीचमा !

बर्तमानमा यस खुम्बु क्षेत्रमा बसोबास गर्ने किरात राईहरुको सङ्ख्या पनि उल्लेख्य रहेको छ । व्यावसाय, शिक्षण, निजामती, पर्यटन, अध्ययन, कृषि आदि पेशामा संलग्न किरात राईहरुमा खालिङ, थुलुङ, नाछिरिङ, कुलुङ, दुमी, चाम्लिङ आदि पर्दछन् । किरात राईहरुका पनि आफ्नै परम्परामा आधारित मौलिक संस्कार, कला-संस्कृति, भाषा र भेषभुषाहरु रहेका छन् । समग्र किरात धर्मावलम्बीहरु किरातीहरुका पवित्र बेदको रुपमा चिनिने मुन्धुममा विश्वास गर्दछन् । परम्परा र संस्कृतिका धनी किरात राईहरु आफूलाई आदिवासी भूमिपुत्र भनेर पनि चिनिन्छन् । त्यसैले पनि उनीहरु जता गए पनि र जहाँ जुनसुकै अवस्थामा रहे पनि आफ्नो परम्परा र संस्कृतिलाई भुल्न सक्दैन भन्दा फरक पर्दैन । त्यसैले देशको जुनसुकै ठाउँमा होस् वा परदेशको बसाइ, जहाँ भए पनि आफ्नै गाउँमा भएको भान हुनु स्वभाविकै हो । यसै सिलसिलामा आफ्नो हकहित र संस्कृतिको जगेर्ना गर्ने उद्देश्यले यस खुम्बु क्षेत्रमा बसोबास गर्ने सम्पूर्ण किरात राईहरुको सकृयतामा **खुम्बु किरात राई उत्थान समाज** नामक संस्थाको स्थापना भएको छ । यसको मुख्य कार्यालय लुक्ला बजारमा रहेको छ । यस संस्थाले आफ्ना सदस्यहरुबाट सहकारीको रुपमा आर्थिक बचतका लागि महिनावारी केही रकम नियमित रुपमा संकलन गर्दै आईरहेको छ । यसैगरी किरात राईहरुको महान चाड उभौली (बैसाखे पूर्णे) र उधौली (मंसिरे पूर्णे) का अवसरमा लुक्ला बजारमा साकेला सिलीको आयोजना गर्ने गर्दछ । उक्त कार्यक्रममा किराती भेषभुषामा सजिएका महिला पुरुष किरात राईहरु ढोल, झ्याम्टा, चमर र सेउलीका साथमा साकेला गीत गाउँदै साकेला सिलीमा रमाउने गर्दछन् । यस मौलिक कार्यक्रमले खुम्बु क्षेत्रमा रहेका किराती राईहरु बीच चिनजान, भेटघाटका साथै शुभकामना आदान प्रदान गर्ने अवसर प्रदान गर्दै आएको छ । यसका साथै किरात पहिचान र मौलिक संस्कृतिको जगेर्नामा ज्यादै महत्वपूर्ण भूमिका खेल्दछ । यसैगरी यस क्षेत्रका किरातहरुले विभिन्न समयमा विभिन्न संघसंस्थाद्वारा आयोजित सभा, महोत्सव, वार्षिकोत्सव जस्ता कार्यक्रमहरुमा पनि आफ्नो संस्कृति झल्काउने झाँकी तथा साकेला सिलीको प्रस्तुत गर्ने गर्दछ ।

अन्ततः नेपाल बहुजातिय, बहुसांस्कृतिक, बहुभाषी र बहुधार्मिक देश हो । यिनै विविधता भित्रको राष्ट्रिय एकता हाम्रो देशको पहिचान हो । त्यसैले हामी जहाँ भएपनि जुन ठाउँमा रहे पनि आफ्नो धर्म, संस्कृतिलाई जोगाई राख्न हाम्रो कर्तव्य र महत्वपूर्ण जिम्मेवारी हो । हाम्रो धर्म र संस्कृतिमा हाम्रो पहिचान छ, अस्तित्व छ । तसर्थ यसको संरक्षण र सम्वर्द्धनतर्फ हामी जहाँ भएपनि र जहाँ रहेपनि सबै जना सधै सचेत रहनु अपरिहार्य भैसकेको छ ।

"भाषा-संस्कार, कला-संस्कृति भेषभुषा नै हाम्रो ठेट पहिचान हो ।" मुची ॥॥

# किराती साङ्गीतिक अभियान यलम्बर सङ्गीत प्रतियोगिता



✍ जनक राई

सङ्गीतले मान्छेको मनलाई चाँडो तरङ्गित गराउन सक्छ मात्र होईन सृष्टिका सारा जिबलाई प्रभाबित गराउन सक्छ सङ्गीतले । कुनैपनि मानिस सायदै होला जस्ले जिवनमा सङ्गीत नसुनेको होस वा सङ्गीतलाई मन नपराएको होस । सङ्गीत मनोरन्जनको एउटा महत्वपूर्ण बिधा हो । सङ्गीतलाई कला र सृजनाले मिठो बनाउँछ र उत्कृष्ट सङ्गीतले मानिसको मनलाई आनन्दित बनाउँछ । सङ्गीत भन्ना साथ मानिसले मनोरन्जनको रुपमा लिने गरेको छ , र मनोरन्जनकै रुपमा यसलाई प्रयोग गरिँदै आएको छ । तर के सङ्गितलाई मनोरन्जनको अतिरिक्त जिवनपयोगि वा समाजपयोगि बनाउन सकिँदैन ? के सङ्गितले सामाजिक जागरण जगाउँदै समाजलाई सकारात्मक दिशातर्फ लान सक्दैन ? सङ्गीतले मायाप्रितिको मात्र गित गाउँछ बजाउँछ ? पक्कै पनि सङ्गितले समाजलाई सामाजिक बिकास र मानव जिवनलाई सभ्य बनाउँदै सकारात्मक कार्यको लागि दिशानिर्देश गर्न सक्दछ । सङ्गीतको माध्यमबाट मानिसलाई भावनात्मक उर्जा दिन सकिन्छ । सङ्गीतलाई संस्कृति संरक्षण र सम्बर्द्धनको एउटा महत्वपूर्ण पक्षको रुपमा प्रयोग गर्न सकिन्छ ।

**यलम्बर सङ्गीत प्रतियोगिता एक अभियान-**

जमैकाका बिश्व प्रशिद्ध गायक बब मार्लिले अमेरिकामा रहेका काला जातिको अस्तित्व रक्षाका लागि “बफेल्लो सोल्जर ईन द हार्ट अफ अमेरिका” बोलको गीत गाएर संसारमा स्थापित भए र कालाजातिको हक अधिकार स्थापित गराउन महत्वपूर्ण योगदान गरे । नेपाली गित सङ्गीतको क्षेत्रमा किरात राईहरुको उल्लेख्य सहभागिता रहँदै आएको छ । नेपालका चर्चित र सफल कलाकारहरुको स्थानमा उल्लेख्य मात्रामा किरात राई स्रष्टाकलाकारहरुले आफ्नो स्थान बनाउन सफल भएका छन यो गर्वको कुरा नै हो तर यहाँ उठाउन खोजिएको कुरा के हो भने यति धेरै कलाकार भएका किरात राई जातिको आफ्नो मौलिक गीत सङ्गीतको अवस्था चाहिँ कस्तो छ त ? किरात राई कलाकारहरुको यो देशमा लामो ईतिहास बोकेका किरात राईहरुको किराती गीत सङ्गीतको संरक्षण सम्वर्द्धनमा योगदान र भूमिका कस्तो रहेको छ त ? किरात राई समुदायले किराती गीत सङ्गीतको संरक्षण र प्रचार प्रशारको काम कति गर्न सके त ?

अव प्रश्न उठछ कस्तो गीत संगितलाई किराती गीत सङ्गीत भन्ने? (यो लेखमा किराती गीत सङ्गीत भन्नाले किरात राईको भनेर कोड गरिएको छ) किरातीले लेखेको गित ? सङगीत गरेको गीत ? वा गाएको गीत ? कुनै एउटा किरात राई स्रष्टा कलाकारले लेखेको गीत, सृजना गरेको सङगीत र गाएको गीतको आधारमा किराती गीत सङ्गीत हुन सक्दैन । बरिष्ठ गायक तथा सङगीतकार जीतेन राईका अनुसार “अहिलेको अवस्थामा किरातीको सामाजिक जिवन वा किरातीहरुको सरोकारको बिषयमा लेखिएको गीतलाई मात्र किराती गीत भन्न सकिन्छ” । त्यस्तै बरिष्ठ कवि तथा गीतकार भूपाल राईका अनुसार “खासगरि किरातीको सांस्कृतिक मुल्य मान्यतालाई ख्यालमा राखेर समग्र किरातीको मुक्ति र पहिचानको लागि लेखिएको गीत किराती गीत हो ” । साँचो अर्थमा हेर्नेहो भने कुनै एउटा किरात राई कलाकारले लेखेको, सङ्गीत गरेको वा गाएको आधारमा त्यो गीत सङ्गीत किराती गीत सङगीत हुन सक्दैन ।

किरात राई भाषामा लेखेको गीत किरात राई भाषाको गीत हुन सक्ला तर किरात राईको बिषयको गीत हुन सक्दैन । त्यसैले किरात राईको बिबिध पक्षमा लेखिएको, अझ किरात राईको भाषामा लेखिएको र किराती मौलिक लयमा आधारित गीत सङगीतलाई पूर्ण रुपले किराती गीत सङ्गीत मान्न सकिन्छ । यो आधारलाई मानेर हेर्नेहो भने किराती गीत सङगीतको अवस्था अहिलेको समयमा आईपुग्दा सम्म सन्तोषजनक अवस्थामा रहेको पाईन्दैन ।

किराती गीत सङ्गीत को लेखन र निर्माणको अभियानलाई हेर्नेहो भने सायद संस्थागत रुपमा किरात राई यायोक्खाले २०५० सालमा निर्माण गरेको किरात राईको बिषयमा लेखिएको र राई भाषामा निर्मित पहिलो किराती साङ्गीतिक एल्मब स्यामुना हो । ( किराती गीत सङ्गीतको बारेमा किरात राई सांस्कृतिक कलाकार संघले बिस्तृत अध्ययन गरिरहेकोले बिस्तृत रुपमा पछि उल्लेख गरिने छ ) त्यस्तै २०५८ सालमा भूपाल राईको शब्द रचना र जीतेन राईको सङ्गीतमा किरात राई यायोक्खाले निर्माण गरेको साङ्गीतिक एल्बम नौलखा लाई अर्को किराती बिषयको संग्रहित साङ्गीतिक एल्बमको रुपमा लिन सकिन्छ । सामाजिक जागरणको लागि किरात राई यायोक्खाले निर्माण गरेको किराती जागरण गीतहरु पनि किराती गीत हुन भने किरात राई सांस्कृतिक कलाकार संघ ललितपुरले निर्माण गरेको साङ्गीतिक एल्बम लिमचिमबुङ किराती साङ्गीतिक एल्बमको रुपमा रहेको छ । व्याक्तिगत रुपमा र अन्य केही किरात राईजन्य संघसंस्थाले केही प्रयास भने जारि राखेका छन तर समग्रमा यो बेला जति पनि किराती गीत निर्माण हुन सक्नुपर्नेहो त्यति हुन सकेको छैन ।

किरात राई स्रष्टा कलाकारहरुले लगानिमा नाफाहोस या घाटाहोस साङ्गीतिक क्षेत्रमा लगानि गरिरहेकै छन । एकातिर व्यवसायिक रुपमा स्थापित किरात राई कलाकार हुन् या नव प्रवेशि कलाकारहरु हुन किराती परिवेशका मौलिक शब्द या लयलाई प्रयोग गरेर गीत सङ्गित सृजना गरे असफल भईन्छ भन्ने बुझाईबाट गुज्रिहरेका छन भने अर्कोतिर समुदायले पनि किराती सङ्गीतलाई संरक्षण र प्रवर्द्धन गर्नु त कता हो कता हाहा र होहो को पछि दगुरिरहेका छन । किराती कार्यक्रमको नाम राखेर सांस्कृतिक, साङ्गीतिक खिचडि पस्किरहेका छन । राज्यले त झन थाहा पाएर पनि बुझ पचाईरहेको छ । यि र यस्ता बुझाई र गराईको प्रबृत्तिले किराती गीत सङ्गीतलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा स्थापित गराउन सकिएको छैन ।

अभियानकै क्रममा किराती गीत सङ्गितको माध्यमबाट सामाजिक जागरण जगाउँदै किराती मौलिक सङ्गीतको संरक्षण गर्ने अभियानको रुपमा किरात राई सांस्कृतिक कलाकार संघले संघको स्थापना दिवसको अवसर पारेर प्रत्येक बर्ष यलम्बर सङ्गीत प्रतियोगिताको आयोजना गर्दै आएको छ । संसारमा बढ्दै गएको संचारको प्रभावकारिता (बिशेषत हाम्रो पहुँचको सहजताको आधारमा अनलाईन मेडिया) र सङ्गीतको बिश्वव्यापिकरणले गर्दा हाम्रो पहिचानलाई सङ्गीतको माध्यमबाट स्थापित गराउँदै संरक्षण र सम्बर्द्धनार्थ यो प्रतियोगिताको आयोजना गर्दै आएको छ ।

**प्रतियोगिताको बिशेषता**

यलम्बर साङ्गीतिक कार्यक्रमको नाममा देश तथा बिदेशमा पनि बिभिन्न किरात जन्य सामाजिक संघ संस्थाहरुले बिभिन्न अवसरमा कार्यक्रम गर्दै आईरहेको पाईन्छ तर बिडम्वना यो छ कि नाम यलम्बर राखेर कार्यक्रमको स्वरुप चाहिं कुनै क्लवले आयोजना गरेको कन्सर्ट जस्तो भईरहेको छ । यस्तो कार्यक्रममा त कमसेकम पनि किराती बिषयको गीत सङ्गीत प्रस्तुत हुनु पर्नेथियो । त्यो कार्यक्रमको नाम सुनेर आउने दर्शकले किरातीको मौलिकता झल्कने खालको प्रस्तुति हेर्न पाउनु पर्ने थियो तर त्यस्ता कार्यक्रमका धेरैजसो आयोजकमा त्यस्तो खालको सोच र चेतना बिकसित भईसकेको अवस्था पाईन्दैन । अर्कोतिर हेर्नेहो भने किरात राई कलाकारहरुले

पनि किरातीको मौलिक लय र बिषयका गीत सङ्गीतको सृजनामा जति काम गर्नुपर्ने थियो त्यो हुन सकेको छैन । त्यहि अभावबलाई, कमिकमजोरिलाई महसुस गरेर किरात राई सांस्कृतिक कलाकार संघले कमसेकम एक जना किरात राई गीतकारले न्युनतम एउटा किराती गीत लेखोस, सङ्गीतकारले कमसेकम एउटा मौलिक किराती लयको खोजि गरोस र गायक कलाकारले कमसेकम एउटा किराती बिषयको गित गाओस भन्ने उद्धेश्यका साथ यलम्बर संगित प्रतियोगिताको आयोजना भईरहेको छ । यो प्रतियोगितामा सहभागि हुने कलाकारले किराती गीत प्रस्तुत गर्नुपर्नेछ । शब्द किरातीको बिषयमा हुनु पर्नेछ र लय किराती मौलिक साङ्गीतिक लय हुनु पर्नेछ ।

कुनै पनि बिषयलाई आम समुदायमा चाँडै प्रभाबित गराउन सक्ने महत्वपूर्ण पक्ष गीत सङ्गीत नै हो । अहिले गीत सङ्गीतको माध्यमबाट किरातीहरुको मौलिक सामाजिक सांस्कृतिक पक्षहरुलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा स्थापित गराउन सकिन्छ , सामाजिक जागरण जगाई समाज, समुदाय प्रति दायित्वबोध गराउन सकिन्छ । यस्ता यावत पक्षलाई ध्यान दिँदै आयोजना हुँदै आएको यो यलम्बर साङगीतिक प्रतियोगिताको मुख्य उद्धेश्य भनेको किराती चेतना सहितको किराती स्रष्टा कलाकार जन्माउनु नै हो । यो प्रतियोगितामा सहभागि हुने गायन बिधाका अन्तिम प्रतिस्पर्धि कलाकारहरुलाई गायन कलाको प्रतिस्पर्धाको साथमा किरात राई बिषयको २ बटा प्रश्न पनि सोधिने गरिएको छ। कमसेकम किराती गीत गाउने कलाकारले गाएको गीतको बिषय बस्तुको बारेमा र किरातीको बिषयमा आवश्यक पर्दा बिषयमा बहस गर्न सक्नुपर्छ भन्ने उद्धेश्यले प्रश्न सोध्ने गरिएको छ । साथै प्रतियोगिताका अन्तिम प्रतिस्पर्धिहरुलाई किरातीको ऐतिहासिक, धार्मिक, सांस्कृतिक स्थलहरुको अध्ययन अवलोकन भ्रमण पनि गराईदै आएको छ भने बिभिन्न चरणको प्रतियोगिताको अवधिभर किरात राईको बिबिध बिषयमा प्रशिक्षण पनि प्रदान गरिँदै आएको छ ।

यलम्बर सङ्गीत प्रतियोगिताको आयोजनाको क्रममा उत्कृष्ट किराती गीतहरुको संग्रह यलम्वर सङ्गीत यात्रा नामक साङ्गीतिक एल्बम निर्माण गरिएको छ । यो अभियानले कमसेकम किरात राई कलाकारहरुलाई किराती बिषयमा सरोकार राख्ने र किराती गीत सङ्गीतको लागि काम गर्ने प्रेरणा मिल्नेछ भन्ने आशा गरिएको छ । यो प्रतियोगितात्मक अभियानको सकारात्मक प्रभाव भनेको किराती बिषयमा गीत लेख्ने, किराती सङ्गीतको चर्चा परिचर्चा गर्ने, किरातीको बिषयमा पनि कलाकारहरुले अध्ययन गर्ने बानिको बिकास हुँदै गएको र समुदायमा पनि किराती गीत सङ्गीत प्रतिको मोह बढ्दै गएको छ जुन अभियानको उपलब्धिको रुपमा रहेको छ ।

अब हामीले किराती गीत सङ्गीतको निर्माण र संरक्षण सम्बर्दन भएन भनेर मात्र पनि हुँदैन । राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा चिनाउन सक्ने स्तरका किराती मौलिक शब्द र लयहरु छन हामी संग, यस्ता गीत लयको सृजना र निर्माण गर्दै राम्रो संग प्रचार प्रशारको अभियान चलाउनको लागि अब कमसेकम किरात राईजन्य संघ संस्था र समुदायले सकारात्मक अभियान संचालन गर्नुपर्दछ । त्यसको लागि किरात राईजन्य साङ्गीतिक, सांस्कृतिक कार्यक्रममा किरातजन्य गीत सङ्गीतलाई प्रोत्साहन र प्राथमिकता दिनु पर्दछ । किराती गीत सङ्गीतको सृजना, निर्माण गर्दै आएका किरात राई स्रष्टा कलाकारहरुलाई समुदायको तर्फबाट हौसला प्रदान गर्दै जानु पर्दछ भने किरातजन्य गीत सङ्गीतहरु किनेर सुन्ने र अरुलाई पनि सुन्न प्रोत्साहित गर्नुपर्दछ। अहिले बिश्वमा सहज बन्दै गएको संचार माध्यमको प्रभावले कुनै एउटा जातिको गीत सङ्गीतलाई बिश्वमा पुर्‍याउन सहज भईरहेको सन्दर्भमा कमसेकम किरात राई स्रष्टा कलाकार साथै समुदायले ले यो बिषयमा ध्यान पुर्‍याउनु पर्दछ । यलम्बर सङ्गीत प्रतियोगिता जस्तै अन्य कार्यक्रमहरु गर्दै जानु जरुरी छ ।

# तयामा, खियामा र खक्चुलुप्पा मुन्दुमका अदितीय पात्रहरू



✍ तारामणि राई

## १. परिचय

संसारका हरेक जातिहरूको आ-आफ्नै खालको संस्कार-संस्कृति, आस्था र विश्वास रहेको हुन्छ। किरात जातिहरूको पनि आफ्नै खालको आस्था, विश्वास र संस्कृति रहेको छ । उनीहरू आफूलाई प्रकृति पूजक ठान्दछन् र मुन्दुमद्धारा निर्देशित छन् । किराती समूदायमा हुने हरेक विधिविधानमा मुन्दुम अनिवार्य हुन्छ । मुन्दुम परिवेशलाई बुझ्ने एउटा विश्व दृष्टिकोण (World View) हो र यसैबाट किरातीहरूले जीवन र जगतलाई बुझ्ने प्रयत्न गर्दछन् ।

मुन्दुमको समुच्य रूप निर्माणमा विभिन्न कुराहरूले भूमिका खेलेका हुन्छन् । जसमध्ये मिथकको निकै महत्वपूर्ण भूमिका छ । मुन्दुममा आइरहने मिथक र मिथकीय पात्रहरूको किराती समूदायमा उच्च स्थान रहेको छ । किनभने ती पात्रहरू आदर्शवान पात्रका रुपमा स्थापित छन् । प्रस्तुत लेखमा तयामा, खियामा र खक्चुलुप्पा जस्ता प्रागऐतिहासिक र आदर्श पात्रका विषयमा पछलफल गरिनेछ ।

## २. तयामा, खियामा र खक्चुलुप्पासँग सम्बन्धित मिथक

तयामा, खियामा र खक्चुलुप्पा[1] सँग सम्बन्धित थुप्रै मिथकहरू किरात समूदायमा प्रचलित छन् । जसमध्येको एक मिथकअनुसार रहँदै बस्दै आएका मध्ये मामा दाकोहमा र पापा पातेसुङ थिए । पापा पातेसुङको अल्पायूमै मृत्यु भएपछि मामा (आमा) दाकोहमालाई पर्नु पीर पर्‍यो । उनीहरूका तीन सन्तान थिए । एक छोरा खक्चुलुप्पा, र छोरीहरू तयामा र खियामा थिए । यिनीहरूको लालन पालन गर्न मामा दाकोहमालाई मुस्किल पर्‍यो । दाकोहमाले सल्लाको फल टिपेर ल्याएर आफ्ना नाबालाक छोराछोरीहरूलाई खान दिन्थिन् । तर यसो गरेको एक राक्षस्नी नाचुर्मेले देखी सहन्न थिईन् । नभन्दै उनले त्यो फलमा तीतो नै लगाइन् । त्यसपछि ती साना नानीहरूले खान मानेनन् । केही नलागेपछि उनी नून लिन भोट जाने निधो गरिन् र छोराछोरीलाई भनिन् -"यो पोका पारेर राखेको यो चिज के हो भनेर नफुकाऊ, नछोऊ, म भोटबाट नून लिएर आउँछु, त्यसपछि मात्र खानुपर्छ ।"

दाकोहमा नून लिएर आउँदै थिइन्, आइपुग्न अगाडि बाटामा खोला पर्दथ्यो । त्यहाँ काठको साँघु थियो । दाकोहमा नून लिन भोट गएको कुरा थाहा पाएपछि उनका सत्रुहरूले साँघुलाई तलमुनिबाट काटेर धराप अवस्थामा राखेका थिए । उनी साँघुमा के तर्न लागेकी मात्र थिइन्, साँघु भाँचिएर उनी पानीमा झरिन् । आमाको बाटो पर्खेर बसिरहेका नानीहरू ले आजित माने । आमा कहिल्यै नआएको देखेर उनीहरू आत्तिए । भोकले उनीहरू निकै गलिसकेका पनि थिए । त्यसैले एकदिन उनीहरूले माथि भारमा झुण्ड्याई राखेको पोकोलाई काठले घोचे र भूईँमा झारे । त्यो त खरानीको पोको पो रहेछ ।

उनीहरू त्यसपछि टुहुराटुहुरी भए । दुवै दिदी बहिनी मिलेर भाइलाई लालन पालन गर्न थाले । तर भएको खानेकुरा सिद्धिदै गइरहेको थियो । उनीहरू खाने कुरा खोज्न गए । एक दिन उनीहरू ले अर्काको ढिकी झाँतोमा बाँकी रहेको सामल तुमल ल्याएर पकाउँदा त्यो भात खक्चुलुप्पाले अन्जानमै घोप्टयाँदछ । त्यहींबेला दिदिहरूले भाइलाई पिट्छन् ।

१. कोयी समूदायसँग सम्बन्धित मिथक राजबहादुर कोयीबाट संकलन गरिएको हो ।

त्यसपछि भाइ रुँदा रुँदै निदाउँदछ । पछि दिदि तयामा र खियमाले भाइलाई उठाउन अनेक कोशिस गर्दछन् । तर भाइ उठ्दैन । भाइ नउठेको देखेपछि दिदिहरू ले भाइ मरेको ठानी भाइलाई त्यहीं नै सेउलाले छोपी दिन्छन् । अनि एउटा कर्द त्यहीं छोडिदिन्छन् भने नजिकै केराको वोट पनि रोपि दिन्छन् । यसो गर्नुको कारण भाई यदि विउँझिएपछि केरा खावस् भन्ने हो । दिदि वहिनीहरू बाटो लाग्छन् र हालको तुवाचुङ मलथुम्कामा गई कपडाको उद्योगधन्दा गर्दछन् ।

यता खक्चुलुप्पा केही समयपछि विउँझिदा नजिकै केरा पसाई रहेको हुन्छ । उसले केरालाई छिटो पाक भन्दै जान्छ । र केरा पाक्छ पनि । त्यो देखेर नाचुर्मे नाम गरेकी राक्षस्नी आउँछिन् । नभन्दै एकदिन नाचुर्मेले भनिन् "मलाई एक कोसा केरा त देऊ ।" खक्चुलुक्पाले दिन्न भन्यो । अनेक गरी नाचुर्मेले फकाएपछि खक्चुलुक्पाले एक कोसा केरा दिने विचार गर्‍यो । "दिन त दिउला के गरी लान्छौ त ?" नाचुर्मेले भनिन् -"तिम्रो केश लामो छ, त्यसैले बाँधेर देउन ।" विचरा खक्चुलुप्पाले नाचुर्मेको चाला बुझेन । उसले आफ्नो केशले बाँधेर नाचुर्मेलाई दियो । त्यही मौका पारी नाचुर्मेले खक्चुलुप्पालाई समाएर एकै पोको बनाई घरमा खान लगिन् । उनले घरमा पुगेपछि आफ्नी छोरीसँग भनिन्- "मैले मान्छे ल्याएको छु र काटेर खानुपर्छ । म मेरा बाउ माइतीलाई वोलाउन जान्छु । आएपछि खानुपर्छ ।" अनि छोरीलाई अह्राउँदै नाचुर्मेले भनिन् "खक्चुलुप्पाको खुन काठको डुँडमा थापेर राख्नु र भित्रासहरू दैलोमा झुण्ड्याएर राख्नु ।"

नाचुर्मेकी छोरीले खक्चुलुप्पाको लामो केश देखेर सोधिन्- "तिम्रो यति लामो केश कसरी बनायौ ?" उनले भन्यो, 'मेरा दिदीहरूले आगोमा ठूलो भाँडामा तेल तताएर त्यसपछि ओख्लीमा टाउको उँधो मुन्टी पार्न लगाए । त्यसपछि चाकमा तेल खन्याइदिए पछि मेरो लामो केश भएको हो ।'

नाचुर्मेकी छोरीले पनि मलाई पनि त्यसै गरिदेउन भनिन् । त्यसो गर्दा खक्चुलुप्पाले ओखलको मुस्लीले उनलाई नै मारी दियो । आमाले भनेझैं नाचुर्मेकी छोरीको खुन डुँडभरी, भित्रास दैलोभरी झुण्ड्याएर राखीदिइन् र छोरीको लुगा लगाएर छोरी जस्तै भएर बस्यो । नाचुर्मे आफ्ना बाउ माइतीलाई बोलाएर आइन् । नाचुर्मेले डुँडको खुन पिइन् र भित्रास निलिन् । अनि भनिन् -"तिम्रा मावलीहरू आउँदै छन् । आएपछि दिनू । म सुतें ।"

उनी त्यसपछि निदाइन् । नाचुर्मे निदाइ सकेपछि खक्चुलुक्पाले सल्लाको बोटबाट आउने खोटोले आँखामा टाली दियो र सिरानीमा हँसिया राखी दियो । अनि सिस्नु र अन्य काँडाहरूले वरिपरिबाट छोपिदियो । अनि नाचुर्मेका सत्‌विऊ, पलविऊ, लगायतका घैया, सिलाम, धान, मकै भुट्ने खपेटा र खरानी समेत पोको पारेर पर्खिबस्यो । नाचुर्मे उठ्दा त आँखा टालिएको, यता उता गर्दा काँडाले घोच्न थाल्यो, सिस्नुले पोल्न थाल्यो । यहीं बेला रेचेकुप्पाले भन्यो, 'छोरीको खुन खाने ए नाचुर्मे ? तेरो सिरानीमा हँसिया छ, त्यसैले पन्छाउनू ।' यो कुरा सुनेपछि नाचुर्मेले भनिन्, 'आप्पुई मैले छोरीको खुन खाएँ ? ए खक्चुलुक्पा तँ जिउँदै छस् ?" यही बेला खक्चुलुक्पा उठेर कुलेलम ठोक्यो । नाचुर्मेले लखेट्न थालिन् । बाटामा लखेट्दै जाँदा खक्चुलुप्पाले बोकेको सत्‌विऊ, पलविऊ फुक्यो । र त्यो नाचुर्मेले देखिन् । हैन यसले त मेरो सत्‌विऊ, पलविऊ पो बोकेको रहेछ भनेर अझै खेद्‌दै जाँदा त सिलाम छरिएर झाडी बन्न पुग्यो, यसले त घोच्न पनि थाल्यो । तैपनि उनले खेद्‌न छोडिनन् । त्यसपछि मकै भुट्ने खपेटा नै फ्याकी दियो । त्यसबाट. ठूला-ठूला भीर-पहराहरू बने । यो देखेर तल बसिरहेको खक्चुलुप्पालाई नाचुर्मेले सोधिन्, 'यत्रो भिरबाट तल कसरी झरिस् त ? म त उत्तानो परेर लडी झरेको हुँ' भनेर खक्चुलुप्पाले भन्यो । नाचुर्मेले अझै खेदि रहिन् । उसले वोकेको खरानी फाल्दा कुहिरो बन्न पुग्यो । त्यसै बखत उनले बोकी राखेको अण्डा पनि फालि दियो । अण्डा फुटेर यत्रतत्र नदी नाला बनेछन् ।

नाचुर्मेले खक्चुलुप्पालाई फेरि सोधिन् -"यत्रो नदी कसरी पार गर्‍यौ ?" खक्चुलुप्पाले पनि भनेछ- "मेरो हातमा पखेटा राँखे, त्यसपछि तैरिँदै तैरिँदै पार गरेपछि आई पुगेँ।" नाचुर्मेले पनि त्यसै गर्दा उनी त्यही बगेर मरिन्।

त्यसपछि ऊ किनारै किनार घुमी हिँड्न थाल्यो। उसले त्यसवेला सम्ममा एउटा सानो छाप्रो पनि बनाइ सकेको थियो। ऊ दिनहुँ माछा मार्न भनी समुद्रमा जान्थ्यो। तर उसको बल्छीले माछा होइन, खालि ढुँगा मात्र अल्झाई रहन्थ्यो। त्यसपछि उसलाई ढुँगाप्रति असाध्यै शङ्का लाग्न थाल्यो। उसले एक दिन आफ्नो बल्छीमा परेको त्यही ढुँगा फुर्लुङमा लिएर आई घरको भारमाथि राख्यो। र ऊ फेरि माछा मार्न भनेर पुनः समुद्रमा गयो। घरमा फर्किएर आउँदा त घरमा पहिले नै भान्सा तयार भैसकेको हुन्थ्यो। पहिल्यै नै भाँडा कुँडा, चोटा कोठा सफा सुग्घर भईसकेको हुन्थ्यो। यस्तो अवश्था देखेर खक्चुलु अचम्ममा पर्‍यो। त्यही बेला छिमेकीले भन्यो कि तिमी नाङ्लो र कुचोले छलिएर बस्नू। जव एक जना केटी आउँछिन्, उसलाई उम्कन नदिई समाएर राख्नू। कसम खुवाएपछि मात्र छोड्नु। त्यसपछि खक्चुलुप्पा माछा मार्न नगई त्यसैगरी नाङलो र कुचोमा छलिएर बस्यो। केहीबेर पछि एउटी झरी झुत्त गहनाले भरिपूर्ण भएकी केटी बुईँगलबाट भूइँमा झरिन्। उनले झरेर घर सफा गर्न कुचो खोजिन्। जव उनले कुचो र नाङ्लो लिन के हात बढाएकी मात्र थिइन् त्यही बेला खक्चुलुप्पाले त्यस केटीको नाडीमा च्याप्प समायो। खक्चुलुप्पाले त्यसरी नाडीमा समाएपछि ती केटीले चिच्याइन्। उनले भनिन् - "मलाई यसरी नसमाऊ, मेरो नौ नाडी गल्छ, म लङ्गडी हुन्छु।" तर खक्चुलुप्पाले भने छोड्दै छोडेन। उसले बरु भन्यो -"यदि तिमीले मसँग विहे गर्छु भनी कसम खायौ भने मात्र म तिमीलाई छाडिदिन्छु। नत्र भने म एक, दुई, तीन छाड्दिनँ"।

यसरी खक्चुलुप्पाले त्यस केटीलाई भनेपछि अन्ततः उनलाई मान्न कर लाग्यो। त्यो केटी आफू भने नागकी छोरी भएको र ढुङ्गाको स्वरूप लिएर आएको कुरा बताईन्। ती दुइ जना सँगै-सँगै बस्न थाले। धेरै वर्ष विति सक्दा पनि उनीहरूबाट जाय जन्म हुन सकेन। खक्चुलुप्पाले नयाँ अन्न अनाज खाँदा बिरामी भई हाल्दथ्यो। त्यसपछि नागकी छोरीले मेरा बा-आमालाई भेट्न जाऔं भनी प्रस्ताव राखिन्। तर खक्चुलुप्पाले कसरी जाने, म त पानी मुनि जान सक्दिनँ भनेर जान इन्कार गर्‍यो। नागकी छोरीले भनी- "म भित्र पस्दा मेरो आङमा छलिएरभित्र पसौं, पानीले तिमीलाई केही हुँदैन। यसरी उनीहरू दुवै नागराजा नागरानीको दरवारमा पुगे। उनीहरू दरवारमा पुग्दा नागराजा भने थिएनन्। नागरानी र नागकी छोरी मिलेर नागराजा आउनु अगाडि नै नागरानीको ज्वाइँ खक्चुलुप्पालाई लुकाए। साँझ परेपछि नाग राजा आए। नाग राजाले सोध्यो- "यहाँ को आएको छ ? मान्छेको गन्ध आइरहेको छ। कोही आएको छ ?"

नागरानी आमाले भनिन्- "छैन छैन, कोही आएको छैन। हाम्री छोरीको माथि धर्तीमा मनष्यसँग लसपस भयो होला। त्यसैले त्यस्तो गन्ध आएको होला।" दोस्रो दिन पनि नागराजा साँझ घर फर्किदा मनुष्यको गन्ध आउँदा फेरि पनि कोही हुनुपर्छ भनी जिकिर गर्दै सोधे। नागरानी आमाले पनि यसरी कति दिन टार्ने भनेर नागराजासँग कसम खान आग्रह गर्दै भनिन्- "यदि हजुरले केही गर्नु हुन्न भने अवश्य भन्छौं। तर हजुरले केही गर्दिन भनेर कसम खानु पर्छ। नागराजाले पनि भन्यो, 'ठीकै छ म केही गर्दिनँ। तर मेरो छोरीलाई जसले बन्धुवारी नाछुवारी-हिरामोती दिन्छ, त्यही केटालाई मात्र दिन्छु।" त्यही बेला नागरानी छोरीलाई छ भन्न लगाइन्। छोरीले ज्वाइँले बन्धुवारी नछुवारी लिएर आएको छ भनेर आफ्ना बा नागराजलाई भनिन्। त्यसपछि नागराजले हुन्छ भने।

हत्तपत्त आफ्नो बन्धुवारी नाछुवारी ज्वाइँलाई

दिइन् र छोरीलाई दिन लगाईन् । त्यसपछि उनीहरूको वैधानिक तवरले विवाह सम्पन्न भयो । बा-आमाको आर्शिवाद लिएर नागकी छोरी र खक्चुलुप्पा पृथ्वी लोकमा निस्किए । उनीहरू बाहिर निस्कनु अघि उनीहरूलाई नागराजा नागरानीले आर्शिवाद दिँदै भने, **"अन्नपानीको खेतीपाती गरी खानू । खेतीपाती गर्न अदुवा, घैया आदिका विऊ विजन लैजाऊ । नयाँ अन्न खाँदा रोग व्याधी लाग्न सक्छ ।"** त्यसवेला यो हर (झ्याम्टा) बजाएर हामीलाई सम्झिनु भन्दै झ्याम्टा (हर) पनि दिई दिए । उनीहरू पनि आज्ञा लिएर धर्तीमा आए । आमाले छोरीलाई दिएको हिरामोती ज्वाइँलाई पृथ्वीमा जाँदा हराउन सक्छ, आँधीहुरी, वायू आदिले खोसेर उडाएर लैजान सक्छ भनेर भनेकी थिइन् । आमा र छोरी मिलेर यो प्रपञ्च मात्र मिलाएका थिए । ज्वाइँले नदेख्ने गरी छोरीले आमाको गरगहना पृथ्वीलोकमा आउनुपूर्व नै बुझाई दिएकी दिइन् ।

पृथ्वीमा आएर ज्वाइँ खक्चुलुप्पाले आफ्नी श्रीमतीको बन्धुवारी, नाछुवारी हेर्न मागे । तर उनको पासमा त थिएन । उल्टै नागकी छोरीले भनिन्, ' आमाले तिमीलाई पहिल्यै भन्नु भएको थियो कि होस् , विचार गर्नू । वायूले उडायो होला ।' यो कुरा सुनेपछि तपा (लोग्ने) खक्चुलुप्पा पनि हिस्सियो । केही समयको अन्तरालमा उनीहरूबाट जायजन्म भयो । उनीहरूले नयाँ सृष्टि आरम्भ गर्नु पर्ने भयो । व्यवहार चलाउनु पर्ने भयो । त्यसो भएको हुनाले एउटा नयाँ घरको खाँचो भयो । घरको लागि खाँवाहरू काट्नु पर्ने भयो । उनले आफ्नो श्रीमानसँग भने चिभेको पुच्छरको आकारको खाँवो ल्याउन अह्राईन् । ल्याइएको खाँवो गाड्नु पर्ने भयो । त्यो खक्चुलुप्पाकी श्रीमतीले गाड्न तम्सिइन् । उनले के गाड्न लागेकी थिइन् त्यति बेलै अगाडि राखेको बच्चा नै खाँवो गाड्ने खाल्टोमा खसालिन् । त्यसपछि त्यही खाल्डोले भोग लियो । **त्यसै अर्थले आजभोलि पनि घर बनाउँदा छमदाम खोवारी (घरपूजा) गर्ने चलन चलिरहेको पाइन्छ ।**

छमदाम खोवरी (घरपूजा) गर्ने बेला दाजुभाइ छोरी चेली समेत बोलाउनु पर्ने हुन्छ । खक्चुलुप्पाले आफ्ना दिदीहरू तयामा र खियामा बोलाउने योजना बनायो । तर कसरी कसलाई खोज्न पठाउने भन्ने कुराले अन्यौलमा पार्‍यो । त्यसपछि निकै सोच विचार गरेर बाखालाई लिन पठायो । बाटोमा घाँस भेटेपछि त्यति कै घाँस खानमा मात्रै अल्झियो । जुम्रालाई पठायो । कहिल्यै पुगेन । उपैँयालाई पठायो उही ओछ्यानमा चेप्टियो । अनि खक्चुलुप्पाले सुंगूरलाई लिन पठायो । सुंगूर त तयामा र खियामाले एउटा खोरमा मज्जाले थुनेर राखे । केही नलागेपछि खक्चुलुप्पाले भाले पठायो । भालेले त बास्दा ***खक्चुलुक्पा हँ ऽहँ ऽहँ ऽऽ*** भन्यो । यो सुनेर तयामा र खियामाले अचम्म माने, किनभने भालेले त उनीहरूको भाइको नाम पो काढिरहेको थियो । त्यसपछि उनीहरूले भालेलाई सोध्न पछ्याउँदै हिँडे । तयामा र खियामा एउटा डाँडामा पुग्दा भाले अर्को डाँडामा पुगेर खक्चुलुक्पा हँ हँ भन्दै अगाडि दौडिहाल्थ्यो । एवम् रीतले भालेले तयामा र खियामालाई खक्चुलुक्पा भएको ठाउँमा पुर्‍यायो । तर उनीहरूले घरैमा जान भने सर्मिन्दा माने किनभने उनीहरूलाई भाइले छमदाम गर्न लागिरहेको कुरा थाहा थिएन । र उनीहरूले आफू आउँदा कोशेली पनि लिएर आएका थिएनन् । उनीहरू परै उभिए । उनीहरू परै उभिएर हेरिरहेको खक्चुलुप्पाले देख्यो । अनेकगरी बोलाउँदा पनि आएनन् । त्यसपछि खक्चुलुप्पाले एउटा बलाम बनायो र त्यहाँ भाकिम्लाको अमिलो दाना ***रिसी सःसी*** झुन्ड्यायो । यो देखेपछि तयामा र खियामाको मुखै रसायो । त्यसपछि उनीहरू बलाममा झुण्ड्याएको अमिलोमा झुत्तिए । त्यसपछि उनीहरूले सल्लाह गरेर आ-आफ्नो पखेटाबाट आठ-आठ वटा प्वाख चुँडाएर त्यसैलाई कोशेलीका रुपमा दिए । यसरी १६ वटा प्वाँख दिएका कारणले **शोधनी वापत १६ वटा तामाको भाँडा दिनु पर्ने चलन केही समय अघिसम्मन पनि छदैं थियो** । तर यो संख्या घट्दै गएर छोरी चेलीहरूलाई दुईवटा मात्र तामाको भाँडा शोध खो वापत दिने चलन रहेको छ ।

उता यही बेला खक्चुलुप्पाले मुन्दुम गाउँदै आईपुग्दा शरीरमा जोडले कम्प पैदा हुन थाल्छ। उनी भालासँग घर बाहिर निस्कन्छन्  र जमिनमा भाला गाडी एउटा तातो ढुंगा निकाल्छन्। त्यसलाई चोखो जाँडले खन्याएपछि वाफ भएर उड्छ। **त्यस ढुंगालाई नै भूमेदेव साकेल् मानी पूजा गरिन थालिएको हो भनेर भनिन्छ। यसरी दिदी भाइको लामो समयपछि भेट भएकाको कारणले हर्सोल्लासपूर्वक केही दिनसम्म साकेल् (सिली) नाच्छन् । ढोल, हर (झ्याम्टा) बजाउँछन्।**

### ३. पात्र विधान

आदिम एवम् प्राग्ऐतिहासिक पात्रका रुपमा रहेका तयामा, खियामा र खक्चुलुप्पाको किरात समूदायमा निकै उच्च स्थान रहेको छ। यी मिथकीय पात्रहरूको आजपर्यन्त पनि किराती समूदायमा लौकिक सम्बन्ध रहेको कुरा थाहा पाउन सकिन्छ किनभने यी महान पात्रसँग जोडिएका भग्नावशेष र पुरातात्विक बस्तुहरू अद्यावधिक रुपमा रहि रहेका छन्। खोटाङ जिल्लाको हलेसी नजिकै काभ्रेमा रहेको तुवाचुङ या जायाजुम (मलथुम्का पनि भन्ने  गरिन्छ) डाँडामा पूरातात्विक बस्तुहरूलाई देख्न या अवलोकन गर्न सकिन्छ।

### ३.१ *तयामा-खियाम*

तयामा र खियामा आदर्श पात्रका रुपमा रहेका छन् । यि दिदिबहिनीहरू  महिलाको प्रतीक मात्र नभई सीपवती, गुणवती, दयालू र शुशिल पात्रका रुपमा उदाहरणीय छन् । जसको चर्चा निम्नानुसार गर्न सकिन्छ।

### क) शिल्पीकारी

तयामा र खियामा शिल्पको पर्याय मानिन्छन् । किनभने उनीहरू को सीपकै कारणले आजको मानवसभ्यता निर्देशित छ भन्ने देखिन्छ । जव मानिसमा चेतनाको विकास भयो त्यसपछि लाज ढाक्नु पर्छ भन्ने कुराको ज्ञान भयो । त्यहीँ क्रममा जंगली युगमा रुखका बोक्रा लगाउने मानिसहरू एकत्रित भएर सामूदायिक रुपमा बस्न थाले पछि नै कपडाको आविष्कार भएको मानिन्छ । मिथकीय आधारमा भन्ने हो भने कपडाको आविष्कारको श्रेय यिनै तयामा र खियामालाई जान्छ । उनीहरूकै सम्मानार्थ आजपर्यन्त पनि साकेलाको वेला तयामा खियामाको सीपसँग सम्बन्धित शिली (सिके माके) गर्ने चलन छ। उनीहरूले नै कपासबाट कसरी कपडा बन्दछ भनेर क्रमबद्धरुपमा सिकाएका छन् जुन कुरा शिलीमा प्रतिविम्बित भएको पाइन्छ।

अ) कपास टिप्ने
आ) कपास फट्कार्ने
इ) चर्खामा धागो कात्ने
ई) रुवी तान्ने (हातले)
उ) लोरीमा धागो कात्ने
ऊ) तानको काठ ठोक्ने
ए) तान लगाउने
ऐ) तान टिप्ने
ओ) नाक टिप्ने
औ) थुरी हान्दै तान बुन्ने
अं) बाह्र हातको कपडा नाप्ने
अ) बाह्र हातको कपडालाई च्यात्ने
अ) लुगा सिउने

### ख) सुसंस्कृत, सहनशील र सुशिल

तयामा र खियामा सुसंस्कृत, शहनशील र सुशिल चरित्रका रुपमा चित्रित छन्। उपर्युक्त मिथकमा नै उनीहरू मा शहनशीलताको हद अधिक रहेको देखिन्छ । आमाले देखाई राखेको सपनाको त्यान्द्रोमा अल्झिएर उनीहरू  लामो समयसम्म बस्दछन् । अल्वर्ट कामुका पात्रहरूले गोदो पर्खिरहे जस्ता लाग्ने यी चरित्रहरू ले आशावादी हुन सिकाएको छ।

जब भाइले भालेका माध्यामबाट दिदिबहिनी तयामा र खियामालाई बोलाउँदछन्। तर यसवेलासम्म उनीहरू लाई न भाइ जिउँदै छ भन्ने थाहा हुन्छ न

भाइले छमदाम गरिरहेको कुरा थाहा हुन्छ । जब भाइको घर नजिकै आइपुग्छन् तब मात्र थाहा हुन्छ कि भाइ त जीवित मात्रै होइन, घरजम गरेर बसिरहेको रहेछ । उनीहरू भाइको घर जानलाई शर्मीन्दा मान्दछन् किनभने उनीहरू सँग कोशेली हुँदैन । यो सुसंस्कृतताको ज्वलन्त नमूना हो । जब छोरी चेलीहरू बाउमाइतीको घरमा जानु पर्ने हुन्छ, त्यसबेला उनीहरूले कोशेलीपात लानु पर्ने हुन्छ । आजपर्यन्त किराती समूदायमा बाउमाइतीका तर्फबाट विहे, पर्व, छमदाम आदि हुँदा छोरी चेलीका तर्फबाट कोशेलीपात लाने चलन छ, त्यो तयामा र खियामाले नै छोडिगएको सुसंस्कृत र सुसम्बन्ध विस्तारको नासो हो ।

### ग) दयालू र कर्तब्यनिष्ठ

मैन बत्ति आफू जलेर अरुलाई उज्यालो दिन्छ । यो गुण तयामा र खियामा जस्ता अदितिय पात्रहरू मा पाउन सकिन्छ । उनीहरूले आफ्नो भाइप्रति देखाएको माया र दयाले यो कुरालाई राम्ररी औंल्याउँदछ । भाइका लागि खानेकुरा खोज्न अर्काको ढिकी जाँतो चहार्दै त्यहाँ केही बाँकी रहल पहल अन्न छ कि भनेर जान्छन् । त्यहीँ बटुलेर आफूहरूले नखाई नखाई भाइका लागि ल्याइदिन्छन् । यसले भाइप्रतिको असिम माया देखाउँदछ ।

अभिभावक गुमाइसकेपछि टुहुरी भएका दिदिबहिनीले आफ्नो काँधमा आएको जिम्मेबारीलाई सहजताकासाथ बहन गर्छन् । आफ्नो कर्तब्यलाई भूल्दैनन् । भाइको सकुन्जेल लालन पालन गर्दछन् । तर दिदिहरूको लाडे प्यारमा हुर्किएको भाइले भने दिदिहरूलाई टेर्दैन, जसले गर्दा कथानक मै बदलाव आउँछ । तीनै जना दिदिबहिनीहरूको जिन्दगीमा आँधी हुरी आउँछ । उनीहरू को वियोग हुन्छ । को कहाँ को कहाँ पुग्छन् । तर सँधै अँध्यारो पाटो मात्र हुँदैन भनेझैं उज्यालो पनि देखा पर्छ र उनीहरू को पुर्नमिलन हुंन्छ । चेली र माइतीको बीचको भेटले फेरि उल्लास ल्याउँछ, हर्षोल्लासपूर्ण तरिकाले कथाको अन्त्य हुन्छ । जो जहाँ बसे पनि आफ्नो कर्तव्य र दायित्वलाई भुल्न हुँदैन भनेर संदेश दिन खोजेको पाइन्छ ।

## ३.२ *खक्चुलुप्पा*

मिथकहरू मा विभिन्न नामबाट चिनिने यस पात्रलाई कतै रछेकुले या रेचेकुप्पा त कतै हेच्छाकुप्पा, हेछाकुवा, हेत्छाकुप्पा त कतै खक्चिलुप्पा भन्ने गरिन्छ । एक निर्भिक, साहशिक र गौरवशाली पात्रका रुपमा रहेका पात्र खक्चिलुप्पाको विशेषताका बारेमा निम्न बुँदामा छलफल गरिनेछ ।

### क) शाहसिक र निर्भिक

नाचुर्मेले जसरी केरा मागेर आफ्नो प्रयोजनका लागि खक्चुलुप्पालाई उपयोग गर्न खोज्छ । यसले खक्चुलुप्पालाई शत्रु या मित्रु के हो भन्ने कुरा चिन्ने अवसर मिल्दछ । नाचुर्मेको कुटिल चाला देखेर खक्चुलुप्पाले परिवन्दमा परिसकेको आफूलाई कसरी बचाउन सकिन्छ भनेर अक्किल झिक्दछ । यसले वास्तवमा एउटा अवोध बालक कसरी परिपक्व हुँदै जान्छ, शत्रुको पहिचान गरेर कसरी अगाडि बढद्छ भन्ने कुरा देखाउँदछ । जसरी निर्भिक भएर खक्चुलुप्पाले नाचुर्मेको छोरीलाई अक्किल लगाएर मार्दछ र यसले नै उनको जीवनमा ठूलो मोड लिन्छ । यो निकै शाहसिक निर्णय हो । पछि नाचुर्मेले थाहा पाएर खेद्न थाल्दछिन्, त्यसपछि उसले अनेक तरहले नाचुर्मेलाई छेक्दछिन् । यो नै सत्य र असत्यवीचको लडाइ हो भने अन्ततः सत्यको जीत शास्वत हुन्छ भन्ने देखिन्छ ।

### ख) विवेकशील एवम् कर्तब्यनिष्ठ

किराती समूदायमा विशेष प्रकारका चाडवाड या छिमोदिमो या छमदाम जस्ता कार्यहरू गर्दा चेलीवेटीको उपस्थिति अनिवार्य मानिन्छ । यो तिनै महान पात्रहरूको विरासत हो । खक्चुलुक्पाले छमदाम गर्दा अनेक उपाय लगाएर आफ्ना चेलीहरू तयामा

र खियामालाई बोलाउँदछ । कहिले उपिया, उडुस त कहिले बाखा या सूँगुरलाई पठाउँदछ । अन्ततः भालेले खक्चुलुप्पा हँ हँ भनेर कराएपछि उनीहरूको मनभित्र चिसो पस्दछ । उनीहरू लाई लाग्दछ कि यो भालेले त हाम्रै भाइको नाम पो काढिरहेको छ । त्यसैले त्यो भालेलाई पछ्याउँदै भाइको घर आइपुग्छन्, जहाँ भव्यरुपमा छमदाम भइरहेको हुन्छ । यस्तोबेला भाइले चेलीहरू लाई सम्भिनु कर्तब्यपरायणता हो । खक्चुलुप्पाको विवेककै कारणले अन्ततः जीवन रक्षा गर्दै घरजम गर्दछ । यो निश्चय पनि मानवजातिको सामूहिक र स्थायी बसोबासको आरम्भको नमूना मान्न सकिन्छ ।

## ग) कृषिको अवधारणा

कृषिको अवधारणालाई खक्चुलुप्पाले विकास गरेको देखिन्छ । बैज्ञानिक आधारमा भन्ने हो भने मानिसहरू ले शिकारी युगबाट कृषियुगमा जसरी प्रवेश गरे, त्यसैगरी खक्चुलुप्पाले कृषियुगमा प्रवेश गरेको देखिन्छ । किनभने उसले सिक्रिमालाई प्राप्त गर्नु अघि माछा या मासुको लागि मात्र शिकार गरेको देखिन्छ । बसाई पनि स्थायी देखिँदैन । सिक्रिमाकै कारण उसले स्थायी बसोबास र कृषिप्रति आकर्षित भएको देखिन्छ । उसले आफ्नो श्रीमती मार्फत नागराजा नागरानीबाट बीऊ विजन ल्याउँदछ । त्यसपछि खेतीपातीको आरम्भ गर्दछ । महत्वपूर्ण कुरा त के छ भने कुनै पनि अन्न या बालीलाई भित्र्याउँदा पूर्खाहरू लाई सम्भिनु पर्दछ । जुन कुराको समेत शुरुवात खक्चुलुप्पाले बाँधेको थितिबाट शुरु हुन्छ । आज पनि किराती समूदायमा नयाँ अन्नबाली खानु पूर्व न्वागी या माछाकुम्मा आदि पूर्खाहरू लाई चढाए पछि मात्र खानु पर्ने मान्यता रहँदै आएको छ । नत्र भने स्वश्थ्यमा यसको प्रतिकूल असर समेत पर्ने गरेको बताइन्छ ।

## ४ बर्गसंघर्षको आरम्भ

जर्मनी दार्शनिक कार्ल मार्क्सले अठारौँ शताब्दीमा समाजलाई जसरी बर्गीय छ भनेर पहिचान गरे र त्यसका आधारमा सिद्धान्त प्रतिपादन गरे । त्यस अघि नै तात्कालिन समाज बर्गीय चरित्रको रहेको पाइन्छ । खक्चुलुप्पाको लौकिक आगमनसँगै मानव सभ्यताको विकास मान्ने हो भने खक्चुलुप्पा त्यस्तो पात्रका रुपमा देखिन्छ कि उनले नै बर्गसंघर्षको शुरुवात गरेको देखिन्छ । मिथकमा बारम्बार आइरहने नाचुर्मे जस्ता पात्रले त्यसबेलाको सामान्ती प्रथाको प्रतिनिधित्व गरेको देखिन्छ । खक्चुलुप्पाले आफ्नो विवेक प्रयोग गरी नाचुर्मेलाई पराजित तुल्याउँदछ । यसले सामान्तबादको अन्त्यको संकेत गर्दछ । समाजविकासको नियमले पनि सामान्ती प्रथाको अन्त्य हुँदै पूँजीवादको आरम्भ र त्यसपछि समाजवादको विकास हुँदै गएको देखाउँदछ ।

मिथकमा देखिने तयामा खियामा र खक्चुलुप्पा जस्ता पात्रहरूले हुँदा खानेको प्रतिनिधित्व गर्दछन् । उनीहरूको परिवारमा आर्थिक अभावको झल्को राम्ररी देख्न सकिन्छ किनकी उनीहरूको एक मात्र अभिभावक आमाले वेसाह र नून खोज्न भोट जानु, उनीहरूको लागि घरमा खाने कुरा नहुनु आदिले उनीहरूको आर्थिक अवश्थालाई राम्ररी प्रष्ट्याउँदछ । आमा दाकोहमाले अगेनामाथि छोडेर गएको खरानीको पोकोले प्रतीकात्मक अर्थ बोकेको छ । त्यो खरानीको पोकोले आशावादी हुन प्रेरित गरेको छ । हुँदा खाने वर्गहरू आशावादी हुने गर्दछन्, संघर्ष गर्न पछि पर्दैनन् भन्ने कुरा राम्ररी देखाउन खोजेको पाइन्छ ।

## ५.सामाजिक र साँस्कृतिकसम्बन्ध

तयामा, खियामा र खक्चुलुप्पा जस्ता मिथकीय पात्रहरूको सामाजिक र साँस्कृतिक महत्व रहेको छ । उनीहरूकै विरासतका कारण आजको समाज र संस्कृतिको विकास भएको आक्कलन गर्न सकिन्छ । किनभने शिकार युगबाट कसरी कृषि युगको आरम्भ भयो ? एकनिष्ठ हतियारहुँदै बहुनिष्ठ हतियारहरूको

प्रयोग कसरी हुन पुग्यो भन्ने कुराको समाजविज्ञान पाइन्छ। तयामा र खियामा जस्ता पात्रहरूको विवेक र योगदानका कारण कपडा बन्ने उद्योगहरूको विकास भएको देखिन्छ । यी दिदी बहिनीलाई औधोगिक विकासको अभियान्ताका प्रतीक मान्न सकिन्छ । उनीहरूले तानका रुपमा प्रयोग गरेको ढुँगा र अन्य आवश्यक सामग्रीहरूको अवशेष हलेसी नजिक अझै पनि रहेको देख्न सकिन्छ । आज जुन रुपमा औधोगिकरणको अवधारण अगाडि आएको छ, त्यो तयामा खियामाको विरासतका रुपमा भएको मान्न सकिन्छ ।

अर्को पात्र खक्चुलुप्पाले कृषि विकासमा योगदान पुर्‍याएको मान्न सकिन्छ । जसरी उनले अन्न वीज प्रयोग गरेर खाद्यन्नको विकास गर्दछ, त्यसैको निरन्तरता नै आजको खेतीपातीको प्रचलन हो । त्यति मात्र होइन, खक्चुलुप्पाले सांस्कारगत थिति बाँध्ने काम पनि गरेको देखिन्छ । उनले नयाँ अन्नबाली भित्र्याएपछि पूर्खाहरूको सम्मानमा आवश्यक रीति विधि गर्नुपर्दछ भनी सिकाएका छन् । उनले पूर्खाहरू को सम्मानमा त्यस किसिमको रीति विधि नगर्दा दुःखविमार हुने रहेछ भनेको भए पनि यसको वैज्ञानिक कारण पनि रहेको छ । त्यो के हो भने नयाँ बालीलाई पचाउने तत्काल हामीसँग पाचन प्रणाली कृयाशील रहेको हुँदैन । बरु थोरै र केही समयपश्चात खाँदा केही नहुने कुरा त परीक्षण नै भैसकेको छ ।

साँस्कृतिक कर्महरू गर्दा छोरी चेली बोलाउनुपर्दछ भन्ने जुन संस्कारगत मान्यता किराती समूदायमा आजपर्यन्त पनि छ, त्यो खक्चुलुप्पाले शुरूवात गरेको परम्परा नै हो । उनैले चेलीबेटीहरू लाई सम्झिनु पर्दछ, उनीहरू लाई वेलाबखतमा माइतमा आउने वातावरण मिलाउन पर्दछ भनेर परम्परा बाँधेको देखिन्छ । उनैले पूर्खाहरूको सम्मान गर्नुपर्दछ, उनीहरूलाई आदर गर्नु पर्दछ भनी यस किसिमको परम्पराको थिति बाँधे । नायम्म्माको प्रतीकस्वरुप धर्तीको पूजा गर्ने जुन प्रचलन कायम छ, त्यो खासमा अन्नवीजदाता धर्ती हो त्यसको सम्मान गर्नुपर्दछ भन्ने हो । यसरी पूर्खा र प्रकृतिको सम्मानमा हुने संस्कार नै कालान्तरमा सनातन धर्मको विकास भएको हो । जसरी किरातीहरूले प्रकृति र पूर्खाहरूको सम्मान गर्दछ, त्यो नै प्रकिृति पूजक धर्मको रुपमा अद्यावधि रहेको छ । र यो धर्म नै संसारमा सवैभन्दा पुरानो धर्म समेत मानिन्छ । यस हिसावले हेर्दा प्रस्तुत गरिएका पात्रहरूको सामाजिक एवम् सांस्कृतिक साइनो अक्षुण्ण छ ।

## ५.निष्कर्ष

किराती मिथकमा प्रचलित तयामा, खियामा र खक्चुलुप्पा जस्ता पात्रहरूको स्थान मुन्दुममा गरिमामय छ । उनीहरू कै कारण लौकिक संसारको अवधारणा भएको मान्न सकिन्छ। उनीहरूले जुनरुपमा सामाजिक एवम् सांस्कृतिक परम्पराको थिति बसाले, त्यो मानवकल्याणको अनुपम विरासत हो । तयामा, खियामा र खक्चुलुप्पाको आगमन पश्चात नै कृषि र उद्योगको विकास भएको देखिन्छ । यद्यपि केही कुराहरूमा भने अलौकिक शक्तिको प्रयोग समेत भएको पाइन्छ। ती कुराहरू विज्ञानसम्मत देखिँदैनन् । मिथकलाई विज्ञानको आधार पनि मान्न सकिन्न तर यसको व्याख्या सपाट तरिकाले नगरी लोक ब्याखा (Folk etymology) का आधारमा नै गर्नु पर्ने हुन्छ । जसले अर्वाचिन र प्राग्ऐतिहासिक कुरालाई बुझ्न सहयोग गर्दछ ।

अर्कातिर तयामा र खियामा गुणवती, शिल्पवती, सुशिल र सहनशीला पात्रका रुपमा देखिएका छन् । उनीहरूको सीपलाई कदर गर्दै साकेला पूजाका बेलामा सिलीहरू गर्ने चलन अद्यावधि छँदैछ । उनीहरू आदर्श पात्रका रुपमा सँधै सम्मानित छन् । अर्कातिर खक्चुलुप्पा एक निर्भिक, कर्तव्यरायण पात्र पनि छ जो कृषि विकासको अभियन्ताका रुपमा देखिएका छन् । खक्चुलुप्पा संघर्षशील पात्रका रुपमा पनि

चिनिन्छन् किनभने उनले जसरी नाचुर्मेलाई पराजित तुल्याउँदछ । त्यो तल्लो बर्गले माथिल्लो बर्गमाथि प्राप्त गरेको विजयको उत्कर्ष हो । यसरी नै दुनियामा एउटा व्यावश्थाको विरुद्धमा अर्को व्यवश्थाले ठाउँ लिएको छ । एक हिसावले यसलाई बर्गसंघर्षका रुपमा पनि लिन सकिन्छ । जे होस किराती मिथकमा रहेका यी कालजयी पात्रहरूको स्थान निकै उच्च छ । यी पात्रहरू आदर्शवान पात्रका रुपमा रहिरहने नै छन् ।

### सन्दर्भ सामग्री सूची

राई, गडुलमान (२०६६), **किरात संस्कार,** काठमाडौं: आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

राई, चतुरभक्त (२०६५), "किरातहरूको अस्थाको धरोहर साकेला उधौली उभौली" **निप्सुङ** पूर्णाङ्क २८ पे.(६७-७३) काठमाडौं किरातराई यायोक्खा केन्द्रीय कार्यसमिति ।

राई, चतुरभक्त र तारामणि राई (२०६६), "किरात राई जातिको मौलिक धर्म, संस्कार, संस्कृतिममा आएका विचलन र त्यसलाई रोक्नका लागि अपनाउनु पर्ने रणनीतिक उपायहरू", संस्कृति मन्त्रालयमा प्रस्तुत गरिएको अनुसन्धान प्रतिवेदन ।

राई, तारामणि (२०६३), "कोयी राई जातिमा साकेल् : एक अध्यायन" आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठानमा प्रस्तुत प्रतिवदेन ।

राई, तारामणि र अन्य (२०६८), "किरात मुन्दुम : किरात राई जातिको मौलिक दर्शन" किरात राई अन्तर्राष्ट्रिय सम्मेलन तथ महोत्सव **स्मारिका,** काठमाडौं : किरात राई यायोक्खा ।


राई, बयान सिं (२०६२), **रोदुङ रिलुङ : किरात संस्कृति,** काठमाडौं: श्रीमती निरूपा राई, श्रीमान सीताराम राई, श्रीमती तस्वीरा राई, श्रीमान् रत्न राई ।

**जावोम्लो / छीरीयाम्लो २०७४ (सकला उद्यौली) चाडको शुभ उपलक्ष्यमा सुप्तुलु, युङखुलु, रिमेम, नायम, एवं सुम्निमा पारूहाङले हामी सबैको रक्षा गरून् ।**



**सुरज याम्फु**
**सपरिवार**
**याङसिला -४**
**मोरङ**

**जावोम्लो / छीरीयाम्लो २०७४ (सकला उद्यौली) चाडको शुभ उपलक्ष्यमा सुप्तुलु, युङखुलु, रिमेम, नायम, एवं सुम्निमा पारूहाङले हामी सबैको रक्षा गरून् ।**



**एम.वि. लुप्पो ढुमी राई**
**लाम्दिजा ३, माक्पालीडाडा, खोटाङ**
**हाल: हङकङ**

# कस्तो संस्कृति मेरो, किन लोप हुदैछ ?

**मौलिधन दुमी राई**
जालपा ८, खोटाङ
हाल: कपन, काठमाण्डौ
raimdc@gmail.com



मेरो चर्चा संस्कृतिसँग जोडिदैछ के हो त संस्कृति र किन संस्कृति विशिष्टतम छ । विकिपिडिया भन्छ -"संस्कृति कुनै समाजमा गहिराईसम्म व्याप्त गुणहरूका समग्र रूपको नाम छ जुन ती समाजका सोच्ने, विचार गर्ने, कार्य गर्ने, खाने, पिउँने, बोल्ने, नृत्य, गायन, साहित्य, कला, वास्तुकला आदिमा परिलक्षित हुन्छ । संस्कृतिको वर्तमान रूप कुनै समाजका दीर्घ कालसम्म अपनाइएका पद्धतिहरूको परिणाम हुन्"।

विकिपिडियाको तर्कलाई म यसरी जोड्न चाहन्छु । जव मानिस जन्मन्छ, विस्तारै हुर्कदै जान्छ अनि अन्त्यमा ऊ मर्छ यो प्रकृतिको नियम हो । जन्मेदेखि मरणसम्म उसले जे जति क्रियाकलापहरु गर्दछ त्यो संस्कृति भित्र पर्दछ । अर्थात मानव समुदायको विकास प्रक्रियामा मानिसले नै सिर्जना गरेको भौतिक तथा अभौतिक पक्षहरुको योग नै संस्कृति हो ।

शाब्दिक अर्थमा परिस्कृत शब्दबाटै संस्कृति शब्दको विकास भएको पाइन्छ । संस्कृति शब्द पूर्वीय दर्शनशास्त्रमा संस्कारबाट आएको अनुमान गरिन्छ । यसबाट के अनुमान गर्न सकिन्छ कि संस्कृति व्यापक र मानव जीवनशैलीको रुपमा रहेको छ । सामाजिक मूल्य, मान्यता, भाषा, धर्म, प्रतिक तथा रहनसहन र भौतिक पक्षले संस्कृतिलाई पूर्णता दिन्छ । तसर्थ यी पक्षहरुलाई आवश्यकीय पक्षको रुपमा लिएको पाइन्छ ।

समाजशास्त्रका दार्शनिक इ.वि. टेलरका अनुसार संस्कृति भन्नाले -"Culture is that complex whole which includes knowledge, belief, art, morals, law, custom and any other capabilities and habits acquired by men as a member of society" यस परिभाषाबाट नै थाहा हुन्छ कि संस्कृति त्यस्तो जटिलता हो जसमा ज्ञान, शिप, कला, नैतिकता, कानुन, प्रथा तथा अन्य यस्तै गुणहरु संलग्न हुन्छन् । जुनचाही समुदायको सदस्यका हैसियतले ग्रहण गरेको पाइन्छ । साथै मानिसले सिकिने व्यवहारका रुपमा समष्टिगत पक्षलाई संस्कृति मानिएको छ । त्यसरी नै विद्वान मालिनोस्किका अनुसार "Culture is the handiwork of man and the medium through which he achieved his ends". यसबाट पनि संस्कृति मानव निर्मित कार्य हो, जसबाट उसले आफ्नो लक्ष्य प्राप्त गर्दछ भने कुरा स्पष्ट गरेको छ । *(परिभाषाको स्रोत: नेपालमा समाज र संस्कृति, बलराम आचार्य)*

हामी किराती । हामी मुलबासी । हामी संस्कृतिका धनी । प्राचीनकालदेखि यो मुलुकमा बसोबास गर्ने विभिन्न जातजातिमध्ये राई जाति पनि एक हो । हामीले हाम्रो संस्कृति पुर्खौं देखि मानिआएका छौं । आफ्नो संस्कार, मूल्य तथा मान्यतालाई आत्मसाथ गर्दै आईरहेका छौं । हाम्रो आफ्नै मातृभाषा छ । भाषालाई संस्कृतिको सम्बाहक मानिन्छ । हाम्रो आफ्नै संस्कार छ अनि हाम्रो आफ्नै मूल्य र मान्यता छ त्यसैले त हामी संस्कृतिको धनी हौं । विशेष गरी किरात वर्गमा आफूलाई आवद्ध गरी आदिवासी जनजातिको रूपमा आफ्नो पृथक् पहिचान बनाइराख्न सङ्घर्षरत जाति पनि हो ।

हामीसँग प्रसस्तै किराती श्रृङ्गारका आभूषण छ । बाल्यकालमा मुन्द्री, बाला, कल्ली, भोटो आहा ! कति राम्ररी सुहाउदो हुन्छ । वयस्कमा औंठी अनि त्यो आफ्नै सीप र परिश्रमबाट तयार पारिएको दौरा सुरुवाल, पटुकी, अर्धकोट अनि पटुकीमा खुकुरी भिरेर हिड्दा, महिलाहरुले बहुमूल्यको गरगहना सुनको शिरफुल, शिरबन्दी, लुर्के सुन, ढुंग्री मुन्द्री, चारआनी, आठानी, रेजी, चाँदीको हार, कल्ली छिटको सारी, चौबन्दी चोलो र पटुकीमा सजिदै रहदा कसको चाही नजर नलाग्ला, अनि कसले मन नपराउला ? मैले यहा भनि साध्य छैन । कस्तो भेषभुषा

छ मेरो, कस्तो पहिरन छ मेरो ।

हामी गरगहना र आफ्नो भेषभुषामा पहिरिएको अवस्था । वर्षको दुई पटक अर्थात साकेला उद्यौली र उभौली (बैशाखे पूर्णीमा र मंसिरे पुर्णीमा)मा नाचिने विभिन्न प्रकारको शिली, गाइने गीत र त्यो ढोल झ्याम्टा चौरीको पुच्छर, धनुवाण सहितको नाच । भुमे पुजा (प्रकृति पुजा) कस्तो विशिष्ट संस्कृति छ मेरो, कस्तो सुन्दर र परिश्कृत संस्कृति छ मेरो ।

भुमेपुजा गर्दा, पित्रो गर्दा, न्वारान, पास्नी, छेवर, गुन्यूचोला, विहेवारी गर्दा र मृत्यु संस्कार पर्दा मात्र नभएर दैनिक कामकाज गर्दा बोलिने मातृभाषा कति सुन्दर छ । किराती मुन्धुमको विशेषता झन त्यतिकै महत्वपूर्ण रहेको छ ।

यति हुँदा हुँदै पनि लोप हुदैछ मेरो संस्कृति । लोप हुँदैछ मेरो मातृभाषा । युवा पुस्ताहरु आफ्नो मौलिक पहिचान र संस्कृतिलाई चटक्कै भुल्दै पश्चिमीकरणको प्रभावमा अनेकौं विकृति विसंगतिमा लाग्नु, विद्यालयमा मातृभाषाको पठनपाठन नहुनु, विद्यालयमा पठनपाठन गर्ने वातावरण सरकारी तवरबाट नहुनु, रोजगारीको ग्यारेन्टी गर्न नसक्नु, अन्तरजातिय विवाह, विभिन्न सामाजिक संजालहरुको प्रभाव, मातृभाषा प्रति चेतनाका अभाव आदि कारणले गर्दा हाम्रो संस्कार र संस्कृति तथा मातृभाषा लोप हुदै गएको छ ।

लोप हुन लागेको मेरो संस्कार, संस्कृति र मातृभाषालाई अव जिवन्त राख्न के गर्ने होला भन्ने कुरालाई ध्यान दिनु जरुरी ठान्दछु । हाम्रो मौलिक पहिचान, संस्कार र संस्कृतिलाई बचाई राख्न पश्चिमीकरणबाट आएको त्यो अनेकौं कुरीतिलाई हटाउनु पर्दछ । आफ्नो संस्कार र संस्कृतिको सही मूल्यांकन र प्रवर्द्धनमा जोड दिनु पर्दछ । हामीले हाम्रो मातृभाषालाई पाठ्यक्रमका विकास गरी स्थानीय स्तरमा प्राथमिक तहसम्म मातृभाषाको कक्षा संचालन गर्नु पर्दछ । आफ्नो संस्कार र संस्कृतिलाई लिपिबद्ध गर्दै लानु आवश्यक छ । युवा पुस्तालाई मौलिक संस्कृतिको विशेषताका बारेमा जनचेतना जगाई आगामी दिनमा युवा पुस्तालाई सो प्रति अभिप्रेरित गरिनु जरुरी ठानेको छु ।


**जावोम्लो / छीरीयाम्लो २०७४ (सकला उद्यौली)**
**चाडको शुभ उपलक्ष्यमा सुप्तुलु, युङखुलु, रिमेम,**
**नायम एवं सुम्निमा पारूहाङले**
**हामी सबैको रक्षा गरून् ।**

**विजय लक्ष्मी/राजकुमार राई**
सप्तेश्वर, खोटाङ
हाल: क्यानडा



# JUST BE POSITIVE



Shristi Halaksu
Dikma Dumi Rai

*I am Shristi Dumi Rai. I am elder daughter of my family. I read in class 9 in Nava Arunima secondary school, Arubari. I am 14 years old. I am going to share my some experiences of my life. As my mom (Dambar Kumari Khaling Rai) And Dad (Ishwor Man Dumi Rai) told me that I was born in Phaplu hospital of Solukhumbu district in Buddha Jayanti at 2057 B.S. My home village is called Norung of Makpa VDC, Khotang. I don't know how my childhood passed away because I don't know my childhood memories much. Whenever, I think about my birthplace and my village I used to remind my childhood memories by looking my small pics. And sometime my dad and mom also shared my childhood behaviors. As, they tell me that I was very sincere when I was small. I think due my age or due time sometime I do such mistakes which really hurts my parents and after doing such mistakes its hurts me too. It seems little funny that I don't be careful and sincere before doing such mistake but after doing it. I feel very bad and I used to be hurt. Whenever I think about it I thought that may be this is the way to learn. And may be knowingly or unknowingly sometimes I repeat those mistakes again and again. But when I remember my first mistake, I promise myself not to repeat such mistakes again and not to break my trust towards me. Then that promise always aware me to repeat such mistakes again. And such mistakes are my one of the great experience of my life. As whenever I do such mistakes I get chance to correct myself and be careful before doing any works. Meanwhile in my school's life and now also I m enjoying my school's life my subject teachers always support me and tells me that I am good, talent and honest student. But my report card always shows poor marks after the examination. And teachers are also always saying me that the obtained marks is not satisfactory as they expect from me. I don't know why such things happen because I always do my best and work hard in every examination. But I just know that the person who works hard never fail in every works. So, after getting such dissatisfaction marks also I always try hard work to achieve good marks. And I know one day I will sure get the satisfactory marks and make my parents and teacher happy and I will feel proud of myself. And it doesn't mean that I am not getting success. I have been selected as the school's captain of the year 2014. I feel, it is also my great achievement of my hard work. When I was in junior class, I used to dream that I will also be the captain and monitor the school's students and also help to the teachers. And today my dream came true just due to my hard work not only my hard work due to my mom and dad proper guiding and thorough contribution too, who always encourage me for good works, suggest me, aware me and the main things they always teach me good and honest behavior. Due to which I am able to be a good student. Yeah!! Being a captain my education learning achievement and extracurricular activities are also gradually improving. Anyway my main intention is to secure good marks with high percentage and I am working hard for it too. Being a captain I face many problems till now and did many mistakes and get many scold from teachers and administration. However, I never become nervous and always try my best to be sincere with my jobs taking those scolds as a lesson. Many students' story may be like me as they work hard but can't get the success. But it doesn't mean that we should stop working hard. Now I can just say to work hard and try our best until we reach to our destiny and never give up in any situation and at any cost. We never care whatever other bad peoples talk about us. Let's just be hardworking and honest from our side.*

**जावोम्लो / छीरीयाम्लो ५०७४ (सकला उद्यौली) चाडको शुभ उपलक्ष्यमा सुप्तुलु, युङखुलु, रिमेम, नायम, एवं सुम्निमा पारुहाङले हामी सबैको रक्षा गरुन् ।**




सम्झना सरचु दुमी राई
युवराज हलक्सु दुमी राई
तथा सपरिवार
लाम्दीजा, माक्पालीडाडा- ३,खोटाङ

# My Happiest moment



Sophi Halaksu
Dikma Dumi Rai


My name is Sophi Dumi Rai. I read in Nava Arunima secondary school at Arubari. I am 12 years old. I read in class 7. Now I am going to share about my happiest moment.

Arunima foundation had organized a poem competition on the occasion of Bhanu Jayanti in 29th Asar, 2071 among the three schools. It was Asar 27th, there was poem writing and selecting at Arunima higher secondary school at Boudha.. I also participated from Nava Arunima School. Me and my friends went to Boudha by school`s bus. Then we all reached to Arunima Higher Secondary school. We entered in the classroom, and then teacher gave us a sheet of paper and told us to write down the topic in which we were willing to write a poem. All of us started to write a poem in the topic which was given. It was quite hard to write a poem on the topic of discipline but also I tried my best… Teacher informed us that only selected can recite the poem on Asar 29th. Then we returned to our school. I was just thinking that "I would be selected or not " anyway I had tried my best. In ashad 28th, result was announced of selected student. I was very glad that I was also selected. In ashad 29th, I went Bouddha School for poem recitation again. I was quite nervous because I have never recited a poem in front of audience in large number. There were around 40 competitors and around 10 teachers. Every student recited their poem turn by turn. Now it was my turn. I went in front and started to recite my poem smoothly… I was very afraid but I did it .. When I finished my reciting poem. Every one clapped their hands.. which encouraged me to gain my confidence. Every student finished reciting poem. Now it was result time. I was just thinking that "I am capable of winning or not". When teacher announced my name in second position in front of all the audience and other competitors .Then that was my happiest moment ever. I was very proud of myself for the achievement.. ☺ ☺


हार्दिक शुभकामना

छीरीयाम्लो ५०७४ तोसी (साकेला उद्यौली) चाडको शुभ उपलक्ष्यमा सुप्तुलु, युङखुलु एवं सुम्नीमा पारूहाङले हामी सबैको रक्षा गरून् ।





जगत बहादुर सरचु बुसुरु दुमीराई
श्रीमती बुद्ध लक्षी हम्रुचु दुमीराई
खार्मी-३, खोटाङ
हाल: भोटेपुल, सगरमाथा चोक, धरान, सुनसरी

# गीत



✍ युवराज हलक्सु दुमी राई 'छिद्र'

धेरै पल्ट घाम जुन झुल्के अनि डुबे
बसन्तको कैयौ बहार झरे अनि उम्रे
कथा बनि अतितहरु सम्झनामा बस्दोरैछ
पलका दुःख पलका सुख नजरमा अट्दोरैछ ।

बिहानको शित साँझको हावा सिरेटो चल्ने ठाउँ
बिर्सन गाह्रो स्मृति भित्र छुपेको सानो गाउँ
घाम सँगै पाइला सरेर गयो छितिज ओलियाें
आज र भोलि दिन गन्दा गन्दै बिरानो भईसक्यो ।

डोको र नाम्लो बिरानो भयो कष्ट चाँहीं उस्तै छ
घर छोडि धेरै पुगियो टाढा मन तर उतै छ
कसैले देको अन्मोल माया बिर्सन गाह्रो भो
फर्केर जाँउ गरीबी भारी उठाउन साह्रो भो ।


खोटाङ लाम्दिजा माक्पाली डाडाँ-३
हाल:अफगानिस्थान

जावोम्लो / छीरीयाम्लो ५०७४ (सकला उद्यौली) चाडको शुभ उपलक्ष्यमा सुप्तुलु, युङखुलु, रिमेम, नायम, एवं सुम्निमा पारुहाङले हामी सबैको रक्षा गरून् ।




विकास हम्पचु / अम्बिका दुमी राई
तथा स-परिवार
जालपा ४ पुरानोगाउ
खोटाङ

जावोम्लो / छीरीयाम्लो ५०७४ (सकला उद्यौली) चाडको शुभ उपलक्ष्यमा सुप्तुलु, युङखुलु, रिमेम, नायम, एवं सुम्निमा पारूहाङले हामी सबैको रक्षा गरून् ।



कोफीहाङमा दुमी
जालपा-९

जावोम्लो / छीरीयाम्लो ५०७४ (सकला उद्यौली) चाडको शुभ उपलक्ष्यमा सुप्तुलु, युङखुलु, रिमेम, नायम, एवं सुम्निमा पारुहाङले हामी सबैको रक्षा गरून् ।



तेज बहादुर दुमी राई
मिश्रा दुमी राई
जालपा-४
पुरानोगाउ, खोटाङ

# दुमी वुसुरु - युमुमा पाछ्चाको न्वागी तरिका



संकलकः
दुमकिम अध्यक्ष, धरान
श्री जगत बहादुर राई
सहयोगीः
सचिव श्री भूमिराज दुमी



**न्वागी (सेर)**

नयाँ बाली पहिले आफ्नो पितृहरुलाई दिनुलाई न्वागी वा सेर हान्नु भनिन्छ ।

विभिन्न स्थानमा छरिएर रहँदा बस्दा पुर्खाहरुले विभिन्न तरिकाले न्वागी दिन थाले । जसले गर्दा अहिले ठाउँ-ठाउँमा आ-आफ्नै तरिकाले न्वागी दिने चलन छ । यहाँ खार्मी-चोखुम वरपर रहेका चार पाछ्चा सरचु, बलक्पू, दिम्माचु, हरषीरुले गर्ने तरिका लेखिएको जानकारी गरिन्छ ।

**न्वागी गर्दा पहिले ज्ञान थपना राख्ने तरिका :-**

१. चुलाको वरिपरी सर-सफाई गरि चोखो पानी र माटोले लिप्नुपर्छ ।
२. चुलोको देब्रेपट्टि दुईवटा नाङ्लो राख्नु पर्छ । दुवै नाङ्लोमा चिउरा मिसाएर १-१ मुट्ठी चामल राख्ने । चामल माथि (मदाम) चरा माछा राख्नुपर्छ ।
३. एउटै गाना भएको अदुवामा दुई हाँगा (सर) भएको दुवै नाङ्लोमा दुई-दुईवटा ठड्याएर राख्नुपर्छ ।
४. दाहिनेपट्टिको नाङ्लोको कुना भित्तामा छोरा मान्छेले चलाउने हतियार तरबार, कट्टि, खुकुरी, खोंडा, भए बन्दुक, गुलेली, बन्चरो र जाँड भरेको तोङ्बा राख्नुपर्छ ।
५. बायाँ तर्फ छोरी मान्छेले चलाउने हतियार हँसिया, खुरुम्बी, कुटो कोदालो, बुछुलुमा जाँड हाली राख्ने ।
६. चुलामा चढाउनको लागि एउटा काँसे बटुकामा चोखो जाँड पानीमा रेलेर राख्नुपर्छ । जाँड खन्याउने एक केराको पातको दुना बनाई राख्नु पर्छ । यसलाई खची भनिन्छ ।
७. चुलामा चढाउन काँसे बटुकामा चामल, अदुवा काटेको टुक्रालाई पानीले भिजाई राख्नुपर्छ ।
८. काठको पिरा (बलम्ख) राख्ने । धामी भए बलम्खमा बस्ने अरु पुर्खाले गर्ने भए बलम्खमा बस्नु हुँदैन । बलम्खलाई चामल र चोखो जाँडले पूजा गर्नुपर्छ ।

बलम्ख पूजा गर्ने बिधि
तमे आनु बलम्खवी कुर्वा डगईसिता अङ् मपने डगईसिनु इतमे भन्दै चोखो जाँड र चामलले छर्कने ।

९. भित्तातिर हान्नको लागि पाथीमा भए १ पाथी नभए १ माना चामल राख्ने । त्यस चामल माथि मदम पनि राख्नुपर्छ । चामल राखेको पाथीमा कुर्वा (धामी) भए दुई सर एउटै गाना भएको अदुवाको चोखो बोट मप्प भए १ सर एउटै गाना भएको अदुवाको चोखो बोट राख्नुपर्छ । धामीले त्यहि पाथीमा राखेको चामल अदुवा चुलामा चढाउनु पर्छ । बटुकामा राखेको अदुवा चामल चाही न्वागी गर्ने घरको मान्छेले चुलामा चढाउनु पर्छ । (धामीले चढाएपछी संग संगै चढाउने )
१०. ३ मुठा धानको बाला र भए कोदोको बाला पनि चाहिन्छ । यो थान थाप्नुलाई हाल्नु र उठाउनुलाई बेल्नु भनिन्छ ।
११. अगेनामाथि भित्तामा शुरुमिको लागि एक काठको फलेकको थान बनाएको हुन्छ । त्यसलाई सफा गर्ने । फलेकमाथि केराको पात ओछ्याउने । केराको पातमाथि चामल र १ सर, १ गाना भएको अदुवा राख्ने । चीण्डोमा चोखो जाँड राख्ने । एउटा भाले तयार गर्ने । भाले पछ्र्याउदा त्यहि थानको चामल अदुवा चलाउने ।

**बुजम न्वागी हान्ने विधि**

सबभन्दा पहिला देउदेउता थानी मानिहरुलाई यसो अदुवा अक्षता सार्ने अनि चुलामा अक्षता, अदुवा

जाँड दायाँ बाट पालै पालो चढाउने । पहिला कुन पाछाको घरमा न्वागी हान्ने हो त्यहि पाछाको बाजे पुर्खालाई निम्तो गर्नुपर्छ । त्यस पछी अरु पाछाको बाजेहरुलाई निम्तो गर्नुपर्छ ।

**निम्तो गर्ने बिधि**

३ चुलामा अक्षता अदुवा जाँड चढाउने । यो सरचुको घरमा गरिएको हुनाले सरचुको बाजे पुर्खालाई पहिला बोलाइएको छ । तामे सरचु नाम्चुप चुचुहाम खपखप आमतिनी, आन्नी सरचु नाम्चु तकुसे (जगत ब.को मचिनो हो) (जसको घरमा कार्य गरिन्छ, उसैको मचिनो नाम पुकार्ने) दालो सुप्तुलु सेरखाम्बी होनिका मनिवो बलसीचिनोवो । सलुवी, कओवीमा खुचिनी, सीबी ग्रहनम्बी माखुचिनी झारा फन्सिचिनिवो । महिका देफनी आस्तिनिमे आम्नुनेत अम्लुजा जुनु तुङ्नु थहका देफकुम्बे । आन्नी चुचाचु सरचु नाम्चु तकुसे तायामिप दालो सुप्तुलु सेरखाम्बी आम्नु बुजम्पुरी बिनुका देफकुम्मे ।

**अब ३ पाछाको बाजेहरुलाई निम्तो बोलाउने :**

माथि सरचुको लाई बोलाइएको थियो अब तमे हरसी,"दिम्माचु, बालक्पू नाम्चुप चुचुहाम खपखप आमतिनी आन्नी चुचाचु सरचु नाम्चु तकुसे तयामिप दालो सुप्तुलबी सेरखाम्बी होनिका मनि बल्सिचिनिवो । सालु कावोबि माखुचिनी, झारा फन्सिचिनिवो । महिका देफनी आस्तिनिमे आन्नी चुचाचु सरचु नाम्चु तकुसे तयामिप दालो सुप्तुलु सेरखाम्बी आम्नु बुजम्पुरी बिनुका देफकुम्मे ।

यस पछी चारपाछाको बजुहरुलाई एकै चोटी बोलाउने ३ चुलामा अक्षता अदुवा जाँड चढाउने अनि भन्ने तमे चारै पाछाप पिपिहाम खपखप आमतिनी आन्नी चुचाचु सरचु नम्चु तकुसे तयामिप दालो सुप्तुलु सेरखाम्बी होनिका मनिवो बल्सिचिनिवो । ग्रहनम लेक्दिम्बी सीवी माखुचिनिवो । झारा फन्सिचिनिवो । महिका देफनि आस्तिनिमे अम्नुनेत अम्लुजा जुनु तुङ्नु थहका देफकुम्मे । अन्नी चुचाचु सरचु नाम्चु तकुसे तयामिप दालो सुप्तुलु सेरखाम्बी आम्नु बुजम्पुरी बिनुका देफकुम्मे ।

नाट :- जानेसम्म पिपिहरुलाई उनीहरुको सामेबाट निम्तो गर्नुपर्छ । जस्तै युयुमा, बुङ्खामा, याङ्खामा, पुलुमा - थुलुमा, सतमा, हरिमा, चेचेरेङ्मा भ्याक्सुम्मा, हाम्नो । चुचुरुहरुलाई पनि जानेसम्म उनीहरुको मचिनोबाट निम्तो गर्नुपर्छ जस्तै :- तदुसे, तुकसे, पर्कुसे, सिबिसे आदि ।

**यति निम्तो गरिसकेपछि दिनु थाल्ने :-**

माथि निम्तो गरे जस्तै जुन पाछाको घरमा सेर हान्ने हो त्यहि पाछाको चुचुरुहरुलाई पहिला दिनुपर्छ ।

३ चुलामा अक्षता अदुवा जाँड चढाउने र भन्ने तमे सरचु नाम्चुप चुचुहाम आन्नी चुचाचु सरचु नम्चु तकुसे तयामिप सेरखाम्बी होनिका मनिवो बल्सिचिनिवो । अतिन धिरिछवी आन्नी चुचाचु नामेचुआ खाएउक्ति मुनिका । झारा चदुम्प रए ङ्याफिनिका लेतिनिका तेयो छिरिछवि सालिजा धुमुका, तेल्पुजा धुमुका, निमुजा धुमुका, सिरबुजा धुमुका, सुविम् माकुम् धुमुका, झारा अम्लुजा धुमुका, झारा अम्लुजा जुनु तुङ्नु थहका । इङ्कि चुचुहाम माबिन्न । माखन्न महिसका जुनु आक्तुका आम्नु बिकुम्मे । अब ३ चुलामा अक्षता अदुवा जाँड चढाउने र तयारी धानको एक मुठा बाला आगेनको माझमा लगाउने अनि भन्ने :-

तमे सरचुप चुचुहाम अम्लुजा हसहल मोनिका जुनिवो तुडीनिवो । त पातिजाकै, बारा सुकै, खामुदिमुकै, सुविम माकुम्कै तबुकै बाछा बिछु झारा आन्नी च्याम्दकै , आन्नी चुचाचु नामेचुप खुर्दुबुर्दु साप्सवाल हसहंल मोनिका जुनी तुङनी लुखिनिवो नागी यालो हाम्नो ।

फेरी ३ चुलामा अक्षता अदुवा जाँड चढाउने निंखाली खाने सबै भन्दा पाछाडी मर्ने मान्छेको मचिनो भन्दै वा पुकार्दै (वा झारा चुचुहाम भन्दा पनि हुन्छ ) भित्तामा पाथीको चामल मुठीले हान्दै सेरो लुखिनिवो- सेरो लुखिनिवो- सेरो लुखिनिवो भन्दै ३ फेर हान्नु पर्छ ।

अब भन्ने बिधि :

सुम्निम सालपविने थगका निशका केबा केबा आजोनी आतुङिनी तेयोने (अहिले) थमुचा निमुचा

छिर्कु मिर्कु हाङ्गखुचा लुखाकितियो । खेरेखेरे छुका । पुखु खकिर्तेयो खेरे खेरे छुका, मोयो माछुकन मेका आन्नी चुचाचुने चादुम्बी रेचुकु, खवा बुलुबी रेचुकु दुखुलिप्पा छुकिम्मे मेका हान्था हान्था विकुम्बी गचाया, ममुनिवो चुचुहाम्नो । तेयोने कुवि लुखा मुबी लुखा मेका मप्प मदरआ हुप्स लम्का बिकुम्मे । तम् बिक्पु खन्पु आसअ माआचिसनमे । आङ्यो आन्नी चुचाचु ङमे, छापछुल मामनिवो, आन्नी चुचाचु नामेचुप खुर्दुबुर्दु साप्सवाल जुनी तुङीनिका सुकुलोनिका आन्नी चुचाचु नामेचु रुरी बेनी, सकुबेनी, निबेनी, पुमारीबेनी, ओमारिबेनी, चादुम्सबेली, खावासाम्बेनी, हम्नुबम्नु ममोनी, नाचुरी नयारी हेका तयातोलेनी काक्पू खेक्पू हेका तयातोलेनी, साम्खारी, युम्खारी मामोनी छिलाम्हार्नी, दिलमहार्नी, छिलेम्बानी, दिलाम्बेनी, छियामा मामोनी, कियामा मामोनी सिप्सिमो जिप्जिमो मामोनी, लुहुक्चुमो पर्चुमो मामोनी, कियामा आमुतिनी खने । छानी हाम आ सेन्तीनिय लाजी सिसि छुक्तुमे । मिनुआ सेन्तीनिवो सेनथेमुनी, ङीतिनियो । ङीन्थेमुनिवो । तम्सुलम ने आन्नी आङ आमुनिम आन्नी आङ्ग चुक्पू आमातिनी । इङकिने मायो कुक्कीतीन चुक्कीतीनमेङ पछु किकुम्मे, चुचुहाम्नो ।

यसपछि ३ पाछाको चुचुहरुलाई दिनुपर्छ :

तमे हरसी दिम्माचु बलाक्पुप चुचुहाम भन्दै अरु बखान माथि हरसीलाई गरे जस्तै हो । अदुवा अक्षता जाँड धनको मुठा दिने सबै माथि बमोजिम गर्ने ।

सबै चुचुहरुलाई दिई सकेपछी चारै पाछाको पिपिहरुलाई दिनुपर्छ :

तिनै पाछाको पिपिहरुलाई दिंदा पनि ३ वटा चुलामा अक्षता अदुवा जाँड हाल्ने र भन्ने :-

तमे चारै पाछाप पिपिहाम (सकेसम्म सग्मेबाट दिने) युयुमा, छेकुम्मा, कुलुमा, थुलुमा, सतमा, हरिमा, बुङ्खामा, याङ्खामा, भ्याक्सुमा, ब्रक्सुमा, खलिमा, चेचेरेङ्मा झारा पीपीहाम आन्नी चुचाचुआ आत्तिन धिरिछाबी, झारा चदुम्पा ररु ङे फिनिका लेतेनिका खारुउक्ति मोनिका तेय छिरिछबी झारा चदुम धुमुका, तेलपुजा धुमुका, निमुजा धुमुका, शिरबुजा धुमुका, शालिजा धमुका, सुबिम मकुम धुमुका ईङकी पिपिहाम माबिन्न माखन्न महिसका जुनु आक्तुका बिकुम्मे पिपिहाम्नो यति भनिसकेपछि अक्षता अदुवा जाँड धानको मुठा अगेनामा हालिदिने । अनि भन्ने :

तमे पतिजाकै मदाम्दम् छिदम्दामकै बिसुकै खामोसाम धिमुसाम्कै आन्नी चेदमकै आन्नी चुचाचु नामेचुप खुर्दुबुर्दु सप्सवाल जोनी तुङीनिवो ३ मुठी चामल दिदै सेरो गुजो भन्दै ।

जुनी तुङीनिका सुकुलोनिवो । सुमनिम सालपबिने थगका निगका केबा केबा आजोनी आ तुङनी, तेयोने थमुचा निमुचा, मेका मायो छुकुन मेका हान्या हान्था बिकुम्मे गचाया ममनिवो पिपिहाम्नो ।

आन्नी चुचाचु नामेचु रुरुबेनी सकुबेनी चादुम सम्बेनी, खाबा साम्बेनी, नाचुरी नायरी हेका ताया तोलेनी, साम्खारी याम्खारी मामोनी, हम्नु बम्नु मामोनी, सिपसीम जिपजिम मामोनी, दनिआ सन्तनिय, सेनथेमुनी ङीतिनिवो ङीनथेमुनी, छिलामहार्नी धिलमहार्नी छिया ममुनी, कियामा मुनि कियामा आमुतिनी, खने दनिहामआ सिजेक्तीमे लाजी सीसी छुक्तुमे पिपिहाम्नो । आन्निङ कक्पू आमतिनी सिकिमे परिमे हाम्नो । तम्सुलाम्ने आन्नी आङ आमनिम आन्नी आङ आतानिम । अङ्कु आने मम सुलमङ मुकुम्मे । तम बिक्पू खन्पू आसु अ माआचिनिमे आन्नी चुचाचु (मचिनो बोलाउने)छापछुल मामनिवो ।

अब सम्खरी युमखारीलाई पाछाडीपट्टि दिने :-

कोहि अकालमा मारी सियाँ वाहि भएका साम्खारी युम्खारीहरुलाई पाछाडीपट्टि अन्तिममा दिनुपर्छ । उनीहरुलाई पनि त्यहि अक्षता अदुवा र जाँड दिइन्छ । तमे चारै पाछाप रंगेली साम्खा हाचाप्पू साम्खा बुदुमा साम्खा चुचुहम्नो पिपिहाम्नो आम्नुने आन्नी चुचाचु (मचिनोको नाम भन्ने) दालो सुप्तुलु सेरखाम्बी बजम्पुरी बिकुम्का आन्नीया बिकुम्मे । जोनी तुङनिका सुकुलोनिवो । आन्नी ने आन्नी तुबू छिलोसी तेम्सकाङ चब्बुआ चफ्तुम बप्पुवा बप्तुमका यबी जुक्पू आ छुकी निम्मे । गचाया

मनुनिवो । साम्खा युम्खा मामोनीवो । आन्नी चुचाचुप खुर्दुबुर्दु साप्सवाल जोनी तुङीनिका आन्नी मुकुदाम्बी खुचुनिवो ।.

यति काम सकेपछी सुरुमी पूजा गर्ने :-

गर्ने तरिका :-

तामे सुरुमी अप्लुमी चुचुहाम आम्नुने आन्नी चुचाचु (मचिनेको नाम भन्ने)को दालो सुप्तुलु सेरखाम्बी बुजमपुरिका आन्नी सुरुमी चुचुहामय बिकुम्मे । आन्नी चुचाचु तमेचुप खुर्दुबुर्दु साप्सवाल फुसाम जोनी तुङिनी लुखिनिवो । अब भालेलाई अदुवा अक्षता जाँडले पर्छिने । पर्छिएपछी भाले काट्ने । भालेको टाउको माथिको टाँडमा राख्ने कुखुरा चुलामा रगत नलाग्ने गरि राख्ने । फुल भए फुटाएर दुनामा चिंगा हेर्न राख्ने । (फुलमा रगतको टिका देखिए बिमारी भइन्छ)

यति सकेपछी भन्ने :-

आन्निने कओबी दिबुरीबी छिबुरीबी सुरुमी आमुनी आप्लुमी चेमिनी आन्निङ चुक्पू कुक्पू आ मतिनी इडकिने मायो कुक्कीतीनमप्पो मदरमे, रुरुबेनी सकुबेनी, चादुम, साम्बेनी, बुलु साम्बेनी लुहकचुमो पर्चुमो साम्बेनी मामुनी नाचुरी नयारी हेकताया तोलेनिवो तुङीनिका सुकुलोनिवो . अरु देव देवता राखेको छ भने यसो सारी दिने ।

नोट : जान्ने मान्छे भए अरु कुराहरु थपेर पुकारा गर्न सकिन्छ ।


## हार्दिक शुभकामना

**जावोम्लो / छीरीयाम्लो ५०७४ (सकला उद्यौली) चाडको शुभ उपलक्ष्यमा सुप्तुलु, युङखुलु एवं सुम्निमा पारूहाङले हामी सबैको रक्षा गरून् ।**




**प्रताव पुमा राई**

**प्रशिक्षक**

**होप कोरियन भाषा इन्ष्टिट्युट**

**सातदेबाटो-१५, ललितपुर मो. ९८०८१२०८६३**

**जावोम्लो / छीरीयाम्लो ५०७४ (सकला उद्यौली) चाडको शुभ उपलक्ष्यमा सुप्तुलु, युङखुलु, रिमेम, नायम, एवं सुम्निमा पारूहाङले हामी सबैको रक्षा गरून् ।**



**कृपा हदी दुमी राई**

**तथा स-परिवार**

**धरान ८**

Lic. No. 558/062/063

Gov. Reg. no. 32609/061/062

विजयादशमी तथा शुभदिपावली २०७१ को पावन अवसरमा
सम्पूर्ण ग्राहकहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

Bijaya Rai
Managing Director
H/P: 9851089599, 9841706618

गौरीशंकर ओभरसिज प्रा.लि.
Gaurishankar Overseas Pvt. Ltd.

House no. 28, Kshitizmarga, Shankhamul, Kathmandu Nepal
Tel: +977-1-4783017, 4785605
Email: gsoverseas558@gmail.com, info@gsoverseas.com.np, Web: gsoverseas.com.np

बैदेशिक रोजगारको लागि हामीलाई सम्झनुहोस्:
● विश्वासिलो ● भरपर्दो माध्यम ● छिटो छरितो ● प्रभावकारी सेवा ● परामर्श सेवा ● कागजी प्रक्रिया

Licence no. 936/067/68

Regd: 78071/067/068

विजयादशमी तथा शुभदिपावली २०७१ को पावन अवसरमा
सम्पूर्ण ग्राहकहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

Ashok Thapa Magar
Director
Mob: +977-9851042634
Email: mgr_1985@yahoo.com.sg

MAA PADMA PLACEMENT (P) LTD.
New Baneshor, Minbhawan, Prayag Marga
Kathmandu Nepal, Tel: +977-1-4620608,Fax: +977-1-4620609
Email: info@maapadma.comWeb.www.maapadma.com

Our Experience your advantage

बैदेशिक रोजगारको लागि हामीलाई सम्झनुहोस्:
● विश्वासिलो ● भरपर्दो माध्यम ● छिटो छरितो ● प्रभावकारी सेवा ● परामर्श सेवा ● कागजी प्रक्रिया

Regd. No. 41254/063/064
Lic. No. 654/063/064

विजयादशमी तथा शुभदिपावली २०७१ को
पावन अवसरमा सम्पूर्ण ग्राहकहरूमा हार्दिक
शुभकामना व्यक्त गर्दछौं ।

Nirmal Giri
Managing Director
Cell no. 9851099307
Email: kng_99@yahoo.com

SHARP HUMAN RESOURCES PVT. LTD.
(A complete foreign employement consultant)
G.P.O Box: 23625, Shankhamul, New Baneshor, Kathmandu
Tel: +977-1-4780101, Fax: +977-1-4780427
Email: esharp@wlink.com.np, info@sharphr.org, Website: www.sharphr.org

बैदेशिक रोजगारको लागि हामीलाई सम्झनुहोस्:
● विश्वासिलो ● भरपर्दो माध्यम ● छिटो छरितो ● प्रभावकारी सेवा ● परामर्श सेवा ● कागजी प्रक्रिया

# फोटो फिचर (Photo Feature)



खुल्ला मञ्चमा साकेला सिलि प्रतिस्पर्धा पश्चात फोटो खिच्दै



ढोल बजाउदै द्वोय आशेष राई र केदार राई



दुकिराफ दुमकिम, काठमाडौंको देउसी भैलो कार्यक्रम, २०७३



साकेला सिलि प्रतिस्पर्धामा चौथो स्थान हासिल गरी फोटो खिच्दै



दुकिराफ सचिव नृप राईलाई दुमकिम, काठमाडौंबाट विदाई



दुमीको सोकला सिलि समापन, कि.रा.या., कोटेश्वर

फोटो: तेजमाया हिज्मान दुमी राई



किरातीहरुको मौलिक श्रृंगारिक सामग्री अम्लरी



मौलिक गरगहना आठानी, चारानी र हारी



कल्ली र काँडे चुरा



मौलिक सिकिपरी सामग्री


"स्वास्थ्य जीवन, हरेकको आवश्यकता, परिकारमा शुद्धता
ग्राहकहरुको पूर्ण सन्तुष्टि नै हाम्रो पूर्ण प्रतिवद्धता"

# धराने सेकुवा कर्नर

एण्ड

## तन्दुरी फाष्टफुड रेष्टुरेन्ट

अनामनगर, काठमाण्डौ, फोनः ०१-४१०२६३०

**हाम्रा सेवाहरु**

यहाँ धराने कालो बंगुरको सेकुवा तथा इन्डियन, चाइनिज, कन्टिनेन्टल साथै नेपाली स्वादिष्ट परिकार पाईनुका साथै होम डेलिभरीको व्यवस्था छ ।

पारिवारिक वातावरणमा ओपन गार्डेन सहित तपाईहरुको सेवामा समर्पित छौं ।

"आँशु दिई छोडी गयौ मन बुझाउँदै बाचेको छौं
सधै सुख शान्ति मिलोस् सुप्तुलुलाई भाकेको छौं ।"

# हार्दिक श्रद्धाञ्जली



स्व. मधुमाया दुमी राई

जन्मः
२००५/०३/२३ मंलबार

मृत्युः
२०६९/१२/८ बिहिबार

मलाई जस्तोसुकै अवस्थामा पनि साथ दिइरहने मेरो जीवन संगिनी, हामीलाई अधिक माया, ममता, साथ, सहयोग दिइरहनुहुने ममताकी खानी पूज्यनीय आमा/पिपी मधुमाया मुरह दुमी राईको असामयिक निधन भएको हुँदा उहाँको आत्माले चीर शान्ति पाओस् भनी रिमेम, नायम, सुम्निम पारु, सुप्तुलु, युङ्खुलु, नागीलेम, नागीतासँग विन्ती प्रार्थना गर्दछौं । त्यो शोकाकुल समयमा हामीलाई सहानुभूति तथा समवेदना प्रकट गर्नु हुने सम्पूर्ण बात्तोछारी, ईष्टमित्र, नरनाता, शुभचिन्तक सबै प्रति हार्दिक आभार प्रकट गर्दछौं ।

| | | | |
|---|---|---|---|
| पति | : अरट बहादुर हदी दुमी राई | छोरा | : प्रेम हदी दुमी राई |
| छोरी | : आसा हदी दुमी राई | बुहारी | : जुना कुलुङ राई |
| | रोष्ना हदी दुमी राई | नाती | : तोदुहाङ (प्रोत्साहन) हदी दुमी राई |
| जुवाई | : रोहित साम्पाङ राई | नातिनी | : तोमा हाङमा (प्रार्थना) हदी दुमी राई |

जावोम्लो / छीरीयाम्लो ५०७४ (सकला उद्यौली)

चाडको शुभ उपलक्ष्यमा सुप्तुलु, युङखुलु,

रिमेम, नायम, एवं सुम्निमा पारूहाङले

हामी सबैको रक्षा गरून् ।



सविता राई
जालपा ३, खोटाङ
हाल काठमाडौं

---

जावोम्लो / छीरीयाम्लो ५०७४ (सकला उद्यौली) चाडको शुभ उपलक्ष्यमा सुप्तुलु, युङखुलु, रिमेम, नायम, एवं सुम्निमा पारूहाङले हामी सबैको रक्षा गरून् ।




चुस्त बहादुर राई/ निर्मला राई
कुभिण्डे २, खोटाङ
हाल ढुवाकोट १, भक्तपुर



---

जावोम्लो / छीरीयाम्लो ५०७४ (सकला उद्यौली) चाडको शुभ उपलक्ष्यमा सुप्तुलु, युङखुलु, रिमेम, नायम, एवं सुम्निमा पारूहाङले हामी सबैको रक्षा गरून् ।



लोकेन्द्र राई /शोभा राई
कुभिण्डे २, खोटाङ
हाल ढुवाकोट १ भक्तपुर



# राज्य पुनःसंरचनासम्बन्धी विभिन्न नमूनाहरू र त्यसका स्वबहसहरू



✍ चतुरभक्त राई

## १. विषय प्रवेश

नेपालमा राज्य पुनसंरचनासम्बन्धी नमूनाहरू बिगत दशवर्षदेखिका चर्कोगरी उठेका राजनीतिक बहसहरू हुन । यो बहसप्रति नागरिक समाज, राजनीतिक दल, बौद्धिक समुदाय र विभिन्न जातीय क्षेत्रीय संघसंस्थाहरूको ध्यान गहिरोरुपमा आकर्पित भएको छ । राज्य पुनःसंरचनासम्बन्धी देखा परेका विविध नमूनाहरू अहिलेलाई नयाँ भएतापनि यसका इतिहास सातसालदेखि नै तराई काङ्ग्रेसबाट शुरु भएको तथ्यलाई भुल्न नहुने राजनीतिक इतिहासकारहरू बताउँदछन् । (खनाल २०६४) यता शासकीय तहबाट नेपाललाई १४ अञ्चल र ७५ जिल्लाको खाकाभित्र बाँध्न अहिलेसम्म सफल रह्यो । अहिले माओवादीको दशवर्षे युद्ध र ६२।६३ को संयुक्त जनआन्दोलन सफलतासँगसगै गणतन्त्रमा नेपालका निमित्त विभिन्न कोणबाट उठेका विविध बहस तथा नमुनाहरू राजनीतिक इतिहास निर्माणका निमित्त एउटा साक्षी बन्न सक्छ । यसै परिप्रेक्ष्यमा ती बहसहरू के कस्ता रहेकाछन र तीनले दिनखोजेका स्वबहसहरूको पक्षलाई अध्ययनगर्ने सिलसिलामा यो लेख तयार गरिएको हो ।

## २. लेखको उद्देश्य

मुलुकमा अहिलेसम्म प्रथम र दोस्रो सवंविधानसभाको निर्वाचन सम्पन्न भइसकेको छ । यसै सन्दर्भमा राज्य पुनःसंरचनासम्बन्धी अहिलेसम्म विविधक्षेत्रबाट प्राप्त भएका नमूनाहरूका स्ववहसहरू के कस्ता रहेछन भनेर अध्ययन विष्लेषण गर्ने उद्देश्यले यो लेख तयार पारिएको हो ।

## ३. लेखनको पद्धति

यस लेखलाई पुरागर्न द्वितिय स्रोतकोहरूको प्रयोग गरिएको छ । तसर्थ विविध भाषिक तथा जातीय संघ, संस्थाहरू, राजनीतिक मोर्चाहरूद्वारा प्रकाशित विभिन्न प्रस्तावहरू, राजनीतिक दलहरूको घोषणापत्र र बौद्धिक व्यक्तित्वहरूबाट आएका राज्य पुनःसंरचनाकासम्बन्धी खाकाहरूलाई अध्ययनको स्रोत मानिएको छ ।

## ४. परिकल्पना

राज्य पुनःसंरचनासम्बन्धी बहसहरू एकल र बहुपहिचानकारुपमा प्रतिविम्बित भएका छन् जसका स्ववहसहरू हुनसक्छन् तर कालान्तरमा दुवैको सारभूत तत्वहरूको गठजोठबाट नै राज्य पुनःसंरचनाको कार्य पुरा हुँदा राष्ट्रीय मेलमिलापको बाटो फराकिलो बन्न सक्छ ।

## ५. अध्ययनका सीमा

राज्य पुनःसंरचनासम्बन्धी अहिलेसम्म मुलुकमा प्राप्त विभिन्न नमूना प्रस्तावहरूलाई अध्ययनको सीमा तोकिएको छ । पहिचानमा पनि विशेषत जातीय, भाषिक, सांस्कृतिक पहिचानलाई एकल पहिचानमा राखिएको छ भने भूगोल, नदीनाला आदिवाट सिर्जित नामको खाकालाई बहुपहिचानमा समावेश गरिएको छ । नामको रुपमा एकल पहिचान नदेखिने तर त्यसभित्र जातियताको अवस्था प्रभावकारी रहने देखिएमा त्यसलाई नामाकरण गर्न असजिलो भएकाले अन्य नमूना खाका भनेर नाम दिइएको छ । त्यसैगरी कुनै खाकाहरूमा स्पष्टता नदेखिएको र कुनैमा मिश्रित विशेषता देखिएकोमा त्यसलाई पनि अन्य नमूनाभित्र नै समावेश गरिएको छ ।

## ६. राज्य पुनःसंरचनामा पहिचानको प्रश्न

सत्तरीको दशकमा अमेरिकी राजनीतिशास्त्री

लुसियन डब्लु पाइले परम्परागत राजनीतिक अवस्थाबाट आधुनिकतातर्फ सङ्क्रमण हुन लागेको समाजले अनगिन्ती सङ्कटहरूको सामना गर्नु पर्दछ र ती सङ्कटहरू- पहिचानको सङ्कट, बैधानिकताको सङ्कट, अन्तर्प्रबेश, सहभागिता, अखण्डता र वितरणको सङ्कट भनी औंल्याएका थिए । (पायी १९७३) यी नै सङ्कटहरू नै नेपालका लागि पनि उत्तिकै पेचिला बनेका छन् । यी सङ्कटहरूमध्ये राज्य पुनःसंरचनासँग जोडिएको प्रश्न भनेको पहिचानको प्रश्न हो । यो पहिचानको खोजी भनेको सारभूतरुपमा अस्तित्वसँग गाँसिएको विषय हो । नेपालको सन्दर्भमा भन्ने हो भने उत्पीडित जाति, बहिष्कृत समुदाय, दलित, महिला, मधेशी, मुस्लिम, उत्पीडित वर्ग र क्षेत्रसमेतले सदियौंदेखि भोग्दै आएको सङ्कटको मोचन र उनिहरूको अस्तित्व निर्माणसँग गाँसिएको सवाल हो । । यसैभित्र जातीय पहिचान, एकल पहिचान, पहिचान र बहुपचिचान जस्ता शब्दखेलहरू मञ्चन भइरहेको पाइन्छ । समय सन्दर्भले ल्याएको यो एउटा समसामयिक अवधारणा हो । यसप्रति र एकअर्काप्रति विरोध र समर्थन हुनु द्वन्दात्मक नियममा स्वभाविक प्रकृया हुन । यसमा निषेधको निषेध सिद्धान्तपछि संस्लेषण निश्चित रुपमा आउने नै छ । त्यत्तिखेर हाम्रा चारपट्टि फर्केका अवधारणाहरूमा फ्युजन हुनेछ ।

पहिचान खोज्नेहरूले आ-आफ्ना प्रकारले पहिचानको अस्तित्वलाई प्रस्तुत गरेका छन् । एकल पहिचान माग गर्नेहरूले प्रारम्भमा जातीय पहिचानलाई प्रस्तुत गरे । आदिवासी जनजातिहरू, सिमान्तकृत जाति तथा समुदायहरू, राष्ट्रिय मूलप्रवाहमा आउन नसकेका जातिहरू, दलित, मधेशी, मुस्लिमहरूको अस्तित्व निर्माण र उत्थानका निमित्त उनीहरूका नाममा प्रदेशहरूको निर्माणबाट राजनीतिक मनोवैज्ञानिकरुपले माथि उठ्न सक्छन भन्ने तर्क प्रस्तुत गरेको पाइन्छ । एकल पहिचानले जातीय जनघनत्व, भूगोल, भाषिक क्षेत्र इतिहास आदिलाई आधारमानेको छ भने बहुपहिचानले यी सबै विशेषतालाई मिश्रित रुपमा नामकरण गर्न चाहेको छ । अत बहुपहिचानवादीरूको पहिचान भनेको जातिगत जनघनत्व, भाषिक समुदाय वा क्षेत्र नभएर भूगोल, ऐतिहासिक सम्पदा वा नदिको पहिचानसँग सम्बन्धित भएको देखिन्छ । एकल पहिचानवादीहरूमा राज्य पुनःसंरचनाको सन्दर्भमा उठेको पहिचानको प्रश्न इतिहास र मनोविज्ञानसँग यसको बढी सम्बन्ध भएको देखिन्छ भने बहुपहिचानवादीहरू पहिचान पनि देखिने जातीय द्वन्द पनि मेटिने भन्ने सुत्रको खोजिमा रहेको पाइन्छ । एकल पहिचानवादीहरू भन्छन्- एकल पहिचान भनेको जातीय राज्य होइन जसरी वर्तमानमा अङ्कारवादी जातीय राज्य कायम छ । यसैगरी अगाडि भन्छन्- प्रान्तीय प्रदेशहरूमा जातीय समानुपातिकताको आधारमा प्रतिनिधित्वको व्यवस्था हुनुपर्दछ । यस्तो राज्य जातीय जनधनत्व, भाषिक आधार र इतिहासको आधारमा प्रदेशहरूको निर्माण हुँदामात्र सिमान्तीकृत जाति राष्ट्रिय राजनीतिको मूलधारमा आउन सक्तछ । नत्र भने बहुपहिचानवादीहरूले भनेजस्तो राज्य पुनःसंरचनाको नाममा राज्यलाई ठाडो चिरा पार्ने हो भने जातीय समानुपातिकताको सिद्धान्तलाई अवलम्बन गरिए पनि त्यसले उही क्षेत्री र बाहुन जातिलाई नै मूख्य स्पेस दिइरहने संरचना बन्न जान्छ । त्यसैले प्रथम संविधानसभाले दिएको ११-१४ प्रदेशको रोडम्यापबाटबाट प्रदेशको निर्माण वैज्ञानिक हुन्छ भन्ने बहस गर्दछन् । तर बहुपहिचानवादीरू यसप्रति असहमत जनाउँदै आएका छन र प्रथम संविधानसभाको असफलतासमेत यही बहसमा टुङ्गो नलागेको कारणसमेत हुन गयो भने दोस्रो संविधानसभाको हलो पनि यसैमा अडकिएको छ ।

**७. राज्य पुनःसंरचनासम्बन्धी विविध नमूनाहरू**

राज्य पुनःसंरचना विषयमा माथि व्यक्त बहसहरूकै सिलसिलामा विभिन्न कोणहरूबाट अहिलेसम्म प्राप्त सात दर्जनभन्दा बढी राज्य पुनःसंरचनासम्बन्धी खाका तथा नमूनाहरूलाई सामान्यत निम्नानुसार तीन वर्गमा विभाजन गर्न सकिन्छ । ति हुन-

७.१. एकल पहिचानवादी राज्य पुनःसंरचनासम्बन्धी नमूनाहरू

७.२. बहुपहिचानवादी राज्य पुनःसंरचनासम्बन्धी नमूनाहरू

७.३. अन्य नमूनाहरू

७. १. एकल पहिचानवादी राज्य पुनःसंरचनासम्बन्धी नमूनाहरू

एकल पहिचानवादीहरूका राज्य पुनःसंरचनासम्बन्धी खाकाहरूका स्रोतहरूलाई अध्ययनगर्दा यसका तीन स्रोतहरू रहेको पाइन्छ -

७.१.१. जातीय भाषिक तथा क्षेत्रीय संघ, संस्था, सङ्घर्ष समिति तथा मुक्ति मोर्चाहरूबाट निर्मित नमूनाहरू

७.१.२. राजनीतिक दलहरूबाट निर्मित नमूनाहरु

७.१.३. बौद्धिक व्यक्तित्वहरूबाट निर्मित नमूनाहरू

**७.१.१. जातीय, भाषिक तथा क्षेत्रीय संघ, संस्था, सङ्घर्ष समिति तथा मुक्ति मोर्चाहरूबाट निर्मित नमूनाहरू**

नेपालमा जातीयताप्रतिको विभेद मल्लकालदेखि नै चर्कोगरी उठेको पाइन्छ। त्यसले गाडेको जरो अहिलेसम्म उखेलिन सकेको छैन । यसको उन्मुलन राजनीतिक तहबाटै गरिनु पर्दछ न कि एउटा उच्च जातले तल्लो जातिको भान्छा खाएर वा त्यसजातिसँग अन्तरविवाह गरेर मात्र यसको उन्मुलन संभव छैन । तसर्थ जातीय समानुपातिकताको आधारमा राजनीतिक सहभागिता र पहिचानको आधारमा राज्यको पुनःसंरचनाबाट मात्र जातिहरूको उत्थानमा टेवापुग्छ भन्ने मान्यता एकल पहिचानवादीहरूको रहेको पाइन्छ। पञ्चायती व्यवस्थाको उत्तरार्धतिर र विशेषत बहुदलीय व्यवस्थाको पदार्पणपछि खुलारुपमा स्थापित विभिन्न जातीय संघसंस्थाहरू, माओवादी दशवर्षे जनयुद्ध र गणतन्त्रका निमित्त भएका ६२। ६३ को संयुक्त जनआन्दोलनको परिणामले राज्य पुनःसंरचनासम्बन्धी खाका निर्माणमा महत्वपूर्ण वातावरण निर्माण गर्नसक्यो । आदिवासी जनजातिगत जातीय तथा भाषिक संघ संस्थाहरूले राज्यपुनसंरचनाका क्षेत्रमा आई एल ओ महासन्धि १६९, अन्तर्राष्ट्रिय नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी, संयुक्त राष्ट्रसंघको २००७ मा सम्पन्न १०७ औं पूर्ण साधारणसभा बैठकमा गरिएको ६१/२९५ को आदिवासी जनजातिहरूको अधिकारसम्बन्धि संयुक्त राष्ट्र संघीय घोषणाहरू, अल्पसंख्यकको अधिकारको घोषणापत्र १९९२ जस्ता अन्तर्राष्ट्रिय आधारहरूको जगमा पहिचानसहितको संघीय प्रदेश हुनुपर्ने कुरामा जोड दिएको पाइन्छ । यसैको आधारमा राज्य पुनःसंरचनाका खाकाहरू प्रस्तुत गर्ने जातीय संघसंस्थाहरू लगायत विभिन्न राजनीतिक मोर्चाहरू निम्नानुसार रहेकाछन्

**७.१.१.१. किरात राई यायोक्खा**

किरात राई यायोक्खा तथा किरात स्वायत्त राज्य संयुक्त संघर्ष समितिले २०६३ सालदेखि हालको रामेछापको जिरेल, हायु, सुनुवार बस्तीदेखि पूर्वको ताप्लेजुङसम्मको भूभागलाई किरात स्वायत्त राज्य हुनु पर्ने प्रस्ताव गरेको छ । (किरात स्वायत्त राज्यको संरचना मिति अनुउल्लेखित)

**७.१.१.२. किरात याक्थुम चुमलुङ्**

उक्त संस्थाले विविध राजनीतिक दल र संगठनहरूको संयुक्त मोर्चा निर्माण गरी संखुवा खोला, अरुण र कोशी नदी पूर्व, मेची नदी, भारतको पश्चिम बङ्गाल र सिक्किम प्रदेशको सिमाना पश्चिम, बिहार प्रदेशको सिमाना उत्तर र चीन स्वशासित क्षेत्र तिब्बतको सिमाना दक्षिण यी चारकिल्ला भित्रको भूभाग लिम्बुवान स्वायत्त राज्य हुने किटान गरेको पाइन्छ । (किरात याक्थुङ चुक्लुङ,२६६, पृ.२)

**७.१.१.३. नेपाल तामाङ् घेदुङ**

नेपाल तामाङ् घेदुङ, तामाङ राष्ट्रिय मुक्ति मोर्चा, तामसालीङ-राष्ट्रिय दलले संयुक्त रुपमा तामसालीङ राज्यको दावी गरेका छन् । रामेछाप, सिन्धुली, दोलखा, सिन्धुपाल्चोक, रसुवा, धादिङ र मकवानपुरले घेरिएका क्षेत्रलाई ताम्सालिङ संघीय राज्य मानिएको प्रस्तावित चित्रबाट थाहा पाउन सकिन्छ । (तामाङ, २०६३)

**७.१.१.४. नेपाल मगर संघ**

यस संस्थाले हालको पाल्पा, गुल्मी, अर्घाखाँची, प्यूठान, सल्यान, रोल्पा, रुकुम, बागलुङ, म्याग्दी, डोल्पा जिल्लाहरू र पर्वतका २५ गाविस, नवलपरासीका ४१, स्याङ्जाका ४८, तनहुका ३, गोर्खाका १७, दाङ्का ११ र लमजुङका ४ गाविसहरू मिलाएर मगर स्वायत्त प्रदेश बनाउने प्रस्ताव गरेको छ । (मगर, २०६६)

**७.१.१.५. नेवा स्वायत्त राज्य संघर्ष समिति तथा नेवा देयदबु**

नेपालमण्डलबाट चिनिने नेवारहरू आफ्नो भूभागलाई नेवा स्वायत्त राज्य निर्माण गर्ने प्रस्ताव नेवा स्वायत्त संघर्ष समितिले गरेको छ । यसको सीमा मोटामोटी रुपमा पूर्वमा दोलखा, उत्तरमा सिन्धुपाल्चोक, विदुर पश्चिममा धादिङ, पश्चिम दक्षिणमा मकवानपुर तथा काभ्रेपलाञ्चोकका केही भूभागहरू रहेको देखिन्छ । (नेवा,२०६६)

**७.१.१.६. थारु कल्याणकारिणी सभा**

नेपालका थारुहरूको प्रतिनिधित्वगर्ने थारु कल्याणकारीणी सभाले प्रथम संविधानसभा काल (२०६८) मा नेपालको तराई क्षेत्रमा चार सङ्घीय प्रदेशको

प्रस्ताव गरेको थियो । ति प्रदेशहरूमा झापादेखि सिराहासम्म उदयपुरसमेत कोचिला वा पूर्वी थरुहट प्रदेश, धनुषादेखि पर्सासम्म सिम्रौनगढ वा तराई प्रदेश, चितवनदेखि कपिलबस्तुसम्म बुद्ध तथा लुम्बिनी प्रदेश र दाङ्देखि कन्चनपुरसम्म थरुहट प्रदेशको खाका प्रस्ताव गरेकोमा पुनः २०६९ मा था- रु कल्याणकारीणी सभा, थरुहट पार्टी लगायत विभिन्न १६ वटा संघसंस्थाहरूको गोलमेच सम्मेलनबाट निम्न तीन प्रदेशको प्रस्ताव गरेको पाइन्छ । ति प्रदेशहरू हुन - झापादेखि सिराहासम्म कोचिला प्रदेश, धनुषादेखि पर्सासम्म सिम्रौनगढ वा तराई प्रदेश र चितवनदेखि कन्चनपुरसम्म थरुहट प्रदेश । ((थारु कल्याणकारीणी सभाका अध्यक्ष चन्द्र चौधरीको मौखिक भनाई अनुसार)

**७.१..१.७. नेपाल तमुछौंधि**

तमू ह्युल (गुरुङ राज्य) भित्र मुस्ताङ, मनाङ, लमजुङ, गोरखा, तनहुँ, कास्की, स्याङ्जा, पर्वत, चितवन, रुपन्देही नवलपरासी गरी जम्मा १२ जिल्ला समावेश भएको एउटा समृद्ध तमुवान प्रदेश निर्माणको प्रस्ताव गरेको पाइन्छ । (गुरुङ, २०६८)

**७.१.१.८. किरात सुनुवार सेवा समाज तथा वल्लो किरात स्वायत्त प्रदेश केन्द्रीय समिति**

यस संस्थाले २०६६ सालमा ओखलढुङ्गा, रामेछाप, दोलखा, सोलुखुम्बु -पुरै जिल्ला) र सिन्धुली, धनुषा, उदयपुर, काभ्रे, खोटाङ र सिन्धुपाल्चोक जिल्लाहरूका केही भूभागहरू रहनेगरी वल्लो किरात स्वायत्त प्रदेशको प्रस्ताव प्रस्तुत गरेका छ । (वल्लो किरात, २०६६, पृ.२)

**७.१.१.९. नेपाल योल्मो समाज सेवा संघ**

योल्मोपा आदिवासीहरू बसोबास गर्ने नेपालको ऐतिहासिक, धार्मिक एवं तपोभूमि "हिमाली योल्मो" (सिन्धुपाल्चोक, नुवाकोट, रसुवा र धादिङ) लाई "हिमाली योल्मो स्वायत्त प्रदेश" को रुपमा नेपाल योल्मो समाज सेवा संघले प्रस्ताव गरेको पाइन्छ । (योल्मोपा, २०६६, पृ.१८)

**७.१.१.१०. नेपाल किरात राई स्वशासित संघ**

ऐतिहासिकता, बसोवास, अलग पहिचान, राष्ट्रसंघीय आधार, साझा आर्थिक जीवन प्रणाली आदिको आधारमा दोलखा, सिन्धुली र रामेछाप जिल्लाको सुनुवार बाहुल्य क्षेत्र पश्चिम सीमाना, उत्तरमा चीनको स्वशासित प्रदेश तिब्बत, पूर्वमा सङ्खुवासभा र धनकुटा र दक्षिणमा उदयपुर सुनसरी, चारकोशे झाडी उत्तरी भागलाई किरात प्रदेश खम्बुवान हुनु पर्ने प्रस्ताव गरेको पाइन्छ । (राई, २०६५, पृ.४)

**७.१.१.११. तराई जनतान्त्रिक मुक्तिमोर्चा**

तराई जनतान्त्रिक मुक्तिमोर्चाका ज्वालासिंह समुहले स्वतन्त्र तराई राष्ट्रसँगै थारुवान, अवध, भोजपुरी र मिथिलासहित ४ प्रदेशको अवधारणा अगाडि सारेका छन् ।

**७.१.१.१२. हिमाली भोटेलामा राष्ट्रिय मुक्तिमोर्चा**

हिमाली भोटे लामा राष्ट्रिय मुक्ति मोर्चा नेपालले हिमाली भोटेलामा जातिको वास्तविक मुक्तिको लागि वैज्ञानिक सिमाङ्कनसहित भौगोलिक रुपमा गोर्खाको गणेश हिमालदेखि पश्चिमको दार्चुलासम्म हिमाली भोटेलामा स्वायत्त प्रदेशको माग गरेको छ । गोर्खा र मनाङको भोटेलामा क्षेत्रलाई तमुवानमा समावेश गरेकाले त्यसप्रति पनि विरोध जनाएको छ । (हिमाली भोटेलामा राष्ट्रिय मुक्तिमोर्चाको अपिल पत्र) ।

**७.१.१.१३. नेपाल शेर्पा लोकतान्त्रिक संघ**

नेपाल शेर्पा लोकतान्त्रिक संघ तथा शेर्पा चिच्छुक समाज आदिले ऐतिहासिक भूमि, निरन्तर बसोवास क्षेत्र, भाषिक धार्मिक र सांस्कृतिक एकरुपता, छुट्टै पहिचान, साझा इतिहासको आधारमा पूर्वमा ताप्लेजुङ्को कञ्चनजङ्गा हिमालको फेदीदेखि पश्चिममा रसुवा जिल्लास्थित गणेश हिमालको फेदीसम्म, उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बतको सीमानासम्म र दक्षिणमा लिम्बुवान, खम्बुवान र तामसालिङ् स्वायत्त प्रदेशको सीमाना प्रस्ताव गरिएको छ । (शेर्पा, २०६७, पृ.१०४, नेपाल लोकतान्त्रिक शेर्पा संघ, २०६८, पृ.पृ. ११३-१२४)

**७.१.१.१४. नेपाल आदिवासी जनजाति महासंघ**

नेपाल आदिवासी जनजाति महासंघको राज्य पुनःसंरचनासम्बन्धी छुट्टै खाका नभए पनि यसले आदिवासी जनजातिहरूको हितमा राज्यको पुनःसंरचना हुनुपर्ने अडानमा रहेको छ । २४० वर्षदेखि राज्यबाट किनारा लगाइएका आदिवासी जनजातिहरूको हक अधिकारलाई स्थापित गर्न राज्य पुनः संरचना हुँदा संघात्मक लोकतान्त्रिक गणतन्त्रको आधार जाति, भाषा, क्षेत्र हुनैपर्दछ र संविधानसभाले बनाउने नयाँ संविधानमा आत्मनिर्णयको अधिकासहित जातीय स्वायत्तताको सुनिस्चित्ता हुनैपर्दछ । सहायक आधाररू जनसंख्या, भौगोलिक क्षेत्र, स्रोत र संशाधन हुन सक्दछ तर यसलाई मूल आधार बनाइनु हुँदैन भन्ने जोडदार तर्क अगाडि सारेको छ । (आदिवबसी जनजाति महासंघद्वारा १९ बुँदे काठमाडौं घोषणापत्र जारी, आदिवासी जनजाति महासङ्घ, २०६५) महासङ्घ र यससँग सम्वद्ध जातीय सदस्य सङ्गठनहरू आदिवासीहरूको हक अधिकारलाई स्थापित गराउने, राज्य पुनःसंरचना हुनुपर्ने कुरामा आजसम्म सङ्घर्षरत रहेकाछन ।

उपरोक्त संघ संस्थाहलगायत सङ्घीय लिम्बुवान परिषद, संयुक्त जातीय मुक्ति मोर्चा (देवराज लामा समुह), संयुक्त मुक्ति मोर्चा नेपाल, स्टेट फोर्स लिम्बुवान (गोरखापत्र २०७१ साउन १२) आदि पनि पहिचानयुक्त संघीय प्रदेश बनाउने अठोटमा संघर्षरत रहेको पाइन्छ ।

**७.२. राजनीतिक दलहरूबाट निर्मित एकल पहिचानवादी राज्य पुनःसंरचनासम्बन्धी नमूनाहरू**

पहिचानवादीहरूको राज्य पुनःसंरचनासम्वन्धी खाकाका प्रमुख आधारहरू जातीय, क्षेत्रीय, ऐतिहासिक र सामर्थ्यलाई ध्यान दिएको पाइन्छ । उनीहरूका भनाईमा एकल पहिचान भनेको विशुद्ध जातीयता मात्र होइन यसले सबै जातिहरूको अस्तित्वलाई आत्मसात गर्दछ केबल नामको रुपमा मात्र ऐतिहासिक नाम राख्न खोजेको हो भन्ने भनाई रहेको देखिन्छ । उक्त कुरा राजनीतिक दलहरूका निम्न खाकाहरूले प्रष्ट पार्दछ ।

**७.२.१. नेपाल कम्युनिष्ट पार्टी एमाओवादी**

एकल पहिचानलाई जोडदिने यस पार्टीले शुरुमा ९ प्रदेशको खाका ल्याए पनि पहिलो र दोस्रो संविधानसभाको चुनावताका यसले क्षेत्रीय आधारमा सेती-महाकाली, भेरी-कर्णाली, जातीय आधारमा मगरात, थरुवान, तमुवान, नेवा, ताम्सालिङ, किरात, लिम्बुवान, कोचिला र मधेश गरी ११ वटा स्वायत्त गणराज्यको प्रस्ताव ल्याएको छ । (दोस्रो संविधानसभा निर्वाचन प्रतिवद्धतापत्र, २०७०)

**७.२.२. नेपाल कम्युनिष्ट पार्टी (एकिकृत)**

यस पार्टीले नेपाल राज्यको संघीय संरचना नामक पुस्तिकामा उल्लेख गरेको राज्य पुनःसंरनाका नमूनाअनुसार एकल पहिचानका आधारमा लिम्बुवान, खम्बुवान, तामाङस्युल, नेपाःमण्डल, तमुवान, मगरात,

खसान, पश्चिम खसान, थरुहट, अवध भोजपुरा र मिथिला थारु गरी ११ वटा स्वशासित प्रदेशको प्रस्ताव गरेको छ । (संविधानसभा : २०६६, पृ. १२६) तर दोस्रो संविधानसभाको निर्वाचनमा यो पार्टीले बहिष्कारको नीति अवलम्बन गऱ्यो ।

**७.२.३. राष्ट्रिय जनमुक्ति पार्टी**

पहिलो संविधानसभाकालदेखि नै एकल पहिचानका आधारमा लिम्बुवान, खम्बुवान, मिथिला, भोजपुरा, तामसालिङ नेवा, तमुवान, मगरात, लुम्बिनी, थारुहट, खसान र दलितरसैपालरखप्तड गरी १२ वटा प्रदेशहरूको प्रस्ताव गरेको छ। (गोरखापत्र २०७० कार्तिक ७ बुधवार )

**७.२.४. नेपाल सदभावना पार्टी, आनन्दीदेवी**

पहिलो संविधानसभाको निर्वाचनकालमा हिमाल, पहाड र तराई प्रदेश भनेर ३ वटा राज्यको प्रस्ताव प्रस्तावित गरेकोमा (गोरखापत्र, २०६४ चैत्र ७, बिहिबार) दोस्रो संविधानसभाको निर्वाचनमा पनि यही धारणासहित मधेश एवं तराई प्रदेश अन्तर्गत विभिन्न उपप्रदेशहरू निर्माण गरी मधेशीहरूलाई शोषणबाट बचाउन सकिने धारणा ल्याएको पाइन्छ । (नेपाल सदभावना पार्टी मिति अनुउल्लेखित पृ.पृ.६-९)

**७.२.५. तराई मधेश लोकतान्त्रिक पार्टी**

प्रथम संविधानसभा निर्वाचनताका "कञ्चनपुरदेखि झापासम्म एक स्वायत्त क्षेत्र"तथा 'स्वायत्त तराई मधेश प्रदेश' र पहाडमा पहिचानसहितको प्रदेशको प्रस्ताव गरेको थियो (गोरखापत्र, २०६४ फाल्गुन ३० ) भने दोस्रो संविधानसभा निर्वाचनमा पहिचानसहितको संघीयता र संघीयतासहितको संविधान निर्माण गर्न सम्पूर्ण तराई मधेशलाई स्वायत्त तराई मधेश प्रदेश र पहाडका आदिवासी जनजाति जनताका स्वशासन स्थापित गराउने उल्लेख गरेको छ । (तराई मधेश लोकतान्त्रिक पार्टी घोषणापत्र, २०७०)

**७.२.६.मधेशी जनाधिकार फोरम, नेपाल, उपेन्द्र यादव**

निर्वाचन चिन्ह मसाल रहेको यस दलले पहिलो संविधानसभामा **मधेश स्वायत्त प्रदेश** निर्माण गर्ने प्रस्ताव गरेकोमा दोस्रो संविधानसभाको निर्वाचनमा पहिचानसहितको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका निमित्त -मधेश, लिम्बुवान, किरात, ताम्सालीङ, नेवा, तमुवान, मगरात र कर्णाली स्वायत्त प्रदेश गरी ८ प्रदशे र अन्य विशेष स्वायत्त क्षेत्र, स्वायत्त इलाकाहरू रहने प्रस्ताव गरेको छ । (घोषणापत्र २०७०, पृ. १४)

**७.२.७. मधेशी जनअधिकार फोरम नेपाल (लोकतान्त्रिक), गच्छेदार**

मधेशी जनअधिकार फोरम नेपालबाट अलग भएको यो पार्टीले पहिलो संविधानसभाकालमा निर्मित उच्चस्तरीय राज्य पुनसंरचना आयोगद्वारा प्रस्तावित दश प्रदेशको प्रस्तावलाई समर्थन गर्दै मधेश तराईमा स्वायत्त मधेश प्रदेश र स्वायत्त थरुहट प्रदेशगरी दुई प्रदेश बटन लाइनको अडानमा रहेको छ । (घोषणापत्र, २०७०)

**७.२.८. सदभावना पार्टी (राजेन्द्र महतो)**

प्रारम्भमा हिमाल, पहाड र मधेश गरी तीन स्वायत्त प्रदेशहरूको अडानमा रहेकोमा दोस्रो संविधानसभाको निर्वाचनमा मधेश स्वायत्त प्रदेशको दावीगर्दै राज्य पुनर्संरचना आयोगले दिएको १० प्रद्रेशको सुझावलाई समर्थन गरेको छ । यसको साथै मधेशी जनतावीच आमसहमति भएमा सम्पूर्ण मधेश एवं प्रदेश बनाउने र नभएमा नारायणीदेखि पूर्व मधेश प्रदेश र नारायणीदेखि पश्चिम थरुहट प्रदेश गरी दुई प्रदेश बनाउने प्रस्तावमा पनि अडिएको छ । (निर्वाचन घोषणापत्र २०७०)

**७.२.९.मधेशी जनअधिकार फोरम (गणतान्त्रिक), राजकिशोर यादब**

मधेशी जनअधिकार फोरमबाट अलग भएको उक्त पार्टीले मधेश एक स्वायत्त प्रदेशको धारणा अगाडि सारेको छ । पहिचानसहितको सङ्घीयता र सङ्घीयता सहितको संविधान पार्टीको बटमलाइन रहेको बताएका छन् । (गोरखापत्र २०७० कार्तिक ९ शनिवार)

**७.२.१०.सङ्घीय सदभावना पार्टी, अनिलकुमार झा**

यस पार्टीले तराईमा एकमात्र मधेश थरुहट स्वायत्त प्रदेश अन्तर्गत पूर्वी मधेशमा मधेशी उपप्रदेश र पश्चिम मधेशमा थरुहट उपप्रदेश रहने मुख्य दुई उपप्रदेशको प्रस्ताव गर्दै हिमाली क्षेत्रमा जनताको भावनाअनुसारका सङ्घीय प्रदेश स्थापना गर्ने प्रस्ताव गरेको छ । (गोरखापत्र २०७० कार्तिक ७ विहिवार)

### ७.२.११. तराई मधेश लोकतान्त्रिक पार्टी नेपाल

मधेशी जनअधिकार फोरमबाटै अलग भएका यस पार्टीले मधेशी जनअधिकार मधेशी फोरम (गणतान्त्रिक) सरह मधेश एक प्रदेशको धारणा अगाडि सारेको छ । (गोरखापत्र २०७० कार्तिक ९ शनिवार)

### ७.२.१२. राष्ट्रिय मधेश समाजवादी पार्टी , शरतसिंह भण्डारी

त्यसैगरी मधेशी जनअधिकार फोरमबाट अलग भएका अर्को पार्टी (शरतसिंह भण्डारी नेतृत्व) राष्ट्रिय मधेश समाजवादी पार्टीले आत्मनिर्णयको अधिकार एवं पहिचानसहितको (घोषणापत्र २०७० पृ.१२) स्वायत्त मधेश एक प्रदेशको धारणा अगाडि सारेको छ । (गोरखापत्र २०७० कार्तिक ९ शनिवार)

### ७.२.१३. दलित जनजाति पार्टी

राष्ट्रिय कलंकको रुपमा रहेको सबैखाले भेदभावको अन्त्य गरी न्यायपूर्ण समाज स्थापना गर्न मुलवासी दलितस्तान, वुद्ध प्रदेश, थारुस्तान, किरातस्तान, तामाङसालीङ, जनजातिस्तान, खसस्तान, पूर्वी हिमाली प्रदेश र पश्चिम हिमाली प्रदेश गरी ९ प्रदेश र यस अन्तर्गत १० वटा उपराज्यहरू रहने प्रस्ताव (गोरखापत्र, २०६४ चैत्र २० बुधवार) गरेकोमा दोस्रो संविधानसभाको चुनावमा ७ वा ११ प्रदेशको प्रस्ताव गर्दै सो को नामाकरण संविधानसभाबाट विशेष छलफल पश्चात गरिनेछ भनेको पाइन्छ । (घोषणापत्र २०७० पृ.३) यस्तो व्यवस्थाले यो पार्टी पूर्वनामकरणबाट पछाडि हटेको पाइन्छ ।

### ७.२.१४. संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च

खुकरी चिन्ह लिएर संविधानसभा निर्वाचनमा उठेको यस पार्टीले एकात्मक केन्द्रिकृत सामन्ती राजतन्त्रको अन्त्यगरी संघीय गणतन्त्रात्मक शासन नेपालको स्थापना गर्न लिम्बुवान, खम्बुवान, तामाङसालीङ, थरुहट, मगरात, तमुवान, नेवा, खसान, मिथिला र भोजपुरी जस्ता १० स्वायत्त राज्य र यसभित्र विशेष स्वायत्त वा उपस्वायत्त क्षेत्र रहने प्रस्ताव गरेको पाइन्छ । (गोरखापत्र, २०६४, चैत्र २० बुधवार)

### ७.२.१५. संघीय समाजवादी पार्टी, अशोक

पहिलो संविधानसभाको असफलतासँगै जन्मिएको यो दलले दोस्रो संविधानसभाको चुनावी घोषणापत्रमा जातीय, भाषिक, सांस्कृतिक, क्षेत्रीय तथा ऐतिहासिक पहिचानका आधारमा संघीय प्रदेश निर्माण गर्नुपर्ने दावीगर्दै अघिल्लो संविधानसभाको राज्य पुनःसंरचना तथा शक्ति बाँडफाट समितिले पारीत गरेको १४ प्रदेश नै हुनुपर्ने अडान लिएको पाइन्छ । (गोरखापत्र २०७० कार्तिक ५ मगलवार)

### ७.२.१६. नव जनवादी मोर्चा

रामराजा प्रसादसिंहको नेतृत्वमा रहेको यस दलले भाषिक, ऐतिहासिक, क्षेत्रीय, सांस्कृतिक र जातीय आधारमा खम्बुवान, लिम्बुवान, तमुवान, तामसालीङ, नेवान, खसाङ, थरुहट र तराई कोचिला गरी ८ प्रदेश बनाउने प्रस्ताव गरेको थियो । पहिलो संविधानसभाको चुनावताका नेकपा एमाओवादीसँग समाहित भएता पनि अहिले आफ्नै दल स्थापित गर्ने तयारीमा लागेको पाइन्छ ।

### ७.२.१७. नेपाः राष्ट्रिय पार्टी

काठमाडौंको नेवार जातिलाई स्वशासन दिलाउन चाहने यो पार्टीले दोस्रो संविधानसभासम्म आईपुग्दा नेवा, ताम्सालिङ, तमुवान, खाम, मगरात, थारुवान, खम्बुवान, लिम्बुवान, कोचिला, मिथिला, भोजपुरा, अवध, बफाङ् र डोटेलसहित १४ जातीय राज्यको प्रस्ताव गरेको छ । । (गोरखापत्र २०७० कार्तिक ५ मगलवार) ।

### ७.२.१८. नेपाल लोकतान्त्रिक समाजवादी दल

ऐतिहासिक, जातीयता, भाषा, संस्कृति, भौगोलिक विविधताको आधारमा सिद्धार्थ, विराट जनक थरुहट, किरात, नेवा, मगरात, ताम्सालीङ, तमुवान र

खसानसहित ८ संघीय प्रदेशको प्रस्ताव गरेको पाइन्छ । (संविधानसभा, २०६६, पृ. १२७)

**७.२.१९. समाजवादी प्रजातान्त्रिक जनता पार्टी नेपाल**

जातजाति भाषा, भौगोलिक अनुकुलता, संस्कृति, ऐतिहासिकता, प्राकृतिक स्रोतको उपलब्धताको आधारमा लिम्बुवान, प्रान्त, खम्बुवान, नेवार, तामाङ, तमुवान, मगरात, भेरी, कर्णाली, सेती-महाकाली, राजवंशी, मिथिला, भोजपुरी, अवधी, थारुवान प्रान्त जस्ता १५ वटा प्रदेशहरूको प्रस्ताव गरेको पाइन्छ । पहिलो संविधानसभा निर्वाचनदेखि गर्दै आएको पाइन्छ ।

**७.२.२०. ताम्सालीङ- नेपाल राष्ट्रिय दल**

तामसालीङ- नेपाल राष्ट्रिय दलले नेपाल तामाङ् घेदुङ, तामाङ राष्ट्रिय मुक्ति मोर्चासंगै संयुक्त रुपमा पहिचानसहितको संघीय प्रदेशका निमित्त तामसालीङ राज्यको प्रस्ताव गरेका गरेका छन् । (घोषणापत्र, २०७०),

**७.२.२१. थरुहट तराई पार्टी, नेपाल**

सन २००८ देखि नै पश्चिम कैलालीबाट लक्ष्मण थारुको नेतृत्वमा उठेको थारुहरूको आन्दोलनकारी संस्था स्वायत्त थरुहट राष्ट्रिय परिषदहुँदै थरुहट तराई पार्टीमा परिणत भएको हो । यो पार्टीले एकल जातीय पहिचानसहितको ११ वटा स्वायत्त प्रदेशहरूमा थरुहट, मध्येतराई सिम्रौनगढ, पूर्व थरुहट कोचिला, खप्तड, खसान, मगरात, तमुवान, ताम्सालीङ, नेवा, खम्बुवान र लिम्बुवानको प्रस्ताव गरेको छ । (गोरखापत्र २०७० कार्तिक १२ मंगलवार)

**७.२.२२. खम्बुवान राष्ट्रिय मोर्चा**

जातीय ऐतिहासिक पृष्ठभूमि, वि सं १८३० अगाडिको इतिहास, भाषा, संस्कृतिको आधारमा विशेषगरी पूर्वका १५ वटा जिल्लाका विभिन्न भागलाई खम्बुवान क्षेत्रको रुपमा दावीगर्दै आएको छ । (एक्शन टायम्स, २०६६ कार्तिक २६) अहिले यो मोर्चाले दोस्रो संविधानसभामा समानुपातिकतर्फबाट एक सिट प्राप्त गर्न सफल भएको छ ।

**७.२.२३. संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च**

यो पार्टीले पहिलो संविधानसभाको निर्वाचनदेखि नै पूर्वमा लिम्बुवान स्वायत्त प्रदेशलाई प्रस्तावित गर्दै आएको छ ।

**७.२.२४. नेपाल कम्युनिष्ट पार्टी**

नेकपा माले सिपीबाट अलग भएको यो पार्टीले उच्चस्तरीय राज्य पुनःसंरचना आयोगले प्रस्तावित गरेको १४ प्रदेशलाई स्वीकार्दै प्रदेशको नामको संबन्धमा सहमतिको आधारमा संशोधन गर्न सकिने प्रस्ताव गरेको पाइन्छ ।

**७.२.२५. नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) चन्द्रदेव जोशी**

राष्ट्रिय पूजिपति, बौद्धिक श्रमजीवी, साना व्यापारी, प्रगतिशिल वुद्धिजीवी, युवा, विद्यार्थी, श्रमजीवीहरूको साझा राज्यसत्ता हुने आधारमा राज्यको पुनसंरचना हुनुपर्ने प्रस्ताव गर्दै (गोरखापत्र, २०६४ चैत्र ८ गते शुक्रवार) जनचाहना र स्वीकृतिको आधारमा संख्या निर्धारण गर्ने भनिएकोमा दोस्रो संविधानसभाको चुनावमा पहिचान सामर्थ्य, भूगोल, प्राकृतिक स्रोत, ऐतिहासिकता आदिको आधारमा मधेशमा ३, पहाडमा ६ गरी ९ प्रदेशको प्रस्ताव गरेको धारणा ल्याएको छ। (संविधानसभा निर्वाचन घोषणापत्र, २०७०, पृ.१०)

उपरोक्त पहिचानवादी दलहरू लगायत किरात जनवादी वर्कर्स पार्टी (अनन्त), किरात जनवादी वर्कस पार्टी (विद्रोही समुह), पहिचानवादी सङ्घीय प्रदेशको पक्षमा सङ्घर्षरत रहेको पाइन्छ । (गोरखापत्र २०७१ साउन १२) उपरोक्त दलहरूका खाकाहरूमा एकातिर कम्युनिष्ट पार्टीहरू, समाजवादी पार्टीहरू अर्कातिर मधेशसम्बद्ध पार्टीहरू र क्षेत्रीय पार्टीहरू पहिचानका खोजिमा उठेको पाइन्छ । भर्खरमात्र संविधानसभा बाहिरका आठ राजनीतिक दलले "सङ्घीय लोकतान्त्रिक राष्ट्रिय गठबन्धन " निर्माण गरेका छन् । वर्तमान संविधानसभाबाट अहिलेकै अवस्थामा पहिचानसहितको संघीयता तथा मुलुकको सबैखाले विविधता समेट्ने अग्रगामी संविधान बन्न नसक्ने निष्कर्ष निकाल्दै उनीहरूले सडक आन्दोलनबाटै अग्रगामी संविधान निर्माणमा दबाब दिन गठबन्धन बनाएको पाइन्छ। त्यसमा

सामेल दलहरूमा परशुराम तामाङ-नेतृत्वको -सङ्घीय समाजवादी लोकतान्त्रिक पार्टी, ऋषीराम कट्टेल नेतृत्वको - नेपाल कम्युनिष्ट पाटी, राजन के सी नेतृत्वको -खस समावेशी राष्ट्रिय पार्टी, कौशलकुमार सिंह नेतृत्वको - लोकदल, प्रकाश अधिकारीको नेतृत्व रहेको - नेपाल कम्युनिष्ट पार्टी (संयुक्त मार्क्सवादी), गङ्गा महराको नेतृत्व रहेको - बहुजन समाज पार्टी नेपाल, बिमल ठाकुर नेतृत्वको - लोकतान्त्रिक जनता पार्टी, जीवन साह नेतृत्व रहेको -लोकतान्त्रिक पार्टी पनि पहिचानको पक्षमा उठेको देखिन्छ । (राजधानी, २० भदौ २०७१) सबैको ध्यय हिन्दु अहङ्कारवादी जातीय राज्यलाई अन्त्यगरी ऐतिहासिक, जातीय तथा उत्पीडनमा रहेका जाति तथा क्षत्रलाई राष्ट्रिय मूलप्रवाहमा ल्याउनका लागि पहिचानवादी संरचना अगाडि ल्याएको पाइन्छ ।

**८.३. बौद्धिक समुदायबाट निर्मित राज्य पुनःसंरचनासम्बन्धी नमुनाहरु**

बौद्धिक बुद्धिजीवीहरूरूबाट निर्मित खाकाहरूलाई पनि दुई भागमा बान्ड्न सकिन्छ । ति एकलपहिचानवादी राज्य पुनःसंरचनाका खाकाहरू र बहुपहिचानवादी राज्य पुनःसंरचनाका खाकाहरू ।

**८.३.१ एकलपहिचानवादी बौद्धिक बुद्धिजीवीहरूका राज्य पुनःसंरचनासम्बन्धी नमूनाहरू**

जातीय जनघनत्व, भाषिक क्षेत्र, ऐतिहासिक निरन्तरता, सामर्थ्य, भूगोल, प्रशासनिक सुगमता जस्ता आधारहरूलाई लिएर पहिचानवादी बौद्धिक समूहबाट राज्य पुनःसंरचनाका खाका प्रस्तुत गरेको पाइन्छ। त्यस्ता खाकाहरू पहिलो संविधानसभाताकादेखि नै नेपाली राजनीतिक समाजमा आउन थालेको पाइन्छ । यी खाकाहरूमा पनि केही एकल पहिचानलाई स्पष्ट पार्ने जातीय, भाषिक तथा ऐतिहासिक आधारबाट प्रदेशको नामाकरण गरिएको छ भने केही एकल र बहुपहिचानलाई समेट्ने प्रदेशको नाम विकल्प प्रस्तावको रुपमा प्रस्तुत गरिएको छ । नेपाली राजनीतिक बजारमा आएका एकल पहिचानलाई समेट्ने केही खाकाहरू निम्नानुसार रहेको हुन्छ ।

**८.३.१. भवानी बराल**

बरालले जातीयता, भाषिक सांस्कृतिक आधार र अपवादको रुपमा मात्र क्षेत्रीयताको आधार लिनु पर्दछ भन्ने तर्क सहित लिम्बुवान स्वायत्त राज्य, खम्बुवान, मधेश, थारुवान, ताम्बासाङि स्वायत्त राज्य, नेवालैण्ड, तमुवान, मगरात, खसान, नमूना स्वायत्त प्रदेश र कोचिला प्रदेशसहित ११ प्रदेशको अवधारणा ल्याएका छन् । (बराल २०६१, पृ.१३३) यसको साथै २२ भाषी किरात राईहरूलाई लिम्बुवानसंग एकैठाउँमा खाँद्नु उपयुक्त नहुने भएकाले खम्बुवान छुट्टै राज्य बनाइनु पर्दछ भन्ने उनको तर्क रहेको छ ।

**८.३.२. कमल तिगेला लिम्बु**

किरात याक्थुम चुमलुङका केन्द्रीय परिषद सदस्य लिम्बुले नेपाललाई संघीय संरचनामा परिवर्तन गर्दा महाकाली प्रदेश, कर्णाली प्रदेश, मगरात प्रदेश, तमुवान प्रदेश, ओल्लो किरात, माझ किरात र पल्लो किरातसमेत ७ प्रदेशको खाका दिएका छन् । र, यसो गर्न नसकिएमा ३३ वटा राज्य बनाउन सकिने बैकल्पिक प्रस्ताव प्रस्तुत गरेका छन । (बराल २०६१, पृ.पृ.७९-८४)

**८.३.३. गोबिन्द न्यौपाने**

वामपन्थी बुद्धिजीवी न्यौपानेले जातीयताको आधारमा पहिले ११ वटा र पछि संशोधित रुपमा ८ प्रदेशको प्रस्ताव गर्दा किरात प्रदेश, ताम्बासालिङ, नेपाः, तमुमगरात, खसान, थारुवान, भोजपुरी र मथिला गरी ८ प्रदेशको प्रस्ताव गरेका छन् । (न्यौपाने २००५, पृ. १३५)

**८.३.४. परि थापा**

बामपन्थी बुद्धिजीवी तथा नेकपा एकिकृतका कर्मी थापाले खस/खसान, खम्बु/खम्बुवान नेवार, गुरुङ/तमुवान, तामाङ/तामासालीङ, थारु/थरुहट, नेवार/नेवाः खल, मगर/मगरात, मैथिली/मधेशी र लिम्बु/लिम्बुवान सहित ९ वटा क्षेत्रीय, जातीय र भाषिक स्वाशासित क्षेत्र निर्माण हुनुपर्ने विचार प्रस्तुत गरेका छन् । (थापा २०६२, पृ.११५)

**८.३.५. कुमार योञ्जन**

योञ्जनले पहिलो पटक ११ प्रदेशको खाका दिएकोमा पछि परिमार्जनगरी लिम्बुवान, खम्बुवान, ताम्साली, नेवा प्रदेश, तमुवान, .मगरात, थारुहट, मैथिली भाषिक प्रदेश, कोचिला भाषिक प्रदेश, पूर्वी भोजपुरा-अवध भाषिक प्रदेश, पश्चिमी भोजपुरा-अवध भाषिक प्रदेश, जडान प्रदेश र खसान प्रदेशसहित १३ प्रदेशको प्रस्ताव गरेका छन् । (योञ्जन, २०६२, पृ.१५४)

**८.३.६. अमरेशनारायण झा**

मधेशी अधिकारकर्मी झाले जातीय, भाषिक र क्षेत्रीय आधारमा मिथिला प्रदेश, भोजपुरी प्रदेश, अवधी प्रदेश, थारु प्रदेश, महाकाली- कर्णली प्रदेश, तमुवान प्रदेश, मगरात प्रदेश, तामाङ प्रदेश, किरात प्रदेश र नेवार प्रदेश गरी १० प्रदेशको प्रस्ताव गरेका छन । (झा २०६२, पृ पृ-३५७-३५८)

**८.३.७. के. बि गुरुङ**

ने क पा एकिकृतसंग सम्बन्धित जनजाति कर्मी गुरुङले जाति, भाषा र क्षेत्रको आधारमा जातीय प्रादेशिक स्वशासन निर्माणको पक्षलिदै लिम्बुवान, खम्बुवान, तामाङसालिङ, नेवा, मैथिली-थारु, तमु, मगरात, पश्चिम खसान, सुदुर पश्चिम खसान, थारुहट र थारु- भोजपुर ीसहित जम्मा ११ वटा स्वशासित प्रदेशहरूको प्रस्ताव गरेका छन । (गुरुङ, २०६३, पृपृ ६-१४)

**८.३.८. परशुराम तामाङ**

तामाङले जातीय वाहुल्यता, भाषिक बाहुल्यता, जातिको आत्मगत स्थिति मनोगत स्थिति जस्ता मुख्य आधारमा तामाडहरूको बाहुल्य भएको पूर्वमा दुधकोशी र पश्चिममा बुढीगण्डकीवीचको माथिल्लो आधाभाग जसमा रसुवा, नुवाकोट, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, सिन्धुली, मकवानपुर, चितवन, धादिङ, काभ्रे क्षेत्रलाई तामाङहरूले तामाङ् स्वायत्त प्रदेश हुनु पर्दछ भन्ने प्रस्ताव गरेका छन् । (तामाङ्, २०६३)

**८.३.९. सुरेन्द्र के सी**

डा. के सी ले पहिले पाँच विकास क्षेत्रलाई संघीय प्रदेश बनाउने प्रस्ताव गरेकोमा दोस्रो पटक चार प्रदेश बनाउने र तेस्रो पटक उपरोक्त प्रस्तावलाई फिर्तागरी त्यसको ठाउँमा १० प्रदेश बनाई पूर्णनाश हुनुभन्दा अर्धनाशको विकल्प नदेखिदा लिम्बुवान, खम्बुवान, मधेश, थारुवान, तमुवान, मगरात, कर्णाली, ताम्बासालिङ, नेपाल मण्डल र चुरेभावर राज्य बनाउनुपर्ने प्रस्ताव गरेका छन् । के. सी २०६४ पृ.११८)

**८.३.१०. मंगलसिद्धि मानन्धर र साथीहरू**

उनिहरूले जातीय आधारमा ७, मिश्रित आधारमा ४, क्षेत्रीय आधारमा १ र एक भाषिक आधारमा विभाजन गर्दै ताम्बासालिङ, तमुवान, मगरात, थरुहट, खसान, .खम्बुवान, लिम्बुवान, नेवाप्रदेश, मिश्रित पश्चिम, मिथिला, मिश्रित मध्ये, मिश्रित पूर्व र मिश्रित सुदुर पूर्वसमेत १३ प्रदेशको प्रस्ताव गरेका छन् । (मानन्धर र साथीहरू कान्तिपुर २०६४ पुस २४ मंगलबार )

**८.३.११. जितेन्द्र देव**

देवले जातीय एकरुपता, भौगोलिक समानता, आर्थिक क्षमतालाई मूख्य आधार बनाएर समग्र मुलुकलाई नौ राज्यको नयाँ नेपालमा विभाजन गर्दै नेपालको पूर्वतर्फ किरात र लिम्बुहरूको राज्य खडा गर्नाको साथै मधेशलाई एक स्वशासित राज्य बनाउने प्रस्ताव गरेका छन् । (**देव, कान्तिपुर,** २०६४, जेठ ३१, विहिबार)

**८.३.१२. अनिलकुमार झा**

सङ्घीय सदभावना पार्टीका झाले हिमाली तथा पहाडी क्षेत्रमा त्यहाँका जनचाहना अनुसार तथा तराई क्षेत्रमा मधेश थरुहट प्रदेशको स्थापना गर्ने जसअन्तर्गत पूर्वी मधेशलाई मधेश उपप्रदेश तथा पश्चिम मधेशलाई थरुहट प्रदेश कोचिला स्वायत्त स्वायत्त क्षेत्र, मैथिली स्वायत्त क्षेत्र, भोजपुरी स्वायत्त क्षेत्र, अवधि स्वायत्त क्षेत्र र थरुहट स्वायत्त क्षेत्र जस्ता पाँच क्षेत्रको प्रस्ताव गरेका छन् । (संविधानसभा : २०६६ पृ.१३९)

**८.३.१३. अमरेशकुमार सिंह**

जातीय, भाषिक, ऐतिहासिक, भौगोलिक आधारमा डोटी, मिथिला, अवध, किरात, मगरात, कर्णाली, नेवार तमुवान, जाजरकोट, तामाङ्, सिम्रौनगढ, थारुवानसमेत

१२ प्रदेशको प्रस्ताव गरेका छन् । (संविधानसभा, २०६६ पृ. १२९)

**८.३.१४. केशवमान शाक्य, मल्ल के शुन्दर र अर्जुन लिम्बु**

ऐतिहासिक सम्बन्ध, भूमि तथा क्षेत्रसँग सम्बन्धित समुदायको आधारमा किरात प्रदेश, मधेश, तामाङ, नेवा, थारुवान, तमुवान, मगरात, भेरी र सेतीसहित ९ प्रदेशको प्रस्ताव गरेको पाइन्छ । (संविधानसभा, २०६६ पृ.१३०)

**८.३.१५. राजेन्द्र श्रेष्ठ**

पहिले प्रस्तावित खाकामा केही संशोधनसहित राजेन्द्र श्रेष्ठले लिम्बुवान प्रदेश, किरात प्रदेश, कोचिला/कौशिका प्रदेश. मिथिला प्रदेश, सुनकोशी प्रदेश, ताम्सालिङ प्रदेश, नेवा/नेपालमण्डल, भोजपुरा, मध्यमाञ्चल, तमुवान, मगरात, थरुहट, अवध, सिञ्जा, डोटीसहित १५ प्रदेशको साथसाथै शेर्पा, चेपाङ र जडानलाई संघीय स्वायत्त क्षेत्र बनाउनुपर्ने प्रस्ताव ल्याएका छन् । (श्रेष्ठ, २०६६, पृ.१८४-२१७)

**८.३.१६. खगेन्द्र राई (साम्पाङ)**

राईले नेपालको पूर्वतर्फ पूर्वराज्य भनेर यस अन्तर्गत लिम्बुवान उपराज्य, किरात उपराज्य र कोचिला उपराज्य भनेर प्रस्तावित गरेका छन् । (राई, गोरखापत्र, २०६५ कार्तिक ७ विहिवार)

**८.३.१७. सर्वदेव ओझा**

मधेशी जनाधिकार फोरमका कर्मी ओझाले तराई मधेश, लिम्बुवान, किरात, नेवा राजधानी, ताम्सालिङ, तमुवान, मगरात, भेरी-कर्णाली र सेती महाकाली खप्तडसहित ९ प्रदेश र ५ वटा उपराज्यहरूमा कोचिला बिराट, मिथिला सहलेस, भोजपुरा सिम्रौनगढ, अवधि लुम्बिनी र थरुहट भावर उपराज्यको प्रस्ताव गरेको पाइन्छ । (संविधानसभा २०६६, पृ.१५१)

**८.३.१८. लक्की शेर्पा**

सभासद शेर्पाले लिम्बुवान, किरात, तामसालीङ, कोचिला, मिथिला, नेवा, शेर्पा, बुद्ध, तमुवान, मगरात, थरुहट, कर्णाली, महाकालीसमेत १३ प्रदेशको प्रस्ताव गरेका छन् । (संविधानसभा, २०६६, पृ.१४९)८

**८.३.१९. गोपाल शर्मा र बलदिप चामलिङ**

उनीहरूले किरात प्रदेश, तमु प्रदेश, ताम्वासालिङ्ग, मिथिलाञ्चल, नेपालमण्डल, लुम्बिनी, मगरात र सिञ्जासहित ८ प्रदेशको प्रस्ताव गरेका छन् । (संविधानसभा, २०६६ पृ.१२८)

**८.३.२०. आनन्द सन्तोषी राई**

राईले राज्य पुनःसंरचनासम्बन्धमा तीनवटा विकल्पसहितको प्रस्ताव प्रस्तुत गरेका छन् । विकल्प १.पूर्व कोशी किरात, मध्ये गण्डकी मगरात, पश्चिम कर्णाली खसान, विकल्प-२ मा, पूर्वाञ्चल किरात कोशी. मध्यमाञ्चल रोल्वालिङ, बागमति नेवा ताम्सालीङ, पश्चिमाञ्चल गण्डकी तमु-मगरात- अवधि, मध्यपश्चिमाञ्चल कर्णाली खसान थारुवान, सुदुरपश्चिमाञ्चल सेती महाकाली थारुवान र विकल्प ३ मा किरात प्रदेश, ताम्सालीङ, नेवा, मधेश, तमुवान, मगरात, खसान र थारुवान । (राई, २०६७ पृ.६)

**८.३.२१. कपिल लामा**

लामाले नेपालको उत्तरी १० हिमाली जिल्लाका ७३ गाउँ विकास समितिहरू मिलाएर भोट स्वायत्त प्रदेशको प्रस्ताव गरेका छन्। यो भोट प्रदेशलाई २०६६ मंसिर ३० गते सिमिकोटमा माओवादी नेता नेत्रविक्रम चन्दको प्रमुख आतिथ्यमा घोषणासमेत भईसकेको पाइन्छ । (लामा २०६७, पृ.२४)

यस वाहेक महेन्द्र लावतीको १३ प्रदेश, कृष्ण भट्टचनले प्रत्येक आदिवासी जनजातिहरूका आ-आफ्ना मूल थलोहरू छन् र त्यसै अनुसार स्थानीय स्वायत्त शासन कायम गरिनुपर्ने विचार राख्दछन् । सीताराम तामाङ, ओम गुरुङ, बालकृष्ण माबुहाङ जस्ता आदिवासी जनजाति कर्मीहरू पहिचानवादी सङ्घीय प्रदेशको पक्षमा रहेको पाइन्छ । टंक राई, नगेन्द्र राईहरू खम्बुवान राज्य आदिको खाका प्रस्तुत गरेको पाइन्छ ।

माथि प्रस्तुत राज्य पुनःसंरचनाका नमूनाहरुले

पूर्णत एकल पहिचानलाई प्रष्ट्याएको छ भने केही नमूना प्रस्तावहरू एकल र बहुपहिचानलाई समेट्ने प्रकारले प्रदेशको नाम बिकल्प प्रस्तावको रुपमा प्रस्तुत गरिएको पाइन्छ । ति खाकामा विशेषत बौद्धिक व्यक्तित्व

एकल पहिचानवादीहरूले राज्य पुनःसंरचनाका खाका पस्कनुमा जातीय क्षेत्रीय असमानतालाई मेटाउनु, २४० वर्षदेखिको खस केन्द्रीकृत राज्यसत्ताको अन्त्य गर्नु, जाति, भाषा र क्षेत्रको आधारमा जातीय प्रादेशिक स्वशासन कायम गर्नु, आजसम्म गुमराहमा पारिएका पिछड्वा जातीहरूलाई माथि उठाई राष्ट्रिय मूलप्रवाहमा ल्याउनु, जातीहरूलाई फुटाउ र शासनगर भन्ने नीतिलाई निष्तेज पार्नु, जात जातिहरूवीच अन्तरघुलन्ता र सहसम्बन्ध कायम गर्नु जस्ता आधारहरू प्रस्तुत गरेको पाइन्छ ।

**७.२. बहुपहिचानवादी राज्य पुनःसंरचनासम्बन्धी नमूनाहरू**

राजनीतिक बजारमा एकल पहिचानवादीहरूको राज्य पुनःसंरचनासम्बन्धी खाकाहरू आउन प्रारम्भ गरेपछि अर्को ध्रुवमा बहुपहिचानवादी अवधारणाहरू आउन थाल्यो । तर बहुपहिचानवादी मोडलहरूको चरमोत्कर्ष भने दोस्रो संविधानसभाको निर्वाचनताका देखा पर्‍यो । धेरै विषयहरूमा एकल पहिचानसँग असहमत राख्ने यस अवधारणाले जातीय, भाषिक पहिचानको ठाउँमा क्षेत्रीयता र शुद्ध भूगोलको आधारलाई मान्यता दिएको पाइन्छ । त्यसको प्रतिनिधित्व गर्ने पार्टीहरूमा केही प्रजातान्त्रिक, केही दक्षिणपन्थी र केही वामपन्थी पार्टीहरूले गरेको पाइन्छ । एकल पहिचानको अलवा बहुपहिचानको आसय जातीय द्वन्दबाट मुलुकलाई विखण्डन हुन नदिने दिशातिर उन्मुख हुन सबैको हितकर छ भन्ने रहेको बुझिन्छ । पहिचान खोज्ने सन्दर्भमा बहुपहिचानवादीहरू जातीय पहिचानलाई गौण र भूगोललाई पहिलो प्राथमिकता दिएको पाइन्छ । यसैलाई सभ्फा पहिचान भनिन्छ भन्ने तर्क यस पक्षको रहेको छ । बहुपहिचानलाई आत्मसात गर्ने राज्य पुनःसंरचनाका त्यस्ता केही नमूनाहरूलाई राजनीतिक दल र वौद्धिक व्यक्तित्वहरूबाट निर्मित नमूनाको रुपमा विभाजन गर्न सकिन्छ -

७.२.१ राजनीतिक दलहरूबाट निर्मित राज्य पुनःसंरचनासम्बन्धी बहुपहिचानवादी नमूनाहरू

७.२.२. बौद्धिक समुदायबाट निर्मित राज्य पुनःसंरचानसम्बन्धी नमूनाहरू

**७.२.१ राजनीतिक दलहरूबाट निर्मित राज्य पुनःसंरचनासम्बन्धी बहुपहिचानवादी नमूनाहरू**

नेपालमा २००७ सालदेखि नै स्थापित र बहुदलीय व्यवस्थाको पदार्पणपछि पनि विभिन्न समयमा शासकीय तहमा रहेका नेपाली काङ्ग्रेस, नेकपा एमालेलगायत, बहुदलीय व्यवस्थापछि पञ्चायतमा रहेर अनुभव प्राप्त गरेका व्यक्तित्वहरूबाट निर्मित पार्टीहरूले बहुपहिचानलाई प्राथमिकता दिएका छन् । यसमध्ये पनि केही पार्टी सघीयताकै विरुद्धमा रहेकाछन भने कति राजासहितको संघीयताका पक्षधर रहेकाछन । ति राजनीतिक दलहरू निम्नानुसार रहेकाछन् ।

**७.२.१.१. नेपाली कांग्रेस**

राज्य पुनःसंरचनाको सन्दर्भमा नेपाली कांग्रेसको अवधारणा ढिलोगरी आयो र यसले क्षेत्रीयतालाई प्रदेश विभाजनको आधार मान्ने मत अघि सार्दै (पाठक, २०६३ ) दोस्रो संविधानसभाको निर्वाचनमा पहिचान भेटिने जातीय द्वन्द मेटिने आधारमा सात प्रदेश र यसको विकल्पमा १३ प्रदेश बनाउन सकिने प्रस्ताव अगाडि सारेको पाइन्छ । (राजधानी, २०७० कार्तिक ८ शुक्रवार) ।

**७.२.१.२. नेपाल कम्युनिष्ट पार्टी एमाले**

बहुपचिचानलाई जोडदिने एमालेले पहिलो संविधानसभाको निर्वाचनसम्म प्रदेशको संख्यावारे अनिर्णयमा रह्यो । २०६८ मा पार्टीको अठारौं बैठकले सात प्रदेशहरूको संख्या र नामाकरण प्रस्तावित गरेको भएपनि दोस्रो संविधानसभाको निर्वाचनमा प्रदेशहरूको नामाकरण प्रदेश सभाले गरेबमोजिम हुनेछ (संविधानसभा निर्वाचन घोषणापत्र २०७० नेकपा एमाले मदननगर बल्खु

काठमाडौं) भन्ने अडानमा रहेकाले एकपटक नामाकरण गरिसकेको अवस्थाबाट एमाले पुनः पछाडि हटेको देखिन्छ।

**७.२.१.३. नेपाल मजदुर किसान पार्टी :**

यो पार्टीले पहिलो संविधानसभाको निर्वाचनदेखि नै भूगोलको आधारमा बनेको १४ अञ्चललाई नै प्रान्तहरूको रुप दिने प्रस्ताव गरेको छ र दोस्रो संविधानसभाको निर्वाचनमा पनि यही कुरा दोहोऱ्याएको पाइन्छ।

**७.२.१.४. नेपाल कम्युनिष्ट पार्टी माले (मैनाली)**

जातजाति, भाषा एवं संस्कृतिगत एकरुपता, ऐतिहासिता, भूगोल र आर्थिक दिगोपनको आधारमा पहिलो संविधानसभामा सगरमाथा, जनक, लुम्बिनी, कर्णाली, सेती, महाकाली र बागमति गरी ६ प्रदेशको प्रस्ताव गरेको थियो भने सोही संरचना दोस्रो संविधानसभामा पनि प्रस्तुत गरेको पाइन्छ। (संविधानसभा निर्वाचन घोषणापत्र, २०७० पृ.पृ २०-२२)

**७.२.१.५. राष्ट्रिय जनमोर्चा (चित्रबहादुर के. सी.)**

यस दलले सङ्घीयताको प्रस्तावलाई नै खारेज गर्नुपर्ने मुद्दा उठाउँदै राज्यको पुनःसंरचना र स्थानीय स्वायत्त शासनको स्वरुपमा कोसी, सगरमाथा, बागमति, गण्डकी, लुम्बिनी, महाकाली र कर्णाली रहने गरी सात प्रदेशको खाका तय गरेका छन्। (गोरखापत्र, २०७० कार्तिक ६ बुधवार)

**७.२.१.६.राष्ट्रिय प्रजातन्त्र पार्टी, सूर्यबहादुर थापा,**

विशेषज्ञहरूको राय, उच्चस्तरीय आयोगको सिफारिश र सर्वदलीय सहमतिका आधारमा प्रान्तीय सरकारको नाम र सङ्ख्या निर्धारण गर्ने अडानमा रहेको यस दलले दोस्रो संविधानसभाको निर्वाचनमा भने सामर्थ्य, पहिचान, भूगोल र ऐतिहासिक पृष्ठभूमिको आधारमा मधेशमा दुई र पहाडमा पाँच प्रदेश बनाउने प्रस्तावसहित संसदीय व्यवस्थाको उद्धोष गरेको छ। (संविधानसभा निर्वाचन घोषणापत्र, २०७० पृ. ४)

**७.२.१.७. चुरेभावर एकता पार्टी नेपाल**

मधेशवादी आन्दोलनले पहाडावासीलाई आक्रमण गर्न थालेपछि त्यसको सुरक्षार्थ २०६४ सालमा चुरे भावर एकता पार्टीको निर्माण भएको हो। यसैबाट २०६६ सालमा टुक्रिएको अर्को पार्टी चुरे भावर राष्ट्रिय पार्टी पनि रहेको छ। भौगोलिक सीमा, प्राकृतिक सम्पदाको समान वितरण, मिश्रित सांस्कृतिक आधार र प्राकृतिक स्रोतको उपलब्धताको आधारमा प्रदेशहरूको सीमाना निर्धारण होस भन्ने यसको प्रस्ताव रहेको छ।

**७.२.१.८. नेपाल परिवार दल**

पहिलो संविधानसभाको चुनावसम्म सात प्रदेशको प्रस्तावगर्दै आएकोमा दोस्रो संविधानसभाको निर्वाचनताका सामर्थ्य, पहिचान, जनसंख्या र भूगोलको आधारमा ६ देखि ७ प्रदेशमा नेपाललाई विभाजन गर्ने प्रस्ताव गरेको छ। (संविधानसभा निर्वाचन घोषणापत्र, २०७० पृ.६)

**७.२.१.९. नेपाली जनता दल**

भूगोल, संस्कृति एवं भाषिक समानता, समान विकासको आधारमा राज्यको पुनसंरचना गर्नुपर्ने पहिलो संविधानसभाको चुनावी अवधारणा थियो भने दोस्रोमा जातीय आधारको सट्टा अधिकार सहितको सङ्घीयताको प्रस्ताव गर्दै तराईमा दुई र पहाडमा ५ गरी ७ प्रदेशको निर्माण गर्नुपर्ने बताएको छ। (गोरखापत्र २०७० कार्तिक ७ विहिवार )

**७.२.१.१०. राष्ट्रिय नागरिक पार्टी**

यस पार्टीले स्रोत साधन र सामर्थ्यको आधारमा ५ विकास क्षेत्रलाई नै प्रदेश बनाउने प्रस्ताव गरेको छ। (गोरखापत्र २०७० कार्तिक ५ बुधवार)

**७.२.२. बौद्धिक बुद्धिजीवीहरूबाट निर्मित राज्य पुनःसंरचनासम्बन्धी बहुपहिचानमा आधारित नमूनाहरू:**

राज्यको पुनःसंरचना बारेमा बहुपहिचानवादी विद्वानहरूले भूगोल, ऐतिहासिक पहिचान, नदीहरूको नाम, प्रशासनिक सुगमता र केहीले पञ्चायती व्यवस्थाले संरचना गरेका पाँचवटा क्षेत्रीय विकास केन्द्रहरू जो अद्यावदी शिथिलरुपमा प्रयोगमा आइरहेको छ त्यसैलाई नै प्रदेशको नाम दिइनुपर्ने तर्कसहितको खाका प्रस्तुत गरेका छन्।

### ७.२.२.१. डा. नारायण खडका

संविधानसभा सदस्य डां खड्काले वर्तमान विकास क्षेत्रहरूलाई नै संघीय शासनको आधार बनाउनु पर्ने तर्क विभिन्न लेखहरूमा आईरहेका छन ।

### ७.२.२.२. श्री कृष्ण यादव

प्रशासनिक सुगमता, विकास, इतिहास, जाति प्रजाति, भाषिक समुदायको उत्साह, राष्ट्र निर्माण र समृद्धि, सहभागिताको लागि १. सगरमाथा प्रदेश, २. बागमति, ३. गण्डकी, ४.कर्णाली, ५.महाकाली, ६.सिद्धार्थ र ७. विदेह प्रदेशको प्रस्ताव गरेकाछन । (यादव, कान्तिपुर, २०६३ साउन २५)

### ७.२.२.३. पिताम्बरलाल शर्मा

भूगोलविद शर्माले प्राकृतिक श्रोत र साधनको उपलब्धताको आधारमा पूर्वाञ्चल, मध्यमाञ्चल, राजधानी, पश्चिमाञ्चल, कर्णाली र सुदुरपश्चिमाञ्चल गरी ६ वटा प्रदेश र १९ जिल्लाको प्रस्ताव गरेका छन । (पाठक, २०६३ पृ.३३, मानन्धर २०६५ पृ.२३)

### ७.२.२.४. शङ्कर पोखेल

एमाले सदस्य पोखेलले भूगोल, जातीय सघनता, भाषा, सामाजिक साँस्कृतिक अवस्था, आर्थिक सम्बन्ध, प्रशासनिक सुगमता, श्रोत र साधन र ऐतिहासिकताको आधारमा तमोर प्रदेश,. बिराट, कोशी, जनकपुर, सुनकोशी, काठमाडौं, सिम्रौनगढ, नारायणी, अन्नपूर्ण, कालीगण्डकी, लुम्बिनी, राप्ती, कर्णाली, भावर र खप्तड भनी १५ वटा प्रदेशको प्रस्ताव ल्याएका छन । (पाठक, २०६३, पृ.३३, मानन्धर, २०६५,पृ. २८)

### ७.२.२.५. आलोक बोहरा, सुरेन्द्र देवकोटा र शिव गौतम

उनीहरूले काठमाडौं, कोशी, गण्डकी र कर्णाली भनेर ४ प्रदेशमा विभाजन गरेका छन । (मानन्धर र साथीहरू, २०६५,पृ. २८)

### ७.२.२.६. बाबुराम भट्टराई

भट्टराईले मेची, कोशी, जनकपुर, बागमती, गण्डकी, लुम्बिनी, राप्ती, कर्णाली र महाकालीसहित ९ संघीय राज्यमा विभाजन गरेका छन् । (मानन्धर र साथीहरू २०६५, पृ.२८)

### ७.२.२.७. राजेन्द्र गौतम

गौतमले दाङ, अन्नपूर्ण, मकालु, भेरी, नारायणी, जुम्ला, सिन्धुली, मिथिला, लुम्बिनी, उपत्यका, कर्णाली, कोशी, गोर्खा र हलेसीसहित १४ प्रदेशमा विभाजन गरेका छन् । (मानन्धर र साथीहरू २०६५, पृ.३१)

### ७.२.२.८. धर्मराज पौडेल

पौडेलले सप्तकोशी, मैथिली, सुनकोशी, बुद्धभूमि, धौलागिरी, राप्ती, कर्णाली र महाकालीसहित गरी ८ प्रदेशमा विभाजन गरेकाछन् । (मानन्धर र साथीहरू. पृ. ३१)

### ७.२.२.९. सूर्य थापा

थापाले प्रारम्भमा ११ प्रदेशको खाका दिएकोमा पछि यसलाई पुन: संशोधनगरी सात प्रदेशमा ल्याइएको पाइएको छ जसमा १.कोशी, २. मिथिला प्रदेश, ३. काठमाडौं प्रदेश, ४. गोरखा प्रदेश, ५. राप्ती प्रदेश, ६. सिञ्जा प्रदेश र ७. सुदुरपश्चिम प्रदेश रहेका छन् । (थापा २०६५)

### ७.२.२.१०. गोविन्द पोखेल,

भौगोलिक र जनसंख्याको दष्टिले नेपाल सानो मुलुक भएकाले तीन प्रदेशको खाका उपयुक्त हुने प्रस्ताव प्रस्तुत गरेको पाइन्छ । ति हुन- कर्णाली, गण्डकी र कोशी प्रदेश । (पोखेल, २०७०) बिहिवार ३, असोज २०७०, नागरिक दैनिक) ।

### ७.२.२.११. विद्याधर कंसाकार

कंसाकारले मेची कोशी प्रदेश, सगरमाथा जनकपुर प्रदेश, बागमती नारायणी प्रदेश, गण्डकी लुम्बिनी प्रदेश, धौलागिरी राप्ती प्रदेश, कर्णाली भेरी प्रदेश र सेती महाकाली प्रदेशसमेत जम्मा सात प्रदेश रहेको खाका प्रस्तुत गरेका छन् । (कान्तिपुर बुधबार १९ असार २०७०) ।

## ७.३. अन्य नमूनाहरू

राज्य पुन:संरचनासम्बन्धी अन्य नमूना खाकाहरू

पनि राजनीतिक बजारमा आएका छन् । त्यसको स्वरुप नत एकल न त बहुपहिचानको जस्तो छ तर दुबैको विशेषता एक ठाउँमा अङ्कित छ । तसर्थ यसको स्वरुप मिश्रित्तता, विकल्पको रुपमा प्रस्तुत गरिएको नाम र हेर्दा बहुपहिचानको जस्तो नाम भए पनि पहिचानका विशेषता बोकेका राज्य पुनःसंरचनासम्बन्धी नमूना र संदिग्धखालका नमूना, प्रष्ट नखुलेका नमुनाहरू यसमा राख्न सकिन्छ । ति नमूनाहरू यस प्रकार रहेका छन् -

**७.३.१. डा. हर्क गुरुङ :**

हर्क गुरुङको प्रस्ताव हेर्दा बहुपहिचान जस्तो लाग्ने प्रस्ताव राज्य पुनःसंरचना सम्बन्धमा देखिएको यो पहिलो नमूना हो । आदिवासी जनजाति कर्मी एवं भूगोलविद गुरुङले नेपाललाई २५ वटा विकास जिल्लाहरूमा विभाजन गर्ने धारणाअनुसार कन्काई, बिजयपुर, तमोर, अरुण, चौदण्डी, सगरमाथा, कमला, सैलुङ काठमाडौं उपत्यका, सिमरौन, राप्ती, त्रिशुली, मनास्लु, अन्नपूर्ण, श्रीनगर, रिडी, धौलागिरी, स्वर्गद्वारी, भेरी, कर्णाली, बबई, मलिका, सयपाल, मोहोना, व्यासऋषिको प्रस्ताव गरेका थिए । (तामाङ, २०६२, पृ.) यी २५ जिल्लाहरूलाई पूर्व, मध्य र सुदुरपूर्वको रुपमा तीनभागमा विभाजन गरेको पाइन्छ । यो प्रस्तावमा पूर्वतर्फ ६ जिल्ला आदिवासी, जनजाति, मधेशी, मुस्लिमको प्रभुत्व रहने देखिन्छ । मध्यभागको ६ जिल्लाहरूमा एकजिल्लामा क्षेत्री बाहुनको प्रभुत्व र ५ वटा जिल्लामा आदिवासी जनजाती मधेशी मुस्लिमको प्रभृत्व रहने देखिन्छ भने सुदर पश्चिमको १३ जिल्लामध्ये ७ जिल्लामा क्षेत्री बाहुन र ६ जिल्लामा आदिवासी जनजाति मधेशी मुस्लिमको प्रभुत्व कायम हुने देखिन्छ । गुरुङले नामको रुपमा हेर्दा पुरै बहुपहिचानयुक्त भए पनि उक्त प्रस्तावित जिल्लाको जातीय बनोटलाई हेर्दा एकल पहिचानका विशेषताहरू देखिन्छन् । यद्यपि यो नमूनाको लामो विष्लेषण हुन बाँकी रहेको बुझिन्छ ।

**७.३.२, . कृष्ण खनाल**

खनालले वेस्टमिनिस्टर प्रणालीको ठाउँमा सम्पूर्ण नेपाललाई समानुपातिक प्रतिनिधित्वको सिद्धान्तको आधारमा १४ वटा निर्वाचनक्षेत्रहरूमा विभाजन गरेका छन । जसमध्ये तराईमा ५ र पहाडमा ९ वटा पर्दछन । खनालले जातीय, भाषिक एवं सॉस्कृतिक निकटताको आधारमा क्षत्रीय वा संघीय शासनको इकाईहरूको गठन उपयुक्त हुने प्रस्ताव गरेका छन । (खनाल, ,२०६२), पृ. २०५) त्यसता संघीय शासन इकाइ तथा निर्वाचन क्षेत्रहरूको नामाकरण नगरिएको भए पनि तत १४ क्षेत्रबाट जातीय प्रतिनिधित्व हुनसक्ने सङ्केत यो प्रस्तावले दिएको हुनाले नामको रुपमा यो खाका बहुपहिचानमा आधारित रहेको छ भने भित्री विशेषताको रुपमा एकल पहिचानलाई समेट्ने खाका रहेको छ ।

**७.३.३. नरहरी आचार्य**

आचार्यले ६ प्रदेश र १३ प्रदेशको दुई बिकल्प प्रस्ताव गरेकाछन् । नामको सम्बन्धमा पनि उक्त विकल्पभित्र पनि यो वा त्यो भनी विकल्प नामहरू प्रस्ताव गरेका छन् । तसर्थ यो प्रस्तावले बहुपहिचान र एकल पहिचान दुवैलाई एकैसाथ विकल्पको रुपमा प्रस्तावित गरेको पाइन्छ । उनका पहिलो विकल्पका ६ प्रदेशहरूमा १. कर्णाली/खस प्रदेश, २. थरुहट/कपिलबस्तु प्रदेश, ३. गण्डकी/गोर्खा/ तमु मगरात प्रदेश, ४. वागमति/काठमाडौं/उपत्यका//नेवा/कान्तिपुर प्रदेश, ५. मिथिला/जनकपुर/विदेश/मधेश प्रदेश, ६. हलेसी/किरात/सगरमाथा/अरुण प्रदेश र दोस्रो विकल्पमा १. महाकाली प्रदेश, २.थरुहट, ३. कर्णाली/सिञ्जा, ४. भेरी/मगरात, ५ .गण्डकी/तमु/गोर्खा, ६. कपिलवस्तु, ७. बागमति/कान्तिपुर/नारायणी, ८. सुनकोशी/तामसालीङ/पलाञ्चोक/छेरोल्पा,९.सिमरौनगढ/भोजपुरा, १०.मिथिला/मधेश/विदेह/जनकपुर,११.हलेसी/किरात/सगरमाथा, १२. अरुण/सिरजङ्गा/लिम्बुवान र १३. बिराट/कोचिला । (संविधानसभा, २०६६ पृ. १३१) तर पछिल्लो समयमा निजको मौखिक भनाई बहुपहिचानतर्फ नै बढी जोड दिएको पाइन्छ ।

**७.३.४. बाबुराम आचार्य**

आचार्यले समग्र नेपाललाई मुख्य ४ प्रदेश र

१५ वटा मण्डल तथा जिल्लाहरूमा विभाजन गरेका छन् - १.राजापुर मण्डल, २. सप्तरी मण्डल, ३.सिञ्जा मण्डल, ४. बुटवल मण्डल, ५. दोलखा मण्डल, ६. ओल्लो किरात मण्डल, ७. मोरङ मण्डल, ८. जनकपुर मण्डल, ९. वादी मण्डल, १०. पल्लो किरात मण्डल, ११. सिम्रोन मण्डल, १२. काठमाडौं मण्डल, १३. कास्की मण्डल, १४. कालिका मण्डल र १५.गोरखा मण्डल । (मानन्धर र साथीहरू पृ. पृ. (२०६५, पृ. २४)

**७.३.५. रामचन्द्र आचार्यको प्रस्ताव**

१. रारा टेरीटोरी, २. सगरमाथा (राई), ३. अन्नपूर्ण (गुरुङ, ४. मध्ये तराई (भोजपुरी), ५. पूर्वी तराई, ६. पश्चिम तराई (थारु), ७. रिडी (मगर), ८. मिथिला (मैथिली), ९.लुम्बिनी (अवधी) १०.कञ्चनजङ्घा (लिम्बु), १०. काठमाडौं (नेवार), ११, गौरीशङ्कर, (दलित), १२ खप्तड (दलित) (मानन्धर र साथीहरू पृष्ट २५)

**७.३.६ सुरेन्द्र के सी**

डा. सुरेन्द्र के.सी (२०६३) ले नेपालको जातीय बनोट मिश्रित ढङ्गको भएकाले जातीय राज्य किमार्थ न्यायोचित नहुने तर्क पेश गरेका थिए । पुन पछिल्लो समयमा एकल र मिश्रित पहिचानतर्फ उनको नमूना प्रदेशहरूका पक्षमा रहेकाछन् ।

७.३.७. **बिजयराज शर्मा**

कोलोराडो विश्वविद्यालयका शर्माले ३ देखि ८ जिल्लालाई मिलाएर नेपाललाई १५ वटा प्रान्तहरूमा विभाजन गर्ने प्रस्ताव गरेका छन । ((शर्मा, कान्तिपुर, २०६४ माघ १७) ति प्रान्तहरूका नाम उल्लेख भएको छैन तर जिल्लाहरू समावेश रहेका छन्। यी प्रान्तहरूलाई अध्ययनगर्दा केही एकल पहिचान खुल्ने खालका प्रान्त रहेका छन् भने केही चाँही बहुपहिचा खालका रहेका छन्। उपरोक्त नमुनाहरु लगायत चन्द्रकान्त ज्ञावली (२०६४) द्वारा भूगोलको आधारमा सात प्रदेशको विभाजन गरिएको पाइन्छ । यसै गरी लोककल्याणकारी जनता पार्टीलेहिन्दुराज्यको पक्षमा बहस गर्दै धर्म निरपेक्षताको घोषणा फिर्ताहोस भन्ने चाहेको छ । (कान्तिपुर २ चैत्र २०६४ शनिवार) तर अर्कोतिर जातीय क्षेत्रीय आधारमा आत्मनिर्णयसहितको स्वायत्त संघीय राज्य हुनुपर्ने प्रस्ताव पनि गरेको छ तर प्रदेशको संख्या बारे प्रष्ट छैन ।

**८. एकल पहिचानवादी नमूना खाकाहरूका पक्षमा बहस**

एकल पहिचानवादी पक्षधर दलहरू एमाओवादी लगायत मधेशसम्बद्ध दलहरू, आदिवासी जनजातिसम्बद्ध संघसंस्थाहरू, राजनीतिक कर्मीहरू- अशोक राई, गोपाल किराती,उपेन्द्र यादव, बिजय गच्छेदार, आई बि गुरुङ आदि तथा बौद्धिक लेखको माध्यमबाट कटक मल्ल, (मल्ल २०६४), महेन्द्र लावती -लावती, २०७०) आङकाजी शेर्पा (शेर्पा २०७१), पर्शुराम तामाङ (तामाङ २०७१) लगायतका पहिचानवादीहरूले एकल पहिचानको पक्षमा वहसगर्दै आएका छन् । यसमध्ये आङ्काजी शेर्पाले पहिचान र सङ्घीयतावारे फैलाइएका भ्रमहरू नामक पुस्तिका र पर्शुराम तामाङद्वारा लिखित नयाँ नेपालको प्रश्न नामक पुस्तकमा संघीयता तथा एकल पहिचानका विपक्षमा उठाइका अनेकौं भ्रमहरूलाई चिर्न खोजिएको पाइन्छ। प्रस्तुत सबैको विचारहरूलाई एकठाउँमा राखियो भने निम्न तर्कहरू पहिचानको पक्षमा देखिन्छन् -

८. १. आदिवासी जनजातिहरूको उत्पीडन जातीय आधारमा भएकाले त्यसलाई संवोधन गर्न पनि एकल जातीय पहिचानको माग उठेको हो । यो विचारको प्रारम्भ माओवादीहरूको विगत दशवर्षे जनयुद्धकालमा उठान भएको थियो । पहिचान, सङ्घीयता, धर्मनिरपेक्षता र गणतन्त्रलाई संस्थागत गर्न २०४७ सालको संविधान खारेज गरेर नयाँ संविधानसभा गठन गर्ने वारे दिल्लीमा दलहरूवीच संझौता भएको भएको थियो तत्पश्चात प्रतिनिधिसभा पुनरगठनगरी व्यवस्थापिका संसद गठन गरेपश्चात ६२।६३ को संयुक्त जनआन्दोलन उठेको हो । यो आन्दोलनको विशेषता धर्म निरपेक्षता, गणतन्त्र, पहिचानसँगसम्बद्ध थियो ।

८. २. नेपालमा खस, लिम्बु, किरात, नेवा, तामाङ्,

मगर, तमु, थरुहट, मिथिला, शाक्य, कोचजस्ता थुप्रै सभ्यताहरू वर्तमान नेपाल बन्नुभन्दा अगाडि नै विकसित भइसकेको हुनाले यी ऐतिहासिक थातथलो र सभ्यतालाई नयाँ परिवेशअनुसार मान्यता दिनु पर्दछ भन्ने सन्दर्भमा जातीय पहिचान अटाउने, भूगोल भेटाउने, ऐतिहासिक सांस्कृतिक सभ्यता दर्शाउने र जहाँ खोजेपनि नेपाल भित्रै सबैले स्वभिमान पाउने दृष्टिकोण अनुसार पहिचानयुक्त प्रदेशको माग गरिएको हो । यही मान्यताको आधारमा नेपालको पश्चिममा भेरी-कर्णाली, तथा सेती-महाकालीको सट्टा खसान प्रदेश बनाउन लागिएको हो । यसलाई नमान्नु भनेको नेपालको ऐतिहासिक निरन्तरतालाई नमान्नु मात्र होइन विजेता मनोविज्ञान र हिन्दू अहङ्कारवादलाई लाद्न खोज्नु हो ।

८.३. जातीय पहिचानसहितको संघीयतामा कुनै जाति वा समुदाय विशेषको भाषा, संस्कृतिको प्रभुत्व वा एकाधिकार कायम हुँदैन, यस्तो सङ्घीयतामा सबैलाई स्वशासनको अधिकारको व्यवस्था हुन्छ । राज्यको सबै अङ्गहरूमा समावेशी र समानुपातिक प्रतितिधित्व हुने भएकाले बहुपहिचानवादीहरूले लगाएको आरोप जस्तो यो जातीय राज्य हुनेछैन ।

८.४. जातीय पहिचानको आधारमा राज्यको पुनःसंरचना गर्नेगरी दलहरूवीच १२ बुँदे र ८ बुँदे ऐतिहासिक सहमति भएकाले सहमतिलाई पालन गर्नु हस्ताक्षरपक्षहरूको नैतिक जिम्मेवारी ठहर्नेछ ।

८.५. पहिलो संविधानसभाको राज्य पुनःसंरचना समिति र राज्य पुनःसंरचना आयोगमा भएका दलहरूमध्ये एमाओवादी, एमाले र मधेशवादी दलहरूको बहुमतले पहिचानजनित प्रदेशको खाकालाई पारित गरेको हो । पहिचान र सङ्घीयतालाई प्रदेशको सिमाङ्कनको आधार बनाई समिति र आयोगले क्रमश : १४ र १० प्रदेशको प्रस्ताव गरेकोमा आयोगमा अल्पमत पक्षले ६ प्रदेशको प्रस्ताव ल्याउनु मापदण्ड विपरित, पहिचाविहिन र बेनामे छ । यो आदिवासी, जनजाति मधेशीलाई अल्पमतमा पार्ने साजिस हो ।

८.६ पहिलो संविधानसभामा जन निर्वाचित ६०१ सभासदहरूमध्ये ४१७ जनाले पहिचानसहितको सङ्घीय संविधानको पक्षमा हस्ताक्षर गरेको ज्ञापनपत्र सभामुखमार्फत संविधानसभालाई बुझाएका हुन । तर पछि एमाले पार्टीका नेताहरूले आफ्नै पार्टीको निर्णयविरुद्ध षडयन्त्रगरी जातीय पहिचानसहितको सङ्घीयताको विरोधगर्दै हलो अड्काउने काम गरेका हुन ।

८.७. जातीय तथा भाषिक पहिचानसहितको सङ्घीयताले देश टुक्र्याउँदैन बरु जोड्ने काम गर्दछ । उदाहरणकोरुपमा भारत स्वतन्त्र हुँदाको समयमा मुस्लिम समुदायको पहिचान स्वीकार्न नसक्नाको कारणले भारतबाट पाकिस्तान टुक्रियो । पाकिस्तानले बङ्गाली भाषी समुदायको पहिचानलाई स्वीकार्न नसक्नाको कारणले पाकिस्तानबाट बङ्गलादेश निर्माणहुन पुग्यो । यस अर्थमा जातीय र भाषिक पहिचान स्वीकार नगर्दा मात्र देश टुक्रिन सक्छ तर स्वीकार गरेमा देश टुक्रदैन । भारतमा भाषिक पहिचानका आधारमा तेलगु भाषिको तेलाङ्गना, मराठी भाषीको महाराष्ट्र, गुजराती भाषीको गुजरात, तामिलभाषीको तामिलनाडु, जातीय आधारमा मिजोरम र नागाल्याण्ड हुन्छ भने नेपालमा किन नहुने ? अहिले गोर्खालीहरूको पहिचानको आधारमा भारतमा गोर्खाल्याण्डको माग पनि भईरहेको

छ भने तेलङ्गना भर्खरै निर्मित प्रदेश हो । भारत १४ प्रान्तबाट बढ्दै २२, २८ हुँदै अहिले तेलङ्गना प्रदेशको निर्माणले २९ प्रदेश बनेको छ । नेपाललाई असन्तुलित ढङ्गले प्रदेशको विभाजन गरियो भने भोली त्यो झन टुक्रिने संभावना बन्नेछ जसरी भारतमा आसामबाट मणिपुर, मिजोरम आदि छुटेर गए । भारतमा देखिएको जातीय राज्यको नमुनादेखि विश्वमा बेल्जियम, इथोपिया, बोस्निया-हर्जगोबिना पनि जातीय संघकैरुपमा रहेका छन् । अमेरिका, रुस, दक्षिण अफ्रिकाका राज्यहरूको नामसमेत जातीय छन भने नेपालमा मात्र जातीय राज्य बनाउन लागीएको होइन । (तामाङ् २०७१, पृ.पृ. ५१-५२)

८.८. कुनै पनि क्षेत्रका बासिन्दाले आफ्नो विशेष नाम राख्न चाहन्छ भने अर्को क्षेत्रका बासिन्दाले त्यसको विरोध गर्नुको कुनै औचित्य छैन । त्यसैले संख्या र नाम माथिबाट लाद्नुभन्दा स्वयं स्थानीय जनतालाई राख्न दिनु सुनौलो लोकतान्त्रिक प्रकृया हुनेछ। लिम्बुहरूले लिम्बुवान नाम राख्दैमा त्यो जातिवादी कुरा हुँदैन लिम्बुभित्र अरु जातिलाई भेदभाव गरे त्यो जातीय हुन्छ । नेपालमा हाल जातीय-राष्ट्रियताको आधारमा नामाकरणगर्दा देश टुक्रन्छ भन्नेहरू उहिले पूर्ण विकेन्द्रिकरण गर्दा देश टुक्रिन्छ भन्थे संघात्मकको त कुरै थिएन । कुनै समुदाय आफ्नो विशिष्ट नामबाट चिनिन चाहन्छ भने उसलाई त्यो नाम रोज्ने अधिकार छ । छिमेकी भारतमा पञ्जाबी, बङ्गाली, तामिल आदि जातीय राष्ट्रियताको आधारमा प्रान्त नामाकरण गरिएका छन् । आजको नेपालको सङ्घीयताको नाम जसरी आईरहेको छ ती विगतमा धर्म र भाषा माथिबाट थोपरेका उपज हुन । भोली नाम खोज्नेले नाम पाएपछि उनीहरूले आफ्नो संघ राज्य अन्तर्गत अरुलाई भुटानी बाङ्चुक वा नेपाली महेन्द्रको पञ्चायती शैली अप्नाए त्यस्ता संघको अस्तित्व रहने छैन । (मल्ल, २०६४ कान्तिपु, चैत्र ४)

८.९. आदिवासीलाई मात्र राज्य दिइयो भने जातीय मानमर्दन हुन्छ भन्ने विषयमा भ्रमहरू फैलाइएकाछन् । यो सरासर झुठ हो । जातीय समानुपातिकताको आधारमा शासकीय सहभागिता खोजिने भएकाले कुनै जातिले कुनै जाति माथि प्रमुत्व लाद्नसक्तैन । त्यसैले नेपालमा खसहरूको ऐतिहासिक पृष्ठभूमि भएको आधारमा पहिचानसहितको १४ प्रदेशमा खप्तड र कर्णाली प्रदेशलाई खसको पहिचानमा आधारित प्रदेश बनाउन खोजिएको हो ।

८.१०. बहुपहिचानको प्रस्ताव दोस्रो संविधानसभा निर्वाचनमा एकल जातीय पहिचान विरोधी दलहरूले ल्याएका प्रस्ताव हुन ।

८.११. बहुपहिचान भनेको दुई वा दुईभन्दा बढी जात जाति, भाषा भाषी, संस्कृति तथा क्षेत्र, भूगोलको पहिचानको आधारमा प्रदेशको नामाकरण गर्नुलाई भनिएको हो । यो व्यवस्था एउटै खोरमा बाघ, भालु, बाखा, कुखुरा, स्याललाई राख्नु सरह हो ।

८.१२. एकल जातीय पहिचान प्रदेशको सट्टामा १.लिम्बुवान-किरात मेची प्रदेश, २.नेवा ताम्सालिङ-शेर्पा-सगरमाथा प्रदेश, ३.तमुवान-मगरात-गण्डक प्रदेश, ४.थरुहट-कोच-मधेश प्रदेश र प्रदेशको सिमाङ्कन गर्दा जातीहरूको ऐतिहासिक थातथलोको आधारमा नगरी १४ अञ्चलको जस्तो हिमालदेखि तराईका भू-भाग छुनुपर्ने प्रस्ताव महेन्द्रले ल्याएको असफल संरचना हो ।

८.१३. बहुपहिचानमा अलग भाषा, संस्कृति र इतिहास

भएका जातीहरूवीच द्वन्द बढाउने निश्चित भएकाले यो नेपालको लागि उपयुक्त छैन

८.१४. जातीय पहिचानको आधारमा सङ्घीय राज्य दिनु भनेको नेपालको १२० जातिलाई राज्य दिनु भनेको होइन । जातीय सघनता, इतिहास, भाषा, संस्कृति, सामर्थ्य र भूगोललाई हेरेर दिनु वा राष्ट्रको हैसियत बोकेका जातिको भूमिलाई प्रदेश बनाउनु भनेको हो, जातलाई होइन जातिको ऐतिहासिक थातथलोको आधारमा प्रदेश बनाउनु भनेको हो । यसको आधारमा नेपालमा १४ प्रदेशसम्म हुनसक्ने बलियो आधार रहेको छ । यसमा पनि संविधानसभा राज्य पुनःसंरचना समितिमा राज्यको कुल जनसङ्ख्याको एक प्रतिशत पुग्ने जातिको लागि मात्र प्रदेश बनाइने मापदण्डात्मक व्यवस्थाले सबै जातिले राज्य पाउँनुपर्‍यो भन्नु हलो अड्काउने मनसायले व्यक्त गरिएको नाजायज अभिव्यक्ति मात्र हो ।

८.१५. हालको १४ अञ्चल र ७५ जिल्ला आदिवासी जनजातिहरूको जनसङ्ख्या र ऐतिहासिक थातथलोलाई जग्गा प्लटिङ गरेजस्तै खण्डित गरिएकाले अवको सङ्घीयताले यी खण्डित भू-भाग, जनसङ्ख्या र पहिचानसम्बद्ध थातथलोलाई एकै ठाउँमा जोड्ने काम गर्नेछ ।

८.१६. आकारमा सानो र धेरै प्रदेश भएको सङ्घीयता बढी प्रभावकारी, सफल र टिकाउ भएको र थोरै र ठूलो प्रदेश भएको सङ्घीयता विफल भएको तथ्य विश्वका सङ्घीय राज्यहरूको अनुभवले प्रमाणित गरेको छ ।

८.१७. हिमाल, पहाड, नदिनाला, वनजङ्गल प्रदेशको सिमाङ्कनको आधार बन्न सक्छ तर पहिचान र सङ्घीयताका आधार हुन सक्तैन । यसको साथै उत्पीडन जाति, बर्ग, लिङ्ग र क्षेत्रले पहिचान खोजेका हुन, नदीनाला र हिमाल उत्पीडनमा परेका छैनन् र पहिचान पनि खोजेका होइनन् ।

८.१८. हिमाल, पर्वत, नदीनाला, वनजङ्गल साझा हुनसक्तछ तर यसैको नामबाट बन्ने शासन साझेदारी बन्न सक्तैन । साझेदारी बन्थ्यो भने नेपालको १४ अञ्चलको नाममध्ये १० वटा नदीनाला, २ वटा हिमालको नाममा, २ वटा धार्मिकस्थलको नामबाट नामाकरण गरिएका छन् । तर यसले २४० वर्षदेखि चल्दै आएको विभेद, शोषण, दमन र द्वन्दको व्यवस्थापन गर्न सकेको छैन । राष्ट्रिय स्वधीनताको रक्षागर्न सकेको छैन र राष्ट्रिय एकताको आधार पनि मजबुत बनाउन सकेको छैन ।

८.१९. अत्यधिक केन्द्रीकरण भयो भने देश टुक्रिन्छ जस्तो सोभियत सङ्घमा सङ्घीयताको व्यवस्था हुँदाहुँदै पनि प्रदेशहरूमाथि रसियाको हैकम बढ्दै गएको, आर्थिक उन्नति र एकताको आधारसमेत नभएकाले सोभियत सङ्घ टुक्रिएको हो ।

८.२०. नाइजेरियामा सङ्घीयता लागुगर्दा ३ प्रदेश मात्र बनाइए र एउटै जातिको हैकम रह्यो र धेरै जाति एउटै प्रदेशमा रहँदा जातीय द्वन्द आएको हो । पछि सैन्य साशन लागु भएको बेला आफू अनुकुल प्रस्तावित ३६ प्रदेशमध्ये १६ प्रदेश शासक जाति हाउला फुलानीको वर्चश्व कायम रहनेगरी बनाइएकाले जातीय द्वन्द चर्केको हो । नाइजेरिया र सुडानमा ठिक ढङ्गले सङ्घीयतालाई अपनाउन नसक्दा सङ्घीयता असफल भएको हो । श्रीलङ्कामा सिंहालीहरूले तमिलको पहिचान स्वीकार नगर्दा लामो गृहयुद्ध चल्यो । सर्व जातिको अहङ्कारवादले युगोस्लाभिया छिन्नभिन्न भयो । इराकमा कुर्दिस र सियाहरूको पहिचानलाई समान नगर्दा राष्ट्र कमजोर हुनगई यही

मौकामा अमेरिकी एलाइड फोर्सको आक्रमणमा सद्दाम हुसेनको पतन भयो । हालैमात्र युक्रेनले रुसीभाषी क्रिमियालीहरूलाई संवोधन गर्न नसक्ता क्रिमिया युक्रेनबाट टुक्रिई रुसी सङ्घमा मिसिन पुग्यो, तसर्थ नेपालले यसबाट पाठ सिक्नु पर्दछ ।

८.२१ आत्मनिर्णयको अधिकार कुनै पनि राष्ट्रले उपनिवेशबाट मुक्त हुन पाउने अधिकार र सार्वभौम राष्ट्रमाथि भएको हस्तक्षेपको विरोध गर्ने अधिकार हो । सबै जनता तथा नागरिकले स्वतन्त्रतापूर्वक आफ्नो राजनीतिक स्थिति, आर्थिक, सामाजिक, धार्मिक, भाषिक तथा सांस्कृतिक विकास निर्धारणगर्ने अधिकार हो । देश टुक्र्याउन पाउने अधिकार होइन ।

८.२२. विश्वमा ९० देशका ५ हजार जातिका आदिवासी जनजातिलाई स्वायत्तता, स्वशासन, विशेषाधिकार र आरक्षणको व्यवस्था गरेको पाइन्छ ।

८.२३. सामर्थ्यको आधारमा सङ्घीयता भन्नु भन्दा पनि संघीयताबाट सामर्थ्यको विकास गरिनुपर्ने आवश्यकता भएको छ ।

८.२४. दोस्रो संविधानसभाको निर्वाचनको परिणामले पहिचान र सङ्घीयताको मुद्दा समाप्त भयो भन्ने कुरा हौवा मात्र हो । अहिलेलाई एककदम पछि परेको मात्र हो । कुनै व्यक्ति वा दलको चुनावी हारजीतिसँग यसको मुद्दा समाप्त हुँदैन । अहिलेकै परिणामलाई हेर्दा पनि बिजयी दलहरूको एकिकृत परिणामभन्दा पराजयी दलहरूको एकिकृत परिणाम माथि छ । तसर्थ जातीय उत्पीडन समाप्त नभएसम्म यो अभियान मुक्तिको लागि सयौंवर्षसम्म चलिरहनेछ ।

८.२५. पहिचानवादी दलहरूले दोस्रो निर्वाचनमा हार्नुको मूल कारण आफैमा भएको विभाजन र चुनावी तालमेल गर्न नसक्नु, पहिलो संविधानसभामा पहिचान सुनिश्चित भएको संविधान जारीगर्न नसक्नु, निर्वाचन बहिष्कारमा रहेका पहिचानवादी दलहरूका केही समर्थकहरूले पहिचानविरोधी दलमा भोट हाल्नु, सञ्चार माध्यमले एकपक्षीय व्यवहार गर्नु, पहिचानवादीहरूले आफ्ना मुद्दालाई जनतासमक्ष राख्न नसक्नु, निर्वाचनमा नीतिगत धाँदली हुनु र दोस्रो संविधानसभा निर्वाचनमा पहिचानपक्षधरहरूलाई हराउन ग्राण्ड डिजाइनअन्तर्गत धाँदली, पैसा, राज्यसत्ताको दुरुपयोगसमेत भएकाले पहिचानवादीहरूले पराजय भोग्नुपरेको हो ।

८.२६. पहिचानसहितको सङ्घीयतामा पहिचान भएका केही जातिलाई पहिचानसहितको प्रदेश र अन्य अल्पसङ्ख्यक सीमान्तीकृत जातिलाई पहिचान र स्वासाशनको अधिकारसहितको स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र, गैर भौगोलिक विशेष क्षेत्र तथा आरक्षणको व्यवस्था गरिने व्यवस्था हुन्छ । यसमा वर्तमान एकात्मक केन्द्रिकृत क्षत्री-बाहुनप्रभुत्व जातीय शासन व्यवस्थामा जस्तो अन्य जातिले हेपिनु पर्दैन ।

८.२७. दलितहरूको संख्या अन्य जातिका भैं कहिपनि केन्द्रित नभई नेपालभरी छरिएर रहेको हुनाले सम्पूर्ण नेपाललाई एउटा निर्वाचन क्षेत्रकोरुपमा मान्यता दिई दलितहरूको प्रतिनिधित्वलाई समावेशी बनाउन सकिन्छ ।

८.२८. विदेशी गैर सरकारी संस्थाको डलरको आडमा समाजलाई बिखण्डनगर्ने उद्देश्यले जनजाति र मधेशीहरूलाई जातीय सङ्घीयताको मुद्दा उठाउन लगाएको हो भन्ने आरोप गलत छ किनकि त्यस्ता डलरको उपयोग गर्ने संस्थाहरूमध्ये ८० प्रतिशत संस्था क्षेत्री-बाहुनसम्बद्ध संस्थाहरू छन भने बाँकी मात्र

आदिवासी जनजाति, मधेशी, दलितहरूसँग सम्बद्ध रहेकाछन । यस हिसाबले कहीं कतै एनजिओको डलर उत्पीडीतहरूलाई दबाउन त प्रयोग भइरहेको छैन भनेर शङ्का गर्न सकिन्छ ।

**९. बहुपहिचानवादी नमूना खाकाहरूका पक्षमा बहस**

बहुपहिचानका मुद्दा विशेषगरी दोस्रो संविधानसभा चुनावताका चर्कोगरी उठेको हो । पहिचानवादी दलहरू एमाओवादी, मधेशसम्बद्ध दलहरूले पहिलो पहिलो संविधानसभामा जनताको अपार विश्वासको मत पाएर पनि सङ्घीयतासहितको संविधान र पहिचानसहितको प्रदेश निर्माण गर्न नसकेको तातो माहोलबाट बहुपहिचानवादी दलहरू नेपाली काङ्ग्रेस र एमाले दलले दोस्रो संविधानसभाको चुनावमा जनविश्वास जित्न सफल रहे । कतिपय बहुपहिचानवादी दलहरू एकल पहिचानको विरोधी मात्र होइनन् राष्ट्रिय जनमोर्चाजस्ता दल सङ्घीयताकै विरुद्धमा पनि रहेका छन् । अहिलेसम्म राज्यपुनःसंरचनाकासम्बन्धमा बहुपहिचानवादी दलहरू, बौद्धिक समुदाय आदिबाट बहुपहिचानका पक्षमा गरिएका तर्कहरूलाई निम्न बुँदाहरूमा औंल्याउन सकिन्छ ।

९.१. जातीयताको आधारमा प्रदेशको भूगोल विभाजन कदापि गर्न हुँदैन । यसले अन्ततोगत्वा एकजातीले अर्को जातिमाथि मानमर्दन गर्ने वातावरणको निर्माण हुन्छ ।

९.२. सङ्घीयताको पहिलो आधार भूगोल हो र त्यसपछि सामर्थ्य हुनु पर्दछ अनि मात्र पहिचान रहन्छ । यसर्थ भूगोल र सामर्थ्यलाई प्राथमिकता दिई थोरै संख्यामा प्रान्तीय प्रदेशहरू बनाउँदा त्यो सक्षम हुनेछ । सामर्थ्य विनाको प्रदेश टिक्न कठिन हुन्छ ।

९.३. सामर्थ्यहिन बढी प्रदेश बनाउँदा प्रान्तीय प्रदेशहरू आर्थिकरुपमा अक्षम हुने हुनाले ६ देखि ७ प्रदेशसम्म बनाउन वैज्ञानिक हुन्छ । संघ, प्रान्त, उपप्रान्त आदिको संरचना भयङ्कर खर्चिलो हुन्छ । त्यसले जातीय विद्वेष बढाउँछ भन्ने कुरा संरचनाकारहरूलाई थाहा हुनुपर्छ ।

९.४. पहिचान भेटिने र जातीय द्वन्द मेटिने प्रकारका राज्य पुनसंरचनाका प्रदेशहरूको नामाकरण हुनुपर्दछ ।

९.५. दोस्रो संविधानसभाको निर्वाचनबाट बहुपहिचानको खाकालाई जनादेश प्राप्त भईसकेकाले एकल पहिचानको मुद्दा समाप्त भईसकेको छ , त्यसैले बहुपहिचानलाई स्वीकार गरेर राज्य पुनःसंरचना गर्नुको विकल्प छैन ।

९.६. पहिलो संविधानसभाको निर्वाचन अपरिपक्वता र हुलमुलबाट सम्पन्न भएकाले बहुपहिचानवादी दलहरूको पराजय हुन पुगेको हो भन्ने कुरा दोस्रो संविधानसभाको निर्वाचनको परिणामले सिद्ध गरेको छ ।

९.७. जातीय तथा भाषिक पहिचानसहितको सङ्घीयताले देश टुक्र्याउँछ । उदाहरणकोरुपमा भारत स्वतन्त्र हुँदाको समयमा मुस्लिम समुदाय टुक्रिई पाकिस्तान बन्न पुग्यो । पाकिस्तानबाट पनि बङ्गालीहरू टुक्रिई बङ्गलादेश निर्माणहुन पुग्यो ।

९.८. आत्मनिर्णयको अधिकार भनेको छुट्टिन पाउने अधिकार हो, देश टुक्र्याउन पाउने अधिकार हो, त्यसैले यस्तो अधिकार ति प्रदेशहरूलाई कदापि दिन हुँदैन यसले देश छिन्नभिन्न पार्छ । प्रदेशहरूलाई आत्मनिर्णयको अधिकार दिनु भनेको बिखण्डनलाई निम्त्याउनु हो । सोभियत सङ्घ र युगोस्लाभीयाको अस्तित्व यसरी नै लोप भएको हो ।

९.९. राज्य पुनःसंरचना आयोगले निर्णय गरेको ११ प्रदेशको खाका जातिवादी ढङ्गको भएकाले त्यो सर्वमान्य र वैज्ञानिक छैन । त्यसैले त्यसको विरुदमा ६ प्रदेशको खाका ल्याइएको हो ।

९.१०. जातीय पहिचानसहितको राज्य दिनु भनेको बाहुन-

क्षेत्रीको चङ्गुलबाट उम्केको साना जातिहरू अब आदिवासी जनजाति, मधेशीहरूको भुङ्ग्रोमा पर्नु हो ।

९.११. जनजाति र मधेशीलाई प्रदेश दिनु भनेको विखण्डनको विषको विउ रोप्नु हो, यस्तो प्रादेशिक व्यवस्थाले भोली जातीय द्वन्द उठ्नेछ र त्यसको समाधान सजिलो हुनेछैन । यसले रुवाण्डा, नाइजेरिया र सुडानको जस्तो जातीय द्वन्दको स्थिति ल्याउनेछ ।

९.१२. लोकतन्त्रमा कुनै जाति विशेषलाई अग्राधिकार दिनु भनेको त्यो अलोकतन्त्रको नमूना हो त्यसैले कुनै हालतमा पनि यस्तो अधिकार दिन सकिन्न ।

९.१३. सङ्घीयताले देशलाई ल्पटिङ गर्दछ त्यसैले सङ्घीयतामा जानु भनेको बाइसे चौवीसे राज्यमा फर्कनु हो । वर्तमानमा यस्तो भूरे टाकुरे जातीय प्रदेशको संरचनामा जानु कदापि वैज्ञानिक हुन सक्तैन ।

९.१४. नेपाल एउटा सिङ्गो साझा पहिचान भएकाले अरुलाई छुट्टै पहिचान दिईराख्नुपर्ने खास आवश्यक छैन ।

९.१५. शताब्दिऔंदेखि जातीय सद्भावकासाथ मिलिजुली खुसीसाथ बसेको नेपाली समाजलाई जातीय राज्य स्थापना गरेर बिथोल्न खोज्ने प्रबृत्तिलाई कदापी छुट दिइने छैन । विभिन्न जातिका मानिसहरू मिश्रितढङ्गले छरिएर बसोबास गरिरहेको नेपालमा जातीय प्रदेश बनाउनु अव्यवहारिक, अनुपयुक्त र हानिकारक हुन्छ । त्यसमाथि छुट्टिने आत्मनिर्णयको अधिकार दिनु त देश बिखण्डनलाई वैधानिकआधार आधार प्रदान गर्ने कार्य मात्र हुनेछ ।

९.१६. विदेशी गैर सरकारी संस्थाको डलरको आडमा समाजलाई बिखण्डनगर्ने उद्देश्यले जनजाति र मधेशीहरूलाई जातीय सङ्घीयताको मुद्दा उठाउन लगाएको हो । तसर्थ उक्त डलरको मुहान सुकेपछि यो पहिचानको मुद्दा त्यसै हराउँछ ।

९.१७. अन्तर्राष्ट्रिय राष्ट्र राज्यहरूको परिवेश र छिमेकी देश भारत र चीन दुवै राज्य प्रस्तावित सङ्घीयताप्रति खुसी छैनन्, त्यसैले नेपालमा पहिचानसहितको संघीयराज्य बन्ने कुनै संभावना छैन ।

९.१८. पहिचानसहितको प्रादेशिक जातीय राज्य माग गर्दैमा सबैलाई राज्य दिदै जाने हो भने के १२० जातिलाई राज्य दिन सकिन्छ ? सङ्घीयताको अर्थ जग्गा प्लटिङ गरेजस्तो होइन ।

९.१९. जातीय पहिचानभन्दा नदीनाला र हिमालको नामबाट प्रदेशको नामाकरण गरेमा यसले साझा पहिचानलाई प्रतिनिधित्व गर्दछ ।

९.२०. पहिचानसहितको सङ्घीयता आयो भने टाठाबाठा आदिवासी जनजातिले मात्र अधिकार र अवसर प्राप्त गर्नेछन र पहाडे आर्यहरूको अधिकारमा कटौती भई उनीहरू भोलीका दिनमा लखेटिनु पर्ने अवस्था सिर्जना हुनेछ ।

९.२१. पहिचान र जातीय सङ्घीयताको मुद्दा उठाएको कारणले दोस्रो संविधानसभाको निर्वाचनमा पहिचानवादी दलहरू हारेका हुन ।

९.२२. जातीय आधारमा प्रदेशको विभाजन गर्ने हो भने भोली प्याण्डोराको बक्स खोलेजस्तो नेपालमा अनगिन्ती समस्याहरू देखापर्नेछन जसको समाधान सजिलोगरी हुनेछैन ।

९.२३. जातीय पहिचानको निम्ती जातीय प्रदेशको आवश्यकता हुन्छ भन्ने भनाई एउटा जबरजस्त तर्क मात्र हो किनकी सबै जातिहरूको लागि प्रदेश बनाउन सकिन्न र केही जातिहरूका निम्ति मात्र प्रदेशको निर्माण गर्नु न्यायसङ्गत हुदैन । यसले राजनीतिक अस्थिरता जन्माउँछ ।

९.२४. जातीय आधारमा राज्य विभाजनको सङ्घीय व्यवस्थाले जनताको वास्तविक चाहनालाई पुरागर्न सक्तैन । त्यसैले स्थानीय स्वायत्त शासन

प्रणालीलाई अवलम्बन गर्नु पर्दछ ।

९.२५ लिम्बुवान, खम्बुवान, ताम्सालिङ, तमु, मगरात, कोचिला, थरुहट भन्ने शब्द उनीहरूका मनका हिसाबले राखेका हुन जसको जनाधार छैन । खस जातिको शासन छ भन्ने भ्रम छ ति संरचनाकार हरूमा । तसर्थ त्यसको विरोधमा उठेका हुन भिन्न-भिन्न जातका नाउँमा प्रदेश र प्रान्तहरू ।

**१०. राज्य पुनःसंरचनाकासम्बन्धमा अहिलेसम्म भएका वैधानिक प्रयासहरू**

१०.१. संविधानसभा राज्य पुनःसंरचना र राज्यशक्तिको बाँडफाट समिति र यसको राज्य पुनःसंरचनासम्बन्धी कार्य

पहिलो संविधानसभामा हलो अड्किएको मूल प्रश्न नै राज्य पुनःसंरचना थियो । यसका निमित्त संविधानसभा राज्य पुनःसंरचना र राज्यशक्तिको बाँडफाट समिति नामको एकछुट्टै समिति निर्माणभई यसले त्यसक्षेत्रको कार्यलाई अगाडि बढायो । सभासद लोकेन्द्र बिष्टमगरको सभापतित्वमा गठन भएको उक्त समितिका ४३ जना सदस्यहरूले राजनीतिक बजारमा देखापरेका ५५ भन्दा बढी खाकाहरूको गहन अध्ययन, बहस र छलफल गरी राज्य पुनःसंरचनासम्बन्धी पहिलोपटक एउटा रोडम्याप तयार गरी २०६६।१०।६ मा संघीय तथा स्वायत्त प्रदेशका निम्न स्वरुपमा १.लिम्बुवान, २.किरात, ३. मिथिला-भोजपुरा-कोच प्रदेश, ४.सुनकोशी ५, नेवा : ६. ताम्सालीङ, ७. नारायणी, ८, तमुवान, ९. मगरात, १०. लुम्बिनी-अवध-थारुवान, ११. कर्णाली, १२. खप्तड, १३. जडान र १४. शेर्पा प्रदेश र २३ वटा स्वायत्त प्रदेशहरूको प्रस्ताव प्रस्तुत गरेको थियो । (कान्तिपुर र नागरिक, २०६८ माघ १८) । तर यी सुझावहरूमा मतैक्य हुन नसकेकाले यसलाई हचुवा निर्णय निर्णय भएको आरोपसँगै समितिकै विभिन्न सदस्यहरूबाट २३ वटा फरक मत दर्ज भए । (संविधानसभा, २०६६ पृ.पृ. १५५-१९९) पहिलो संविधानसभामा यहाँदेखि नै हलो अड्कीयो र राज्य पुनःसंरचनाका यही वाधा अड्काउ फुकाउनका लागि राज्य पुनसंरचना उच्चस्तरीय आयोग बनाउनु पर्ने अर्को खेल शुरु भयो । । एमाले शुरुमा पहिचानवादीको रुपमा भूमिका निर्वाह गरी १४ प्रदेशको खाकामा हस्ताक्षरसमेत गरिसकेकोमा पछिल्लो समयमा यसबाट पछिहट्यो र बहुपहिचानको खाकातर्फ ढल्किएर प्रस्तावलाई महत्वहिन बनाउन पुग्यो ।

१०. २. राज्य पुनःसंरचना उच्चस्तरीय आयोगको गठन र राज्य पुनःसंरचनासम्बन्धी यसको कार्य

संविधानसभा राज्यको पुनःसंरचना र शक्तिको बाँडफाट समितिको प्रस्तावित निर्णय निकम्मा भएपछि यसलाई निकासदिन राज्य पुनःसंरचना उच्चस्तरीय आयोगलाई जिम्मा लगाइने कार्यस्वरुप वातावरणविद मदन परियारको संयोजकत्वमा एमाओवादीकोतर्फबाट मल्ल के शुन्दर, स्टेला तामाङ, नेपाली कांग्रेसको तर्फबाट सावित्री गुरुङ, रमेश ढुङ्गेल, एमालेकोतर्फबाट भोगेन्द्र झा, सर्वराज खड्का र मधेशी मोर्चाकोतर्फबाट कृष्ण हाथेछु र सुरेन्द्र महतो रहेको ९ सदस्यीय एक उच्चस्तरीय आयोगको गठन नेपाल सरकारबाट २०६८।८।६ मा सम्पन्न भयो । (गोरखापत्र, २०६८ मंसिर ७) यस्तो आयोग पहिलो संविधानसभाको निर्माणकालमा नै ल्याउनुपर्ने एकथरीको सल्लाह सुझाव रहेकोमा तीनवर्षपछि गठन 'गाढा अगाडि र गोरु पछाडि भयो' भनी नागरिक समाज, बौद्धिक बुद्धिजीवीहरू, पत्राकारबृत्त आदिबाट निकै आलोचित भयो तथापि युद्धस्तरमा यसले आफ्नो कार्य अगाडि बढायो । तर प्रदेश संख्या र नामाकरणको वारेमा सदस्यहरूवीच मतैक्य नभएपछि बहुमत र अल्पमतको पक्षबाट आ-आफ्नै प्रस्ताव आयोगसमक्ष बुझाए । त्यसमा बहुमत पक्षले १० प्रदेश र दलितहरूको लागि गैर भौगोलिक क्षेत्र एकसमेत गरी ११ प्रदेशको प्रस्ताव बुझाए भने अल्पमत पक्षले नाम नतोकिएको ६ प्रदेशको खाका बुझाएको थियो ।

बहुमतपक्षधरहरूको खाकामा एकल र मिश्रित पहिचानजनित प्रदेशहरूमा १. मधेश-मिथिला-भोजपुरा प्रदेश, २. मधेश- अवध -भोजपुरा, ३. लिम्बुवान, ४. किरात, ५. नारायकणी, ६. ताम्सालीङ, ७. नेवा, ८.

तमुवान, ९. मगरात, १०. कर्णाली, ११. दलित (गैर भौगालिक प्रदेश) रहेका थिए (गोरखापत्र, २०६८ मंसिर ७ बुधवार) रहेका थिए । यता अल्पमतहरूका प्रस्तावमा भने बहुपहिचान तथा सामर्थ्यलाई जोडदिदै नामविनाको ६ प्रदेशको छुट्टै प्रतिवेदन बुझाए । (राज्य पुनसंरचना सुझाव प्रतिवेदन, २०६८) ।

पहिलो संविधानसभामा देखा परेको मुख्यत यी नै जटिलताको कारणले पहिलो संविधानसभाको आयु छोटिदै थियो । २०६९ जेठ १४ गते रातको १२ बजेसम्ममा संविधानसभाले संविधान जारीगरीसक्नुपर्ने अवस्था रहँदासम्म सबै राजनीतिक दलहरूले समानढङ्गले यसप्रति चासो देखाएनन् । ककसलगायत पहिचानवादी दलहरूका ४१८ जना सभासदहरूले संविधानसभाको बैठक तुरुन्त बोलाउनुपर्ने लिखित माग हुँदासम्म संविधानसभाको बैठक बोलाउने साहस संविधानसभा अध्यक्षलेसमेत रुलिङ् गर्न नसकेकाले उनको अक्षमता देखियो । मर्नेबेलामा हरियो काँक्रो भनेजस्तो महिला सभासदहरूको संयुक्तशक्तिले "संविधान जारी गर" भन्ने नारा पनि नलगाएको होइन, उक्तदिन सडक पनि गरमागरमरुपमा तातिएको थियो । तर पनि ती सबै प्रयत्नहरू व्यर्थ भए र देशका अरबौं सम्पत्ति बिनास मात्र भएन करोडौं नेपालीको एकथान असल संविधान पाउने आशा र भरोसा संविधानसभाको विघठनसँगै चकनाचुर भयो ।

१०.३. दोस्रो संविधानसभाको निर्वाचन र हालसम्मको राज्य पुन:संरचनासम्बन्धी प्रयासहरू

२०७० साल मंसिर ७ गते सम्पन्न दोसो संविधानसभाको निर्वाचनले पहिलो संविधानसभाको राजनीतिक सिनारियोलाई पुरै परिवर्तन गर्न सपल रह्यो । एकल पहिचान तथा जातीय पहिचानलाई आधार मानेर राज्य पुन:संरचना गर्न चाहने पहिचानवादी दलहरू पराजित भई तेस्रो स्थानमा चित्त बुझाउन पऱ्यो भने बहुपहिचानवादी दलहरू मुख्य नेपाली कांग्रेस र नेकपा एमाले पहिलो र दोस्रोस्थानमा पुग्न सफल रहे । यत्तिखेरसम्म संविधानसभाले ठूलो फड्को मार िसक्नुपर्नेमा यसको गति धिमा रहेको पाइन्छ । एकल पहिचान र बहुपहिचानका मुद्दा जारी छ । सत्तापक्ष कांग्रेस र एमाले बहुपहिचानलाई कुनै हालतमा नछोड्ने भएसम्म प्रतिपक्षलाई पेलेर लैजाने र अन्त्यमा गणितीय पद्धतिबाट भएपनि आफूले चाहेजस्तो नाम र संख्या भएको सात प्रदेशसम्म भएको प्रान्तीय प्रदेश बनाउने दाउमा रहेका छन् भने एमाओवादी लगायत प्रतिपक्षमा रहेका दलहरू पनि १० देखि १४ प्रदेशको अडानमा रहेका छन् । यदि सत्तापक्षले पेलेर लैजाने र गणितीय पद्धतिबाट प्रदेशको संरचना बनाउने खेल खेलियो भने तेस्रो जनआन्दोलन अगाडि बढाएर पहिचानलाई स्थापित गर्ने सुरमा रहेका छन् । उता जनआन्दोलनकारी शक्तिकोरुपमा रहेको एकहिस्सा बैद्य माओवादी सर्वपक्षीय सम्मेलनको पक्षमा रहेको छ । त्यसलाई संविधान निर्माणको कार्यमा नसमेटिए त्यसले विद्रोह जन्माउने खतरालाई पनि सत्तापक्ष प्रतिपक्ष दुवै दलहरूले ध्यान पुऱ्याउनु पर्ने कुरामा सहमत रहेको बुझिन्छ भने राप्रपा नेपाल संघीयताको कुरो भन्दा पनि संवैधानिक राजाको पक्षमा अहिलेसम्म अडिग छ । राष्ट्रिय जनमोर्चा सङ्घीयताका विरुद्धमा लगातार लागेको छ । शासकीय व्यवस्था कस्तो रहने, राष्ट्रपतीय प्रणाली, मिश्रित, संसदीय वा समानुपातिक वा समावेशीताको सिद्धान्तलाईसमेत समावेश गरेर नेपाली शैलीअनुसार शासनको स्वरुप निर्धारण गर्ने भन्ने पाटोमा छलफल भइरहेको छ । तर टुङ्गोमा पुगेको छैन । यत्तिखेर एमाओवादी राजनीतिक उच्चस्तरीय समिति बनाउने कुरामा अडान पनि राख्दैछ । कही यो समिति निर्माणको अर्थ प्रतिपक्षले संविधान निर्माणमा स्पेस खोजेको त होइन भन्नेमा पनि तर्क वितर्क भइरहेको छ । यस्तो समितिको निर्माणले संविधानसभालाई हस्तक्षेप गर्नहुन्न भन्नेमा बहुपहिचानवादी खेमाका नेतृत्व पंतीले खबरदारी पनि गर्दैछ । राज्य पुन:संरचना विशेषज्ञ टोलीको सुझाव पनि प्राप्त भएको छ । त्यसले सुझाएको सुझावहरूमा सङ्घीयतामा जाँदा जातीय बसोवासको निरन्तरता कायम राख्ने गरी प्रदेश सीमाङ्कन गर्नुपर्ने,

मधेशका सन्दर्भमा तराईको भूगोल समेटिनेगरी प्रदेश सीमाङ्कन गरिनुपर्ने,.प्रदेश बनाउँदा चुरेको वर्तमान भूगोल नविथोलिने गरी बनाउनुपर्ने, प्रदेशहरूको आर्थिक हैसियत र सम्भावना ख्याल गर्नुपर्ने र खासगरी विकासको अनुकुलतालाई ध्यान दिनुपर्ने, १० प्रदेश वा त्यो भन्दा बढी हुने सम्भावना औंल्याउँदै संख्या कम गर्ने भए दुई प्रमुख जातिको बसोवासलालाई एकै प्रदेशमा समेट्नु पर्ने, सुझाव दिएको छ । लक्षित जाति वा समुदायले राजनीतिक रुपमा खेल्नसक्ने प्रदेशको लागि जनसांख्यिक बनोाटलाई त्यसअनुकुल बनाउन सके प्रतिनिधित्व र नेतृत्वको आकांक्षाअनुसार प्रतिष्पर्धा गर्न सहज हुने प्रदेश बनाउनुपर्ने, माथिल्लो सदनको भूमिकालाई बढी शक्तिशाली बनाउनुपर्ने, वित्तीय सङघीयतालाई विकेन्द्रित संघीयताउन्मुख बनाउनुपर्ने, दलितको प्रश्नलाई राज्य पुनःसंरचनाभन्दा भिन्न संवैधानिक प्रावधानबाट संशोधन गर्नु पर्ने जस्ता सुझावहरू सुझाएका छन् । नागरिक दैनिक, २०७१ भाद्र १८)

## ११. टुङ्गो

नेपाललाई कस्तो संरचनाभित्र निर्माण गरेमा नेपाल र नेपाली जनताको भलाई हुन्छ भन्ने कुरा अहिलेको तात्तातो बहसको विषय मात्र होइन एउटा स्वर्णीम अवसरको विषय पनि हो । अहिलेसम्म विभिन्न कोणहरूबाट प्रस्तुत हुन आएको सातदर्जनभन्दा बढी खाकाहरू मुलुक निर्माणकै निमित्त आएको खाका हो । यी सबैका आ-आफ्ना बहस र तर्कहरू नेपाली समाजमा प्रशस्त अध्ययनको विषय बन्दै रहे । राज्य पुनःसंरचनासम्बन्धी यी सबै नमूनाहरू यी सबै । यी सबैको संस्लेषण नै नेपाली शैलीको राज्य पुनःसंरचनाको नमूना हुन सक्तछ । सबै खाकाहरूलाई एकल पहिचान र बहुपहिचान भनी मुख्य दुइभागमा विभाजन गरी अध्ययन गरिएका नमूनाहरूका आ-आफ्ना फाइदा र बेफाइदा रहेका छन् । तर ध्यानदिने कुरा के हो भने अव मुलुकलाई नयाँ संरचनामा लैजादा कुनै पनि जातिले कुनै पनि जातिमाथि सधैं दासत्व लादिराख्ने, प्रभुत्व जमाईराख्ने, सहिष्णुता र मित्रताको ठाउँमा शत्रुता साँधीराख्नुपर्ने व्यवस्थाबाट उन्मुक्ति हुनु पर्दछ । एकक्षेत्रका जनताले स्वर्गीय अनुभव गरिराख्ने र अर्को क्षेत्रको जनताले नरकको बासगरिराख्नुपर्ने अवस्थाबाट पनि उन्मुक्ति हुनु पर्दछ । लैङ्गिक र जातीय भेदभावको समूल अन्त्य हुन आवश्यक छ । धार्मिक विभेद, वर्णविभेद, वर्गीय भेदभाव, क्षेत्रीय भेदभावको अन्त्य हुनु पर्दछ । लैङ्गिक र जातीय पूर्णसमानुपातिकताको आधारमा राजनीतिक प्रतिनिधित्वको व्यवस्था नभएसम्म देशले परिवर्तनको ढोका खोल्नसक्ने छैन । अव नामको मात्र परिवर्तनभन्दा काम र व्यवहारको परिवर्तन हुन आवश्यक छ । यसर्थ राज्य पुनःसंरचनाका आ-आफ्नै बहस भए पनि उपरोक्त मान्यतालाई आत्मसात गरेर नयाँ नेपालको गणतान्त्रिक संविधान निर्माणमा एकजुट हुन आवश्यक छ ।

**सन्दर्भसूचि**

*आदिवबसी जाजति महासंघद्वारा १९ बुँदे काठमाडौं घोषणापत्र जारी,* आदिवासी जनजाति, वर्ष ४, अंक १, साउन, २०६५

के सी, सुरेन्द्र, (२०६३), *नेपालको राज्य पुनसंरचना र संविधानसभा,* काठमाडौं : पैरबी प्रकाशन

तामाङ, कुमार योञ्जन. (२०६५), *नयाँ नेपालको नयाँ खाका,* काठमाडौं : दुर्गबहादुर तामाङ स्मृति प्रतिष्ठान

तामाङ, परशुराम. (२०६३), *ताम्सालीङ तामाङ स्वायत्त प्रदेश,* नेपाल तामाङ घेदुङ

................, (२०७१) *नयाँ नेपालको प्रश्न,* काठमाडौं : नौलोधार समूह

थापा, सूर्य (२०६५). *नेपालमा गणतन्त्रको स्थापना र राज्यको पुनःसंरचना,* काठमाडौः नवयुग प्रकाशन

नेपाल लोकतान्त्रिक शेर्पा संघ, (२०६८) *थुरभ सम्भाः मुखपत्र,* काठमाडौं : नेपाल लोकतान्त्रिक शेर्पा सङ्घ

न्यौपाने, गोविन्द. (२००५) *नेपालको जातीय प्रश्न,* काठमाडौं : सेण्टर फर डेभलपमेण्ट स्टडिज,

नेपाल

बराल, भवानी. (२०६१), *यस्तो हुनुपर्छ राज्यको संरचना,* स्वायत्त साशन सरोकार मञ्च, नेपाल

मानन्धर, मंगलसिद्धि, श्रेष्ठ, शोभा. शर्मा, पुष्पा. (२०६५), *नेपालमा सङ्घीय राज्य एक प्रारुप,* श्रीमती राधिका मानन्धर

योल्मोपा, लामा दावा साङ्बो. (२०६६), *हिमाली योल्मो स्वायत्त प्रदेश,* काठमाडौं : नेपाल योल्मो समाज सेवा संघ

राई, आनन्द सन्तोषी. (२०६७) *जनतन्त्र,* धनकुटा : नयाँ सामाजिक जनतन्त्र अध्ययन केन्द्र

राई, टंकबहादुर. (२०६२), *राज्यको पुन : संरचना, समावेशी प्रजातन्त्र र किरातहरूको प्रजातान्त्रिक अधिकार* (उत्तरकुमार चामलिङ्ग राई)

लामा, कपिल (२०६७), *सङ्घीय नेपालमा भोट स्वायत्त प्रदेश,* मनाङ जिल्ला विकास समाज, काठमाडौं

शुन्दर, मल्ल के. (२००८) '*समावेशी तथा स्वायत्त शासनको मान्यतामा संघीय नेपाल*

शेर्पा, आङ काजी किसान. (२०७१) *पहिचान र सङ्घीयताबारे फैलाइएका भ्रमहरू,* आङकाजी शेर्पा, किसान

शेर्पा, पासाङ. (२०६७) *शेर्पा जातिको चिनारि,* ललितपुर : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

श्रेष्ठ, राजेन्द्र. (२०६८) *"नेपालको संघीय संरचना" थुरभ् सम्बा,* काठमाडौं : नेपाल लोकतान्त्रिक शेर्पा संघ,

श्रेष्ठ, राजेन्द्र. (२०६६) *विश्वका सङ्घीय राज्यहरू : संविधानसभा र नेपालको बाटो,* भोटाहिटी : सेण्टर फर फेडरल स्टडिज, नेपाल

**लेख सङ्ग्रह**

के.सी. सुरेन्द्र (२०६८), "राज्यको पुन:संरचना कसरी", *मानवधिकार* सन्देश, लोकेन्द्रबहादुर शाही, वर्ष ६, अङ्क ५

खगेन्द्र राई (साम्पाङ) , "सघीय राज्य तथा सरकारी संरचना", *गोरखापत्र,* २०६५ कार्तिक ७ विहिवार

खनाल, कृष्ण. (२०६२) "राज्यको पुनसंरचना : एक प्रस्ताव" *नेपालको सन्दर्भमा राज्यको पुनसंरचना* सम्पा. सीताराम तामाङ सामना प्रकाशन नेपालको सन्दर्भमा *राज्यको पुन : संरचना*

खनाल, कृष्ण. (२०६६) "राज्यपुनसंरचनाको भावी राजनीतिक गन्तव्य" *नयाँ संविधान*: नयाँ राज्य संरचना, सम्पा.

आर के खम्बुको विचार, *एक्शन टायम्स,* २०६६ कार्तिक २६˙

गुरुङ, के बी (२०६४),"जातीय प्रादेशिक स्वशासन संघीय राज्य संरचनाको आधार" *जनजाति आवाज,* अखिल नेपाल आदिवासी जनजाति महासंघ -अंक-१३ साउन

गुरुङ, रेशम. (२०६८) *राज्यको पुन:संरचनाभित्र, तमू ह्युलको (गुरुङ राज्य) को स्वरुप, स्थिति र चुनौती,* नेपाल तमुछौंध केन्द्रीय कार्यसमितिको बैठक, लमजुङ्मा प्रस्तुत कार्यपत्र

गुरुङ्. हर्क, "बिकेन्द्रीकरणको जुक्ति : जिल्ला सुदृढिकरण पच्चिस जिल्लाको नयाँ नेपाल" *सम्पा. सिताराम तामाङ नेपालको सन्दर्भमा राज्यको पुन : संरचना,* सामना प्रकाशन २०६२)

झा, अमरेशनारायण. (२०६२) "संघीय शासन व्यवस्थाको आधारमा राज्यको पु:संरचना" *नेपालको सन्दर्भमा राज्यको पुन: संरचना,* सम्पा सीताराम तामाङ सामना प्रकाशन

थापा, परि (२०६२), वर्तमान राज्यको पुन:संरचना,"समावेशी लोकतन्त्र र बहुसांस्कृति पहिचानहरूको मान्यता" *नेपालको सन्दर्भमा राज्यको पुन: संरचना,* सम्पा, सीताराम तामाङ, सामना प्रकाशन

थापा, सूर्य. (२०६५) *नेपालमा गणतन्त्रको स्थापना र राज्यको पुन:संरचना,* काठमाडौः नवयुग प्रकाशन

न्यौपाने, गोबिन्द. (२०६२), "बहुजातीय संघात्मक

राज्य र समावेशी लोकतान्त्रिक शासन प्रणाली" *नेपालको सन्दर्भमा राज्यको पुन : संरचना ,* सम्पा. सिताराम तामाङ सामना प्रकाशन

पाठक, तिलक. (२०६३). मोडेल थरीथरीका" *नेपाल* वर्ष ७, अङ्क २८

मानन्धर, मंगलसिद्धि. शोभा श्रेष्ठ र पुष्पा शर्मा, "नेपालमा सङ्घीय राज्य : एक प्रस्ताव" *कान्तिपुर:* २०६४ पुस २४

(यादव, श्रीकृष्ण, *कान्तिपुर,* २०६३ साउन २५)

योञ्जन, कुमार. (२०६२) "नेपाल राज्यको पुन :संरचना र लोकतन्त्रको समावेशी ढाँचा" *नेपालको सन्दर्भमा राज्यको पुन : संरचना* सम्पा. सम्पा. सीताराम तामाङ, सामना प्रकाशन

राई, खगेन्द्र . (साम्पाङ) , सघीय राज्य तथा सहकारी संरचना, *गोरखापत्र,* २०६५ कार्तिक ७ विहिवार

देव, जितेन्द्र, "नौ राज्यको नयाँ नेपाल" *कान्तिपुर,* २०६४, जेठ ३१, विहिबार

राई, नगेन्द्र. "किरात राई स्वशासित संघको अवधारणा" अभियान, २०६५, वष १, अङ्क १, *नेपाल किरात राई स्वशासित संघ*

शर्मा, बिजयराज. "स्वायत्त जातीय संघीय शासन", *कान्तिपुर,* २०६४ माघ १७

**रजनीतिक दस्तावेज**

*किरात स्वायत राज्यको संरचना, किरात राई यायोक्खा, केन्द्रीय कार्यसमिति,* मिति अनुउल्लेखित

*वल्लो किरात स्वायत्त प्रदेशको साझा अवधारणा-पत्र (२०६६),* वल्लो किरात स्वायत्त प्रदेश केन्द्रीय समिति

*नेवा स्वायत्त राज्य संघर्ष समितिको दस्तावेज २०६६*

*मगर,* २०६६, वर्ष १, अंक १, नेपाल मगर संघ, केन्द्रीय समितिको मुखपत्र

*दोस्रो संविधानसभा निर्वाचनका लागि ए नेकपा - माओवादी)को प्रतिवद्धतापत्र, २०७०,* एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) केन्द्रीय प्रचार प्रसार समिति

*नेपाल कम्युनिष्ट पार्टी (संयुक्त), (२०७० ) निर्वाचन घोषणापत्र २०७०,* काठमाडौं : केन्द्रीय कार्यालय, मैतिदेवी

*नेपाल राज्यको संघीय संरचना,* मिति अनुउल्लेखित, कास्की : नेपाल कम्युनिष्ट पार्टी (एकिकृत) केन्द्रीय समिति

*नेपाल सदभावना पार्टी आनन्दीदेवी* मिति अनुउल्लेखित , काठमाडौं : नेपाल सद्भावना पार्टी, बालुवाटार

*तराई-मधेश लोकतान्त्रिक पार्टीको घोषणा-पत्र, २०७०,* काठमाडौं : केन्द्रीय कार्यालय बिजुलीबजार, अनामनगर

*दलित जनजाति पार्टीको घोषणापत्र, २०७०,* काठमाडौं : दलित जनजाति पार्टी केन्द्रीय कार्यालय

*मधेशी जनधिकार फोरम, नेपाल, घोषणापत्र २०७०,* ललितपुर : मधेशी जनअधिकार फोरम, नेपाल, केन्द्रीय कार्यालय बालकुमारी

*मधेशी जनअधिकार फोरम, नेपाल, (लोकतान्त्रिक) घोषणापत्र, २०७०),* केन्द्रीय समिति, मधेशी जनअधिकार फोरम नेपाल

*मधेशी जनअधिकार फोरम (गणतान्त्रिक) को घोषणा पत्र २०६९,* मधेशी जनअधिकार फोरम - गणतान्त्रिक) को प्रथम राष्ट्रिय महाधिवेशन २०६९ मंसिर २२ को बैठकद्वारा पारित

*राष्ट्रिय मधेश समाजवादी पार्टी, संविधानसभा निर्वाचन, (२०७०),* ललितपुर : राष्ट्रिय मधेश समाजवादी पार्टी राष्ट्रिय सचिवालय

*राष्ट्रिय जनमुक्ति पार्टीद्वारा प्रस्तुत नयाँ संविधानको अवधारणा,* (२०६५) ललितपुर : केन्द्रीय कार्यालय, महालक्ष्मीस्थान

*सदभावना पार्टी संविधानसभा निर्वाचन घोषणा पत्र २०७०,* काठमाडौ : सदभावना पार्टी केन्द्रीय कार्यालय लाखेचौर, बानेश्वर

*संघीय सदभावना पार्टीको चुनाव घोषणा-पत्र*

*संविधानसभा सदस्य निर्वाचन २०७०,* काठमाडौं :संघीय सदभावना पार्टी, चुनाव अभियान समिति शान्तिनगर

*संविधानसभा : राज्यको पुनसंरचना र राज्यशक्तिको बाँडफाट समिति,* २०६६ काठमाडौं : संविधानसभा, राज्यको पुनसंरचना र राज्यशक्तिको बाँडफाट समिति, सिंहदरवार

*संविधानसभा निर्वाचन-२०७० का लागि सङ्घीय समाजवादी पार्टी, नेपालको घोषणा पत्र,* संघीय समाजवादी पार्टी, नेपाल केन्द्रीय चुनाव प्रचार प्रसार समिति

*राष्ट्रिय मधेश समाजवादी पार्टी संविधानसभा निर्वाचन, २०७० घोषणापत्र,* ललितपुर : राष्ट्रिय मधेश समाजवादी पार्टी राष्ट्रिय सचिवालय

*२०७० मंसिर २१ मा प्रेशित चारदलीय एलायन्स मधेशी जनअधिकार फोरम गणतान्त्रिक, संघीय सदभावना पार्टी, मधेश तराई फोरम र नेपाल सदभावना पार्टी) वीचको कार्यदल गठनसम्बन्धी संयुक्त प्रेस विज्ञति )*

*(२०७१ असार १४ मा प्रेशित पाँचवटा कम्युनिष्ट पार्टीहरू- एमाओवादी, माओवादी, नेकपा एकिकृत, नेकपा माओवादी, क्रान्तिकारी पार्टी नेपालवीचको कार्यगत एकतासम्बन्धी सहमतिपत्र*

*२०७० मंसिर २१ मा प्रेशित पाँचवटा कम्युनिष्ट पार्टीहरूको कार्यगत एकतासम्बन्धी दस्तावेज संयुक्त प्रेस विज्ञति) सम्बन्धी २०७१ असार १४ मा प्रेशित एमाओवादी, माओवादी, नेकपा एकिकृत, नेकपा माओवादी, नेकपा क्रान्तिकारीवीचको सहमतिपत्र*

*गोरखापत्र,* २०६४ चैत्र २० बुधवार

*एक्शन टायम्स,* २०६६, कार्तिक २६

*गोरखापत्र* २०७० कार्तिक ५ मगलवार

*गोरखापत्र* २०७० कार्तिक ९ शनिवार

*गोरखापत्र,* २०६४ चैत्र ७, विहिबार

*गोरखापत्र* २०७० कार्तिक १२ मंगलवार

गोरखापत्र २०७० कार्तिक ७ बुधवार

*गोरखापत्र* २०७० कार्तिक ६ बुधवार।

*गोरखापत्र* २०७० कार्तिक ९ शनिवार

*गोरखापत्र* २०७१ साउन १२ सोमवार

*कान्तिपुर* बुधबार १९ असार २०७०)

*राजधानी,* २० भदौ २०७१

**नुजावोम्लो / छीरीयाम्लो २०७१ (सकला उद्यौली) चाडको शुभ उपलक्ष्यमा सुप्तुलु, युङखुलु एवं सुम्निमा पारूहाङले हामी सबैको रक्षा गरून् ।**

**चतुरभक्त सत्म दुमी राई**

**जानुका रंकसु राई**

नुजावोम्लो / छीरीयाम्लो २०७१ (सकला उद्यौली) चाडको शुभ उपलक्ष्यमा सुप्तुलु, युङखुलु एवं सुम्निमा पारूहाङले हामी सबैको रक्षा गरून्।



**सिर्जना सत्म ढुमी राई/दिपक ढुमी राई**

**जालपा, हाल यु.के.**

## हार्दिक शुभकामना

**विजयादशमी तथा शुभ-दीपावली-२०७१**
साथै किरात चाड छिरियाम्लो (साकेला उधौली)को सुखद उपलक्ष्यमा हाम्रा सेयर धनी महानुभावहरू तथा देश-विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदी-बहिनी, दाजु-भाइमा सुख-शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय **शुभ-कामना** व्यक्त गर्दछौं।

**एशोसियटस् बचत तथा ऋण सहकारी संस्था लि.**

**फोन नं. ०१-४९९९७६**

**चावहिल-७, काठमाडौ**

# समाचार

### १) देउसी भैलो

दुकिराफ तथा दुमकिम काठमाण्डौको संयुक्त आयोजनामा शुभदिपावली २०७० को पुनित अवसरमा देउसी भैलो कार्यक्रम सम्पन्न गरियौ । देउसी भैलो काठमाण्डौमा रहेका दुमीजन तथा दुमीजनका शुभी( चन्तकहरु कहा खेलिएको थियो ।

कात्तिक १७ गते सांलाखोला काठमाण्डौबाट शुरु गरिएको देउसी भैलो सोही दिन फुटुङ त्यसको भोलिपल्ट अर्थात १८ गते बालकोट भक्तपुर, सुकैधारा, महाराजगंजमा पुगि सम्पन्न गरिएको थियो भने पुस १३ गते कोटेश्वरको सुम्निमा हलमा देउसीभैलो समापन बृहत सहभागिताका साथ सम्पन्न गरिएको थियो । देउसीभैलोबाट संकलन भएको रकम दुमीहरुको बंशावली निर्माणमा खर्च गरिने उद्देश्य रहेको छ ।

### २. दुमकिम धरानले देउसी खेली रकम संकलन

दुमकिम धरानको आयोजनामा धरानका विभिन्न वडामा पनि देउसी भैलो खेलिएको छ । देउसीमा ठूलो सहभागिता रहेको र आर्थिक सहायता समेत संकलन भएको छ ।

### ३. बाक्सिलामा देउसी

दुमकिम बाक्सिलामा पनि देउसी खेलिएको छ । बाक्सिला गाविसका ४, ५, ७, ८ र ९ वडामा देउसी खेलि( एको छ । देउसीबाट संकलन भएको रकम दुमी किरात राई फन्सिकिम, केन्द्रिय कार्यसमितिको बाक्सिलामा निम( ाणधिन भवनलाई पूर्णता दिनलाई खेलिएको हो ।

### ४. साकेला शिली प्रतिस्पर्धा

किरात राई यायोक्खाको केन्द्रिय कार्य समितिको आयोजनामा "किरात राई यायोक्खा बृषमान जसरानी राई स्मृति साकेला कप २०५५ सिली प्रदर्शनी प्रतियोगिता" दुमकिम, काठमाण्डौको संयोजकत्वमा सहभागी भई चौथो स्थान हासिल गर्न सफल भएको छ साथै पुरस्कार स्वरुप प्रमाण पत्र र ६ हजार नगद समेत प्राप्त गरेको छ । कार्यक्रम २०७१ जेठ २ गते काठमाण्डौको टुडिखेलमा आयोजना भएको थियो ।

### ५. टुडिखेलमा दुमी साकेला शिली

काठमाण्डौको मुटु टुडिखेलमा जेठ ३ गते दुमीहरु बृहत साकेला सिली नाच गरिएको छ । किरात राई यायोक्खा, काठमाण्डौले आयोजना गर्ने सिली कार्यक्रममा सदा भैं दुमीहरु भैला भई नाचेका थिए । वर्षको दुई पटक उद्यौली तथा उभौली साकेलामा नियमित रुपमा दुमीजनको पनि सहभागिता रहेको छ ।

### ६. साकेला सिली समापन सम्पन्न

कोटेश्वर काठमाण्डौको सुम्निमा हलमा दुमी किरात राई फन्सिकिम तथा दुमकिम काठमाण्डौको आयोजनामा दुमी साकेला नाच समापन एक विशेष कार्यक्रम गरी भव्य रुपमा सम्पन्न गरिएयो ।

### ७. दुकिराफ सचिवलाई विदाई

दुमकिम काठमाण्डौको संयोजकत्वमा ली( लतपुरको तायामा सेकुवा कर्नरमा भदौ ७ गते एक कार्यक्रम आयोजना गरी दुमी किरात राई फन्सिकिम, केन्द्रिय कार्य समितिका सचिव श्री नृप राईलाई विदाई गरियो।

फन्सिकिमका उपाध्यक्ष तथा महासचिव द्धोय ऋषिश्वर राई र नैत्रमणि राईको आतिथ्यमा उक्त कार्यक्रम आयोजना गरिएको थियो । सचिव नृप राई अध्ययनको लागि जापान जानुहुने भएकोले उहालाई विदाई गरिएको हो । विदाईकौ क्रममा सबै सहभागी तथा संस्थागत तवरबाट शुभकामना तथा बधाई दिईयो । हालसम्म उहाले संस्थाको लागि गर्नु भएको योगदानको चर्चा समेत गरिएको थियो भने आगामी दिनमा उहाको पनि मेरो सहयोग निरन्तर रहने उहाको भनाई रहकौ थियो ।

**जावोम्लो / छीरीयाम्लो ५०७४ (सकला उद्यौली) चाडको शुभ उपलक्ष्यमा सुप्तुलु, युङखुलु, रिमेम, नायम, एवं सुम्निमा पारूहाङले हामी सबैको रक्षा गरून् ।**



**हिरामनि राई /मधु राई**
**कुभिण्डे २, खोटाङ**
**हाल ढुवाकोट १ भक्तपुर**



**जावोम्लो / छीरीयाम्लो ५०७४ (सकला उद्यौली) चाडको शुभ उपलक्ष्यमा सुप्तुलु, युङखुलु, रिमेम, नायम, एवं सुम्निमा पारूहाङले हामी सबैको रक्षा गरून् ।**

**मिसन राई**
**कुभिण्डे २, खोटाङ**
**हाल ढुवाकोट १ भक्तपुर**

**जावोम्लो / छीरीयाम्लो ५०७४ (सकला उद्यौली) चाडको शुभ उपलक्ष्यमा सुप्तुलु, युङखुलु, रिमेम, नायम, एवं सुम्निमा पारूहाङले हामी सबैको रक्षा गरून् ।**

**महेन्द्र बान्तवा राई**
**भोजपुर, हाल सामाखुसी**

# देउसी भैलो कार्यक्रम, २०७० बाक्सिला खोटाङ

## बाक्सिला ६, गैरीगाउ

| क्र.स. | नामथर र ठेगाना | रकम रु. |
|---|---|---|
| १ | पूर्ण ब. दुमी राई | ५०० |
| २ | नौरथमणि हदी | १६० |
| ३ | तिजमाया रंकशु | २२० |
| ४ | गणेश हदी | ५५० |
| ५ | मनिप्रसाद हदी | ५१० |
| ६ | नरजित हदी | ५०० |
| ७ | मनिचन्द्र हदी | ५०० |
| ८ | कविराज रंकाशु | ६०५ |
| ९ | सइनध्वज हदी | ५०५ |
| १० | जयप्रकास हदी | २६० |
| ११ | दर्ग ब. रंकाशु | १००२ |
| १२ | पदम रंकाशु | ५०५ |
| १३ | विकास रंकशु | १५० |
| १४ | प्रदिप रंकाशु | २९० |
| १५ | सोनित रंकाशु | १०० |
| १६ | शेर ब. हदी | ५०५ |
| १७ | सन्त ब. रंकाशु | ५०५ |
| | **जम्मा** | ७३६७ |

## बाक्सिला ४, अंखा

| क्र.स. | नामथर | रकम रु. |
|---|---|---|
| १ | लोक ब. रंकाशु | २०० |
| २ | भक्त ब. रंकाशु | ४५५ |
| ३ | ममता घले | ३०६ |
| ४ | विर्ख बहादुर रंकाशु | २०० |
| ५ | मानव रंकाशु | १५० |
| ६ | तेज कुमार रंकाशु | १२० |
| ७ | मधुसरा रंकाशु | १३० |
| ८ | जागेश्वर सिंङ | १००० |
| ९ | सन्तोष रंकाशु | ५०५ |
| १० | दिल कुमारी सत्म | २४० |
| ११ | मनिराज रंकाशु | १५० |
| १२ | चन्द्र कुमार नाछिरिङ | ५५५ |
| १३ | भक्त बहादुर नाछिरिङ | १०० |
| | **जम्मा** | ४१११ |

## बाक्सिला ५, लंखा

| क्र.स. | नामथर | रकम रु. |
|---|---|---|
| १ | दिर्गराज रंकाशु | १०१ |
| २ | दान ब. रंकाशु | ५०५ |
| ३ | कुशुम रंकाशु | २५० |
| ४ | कृष्ण ब. दुमी | ३०० |
| ५ | राम ब. दुमी | ५०० |
| ६ | कविराज दुमी | २०० |
| ७ | कमली रंकाशु | १०० |
| ८ | प्रश्नवती दुमी | ३०० |
| ९ | मनिराज दुमी | ७० |
| १० | पटन ब. वि.क. | ५० |
| ११ | कविराज दुमी | ११० |
| १२ | गजिन्द्र दुमी | २०० |
| १३ | जंगराज दुमी | २५० |

| | | |
|---|---|---|
| | | ११११ |
| १४ | सम्बर दुमी | १०५ |
| १५ | नरकेशर दुमी | २०० |
| १६ | फुलमाया दुमी | ११० |
| १७ | जतन दुमी | १०० |
| १८ | कृपाध्वज दुमी | ५० |
| १९ | पूर्ण ब. दुमी | ५०५ |
| २० | राम प्र. दुमी | ५०० |
| २१ | चुडामणि दुमी | १००० |
| २२ | राममाया दुमी | १०१० |
| २३ | मनिजंग दुमी | १५० |
| २४ | नेनकुमार दुमी | १५० |
| २५ | चन्द्र कु. दुमी | १०५ |
| २६ | चनशोभा दुमी | |
| | **जम्मा** | ८०३२ |

## मानेडाडा ५

| क्र.स. | नामथर | रकम रु. |
|---|---|---|
| १ | चतुरभक्त सत्म | ३१०५ |
| २ | दान ब. दुमी | ७०५ |
| ३ | रण ब. गुरुङ | ६० |
| ४ | कान्ति गुरुङ | ५०५ |
| ५ | खडमणि रंकाशु | ५०० |
| ६ | छत्रकुमार लुप्पो | १५०५ |
| ६ | हर्कराज लुप्पो | १०१० |
| ७ | सौगात लुप्पो | ५०५ |
| ८ | विरमणि दुमी | ६१० |
| ९ | चन्द्र छिरिङ दुमी | ६१० |
| १० | हरिचन्द्र सत्म | ५०५ |
| ११ | कमानसिं नाछिरिङ | २०० |
| १२ | जुरीमाया हदी | १९० |
| १३ | धनकुमार दिम्मचु | ५०५ |
| १४ | रोशन श्रेष्ठ | १००५ |
| १५ | मानव श्रेष्ठ | १००० |
| १६ | कर्ण श्रेष्ठ | २५० |
| १७ | डम्बर दुमी | ५०५ |
| १८ | युवक दुमी | ४३५ |
| १९ | पुन्टे साइला तामाङ | २०५ |
| २० | खिलानाथ निरौला | २०० |
| २१ | गोपाल बास्तोला | २०० |
| २२ | डिल्ली श्रेष्ठ | ५१० |
| २३ | मौल कुमार दिम्मचु | ६०५ |
| २४ | भुवन निरौला | ५०५ |
| २५ | शिव कुमार दिम्मचु | १३१० |
| २६ | डाकमनि रंकाशु | ५२० |
| २७ | कुमारी रंकाशु | ५५० |
| २८ | श्यामकुमार लुप्पो | ५२० |
| २९ | दिपक सुनुवार | २०० |
| | **जम्मा** | १९०३५ |

## सिम्पानी ९

| क्र.स. | नामथर | रकम रु. |
|---|---|---|
| १ | मन काजी लुप्पो | २०० |
| २ | मनि दुमी | १०० |
| ३ | हिराधन दुमी | १०० |
| ४ | राजधन | २०० |
| ५ | आस्मनि रंकाशु | १०० |
| ६ | लगन बं दुमी | १५० |
| ७ | भीम प्र. दुमी | १५० |

| | | |
|---|---|---|
| ८ | चित्र ब. दुमी | १५० |
| ९ | लब कुमार दुमी | १०० |
| १० | अधिराज रंकाशु | १०० |
| ११ | कुमारध्वज रंकाशु | २०० |
| १२ | भीम प्र. रंकाशु | ६०० |
| १३ | देवा प्र. रंकाशु | १००० |
| १४ | महेन्द्र रंकाशु | २००० |
| १५ | रमेश दुमी | १०५ |
| १६ | झमक दुमी | ११० |
| १७ | कुष्ण कु. दुमी | १००५ |
| १८ | कुमार रंकाशु | ५०० |
| | जम्मा | ६८७० |
| | कूल जम्मा | ४५४१५ |


जावोम्लो / छीरीयाम्लो ५०७४ (सकला उद्यौली) चाडको शुभ उपलक्ष्यमा

सुप्तुलु, युङखुलु, रिमेम, नायम, एवं सुम्निमा पारूहाङले हामी सबैको रक्षा गरून् ।



हर्कमनी तुरचु दुमी राई
तथा स-परिवार
खार्मी-१, साब्रु, खालदेल, खोटाङ

जावोम्लो / छीरीयाम्लो ५०७४ (सकला उद्यौली) चाडको शुभ उपलक्ष्यमा सुप्तुलु, युङखुलु, रिमेम, नायम, एवं सुम्निमा पारूहाङले हामी सबैको रक्षा गरून् ।



सविना रत्कु दुमी राई
लाम्दीजा, हल्खुम-६, खोटाङ
हाल भोटेपुल -८, धरान

# दुमी किरात राई फन्सिकिम तथा दुमकिम,काठमाण्डौ

## देउसी भैलो कार्यक्रमको आर्थिक विवरण

आम्दानी तर्फ (देउसीमा उठेको दक्षिणा स्वरुप)

**क) साङ्लाखोला क्षेत्र (२०७० कात्तिक १७ गते)**

| क.स. | नामथर | ठेगाना | रकम रु. |
|---|---|---|---|
| १ | भद्र राई | जालपा | ५,११०.०० |
| २ | यम ब.राई | जालपा | ३,०००.०० |
| ३ | गणेश राई | जालपा | १,५००.०० |
| ४ | संगम राई | जालपा | ५१०.०० |
| ५ | कुलशेर राई | जालपा | ५००.०० |
| ६ | शम्भु राई | | ५,१२५.०० |
| ७ | जंग ब. राई | बसाहा | ३,०५५.०० |
| | | **जम्मा** | १८,८००.०० |

**ख) फुटुङ क्षेत्र (२०७० कात्तिक १७ गते)**

| क.स. | नामथर | ठेगाना | रकम रु. |
|---|---|---|---|
| १ | बखत ब. राई | सप्तेश्वर | ५,०५०.०० |
| २ | भैरव ब. राई | सप्तेश्वर | २५०.०० |
| ३ | सुरेश राई | सप्तेश्वर | १,००२.०० |
| ४ | अक्कल बं राई | सप्तेश्वर | ६१०.०० |
| ५ | जीना राई | सप्तेश्वर | १५०.०० |

| | | | |
|---|---|---|---|
| ६ | अम्बर ब. राई | सप्तेश्वर | ५५१.०० |
| ७ | दिपकला राई | सप्तेश्वर | २०५.०० |
| | | जम्मा | ७,८१८.०० |

ग) दुवाकोट क्षेत्र (२०७० कात्तिक १८ गते)

| क्र.स. | नामथर | ठेगाना | रकम रु. |
|---|---|---|---|
| १ | हिरामणि राई | कुभिण्डे | १,५५१.०० |
| २ | लोकेन्द्र ब. राई | कुभिण्डे | १,५५१.०० |
| ३ | चुस्त ब. राई | | १,००१.०० |
| ४ | लाल बं राई | | ५०५.०० |
| ५ | तिलमान राई | | ५०५.०० |
| ६ | तेजराज राई | | ५०५.०० |
| ७ | राजेश राई | | ५०५.०० |
| ८ | रुपेश कुमार राई | | ५०५.०० |
| ९ | राजु राई | | ५०५.०० |
| १० | शिवराम राई | | ५०५.०० |
| | | जम्मा | ७,६३८.०० |

घ) सुकेधारा, महाराजगंज क्षेत्र (२०७० कात्तिक १८ गते)

| क्र.स. | नामथर | ठेगाना | रकम रु. |
|---|---|---|---|
| १ | ललिता र नविन राइ | सुकेधारा | ५,०००.०० |
| २ | क्या. नैन बहादुर राई | सप्तेश्वर | ५,५००.०० |
| | | जम्मा | १०,५००.०० |

ङ) कोटेश्वर समापनको दिन (२०७० पौष १३ गते)

| क.स. | नामथर | ठेगाना | रकम रु. |
|---|---|---|---|
| १ | किल्ल ब. राई | खार्मी | ४,००५.०० |
| २ | सन्तोष दुमी | सप्तेश्वर | ६००.०० |
| ३ | इश्वरमान राई | माक्पा् | १,५५०.०० |
| ४ | पदम ब.दुमी | सप्तेश्वर | २,५००.०० |
| ५ | नन्दकला, चन्द्रा, लक्ष्मी | | १,०००.०० |
| ६ | फुलमाया राई | | २००.०० |
| ७ | मिना राई | सप्तेश्वर | २,००२.०० |
| ८ | अनिता राई | बाक्सिला | २,००५.०० |
| ९ | चङमा दुमी राई | | ५०५.०० |
| १० | दिनेश, प्रमिला राई | जालपा ८ | ५२०.०० |
| ११ | रामकाजी, सपना राई | जालपा ८ | ५११.०० |
| १२ | तारा, डम्बर राई | जालपा ५ | ५०५.०० |
| १३ | दुर्गा राई | | ५०५.०० |
| १४ | टंक राई | माक्पा | ५०५.०० |
| १५ | असारमान राई | माक्पा | १,००५.०० |
| १६ | बबी राई | माक्पा | १,०५०.०० |
| १७ | जय कुमारी राई | माक्पा | ५००.०० |
| १८ | मतिराज राई | माक्पा | १,०५०.०० |

| | | | |
|---|---|---|---|
| १९ | मदन राई | माक्पा | ५००.०० |
| २० | नेत्रमणि राई | माक्पा | १,५००.०० |
| २१ | राम राई | बाफल | ५००.०० |
| २२ | दिल कुमारी राई | | २,००५.०० |
| २३ | अविनाश राई (खुबीराज) | जालपा ८ | ५००.०० |
| २४ | लाखमणि राई | बाक्सिला | १,५१०.०० |
| २५ | रामकाजी राई | सप्तेश्वर | १,०००.०० |
| २६ | मौलिधन राई | जालपा ८ | १,००५.०० |
| २७ | नृप राई | सप्तेश्वर | १,००५.०० |
| २८ | टप कुमार राई | बाक्सिला | ५०५.०० |
| २९ | जनक, भुपेन्द्र पुमा | | १,०१०.०० |
| ३० | महेन्द्र चाम्लि[a] | ललितपुर | ३,५००.०० |
| ३१ | सहजित राई | माक्पा | १,०००.०० |
| ३२ | टिकाशेर राई | सप्तेश्वर | ६००.०० |
| ३३ | प्रेम राई | सप्तेश्वर | २,६००.०० |
| ३४ | तेज माया मुरह दुमीराई | लाम्दिजा ६ | १,०००.०० |
| ३५ | शुभराज दुमी राई | बाक्सिला सिम्पानी | ३०००.०० |
| | | **जम्मा** | ४३,२५८.०० |
| | | **कूल जम्मा** | ८८,०१४.०० |

## खर्च तर्फ (देउसीको तयारी तथा समापनको दिन)

| क्र.स. | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | सवारी साधन भाडा | १३,५००.०० | तयारीको क्रममा |
| २ | पेट्रोल | २,०००.०० | |
| ३ | शुभकामना छपाई, प्रिन्ट तथा फोटेकपी | ७,०००.०० | |
| ४ | खाजा | ६८०.०० | |
| ६ | मासु | ६,४००.०० | समापनको दिन |
| ७ | धामी | ५१०.०० | |
| ८ | कोक फान्टा | १,७३०.०० | |
| ९ | हल भाडा | १,०००.०० | |
| १० | चम्चा प्लेट | २३०.०० | |
| ११ | मासु तयारी तथा सफाई | १,५००.०० | |
| १२ | यातायात खर्च | २००.०० | |
| | जम्मा | ३४,७५०.०० | |
| | खुद बचत रकम | ४७,२६४.०० | |

**जावोम्लो / छीरीयाम्लो ५०७४ (सकला उद्यौली) चाडको शुभ उपलक्ष्यमा सुप्तुलु, युङखुलु, रिमेम, नायम, एवं सुम्निमा पारूहाङले हामी सबैको रक्षा गरून् ।**

**तेज कुमार ढुमी राई**
**अध्यक्ष**
**विद्यालय व्यवस्थापन समिति**
**श्री नारायणी माध्यमिक विद्यालय**
**फलैचा-८, गंगावा, पाँचथर**
**मो. ९७४२६६३८२१२, ९८४४६५०३१४**

**ओम प्रकाश खरेल**
**प्रधानाध्यापक**
**श्री नारायणी माध्यमिक विद्यालय**
**फलैचा-८, गंगावा, पाचथर**

दुमी तुम्लो क रिदुम हदुमपो निक्लम सफो

# सुलाम् SULAM

(मेसो) "The Way"

खिसी–६, ५०७४ जम्लु थो - ६, 2014, September




कुबी टेक बादुर काइ संसार रंकसुआ दुमी सम्लुपो रेकेट मुतो कुरिम: पात्तालु ६, ५०७४



अम्लरी मनिशोभा हदी दुमीआ बानेमोनिम, कुरिमः ५०७३



[illegible]



तेजमामा दु[illegible] [illegible]बी टेक बादुर [illegible] [illegible] [illegible] मुता। कुरिम: राधिका दुमी, पात्तालु ६, ५०७४

लातुस
दुमी किरावा रदु फन्सिकिम
क
इसिलिम

# चुरी तुम

सुलामपो चुरितुम....

बालिखाबि मिन ससिपो छेन्सी, तोइसी, सोम, चुबो झारा उम्पो तुम्लो मोइक रिदुम हदुम छुक्ता । मेत्लाक/मेसोकं मोम नुःआ सुलामपो खुलु दुमी ब/ब्र/भ्र रिदुमहदुमपो छाम्छेनु, राप्नु, साल्लुपो लागिङ छुकुम । मेत्लाक, आम्नुतुम्बु लम्लु बुर्जोतुम गोता । तम सुलाम आज्जङखिनि(इसिलिम ख्रिसि तुकसु , (२०६४) लक आम्नु तुम्बु तुक्बो/तुक्ली तुम्लोपो दुबी लामसेङ्पु छुकुक खारू मुतो खुस्थिङ्ता । इङ्की नु सुलामपो खारू तेत्लाकङ आम्नु आसेल म छुक्तो नाम्मो छिम्मोतुम्बु दुमी तुम्लो छाम्छेनुबिङ हिनाए य मासन्सिक लम्लु बुरता । मेत्लाङ, तम सुलाम इङकि खल दुमीरदुचुपो राम्जुवापो रूसुखमहेनी गोता । तम राम्जुवा हिनाए माथस्सु मुनुपो लागि इङकि दुमीहाम्पो सागो, काक्छी/ताक्छी दुङनु छुक्ता भुक्तोबी, नुसिबी, मिखुमबी, रेसुबी, खल-खलबी इङ्की टाङकाटोली माछुक्ना सुबा हेनीङ दुमी बपो खुदो तुनु खारू तुक छुकुक मुनु छुक्ता । ते छुक्तीखो इङ्की तुम्लो रिदुमहदुमपो चाम्नुबातुम छेन्सी तम हालकुम पारूबु मोतुमतुम्बु जिङ्जोता साङ्जोता छास्जोता ।

चुम्सिक्सु(सम्पादक)


जावोम्लो / छीरीयाम्लो ५०७४ (सकला उधौली) चाडको शुभ उपलक्ष्यमा सुप्तुलु, युङखुलु, रिमेम, नायम, एवं सुम्निमा पारुहाङले हामी सबैको रक्षा गरून् ।

**गणेशभक्त राई**
बाक्सिला ६, खोटाङ
हालः काठमाण्डौ


# चाप्सामुल ...


१. खुलु तुम्लो मुल

२. इङ्की सुप्तुलु ...

३. ले (गीत)

४. सागो तुम

५. दुमी तुमनाम

६. ओपो छेन्सी...

७. सुक्ली लुआ सुप्तुलु

८. अङ कुवी तोदु

९. तोंसु (साकेला सिली)

१०. दुमी तुमनाम फेसबुकलक



## हार्दिक शुभकामना

जावोम्लो / छीरीयाम्लो ५०७४ (सकला उधौली) चाडको शुभ उपलक्ष्यमा सुप्तुलु, युङखुलु, रिमेम, नायम, एवं सुम्निमा पारूहाङले हामी सबैको रक्षा गरून् ।

**माक्पाली किरात राई सेवा समाज**
काठमाडौं


# खुलु तुम्लो मुल् : (An ancient heritage)

*तेजमाया मुरह(ब्रस्मा बसमा) दुमी राई*

दुमी : नायमपो मामापो नु रिमेम गो ।
लुब : नायमको आमाको नाम रिमेम थियो ।
याब: Nayem's mother's name was Rimem.
दुमी : नायमपो पापापो नु पारु गो ।
लुब : नायमको बुबाको नाम पारु थियो ।
याब: The father's name of Nayem was Paru.
दुमी : दुङकुलु दुमी रदुहाम्पो खुलु थम्पु ।
लुब : दुङकुलु दुमी राईहरुको उत्पती थलो हो ।
याब: Dungkulu is the origin place of the Dumi people.
दुमी : तम लाम्दिजा देलपो सिम्पानी देलबी गोता ।
लुब : यो बाक्सिला गाविसको सिम्पानी गाँउमा अबस्थित छ ।
याब: It is located at Simpani village of Baksila VDC.
दुमी : बाक्सिलापो सुम्निम नु लाम्दिजा गो ।
लुब : बाक्सिलाको प्राचीन नाम लाम्दिजा थियो ।
याब: The ancient name was Lamdiza of Baksila.
दुमी : दुमी रदुबी सक तु पाछ्रा क सुम सामे गोता ।
लुब : दुमी राईमा एकाईस पाछ्रा र सात सामे रहेको छ ।
याब: In Dumi Rai have 21 sub clans and seven main clans.
दुमी : माक्पा देल माकिपा खिबुआ तिदुम ।
लुब : माक्पा गाँउ माकिपा कुकुरले पत्ता लगाको थियो ।
याब: Makpa village was found by Makipa dog.
दुमी : माक्पा देल्पो सुम्निम नु माकिपा गो ।
लुब : माक्पा गाँउको प्राचीन नाम माकिपा थियो ।
याब: The ancient name was Makipa of Makpa village.
दुमी : तोमा, खेमा, खक्चिलिप्पापो पापा मामापो नु पातेसुङ क दिलिदुम गो ।
लुब : तोमा, खेमा र खक्चिलिप्पाको बुबाआमाको नाम पातेसुङ् र दिलिदुम थियो ।
याब: Toma, Khema and Khakchilippa's parent's names were Patesung and Dilidum.

दुमी : पातेसुङलाई मुकुलि सरिता क दिलिदुमलाई दखुलि यारिता नु आ ए छेन्ति ।
लुब : पातेसुङलाई मुकुलि यारिता र दिलिदुमलाई दखुलि सुरिता नामले पनि चिनिन्छ ।
याब: The name Mukuli Yarita is also known as Patesung and Dakhuli Suri ta as to Dilidum.
दुमी : खक्चिलिप्पा तोमा क खेमापो लन्चुपरलस्बा वा गो ।
लुब : खक्चिलिप्पा तोमा र खेमाको भाई थियो ।
याब: Khakchilippa was the younger brother of Toma and Khema
दुमी : तोमा क खेमा खक्चिलिप्पापो नानानु गो ।
लुब : तोमा र खेमा खक्चिलिप्पाको दिदीहरु थिए ।
याब: Toma and Khema were elder sisters of Kha kchilippa.
दुमी : नागिलेम खक्चिलिप्पापो मे मो ।
लुब : नागिलेम खक्चिलिप्पाको श्रीमती थिइन ।
याब: Khakchilippa's wife's name was Nagilem.
दुमी : तोमा नाना क खेमा मिचुमरमिस्मा वा मो ।
लुब : तोमा दिदी र खेमा बहिनी थियो ।
याब: Toma was the elder sister and Khema the younger one.
दुमी : खक्चिलिप्पाआ कुक्तुकुरपो खल्जमलक चासुम लातुक लिमुम् ।
लुब : खक्चिलिप्पाले ढुक्कुरको गाँडबाट अन्न निकालेर उमारेको ।
याब: Khakchilippa planted the crops he taking out the seeds from Dove's goiter.
दुमी : अम्म्री किरावा रिदुमबि तुक्बोरतुक्ली छिसु पुमा वो ।
लुब : सुनखरी किराती संस्कारमा एउटा महत्वपूर्ण फूल हो ।
याब: Orchid is one of the important flowers in Kirat culture.

## ले (गीत)



स्व.लप्टन ताया भिमलसिङ
मुरह (ब्रस्मी) दुमी रदु

याक्कल सात्लु तुक्कोल सात्लु खल भुपो गोता उर्जुम
ले लुतो-लुतो हसहल लुतो खक्तिमे खक्ति ए नान्ना
वार्किमी सङगर्मा लुइचोइ गुर्जुम ।
आम्नुने मक कुलुमने गग यसुभुचोइ बुस्ता
थप्परी फुस्ता मक वो मक ओ सागो इस्ता ।
याक्काला सात्लु तुक्कोल सात्लु ...

पतिर्रो जंगल मास्तिर जंगल सबैतिर छ रुखको हाँगा
गीत गाउदै-गाउदै हास्खेल गर्दै ए नाना
साईली जाउँ है बुधबारे बजार डाँडा ।
आज है किन चिलाउने रुखमाथि काले काग कराउछ,
पटुकि खुस्कनछ किन हो किन यो मन दुख्छ ।
पतिर्र जंगल मास्तिर जंगल..

**श्रोतः स्व. लेखकको डाइरीबाट (२०५० मंसिर)**

**सुलाम तुमनाम**

**खल दुमी रदुचु सुलामपो लागि आन्नि सागो**
**तुप्पु दुमी एनायो लागि इङ्कि लुलाम**
**किमरूप्छ (परिवार) भुक्ती**
**।छिलछिल**

## सागो तुम(मनको बात)



सर्वजित मुरह दुमी राई
देलकिम अध्यक्ष

दुमीमुलपो सालुन्ने लस्तुम इसिलिम सफो,
इङकी दुमीपो सागो, चुबो, झाराङ तम वो ।
तम्बीङ गोता दुमीपो चुरी तुम ।
तम इसिलिम माछुकुना हिनाए कुरीम ।
इङकी तुम्लो रिदुम हदुम लित्लु तम लम्दु ।
नाम्मो छिम्मोतुम्बु छात्लु दुमीमुलपो खारु ।

लाम्लिजा हल्खुम-६

## दुमी तुमनाम(दुमी सन्देश)



**रत्नकुमारी मुरह दुमीरदु**

आसेल्म मन नानाम्नु,
इङकी तुम्लो माचाम्नु ।
खाइप्पा तुम्लो मामुनु,
ठेम्बरहेनी माछुक्नु ।
झारापो सागो दुङदेनु,
दुमी रिदुम साल्देनु ।

भोलि होइन पछि पनि,
हाम्रो भाषा नहराउनु ।
नरामो कुरा नगर्नु,
ठिमाहा जस्तो नहुनु,
सबैको मन मिलाउनु

# इङ्कीसुप्तुलु का चुपीहाम्

रुरीलु, साखालु, सुप्तुलु, थामालु
ताम्डा ए मेइ इङ्कीबुजु
इङ्कीचुपीआमु हुत्नीम् ।
आझोम् रिदुम्हदुम्
बुक्तीम्बीकामीक्तीम्तुम्बु
सेलेवा, साखेवा, खुलु-खुक्सु
हलहस बीक्सा इङ्की सुप्तुलु।

रुरीलु, साखालु, सुप्तुलु, थामालु
झ्यार्ना, यार्नाइता मेइ
फलुआबन्ना, खीथुक्ना यो इता मेइ
इल्ताखो ने सुप्तुलु
डेनादुना छुक्ता मेइ
सम्दुखदुमुसोका

पाछु फीक्तीखलआ
पातेसु, दीलीदोमा, तोमा, खेमा
हेच्चाकुप्पा, खक्चीलीपु झारा इङ्कीचुपी
उक्तीखारा मुसो,खाउसीला साले थुस्सो
तो पुक्सासीकीपारी चेङ्सा
दाम्बाकायो हर् तुप्सो
ले लुसोयुङ्खुलीबीतोसी छम्ना
चेङ्सा इङ्कीमाङ्डा चुपी

इङ्कीसुप्तुलु का चुपीआ
सेआमुन्पो लाम्दुबी
आचेन्पो सीकीपारीबी
छम्आमुन्पो छम्दम्बी
गोताइङ्की छेन्लाम्
मकाखीआनीचुचाचाबी
पाछु बेनी, सुःबु बेनी सुप्तुलु का चुपीहाम्

# हाम्रो चुल्हो र पूर्खाहरु

मुलचुल्हो, पाहुनाचुल्हो, गृहिणीचुल्हो, अगेनुको चौघेरा
यही नै रे है हाम्रो पवित्रस्थान
हाम्रो पित्रिपूर्खाले मानील्याएको
उहिलेको रीतिरीवाज
जन्मेदेखि मरेसम्म
बोलीबचन, सृष्टिकर्ता
हासी-खुशी खुशी दिने हाम्रो चुल्हो

मुल चुल्हो, पाहुना चुल्हो, गृहिणी चुल्हो, अगेनुको चौघेरा
धिनाउन, रिसाउनहुन्न है
लत्याउन, थुक्नपनिहुन्न है
रिसायो भने त चुल्हो
दुःख बिराम हुन्छ है
बखानगर्दै/प्राथनागर्दै
बल/शरणमागौं सबैले

पातेसु, दिलिदोमा, तोमा, खेमा
हेच्चाकुप्पा, खक्चीलिपु सबै हाम्रापूर्खा
खेती, किसानीगर्दै, कपासबाट धागो कात्दै
तानबुन्नसीपसिकाउने
ढोल र झ्याम्टा बजाई
गीतगाउँदै युङ्खुलीमासाकेलानाच्न
सिकाउने हाम्राति नै पूर्खा

हाम्रो चुल्हो र पूर्खाले
देखाइदिएको बाटोमा
सिकाइदिएको सीपमा
नचाइदिएको नाँचमा
छ हाम्रो पहिचान
त्यसैले त तपाईको दरसन्तानलाई
शरण देउ, तागत देउ चुल्हो र पूर्खाहरु

**आनी चाःचा**
**कीर्ति हलक्सु दुमी रदु**
**नोरो देल ।**

# ओप्पो छेन्सी



**ओप्पो नु पुमाहाङ हदी दुमी रदु**
ओ चुचुपो नु मनराम हदिदुमी रदु
ओ पापापो नु लछुमान हदिदुमी रदु
ओ मामापो नु टिकामाया मुरह दुमी रदु
ओ किर्मबि नु जाना मुक्ति ।
ओ देलखोटाङ लाम्दिजा हल्कुम तुकोम देलु–६
ओ किरदेल हाल्खुम युकोक्मटोल
ओ किरबु तुक्वो मोतानि ।
ओ तेतेपो नु बखतबा. हदिदुमी रदु
ओ तेतेमपो नु कार्किनि/चुबुलि हदीदुमि
ओ फोपो नु घन बा. हदि दुमि रदु
तेम्बेला अङ धारान भोटेपुलबि खारु मुतो मोजोत ।
ओ किम्बी मामा, किर किरमीहामआ दुमी ब जेतिनी ।
अङये फुचु फुचु जेत इङ्कि तुम्लो ।
इङकी ब जेतुम बेला ओ पम, सागो नुसिआ घल्पु छुकुमहेनि लोता ।



**निलन मुरह दुमी रदु ।**
ओ चुचुपो नु चामुधन दुमी मुरह दुमी रदु ।
ओ पापापोनु दानबहादुर मुरह दुमी रदु ।
ओ मामापो नु पटनकुमारी कोयु रदु ।
ओ किम्बि नु जाना मुक्ती ।
ओ किरदेल हासु सुङदेल-३
ओप्पो स्वपे देल नाक्सी लाम्दिजा-३
अङ तेम्बेला यलाखोम चाबहिल सरसतिनगरबि मोत ।
अङ तेम्बेला ओ मिस्माचुकाई मोत ।
अङ दुमी ब जेनुदुवाङ यादिर लोता ।



**ओप्पो नु एलिजा मुरह ब्रस्मा दुमी**
ओ चुचुपो नु चामुधन दुमी मुरह दुमी
ओ पापापो नु दानबहादुर मुरह दुमी
ओ मामापो नु पटनकुमारी कोयु
ओ किम्बि नु जाना मुक्ति ।
ओ किरदेल हाँसु सुङदेल-३
ओप्पो खुलु देल नाक्सी लाम्दिजा-३
तेम्बेला अङ यलाखोम चाबहिल सरसतिनगरबि मोत ।
अङ सक तु किलासबि चप्तथिङत ।
मन आबोआए चेन्नु यात्तीनिन ।
ओ पापा मामाकाई दुमी तुम्लोपो दुबि सिङत ।
अङलाई इङ्कि रिदुमहदुमपो बोक्चरी, रुइली, थप्पारी, ललमुल वान्सीनु दुवाङ यादीर लोता ।
अङ दुमी ब जेनु दुवाङ यादिर लोता ।



**ओ नु सन्सार रंकसु दुमी रदु**
अङ धारान भोटेपुलबि ओ चुचुपिपीकाइ मोत ।
इङ्कि पहाडपो किम लाम्दिजा गौरुङ देल.।
ओ चुचुपो नु खड्ग बादुर रंकसु दुमी रदु ।
ओ पिपिपो नु लक्ष्मीमाया मुरह दुमी रदु ।
ओ पापापो नु सन्तोस दुमी रदु ।
ओ मामापो नु सान्ता थुलुङ दुमी रदु ।
ओप्पो तुक्वो दाजे मोतिनि दाजेपो नु बिसाल दुमी ।
ओप्पो तुक्वो नाना ए मोतिनिओ नानापो नु अन्जु ।
ओप्पो सक्वो फोपो मोतिनि हाम्पो नु रमेस क राजेन्द्र ।
तुक्वो निनी मोतिनि निनिपो नु चाई सरमिला ।
अङ दुमी ब जेनुदुवाङ यादिर लोता।
ओ पिपीआ चाइ दुमी तुम्लो खानोते जेतिनि ।
चुचुआ ति-तिचु जेतिनि ।
दुमी तुम्लोलक जेक्तिम बेला अङ दुवाङ नुसि छुक्त ।

**ओप्पो नु बिपासा मुरह ब्रस्मा दुमी**

ओ चुचुपो नु रेकबादुर मुरह दुमी
ओ पिपीमुलपो नु रत्नमायादुमी
क रत्नकुमारी दुमी
ओ पापापोनु विकास मुरह दुमी
ओ मामापो नु प्रमिलादुमी
ओ किम्बि नु जाना मुक्ति
ओ किरदेल हल्कुदेलङ
ओ किरहाम थुलुपा ।
ओ निनी फोपो ए मोतिनी ।
किर किमबि चुचु पिपी किकी हाम्मोतिनी ।
अङलाई दुमी तुम्लो जेनु क सकला छम्नु ले लुनु
किरावा रिदुमहदुमपो दुबि चुक्नु कुक्नु यादिर लोता ।



**ओ नु इक्सा यक्सो लिम्बु**



ओ पापापो नु प्रकाशमान यक्सो लिम्बु ।
ओ मामापो नु मनकला दुमी रदु ।
ओ नानापो नु प्रमिशा यक्सो लिम्बु ।
ओ लन्चुपवापो नु खाम्बोङसा यक्सो ।
ओ पापापो किम ताप्लेजुङ् हाम्पाङ ।
ओ किरदेल खोटाङ लामदिजा हल्खुम-६ ।
अङ् सक थो पो मोम बेला पापा मामाकाई किरदेल खुचुम ए ।
अङ यलाखोमबि मोम बेला नाना, नोनोहास्काई
जावोम्लो थोवोम्लोबि सकलाबि छम्नु
खुचुम दुवाङ मिन्सि लोता ।
तेम्बेला अङ ओ पापा मामाकाई हङकङबि मोत ।
तेम्बेला अङ उम किलासबी चप्थिङत ।
अङ्ए किर तुम् जेनु दुवाङ यादिर लोता ।

**ओ नु एन्जल मुरह ब्रस्मा दुमी**

अङ तेमबेला धारान भोटेपुल भिमसेन
टोलबि ओ चुचुपिपी मामा काइ मोत ।
इङ्कि पहाडपो किम लाम्दिजा मानेडाडाँ देल ।
ओ चुचुपो नु दुर्ग बादुर मुरह दुमी रदु ।
ओ पिपिपो नु गोरीमाया साम्पाङ दुमी रदु ।
ओ पापापो नु सन्जय दुमी रदु ।
ओ मामापो नु सरमिला दुमी रदु ।
ओप्पो तुक्बो मिचुमचु वा मोता ।
अङ रेक किलासबि चेन्थत्त ।
अङ तेम्बेला उम थो पो छुक ।
ओ पापा पाखा मोतिनि ।
ओप्पो तुक्बो छिल मिस्मावा मोता ।
ओ चुचुआ दुमी ब जेतिनी ।
ओ पिपिआ चाइ साम्पाङ ब जेतिनी ।
अङलाइ दुमी तुम्लो जेनु दुवाङ यादिर लोता ।





**ओ नु रोहन साम्पाङ रदु**

ओ पापापो नु रोहित साम्पाङ रदु ।
मामापो नु रोस्ना दुमी रदु ।
तेम्बेला अङ धारान भोटेपुलबि चुचुकाई पापा मामाकाई मोत ।
ओ किरदेलपो चुचुपो नु अस्टबहादुर हदि दुमी ।
पिपीपो नु मधुमाया दुमी ।
अङ तम्बेला तुम कक्छेबि चप्थिङत ।
ओ चुचु पिपीकाईङ अङ बुखुम, बुरुम ।
चुचुपिआ दुवाङ लालुखा मुनिक अङ घल्पु छुकुम ।
ओप्पो तुक्बो किर मोतिनी ।
तुक्बो तेतेम मोतिती ।
ओ पिपी आजङखिनी इङकी भारा लुखुर्तनिक बलमकिम खुचिनी ।
अङये दुमी तुम्लो जेनु दुवाङ यादिर लोता ।

**ओ नु अनमोल चाम्लीङ पुर्बाछा रदु**

ओ पापापो नु कल्यान चाम्लीङ रदु ।
ओ मामापो नु रहरशोभा हदी दुमी रदु ।
ओ पापापो किम खोटाङ इन्द्रेरेनी पोखरी कातिके-४
ओप्पो सक्बो निनी मोतिनी ।
ओ तोदुमी निनीपो नु कमला ।
सिविर्मी निनीपो नु बिमला ।
ओप्पो सक्बो फोपो मोनिनी ।
लुमदु फोपोपो नु रमेश चार्मलिङ ।
सिबिसे फोपोपो नु मिलन चार्मलिङ ।
ओ किरदेलखोटाङ लामदिजा हल्खुम-६
ओ किरदेलपो पिपीपोनु किर्पालक्ष्मी हदीदुमी रदु ।
ओ तुम्बो किरहाम् मोतिनी ।



**ओ नु दुर्प हलक्सु दुमी रदु ।**

ओ पापापो नु मनकाजी हलक्सु दुमी रदु ।
ओ मामापो नु सुम्नीमा हलक्सु दुमी रदु ।
ओ देल लाम्दिजा माम्पालीडाडाँ-३ देल ।
अङ तेमबेला यलाखोम बौद्धबि मोत ।
अङ तुक थो लक यलाखोमबि थाङका पेन्टीङ मुनु खारु माङथत्त ।
ओप्पो तुक्बो मिचुमचु वा मोता ।
अङ तुक सु थोबि चेन्थत्त ।
अङ तेम्बेला सकसु थो पो छुक ।
अङलाइ दुमी तुम्लो जेनु दुवाङ यादिर लोता ।



**ओनु आसिन मुरह ब्रस्मा दुमी**



ओ पापापो नु सुरेस मुरह दुमी ।
ओ मामापो नु दिपकला दिम्मचु दुमी ।
ओ चुचुपो नु रेकबादुर मुरह दुमी ।
ओ पिपीपो नु रत्नकुमारी/रत्नमाया हदी दुमी ।
अङ तेम्बेला धारान बाजगाराबि मामा नानाकाई मोत ।
ओ पापा चाइ पाखा परदेसबि मोतिनि ।
अङ तेम्बेला तुक किलासबि चपथिङत्त ।
ओ नुर चुचुपो नु भिमलसिङ मुरह दुमी ।
ओ नुर पिपिपो नु बालमाया मुरह दुमी ।
अङये दुमी ब चेन्सिनु दुवाङ यादीर लोता ।

## सानु

आम्नु स्वोपे लम्दुवि फाल्नु माहोनी
आबो आए भुक्तो वि उङ्मले माङिनी
मक खो, रिराम क व्यालिखा फालुम छ
सागो वि तुक्बो सानु तिदुम गोता
तुक्बो अच्चम्मपो छि तिदुम गोता
माम आप्पो छि काई पाछ फिनु गौता
ख्ल किरावापो तुबु तोइसी चप्खन्नु ।

**मौलिधन दुमी छाचुङ रदु**

**धुम्रपान स्वास्थ्यको लागि हानिकारक छ ।**

**वंशावली, भाषा, धर्म तथा संस्कृति**
**बचाई राखौं मिलेर आफ्नै हो सम्पत्ती**

# सुक्ली लुआ सुप्तुलु

मीरह साहिला

(सुक्ली लुआ सुप्तुलु दुमी हाम्पो दुङ्गुलु)२
जायजुम का सीलीचुङ साया चोनु युङ्गुलु)
तीन ढुङ्गाले तीन चुला दुमीहरूका दुङ्गुलु
जायजुम र सीलीचुङ सीरै उठोस् युङ्गुलु

(सुक्ली लुआ सुप्तुलु दुमी हाम्पो दुङ्गुलु)२
तीन ढुङ्गाले तीन चुला दुमीहरूका दुङ्गुलु

दम्दी अम्दी तोया खोती वाये पप पुची पुची पुची
तोया रीची वाये साम्ची तोमा खेमा खुची
लेकैभरि मालिङ्गो भुल्यो अउलमा बनबाबियो फक्र्यो
लेकै रीची अउल साम्ची तोमा खेमा गइगए

(सुक्ली लुआ सुप्तुलु दुमी हाम्पो दुङ्गुलु)२
तीन ढुङ्गाले तीन चुला दुमीहरूका दुङ्गुलु

जायजुम्बी सीकीपारी मुसो हन्पो इङ्गी
रुमीपामी वात्व–छारु साप्तेल गोबी जीङ्गी
जायजुम्मा सीपसाप गरिल्याउने किराती राई हामी
इष्टमित्र दाजुभाइ  आफ्नो आदिमथलो भित्रै टिक्यौं

(सुक्ली लुआ सुप्तुलु दुमी हाम्पो दुङ्गुलु दुङ्गुलु दुङ्गुलु)२
तीन ढुङ्गाले तीन चुला दुमीहरूका दुङ्गुलु

# अङ कुबी तोदु

कुवी नागिरे नक्छो
टेकबहादुर दुमी



अङ नागिरे कुवी तोदु, लामदिजा हल्खुम देल
इङकि देलबिम लातुम सकसु रेकनु थोबी साखेल
हल्खुमदेलबिम खल वात्तोछारीआ अङ् फत्जोतीनि ।
थोवोम्लो जावोम्लो साखेल माङथत्त आम्नुतुम्बु
रिराम इङकिपो नाम कुरिम गोता मिन्नु मे चुचाचु
नक्छोपो रिदुम साल्नुक तुनु माचाम्नु दुमी तुम् ।

म नागिर धामी जेठा हल्खुम गाउँ हो
हाम्रो गाउँमा २०३९ सालमा निकालेको भुमे देउ
हल्खुम गाउँको इष्टमित्र दाजुभाईले मलाई सहयोग गरीरहेछन ।
आजसम्म साखेल उधौलि उभौलि धान्दैछु
जिन्दगी हाम्रो घाम छायाँ जस्तो सम्भनु नानी हो
धामीको संस्कार सम्हाली राख्नु. नतोड्नु दुमी भाषा

लामदिजा हल्खुम-६
तेम्बेला: धरान-११ सखुवागाछी


## हार्दिक शुभकामना

**जावोम्लो / छीरीयाम्लो ५०७४ (सकला उद्यौली) चाडको शुभ उपलक्ष्यमा**
**सुप्तुलु, युङखुलु, रिमेम, नायम, एवं सुम्निमा पारूहाङले**
**हामी सबैको रक्षा गरून् ।**



**ऋषिश्वर सरचु/राक्री ढुमी राई**
ढोलाहिटी, ललितपुर


# तोसु (साकेला सीली)

नीहाङमा हलक्सु
**दीक्मा दुमीराई**



एक शनिबारको दिन थियो ।
तुक शनिबारपो दिन ग ।
त्यसबेला भरखर उभौलीको बेला सुरु हुँदै थियो ।
मयो धीरीयाम्लो मालो हथीङुम्ना ।
त्यसैले दिउँसो खुबै गर्मी थियो ।
मकाङा नुलु छोतेङा हल हुलीम ग ।
पापाले पन्ना दिदी र मलाई एउटा कार्यक्रममा लैजानुभयो ।
पापाआ पन्ना नाना कायो आङुलाई तुक्ली कार्यक्रमबी आखुचु ।
किरात राई चाम्लिङ खाम्बातिमको कार्यक्रम थियो ।
किरात राई चाम्लिड खाम्वातिमपो कार्यक्रम ग ।
हामी किराती राईहरूको साकेलासिलीको बारेमा रहेछ ।
इङकी रदुनाम्चुपो साकेला सिलिपो दुबी रछ ।
त्यतिबेला पापाले किराती राईहरूका बारेमा केही कुराहरू बताउनु भयो ।
मयो पापाआ रदुनाम्चुपो दुबी हीतोक्ली तुम्मु ङीआमुन्पो ।
कार्यक्रमको सुरुमा पापाले मलाई सबैको अगाडि बोलाउनु भयो ।
कार्यक्रमपो भुवी पापाआ आङुलाई झाराखबी आब्रुचोनु ।
त्यसपछि मैले दुमी भाषामा मेरो परिचय दिएँ ।
मामबीका आङुआ दुमी ब्रबी ओ छेन्सी बीङ्नु ।
पापाले त्यहाँ अरूलाई पनि आफ्नो भाषामा परिचय दिन लगाउनु भयो ।
पापाआ माम्बी खेम्मुलाई यो होपुपो ब्रबी छेन्सी बीमुत्नी ।
त्यतिबेला साँच्चै नै कतिजनाले आफ्नो भाषामा बोलेका थिए ।
मयो हीतोक्लीआ छुङा होपुपो ब्रला हाम्जेम्मा ।
त्यसपछि पापाले आफ्नो झोलाबाट कागजको पाना निकालेर बाँड्न लगाउनु भयो ।
माम्बीका पापाआ होपुपो फ्याक्सुमला सफू लात्नीका योक्मुत्नी ।
अनि त्यसमा भने अनुसार आआफ्नो परिचय लेख्न लगाउनु भयो ।
मन माम्बी आखे होपुहोपुपो छेन्सी चप्आमुन्पो ।
त्यसमा आफ्नो थातथलो, नामका साथै सामे र पाछा पनि लेख्नु पर्ने थियो ।
माम्बी होपुपो खुलुखुक्सु, नुकायो सामे का पाछा यो चप्ना ग ।
त्यहाँ जम्मा सात थरीका राईहरू आएका थिए ।
माम्बी सेक्सु रदुमु हाम्हम्मा ।
पापाले त्यहाँ सबैजनालाई आफ्नो सामे र पाछा अनिवार्य जान्नु पर्छ भन्नु भयो ।
पापाआ माम्बी झारालाई होपुपो सामे कायो पाछा चुन्तुन्ना छुक्ता हाम्आची ।
कति जनाले आफ्नो बाजेको जन्म साल र बजुको नाम लेख्न सकेका थिएनन् ।
हीतोक्लीआ होपुपो चुचु हाम्बुखुम थो का पीपीपो नु चप्ना चाप्नीम मागन ।
त्यसपछि सिली सिक्नेसिकाउने कार्यक्रम थियो ।
माम्बीका सीली चेइसीक्साचेङ्सा कार्यक्रम ग ।
तैपनि हामीहरू चाहिँ त्यहाँबाट छिट्टै फर्क्यौं ।
खोयो उङ्ड चैं माम्ला बोलोङा अइसीन्पो ।
अझै पनि म त्यो दिनको रमाइलो सम्झन्छु ।
आजीयो आङु माम दिनपो नुसी मीम्तो ।
पन्ना दिदीलाई पनि त्यो कार्यक्रम खुबै राम्रो लाग्यो रे ।
पन्ना नानालाई यो माम कार्यक्रम छोतेङा खानुक्सा ल ए ।
दिदीले त्यस्तो कार्यक्रम हुँदा पछि पनि जानुपर्छ है भन्नुपनि भएको छ ।
नानाआ महेम कार्यक्रम छुक्तायो आप्लोयो खना छुक्ता मेइ हाम्आचीम गोता ।**नीरी ।**

# दुमी तुमनाम फेसबुकलक:



Tejmaya Raiलो झारा दुमीरदुहाम्चु तम्बी तो'दुङ्कुलुबीर्मेचु कफुबल्सीक्सी' बीदुमीतुम छाम्छेनुपो लागी आनी गोबी लोम ब/ब्र म म कुक्ती, चुक्ती खोए दुमी तुम्लोलक चप्नीकयुक्सतीखो, पोस्ट मुक्तीखो दुमी तुम्लोपो तीचु/पीची खोए सोम दीङता, हाक्ता आस्सोक तम्बी ओ दुस्पी, छारी, तुप्सुमी, धलिमी, चेल्पु, बरि्मे खल/खत्लबीओसागो लक पाछ्रु गोता ।

September 3 at 10:26am · Like




BhalaDumiखै मो चप्नाहोलाका बीर्मेचुइङ्की दुमीहाम्लाइ दुमुङा समस्सेगोता इङ्की भ्रचेइसीनाभीकाआक्तीयोइङ्की जेक्सा लवासङा डुङ्तानो तुक्देलकायो खेम देलपो आनुआ चप्तो खेममीनुहाम आ हाम्चुक्तानो खेम मीनुहाम आ हाम्चप्ता आनुआ चुक्तोनो, मो मुनाकाताम तुक्ली उखान गोतानी भालुलाइ पुरान सुनङ्उनु आक्सा मामहेङाम्डाछुक्बाक्तीहै इन्की दुमीहाम।

September 4 at 11:22am · Like



Tejmaya Raiआमुइनीत! चप्सा चीस हीतो गोता गोतानी होइ, झारा दुमीहामआ सागो चुबोलाम्का लास्तीखो हीतो लस्ता? मन झारा इङकी दुमी ब/ब्र/भ्र सुल्तानी मोइक मोहीन/भसीोक लस्ता? आनीमुआ आस्तीनी 'इङ्की भ्र दुङ्तन' झारा जेक्तीखो जाखा-जाखा दुङ्तो खुस्ता खोरेखोरे मामोनीवा चेल्पु । तम ती-तीचु मादुङनुने तुम्लोपो सुचे वो आस्सोक कुक्ना चुक्ना छुक्ता इङकीआ । लु आनीमुआ तुक्बो/तुक्ली सागोतुम चप्नीक फीड्नीओ चेल्पु ।

September 4 at 1:53pm · Like



BhalaDumiआमुइनीत आनुने मीसतो ओ ने आनीमुआने मो नाआस्नी ओ बरि्मे । आनुआ सागोतुम(कबीता) चप्ना ? ताम चाही इता ओ ने मीका आक्तीखो आनुलाइ खल इङ्की भ्र जेना कुकतोनो आनुने पीस्पीची दुमीपो चु खाससापु चु थुलुङ तुकदेउ मान्तोका तुना जेना चाप्तो । ताम कबीता आनीमुआ इसीलीमपो लागि आलुम्थीङतानी माम कीताब्बीने सुद्दा दुमीबी चप्ना छुक्ता आजा आसाला खलआ हामसेनतोयो ताम हेमचाइ धाम्रो केङसाआ चप्तुमहोला हामआस्ताखोने मो मुना मोका तेयोचाइ गुनु ल आजा आसाला सेनसोखक्तीमो छुक्ता..?, आनुने चेइसतो खनापर्ने गोता ताम्बी आनीमुआ झारा आचप्नीम गोता ताम आक्तीम मो हो? इङ्की तुम-ला होपुलाका छार्, दुस्पी बीरमेछुलाइ मो आक्ती ? ताम लस्बालाई आपे छारुलाइ ओ वा आकतीमहेनाम? आनीमुलाइ चुक्दरीलङ गोता .....


September 5 at 11:55am · Like



Tejmaya RaiBhalaDumiचेल्पुहाङ आनीमु हेनीङ झारा दुमी रदु जेतीनी/जेतानीखोने हीतोखानुप्पा/खानुक्सा छुक्ता । आनीमुआ ते दुमो खानुक्सा दुमीतुम्लो लक/लाम्कतम/ताम कफुसफो(फेसबुक)पो बल्सीक्सी(चौतारी)बी होप्पो दुमी ब/भ्र/ब्र लाम्कमुलुससी/बोप्सासी खुर्सोहेनी जेनीम दोक्तुक/दोक्तोका ओ सागो दुवाङनुसी(खुशी) छुकुम गोता । चुक्पु/चुक्सा कुक्पु/कुक्सा मीनआ आङुने कुक्तान, चुक्तान आतनुए खानुक्साङ वो । मन, इङ्की दुमी तुमलो चाम्नु बातुमआतेमबेला/तेयो बेला चाई आङुआ कुक्तान, चुक्तान बात्नु इता । तेत्नाक/तेसोकाआनमि इङ्की चेन्पु(गुरु) छुक्नु छुक्ता मेइ चेल्पुहाङ! तेसोक, आनीमुआचप्नीम तुम्लो सीङ्सीबुबी चाइ ओप्पो सागो मालोनमे । अङआ/आङुआ कुखुम चाई, आनीमुआ चप्तीनीखो, चेन्तीनी/चेइस्तानीखो दुमीमुल(हाम्) दुस्पी, छारी, चुचाचु चेल्पु, बीर्मे, लीम्चु,

मीचुम्चु/मीस्मा, लन्चुपचु/लस्बा तायाचाया, तुप्प्सुमीधीलुमी, कुबी, सेले चुपीहाम झारा-झारा नुसी छुक्तानी, सेबासीबीतीनी/बीतानी। इड्की झारापो नु, तोइसी(अस्तीत्व)आ तुको सीलीचुङ्, साम्फेलुयारीलु बन्ता, होपास्ता ओ चेल्पुहाङ तम बरि्मेपो सक्बो/सक्ली खुर खाप्सुकदुमो सेवा गोता, मेत्ना म म धाम्रो केड्साबो तुम्लो माआचानी मेइ तुक्लीआन्नी सागोबीम तुम्लो म छुक्ता चप्नीओ ।

September 5 at 2:30pm · Edited · Like



BhalaDumiदुमु दुमु छीलछील गोतामेइ बीर्मेछु ओपो ताम्बी आनीमुआ आचप्नीम तुमहाम्लाक आङुआयो ईड्की तुम्लोहाम चेइसीना दोक्तोम्बी।ताम्बी आनीमुआ तुक्ली आचप्नीम तुक्ली तुम मीम्ना माचाफोनो ताममुलुससी/बोप्सासी आआस्नीम गोता ताम आक्तीम मो?उड्कुपो भाल्ने बप्ससी आक्तीम्ने (मकै)लाई आक्ताताम आनीमुआ चप्नी आआस्नीम्चाइ आनुआ चप्ना माचाफोनोमेइ ओबरि्मे माइरनी ल चप्नापरो आचोका मीम्कुबी मीम्कुबी ओ नुङारीयु सीनमइम्नाङमालुना खोयो माचाफोनो तुक्ली चप्तो खेम चप्ना आस्तो होतानोइड्कीतुमला हेहेहेहे होपुङ रेतो।

September 7 at 8:05pm · Like



Tejmaya Raiआमुइ ओ चेल्पु खक्चीलीप्पु मक यीर्नु(ना)? सागोबी लोम तुम बात्नीमबी तम बीर्मेपो दुमो-दुमो अलनु/छीलछील । जीउ बप्सासीपो दुबी बोपसासी छहुकुम छाइ बीर्मेपो छोम्सी ककम छुकुम वोइ चेल्पु । अँ ते दुमो चुक्पु(सा), कुक्पु(सा) आनमि्ु चप्नवो चप्नी चेल्पु, इड्की ररिमत तुक मा(दीन) पुखुबी चाम्खुस्ता मन, चप्तीम तुमने हीनाय चाम्तुन, मीस्तुना मेइ । मेसोक/मेत्नाक चीमुचीमु मामोजोनीवो खल दुमी रदुचु, चेल्पुहाङ । उ.. तम बीर्मेपो तुम डीनीक मायीरीनीवो खुपसारो इड्की चेन्मु छुकुम आस्नीक । तुक्बो/तुक्ली ओ सागोइम लोम चेल्पु मीनदुक मातोइ तम झाराम तुम अनीमुकाइ माङुम चेल्पुहाङ ।

September 7 at 9:51pm · Like



BhalaDumiआयुओ बीर्मे मुइकाओ आङु इर्ना मना?मोयोम खाइक्सा मो तुम आमोनीका इर्नाआङुआयो चेइसीदरी लोता इन्की भ्र रदिमहाम मोका ते पीस्पीची जेलीङ्तोमतुङते पीस्पीची ङसीने कुक्तो होपुआ जेना होतानो।ते खत्ल/झारा दुमीचुहाम तुक्ली,स्वाक्ली जेसो खक्ती खोने बोलोङकुक्पोहाम मोखोयो आसुयो हाम्जेतानो ते हाम्सेन्ता यहु हाम ऐस्ती तेसोङ्काहीनम इन्की खोती खक्ती ओ बीर्मेछु।

September 8 at 11:04pm · Like



Tejmaya RaiBhalaDumiचेल्पु अङआ तुमतोक्नुने तुम्तोक्तनी ओ चेल्पुआ बीर्मेपो हीना नामाचुक्ना तुम्लो बलि्ता खोए साल्नीक बात्तीनी/कुक्तानी आत्नु नुः ओ सागोआआस्ता, लोउ आनीलाई ओसागो लक दुमो-दुमो छीलछील गोतामे चेल्पु । अँ आनीमुआते खानुक्सा तुमलो तम तुकोप्तु/खोतीकमेन्ट बाकसबी चप्नीम तुम्लोने झाराआ सेन्तो मोतीनीङ । मेत्नाक/मेसोकाइड्कीआ मीन्नु छुक्ता तुक्दीन छुङङ झारा दुमीपो सागो दुङ्ता दुङ्ता, इङ्कीदुमी तुक्लो रीदुमहदुम लीस्ता जीङ्ता, छाम्छेता । इङ्की खाकायुयु छुक्नु इता। चप्नीओ चेल्पु ।

**इसिलिम अंकहरु खोजी खोजी पढिदिनुहोला । साथै यसको राम्रो नराम्रो सबैखाले प्रतिक्रिया समेत दिनुहोला । *सम्पादक मण्डल***

जावोम्लो / छीरीयाम्लो ५०७४ (सकला उधौली) चाडको शुभ उपलक्ष्यमा सुप्तुलु, युङखुलु, रिमेम, नायम, एवं सुम्निमा पारूहाङले हामी सबैको रक्षा गरून् ।

**अनिल कुमार राई**
**भोजपुर**
**हाल कोटेश्वर**

जावोम्लो / छीरीयाम्लो ५०७४ (सकला उधौली) चाडको शुभ उपलक्ष्यमा सुप्तुलु, युङखुलु, रिमेम, नायम, एवं सुम्निमा पारूहाङले हामी सबैको रक्षा गरून् ।

**विजय राई**
**उदयपुर, हाल पेप्सीकोला**

जावोम्लो / छीरीयाम्लो ५०७४ (सकला उधौली) चाडको शुभ उपलक्ष्यमा सुप्तुलु, युङखुलु, रिमेम, नायम, एवं सुम्निमा पारूहाङले हामी सबैको रक्षा गरून् ।

**रविन राई**
**भद्रपुर झापा, हाल बौद्ध**

# भलाकुसारी

एक दशक लामो नेपाली संगीत यात्रा गरिसक्नु भएका गायक सन्तोष दुमी गायनमा आफ्नो खुराक पस्कन सक्ने स्थापित गायकका रुपमा चर्चित छन् । एकसय भन्दा बढी गीत गाइसकेका उहाको उत्कृष्ट गीतहरु सुम्निमालाई चिठी, पिउदा पिउदै, मेरो नगरकोटमा, बादलुको पर्दा भित्र, मेरोमनको बस्ती, घामले आँखा खोली सक्यो, साल्पै राजा, पर्ख पर्ख मेरी माया , डोकोनाम्लो दाउराघास , मैले के भूल गरे आदि रहेका छन् । उनै गायक तथा संगीतकार सन्तोष दुमीसँग दुमकिम, काठमाण्डौका सचिव मौलिधन दुमी राईले गरेका भलाकुसारीः

**आजभोलि तपाई केमा व्यस्त हुनुहुन्छ ?**

मेरो खेतिबाली भनेको नै गीत संगीत हो अथवा गीत संगीत क्षेत्रमा यतिका दशक पार गरी सकेको हुँदा म यसैको निरन्तरतामा लागि रहेको छु ।

**कस्तो प्रकारको गीत संगीत तपाई बढी पस्कनु हुन्छ ?**

प्रायःजसो म सबैखाले गीत संगीतलाई रुचाउछु । मेरो बाल्यकाल पहाडी क्षेत्रमा वितेको हुनाले बढी प्राथमिकतामा लोक गीतलाई छ । मेरो प्रशिक्षणको पृष्ठमूमि शास्त्रीय हुनाले यी दुबैको संयोजनको साथमा आधुनिक गीतहरु गाईरहेको छु साथै सोही प्रकारको संगीत पनि दिईरहेको छु ।

**सबै कलाकार देश विदेशको भ्रमणमा व्यस्त हुन्छन् तपाईको चाही योजना के छ विदेश तिर जाने ?**

दशै अवधिभर नेपालका विभिन्न ठाउँहरुमा सांस्कृतिक कार्यक्रम आयोजना भएको हुँदा सोही कार्यक्रममा व्यस्त हुदैछु र दशै पछि खोटाङ कुवेत सम्पर्क मञ्चले आयोजना गरेको सांस्कृतिक कार्यक्रममा कुवेतमा रहनु हुने नेपालीहरुलाई मनोरञ्जन प्रदान गर्न कुवेत जादैछु ।

**के गीत संगीतले नै आफ्नो जिवीकोपार्जन गर्न सकिदो रहेछ ?**

कहिलेकाही मलाई के लाग्छ भने हामी सिर्जनशिल कार्यमा लाग्ने कलाकारहरुले आफ्नो सिर्जना नै बेचेर आफ्नो जिविकोपार्जन गर्नु पर्दा नमिठो लागे पनि गीत संगीत पनि एउटा व्यवसाय हुँदै गएको अवस्थामा गीत संगीत राम्रोसँग अध्ययन गरेर आएको खण्डमा यसबाट जिविकोपार्जन सम्भव छ ।

**तपाईले गाउनु भएको त्यस्तो कुनै गीत छ कि? जसले तपाईको भविश्य सुनिश्चित गरि दिन्छ?**

आफ्नो सिर्जनाहरु सबै प्यारो लाग्नु स्वभाविक हो । लोक गीत, आधुनिक गीत, बाल गीत र गजलहरुको शैली गाइसकेको छु । त्यसमा लोक आधुनिक साल्पै राजा, घामले आँखा खोलिसक्यो र डोको नाम्लो दाउराघास जस्ता गीतहरुले मेरो भविश्य सुनिश्चित गर्छ कि भन्ने




लाग्छ ।

**गीत संगीतको अलवा तपाईलाई के मा रुची छ ?**

मलाई पुस्तक पढ्न बढी मन पर्दछ । विशेषगरी विशिष्ठ व्यक्तिहको आत्मकथा र यात्रासंस्मरणहरु पढिरहेको हुन्छु ।

उमेर त निकै गैसक्यो जस्तो लाग्छ विहे गर्ने होइन र ? हा हा हा ........म त्यती बुढो देखिन्छु र ? दिनमा एक

चोटी घरमा विहेको कुरा चल्छ। विहेको लगन भन्ने कुरो र गीत संगीतमा कुन गीत सुपरहिट हुन्छ भन्ने आफ्नो बसमा नहुँदो रहेछ। तर अव चाडै विहे गर्ने सोचमा छु।

**१६ औं अंकको इसिलिम तथा दुमीजनलाई केही भन्नु छ कि ?**

यो इसिलिम पत्रिका सयौं अफठ्यारा जंघारहरु पार गर्दै १६ औं अंक प्रकाशन हुँदा म असाध्यै खुसी छु। यो सम्पूर्ण दुमीजनहरुको मुखपत्र पनि भएको हुँदा यसलाई निरन्तरता दिन आवश्यक ठानेको छु। इसिलिम मार्फत नै सम्पूर्ण दुमीजन तथा गैरदुमीहरुप्रति साकेला उद्यौली तथा उभौलीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु। सुम्निमा पारुहाङले हामी सबैको भलो गरुन्।

**अन्तमा केही छुटपुट ?**


नेपाली गीत संगीतको बजार सानो भएपनि यसैमा लागिरहेको छु। आगामी दिनहरुमा यसैलाई निरन्तरता दिदै नेपाली संगीत क्षेत्रको विकास गर्नमा आफ्नो तर्फबाट हरपल योगदान दिनेछु। स्रोता र दर्शकलाई गीत संगीत क्षेत्रमा पाइरेसी रोक्नको लागि पनि अनुरोध गर्दछु।


**जावोम्लो / छीरीयाम्लो ५०७४ (साकेला उद्यौली) चाडको शुभ उपलक्ष्यमा सुप्तुलु, युङखुलु, रिमेम, नायम, एवं सुम्निमा पारूहाङले हामी सबैको रक्षा गरून्।**



**श्याम हलक्सु दुमी राई**
**तथा स-परिवार**
**माक्पा-४, लुम्दु, खोटाङ**
**हालः धापाखेल, ललितपुर**

**जावोम्लो / छीरीयाम्लो ५०७४ (सकला उद्यौली) चाडको शुभ उपलक्ष्यमा सुप्तुलु, युङखुलु, रिमेम, नायम, एवं सुम्निमा पारूहाङले हामी सबैको रक्षा गरून्।**



**दुर्गा ब. रंकसु दुमी राई**
**तथा स-परिवार**
**लाम्दिजा-६, गैरी गाउँ, खोटाङ**

# चर्चा: चेतना - चिनारीको



सरिता (कोयी) दुमीराई

चेतनशील प्राणी भनेर चिनिने हामी मानव जाति र हाम्रा मानवीय स्वभाव पनि बुझिनसक्नुको छ । प्रत्यक्ष वा परोक्ष जुनसुकै रूपमा भएपनि आफूलाई चिनाउने ध्याउन्नमा लागिरहेकै हुन्छौं । अस्तित्व जोगाउने नाममा आफूलाई चिनाउने होडबाजीमै बेफुर्सदिलो जीवन जिउन अभ्यस्त छौं । त्यसैले नै होला, हामीलाई आफ्नो चिनारीको उचाई कहिल्यै नघटोस्, सदा चुलिदै मात्र जावोस्, यसको दायरा सर्वत्र फैलिनैरहोस् जस्तो लोभ पनि जाग्छ । जसको कारण पनि हामी आफ्नो पहिचानको निसान भाषा-संस्कारको बारेमा खुबै महत्त्वका साथ चर्चा गर्ने गर्छौं । कहिले भाषा भुलेकोमा भाषिक समुदायको पहिचान नै जोखिममा परेको, त कहिले मौलिक संस्कारको लोपसँगै आफ्नो जातीय चिनारी नै संकटमा परेको प्रसङ्गहरू पनि यदाकदा सुन्ने गर्छौं । अझ पछिल्लो समयमा त मुलुकको बद्लिदो परिबेसमा मातृभाषा र संस्कार-संस्कृतिसँगै जातीय पहिचानको बारेमा अनेक चर्चा-परिचर्चाहरू चल्न थालेका पनि छन् ।

यसैमा हाम्रा सामु हालसालै घटेको एउटा ताजा घटनालाई लिन सकिन्छ । जसमा हिमाल, पहाड र तराई अनि मेची-कालीबीच समग्र नेपालको प्रतिनिधित्व गर्ने संविधान सभाका सभासदहरूलाई यो अनुभव अझ प्रगाढ रूपमा त्यतिबेला हुनुपर्दछ, जतिबेला छिमेकी राष्ट्र भारतबाट त्यहाँका प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो नेपाल भ्रमणको क्रममा संविधान सभा भवनमै गएर भावुकताका साथ नेपाली भाषाबाट आफ्नो सम्बोधन सुरु गरी सभालाई चकमन्न पारेका थिए । भनौ, त्यस सम्बोधनको माध्यमबाट हामी सम्पूर्ण नेपालीहरु वा हरेक भाषिक समुदायलाई 'आफ्नो मातृभाषा कति प्यारो हुन्छ' भनेर निकै गर्बिलो दृष्टान्त प्रस्तुत गरिराखे, महामहिम मोदीले । तबपनि बहुभाषिक, बहुसाँस्कृतिक, बहुधार्मिक र बहुजातीय मुलुक नेपालमा बसोबासरत हरेक जातजाति वा भाषाभाषीले आफ्नो अस्तित्वको रक्षार्थ आ-आफ्ना मातृभाषा र संस्कार-संस्कृतिको जगेर्नाप्रति चासो दिनु स्वाभाविक पनि देखिन्छ ।

जस अन्तर्गत नै बत्तीस पुस्तासम्म यहिँ खाल्डो (काठमाडौ उपत्यका)मा राज्य गर्ने हामी किरात जातिको पनि प्राचीनकालदेखिको पुर्ख्यौली चिनारी पनि त कतै बिलाइ सकेको छैन नै । किन्तु हाल आएर आधुनिक जमाना र समय सापेक्ष समाज विकाससँगै परिस्कृत जीवनशैलीको नाममा हाम्रा मौलिक परम्परा, रीति-रिवाज, संस्कार-संस्कृति र लोलिबोलि (मातृभाषा)हरू एकाएक बिर्सिदै जानाले भोलिको दिन हामी कतातिर पुगिएला भन्ने बारेमा चिन्तन गरिनु नितान्त खाँचो देखिन्छ । साथमा आफ्नो भाषा र संस्कार-संस्कृतिको बारेमा अरुले केहि बोलिदिदा र गरिदिदा अवश्य नै केहि न केहि राहतको महसुस हुन्छ । साथमा गर्वका साथ रमाइलो र सुखको अनुभूति हुनु स्वाभाबिक पनि हुन्छ । तर पनि संसारकै अनौठो विशेषताको रुपमा लिने गरिएको 'एक जाति बहुभाषी' विशिष्ठ पुर्ख्यौली सम्पतिको हकदार हामी किरात राई जातिले चाहिँ आफ्नो मातृभाषा र संस्कार-संस्कृतिको जगेर्नामा हामी आफै अघि नसरेसम्म अपनत्व बोध कदापि हुनै सक्दैन । भनौ आफ्नो पहिचानजन्य हरेक वस्तुमा सरोकार रहेपनि त्यसको महत्त्व भने कहिल्यै थाहा हुन सक्दैन । यसर्थ पनि आफ्नो मौलिक पहिचानको दसी यी अमूल्य नीधिहरूलाई जगेर्ना गर्दै पुस्तौं-पुस्तासम्म बचाइराख्ने तर्फ पनि हामी सबैको चेत खुल्नै पर्छ, आफैले सोच-विचार गरेर लाग्नै पर्ने हुन्छ ।

उसो त, हरेक मानिसको लागि चिनारी आफैमा अथाह र अतुलनीय सम्पति हो भने भाषा-संस्कार सभ्यताको परिचायक पनि हो । यसै पृष्ठभूमिमा यहाँनेर एउटा प्रसङ्गलाई जोड्नु सान्दर्भिक नै होला । तत्कालिन नेपाल अधिराज्यको अन्तरिम संविधान २०४७ मा किटान गरिए अनुरुप हाल नेपाल सरकारबाट सामुदायिक विद्यालयका

प्राथमिक तहमा आ-आफ्ना मातृभाषामा पठन पाठन गर्न पाउने हकको सुनिश्चित गरिदिएको छ । जस अन्तर्गत नै देशका विभिन्न भागका स्थानीय विद्यालयहरूमा केही मातृभाषी बालबच्चाहरूले सो अवसरको सदुपयोगसँगै आ-आफ्नो मातृभाषामा लेखपढ गर्न पाएका पनि छन् । उनीहरूले विद्यालयमा आफ्ना भाषामा सिकेका कुराहरू घर-परिवार र छर-छिमेक हुँदै सिङ्गो समुदायमा नै पनि व्यावहारिक रुपमा बोलेर अभ्यास गर्दा भाषा प्रयोगको क्षेत्र फराकिलो हुँदै उनीहरुका भाषिक समुदायमा मार्तभाषाप्रतिको आकर्षणमा अझ बढी प्रभावकारी हुने प्रायः निश्चित छ ।

यसै सन्दर्भमा म आफूले पढाउर्ने विद्यालय (महेन्द्र बौद्ध उ.मा.वि., बौद्धफूलबारी)मा तामाङ भाषी बालबच्चाहरूका बाहुल्यतालाई ध्यानमा राखी बिगत केही बर्षदेखि उनीहरूकै लागि भनेर तामाङ भाषामा कक्षा संचालन हुँदैआएको छ । तर यद्देस्य अनुरुप विद्यालयमा तत्कक्षामा अध्ययनरत सबै तामाङ थरका विद्यार्थीहरुले सो कक्षाबाट लाभ लिएको पाइएन । म आफै पनि एउटा आदिवासी जनजाती समूहको मातृभाषी शिक्षिका भएको नाताले यस घट्नाप्रति ध्यान तानिनु स्वाभाविक लाग्यो र उनीहरूका अभिभावकहरुसँग कारण बुझ्दा पहिलो कुरो त वहाँहरु (अभिभाबकहरू)लाई नै आफ्नो मातृभाषा बोल्न नआउने रहेछ । जसले गर्दा उनीहरूले घरमा आफ्नो मातृभाषालाई त्यति महत्व पनि दिएका रहेन छन्। त्यसैले पनि ती बाबु-आमाहरूले नै आफ्नो मातृभाषा सिक्नु र सिकाउनुको जरुरत ठानेकै रहेनछन् ।

उनीहरूका अनुसार त खस-नेपाली भाषामा नै भएपनि आफूलाई बोल्न अड्केको त छैन भने तामाङ भाषैमा बोलेर कहाँ गएर के नै पो गरिहाल्नु छ र । अबको जमानामा नेपाली र अंग्रेजी गरी दुई वटा भाषा भए पुगिहाल्छ नि, तामाङ भाषा त अबका केटाकेटीहरूले नसिके पनि के फरक पर्छ र ? भनेर ती अभिभाबकहरुले प्रतिक्रिया व्यक्त गरेको सुन्दा म छाँगाबाट खसे झै भएँ । अनि पहिलो वर्ष भाषा कक्षा पढेर दोस्रो वर्षमा छाड्ने विद्यार्थीहरुसँग बुझ्दा पनि उनीहरुको घरमै पनि आफ्नो मातृभाषामा पटक्कै बोलचाल नहुदो रहेछ । जसको प्रभावले गर्दा भाषा सिक्न कठिन भएको नभएर उल्टै अभिभाबकहरूले नै भाषा कक्षा छोड्न लगाएका रहेछन् । यसरी मातृभाषाप्रतिको बितृष्णासँगै शिक्षाको मन्दिर विद्यालयमै पनि आफ्नो आँखैसामु घटेको यो जिउँदो घट्नालाई म घरिघरि सम्झन्छु र आफूले आफैलाई सोध्ने गर्छु, आदिवासी भनाउदा बहुसङ्ख्यक हामी भाषाभाषीहरू आजसम्म पनि कहाँनेर चुकेका रहेछौं त !

नमूना पात्रको रुपमा यहाँ उल्लेखित तामाङ भाषिक समुदायका अभिभावकहरु र दुई दर्जनभन्दानि बढी राईथरहरू (भाषिक समुदाय) मध्येको म एक दुमीराई प्रतिनिधि पात्र, आखिर हामी सबै आदिवासी जनजाती, सबैको भाषिक उत्पिडनको कथा-व्यथा एउटै, लोपोन्मुख पहिचानको पीडा एउटै भएरै होला त्यस दिनदेखि मेरो मनले मलाई नै प्रतिप्रश्न गरिरहेछ, आखिर यसो हुनुमा दोष कस्को ? ती नानीहरूको ? उनीहरूका बाबु-आमाको ? या राज्यको ? यस घट्नाको कारक तत्व के के हुन सक्लान् त ? गरिवी ? अशिक्षा ? चेतनाको कमी ? अनि यसको सरल उपाय के हुन सक्ला त ? यी त भए एउटा परिघट्नाले ब्यूँताएको सवाल, त्यो पनि देशको राजधानी भित्रको भाषिक परिदृश्यको जिउँदो तस्विर । अनि मुलुकभरका आदिवासी जनजाति भाषिक समुदायको हालतको बारेमा कसो सोझै अड्कल गर्न नसकिएला र ?

अनि हाम्रो मातृभाषा र संस्कार-संस्कृतिको लोपसँगै कतै जातीय चिनारी नै ओझेलमा पर्दै गइरहेको त छैन ? यसको सिधा जवाफ म जस्ता कति मातृभाषाप्रेमीहरूले खोजिराखेका होलान् ? अनि हाम्रो भुमिका के कस्तो हुनुपर्ने ? भनेर तड्पिरहेका पनि त होलान् । यति भएसिन सरोकारवालाहरुका लागि अर्को चुनौति खोज्न कतै गइराख्नु पर्ला र ? सचेत भाषाभाषीको रुपमा आफ्नो चिनारीको लागि विचार-विमर्श, चिन्तन-मनन, छलफल-अन्तर्क्रिया जे जति छन् सबै गरौं, जति गर्न सकिन्छ, आफै लागिपरौं, तर अरुको भर चाहिँ कहिल्यै नपरौं । नीरी ।

# हार्दिक शुभकामना

**विजयादशमी तथा शुभ-दीपावली-२०७१**

साथै किरात चाड साकेला उधौलीको सुखद उपलक्ष्यमा हाम्रा सेयर धनी महानुभावहरू तथा देश-विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदी बहिनी, दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय **शुभ-कामना** व्यक्त गर्दछौं ।





**तापखोला जलविद्युत सहकारी संस्था लिमिटेड**

**सप्तेश्वर, खोटाङ**


# हार्दिक शुभकामना

**जावोम्लो / छीरीयाम्लो ५०७४ (सकला उधौली) चाडको शुभ उपलक्ष्यमा सुप्तुलु, युङखुलु, रिमेम, नायम, एवं सुम्निमा पारूहाङले हामी सबैको रक्षा गरून् ।**

**विशाल रंकसु ढुमी राई**

धरान भोटेपुल

हालः मलेशिया



# Choose Right Pals

Panna Thulung Rai
Pashupatinagar-5, Ilam



How do we choose our friends, pals or even partners? What condition do we prefer when we select our friend? Do they show regard on us? Do they show concern for others or do they respect others?

Each time when we choose a friend, pal we choose for our lifetime. Bad pals destroy our moral and personal conduct. We must choose the right pals who can help us even in the dark side and tape us to the bright side. We must not allow bad pals to waste our goodness and love for life. Life is too meaningful to allow bad pals to waste our life. We must always try to associate with those who show honesty, integrity and who are always concern for their pals. We must always share our life with those who want to better themselves, their friends, their environment etc.

We must not allow bad associates to ruin our life. We must choose friends who are trust worthed. We must know that true friends are the ones with whom who we rely on difficult situations, who helps us to tackle during problems and whom we are comfortably good. As there is a saying, "As you sow, so shall you reap." The choosing bad friends lead to dark side. So, it totally depends us that what type of friends we are choosing and for what purpose.

जावोम्लो / छीरीयाम्लो ५०७४ (सकला उद्यौली) चाडको शुभ उपलक्ष्यमा सुप्तुलु, युङखुलु, रिमेम, नायम, एवं सुम्निमा पारूहाङले हामी सबैको रक्षा गरून् ।





स्वस्थ्य तथा स्वादिष्ट खाजाको लागि हामीलाई सम्झनु होस् ।

**निरोज खोटाङ्गे खाजा घर**

ढुवाकोट-१, भक्तपुर

प्रो. चुस्त बहादुर राई

# ऐतिहासिक युगपुरूष रविकर्ण रंकासु दुमीराई स्मृति प्रतिष्ठान २०७०

ऐतिहासिक युगपुरूष रविकर्ण रंकासु दुमीराई स्मृति प्रतिष्ठान २०७० उद्‌घाटन समारोहमा 'दुमी किरात राई फन्सीकीम'को तर्फबाट प्रेषित सम्बोधनपत्रको अंशः

उद्‌घाटन समारोहका सभापतिज्यू उपस्थित गन्यमान्य अतिथिजन सबैमा 'दुमी किरात राई फन्सीकीम मुलथलोमा बसोबासरत सिङ्गो दुमी वंशको तर्फबाट सेवा !

पूर्व ३ नं खोटाङ जिल्लाको उत्तरी क्षेत्रस्थित रावाखोला आसपासमा करीव २५ पुस्ता अघिदेखि मौलाउदै आएको किरात वंशको एक हाँगा 'दुमी सभ्यता'को इतिहासमा आजको दिन अत्यन्तै महत्त्वपूर्ण र गौरवशाली दिन हो भन्ने हामीले ठानेका छौं । जसरी यो दिनको महिमा रविबजारको मध्यभागमा प्रशन्न मुद्रामा सुजज्ति 'ऐतिहासिक युगपुरूष रविकर्ण'को शालिकले झल्काइरहेको होस्, अनि इलाम-पाँचथर रवि क्षेत्रका तमाम जनसमुदायका हरजनको मनमस्तिष्कमा झाँगिएको होस् । २५ भन्दा बढी थरी किरात राई भाषिक समुदाय बीच अलग्गै पहिचानमा अडिएको दुमी किरात वंश हाल आएर खोटाङ जिल्लाको उत्तरी क्षेत्रका १६ वटा गाविसहरू लगायत पूर्वी नेपालका सबै जिल्लाहरूका अतिरिक्त देशभरका अन्य कतिपय जिल्लाहरू र अन्य मुलुकहरूमा समेत गरी करीव अठार हजारको सङ्ख्यामा चौतर्फी छरिएर रहेका छन् । चाहे राष्ट्रिय जनगणना २०६८ को तथ्याङकले दुमी जनसङ्ख्या ७,६३८ जनामा मात्र खुम्चाएको नै किन नहोस् ।

अल्पसङख्यक दुमी थरभित्र ७ सामे (सामेत्), २१ पाछाहरूमा छछपा-छास्मी सामेत् अन्तर्गका तीन पाछाहरू (रंकासु, रत्कु र हदी) मध्येको रंकासु पाछाका दूरदर्शी ऐतिहासिक किरात व्यक्तित्व रविकर्ण, जो वि. सं. १८३० मा खोटाङ जिल्लाको बाक्सिला गाविस वडा नं ९ सिम्पानी गाऊँमा जन्मिनु भई कल्कलाउदो उमेर र भर्भराउदो बैशले उन्मुक्त २५ वर्षे जवानीमा 'ठाऊँ हेर्ने र मुख फेर्ने' लालसामा गाऊँका अन्य युवाहरू झै पर्देशिन तम्सिनुभयो र 'आफ्नो भाग्यले खोजेको र कर्मले रोजेको' तत्कालिन इलाम जिल्लास्थित रमणीय ईन्द्रेणी बजार क्षेत्रलाई नै जीवन जिउँने उर्वर कर्मथलोको रूपमा रोज्नुभयो ।

करीव नौ पुस्ता (अर्थात् २४० वर्ष) अघि दुमी खुलुखुक्सु (थात्थलो)बाट पर्देशिनु भएका रविकर्ण रंकासु छछपा दुमीराई तत्कालिन इलाम जिल्ला अन्तर्गतको खेसाङखोप्पा क्षेत्रमा नयाँ रस्ती-बस्ती बसाल्दै पछि गएर उहाँकै सक्रियतामा रविहाटेहरूको चहलपहलको साझा थलोको रूपमा बर्तमान रविबजार (तत्कालिन इन्द्रेणी बजार)को सुरुवात भयो । त्यस भेकमा उहाँले गर्नु भएको समाज कल्याण र योगदानको जति नै तारिफ गरेनि अपुरो नै रहला । बरू समाजसुधारक उनै उज्ज्वल नक्षेत्र श्री रविकर्ण दुमीराईको सम्झना एवम् सम्मानमा तत्कालिन चारथुमका सुब्बाहरूले समेत चुम्लुङ गरी सो 'ईन्द्रेणी बजार'को नामलाई परिबर्तन गरी उनै अग्रणी किरात व्यक्तित्व 'रविकर्ण'को नाममा रविबजार राखिएको ऐतिहासिक निर्णयको आज एक पटक चर्चा गर्न सान्दर्भिक नै होला ।

प्राकृतिक सुन्दरताले झकिझकाउ त्यस रविक्षेत्रमा बसोबासरत विविध पाछाका सानो सङ्ख्यामा नै रहेका दुमीराईहरू भएपनि खूला दिल र ठूलै मनद्वारा मुलथलोमा रहेका आफ्नो वंश तथा संस्था 'दुकिराफ'लाई गरिएको संस्थागत निमन्त्रणालाई सहर्ष स्वीकार्दा-स्वीकार्दै पनि त्यस गरिमामय कार्यक्रममा संस्थागत सहभागिताका साथ सशरीर उपस्थित हुन नसकेकोमा संस्थागत अनि व्यक्तिगत रूपमा क्षेमाप्रार्थी छौं । भौतिक शरीर अनुपस्थित रहेतापनि मानसिक रूपमा तपाइँ रविबासी सहोदर दुमी वंशसँगसँगै सदम्भर हातमा हात र साथमा साथ दिन आतुर र तत्पर रहेको विश्वास दिलाउन चाहन्छौं । सथमा 'सास रहेसम्म आश नमार्नु' भन्ने पुर्ख्यौली कहावत झै भावी दिनमा सहोदर वंशका हामी हकदार सन्तान-दरसन्तानहरू एकैथलोमा भेटघाट गरी संस्थागत एवम पारस्पारिक खुलाछलफलका साथ सामुहिक अन्तकिर्रया गर्ने मनसुवालाई यसै चिट्ठी-चपेटा मार्फत खुलस्त पारिपठाएका छौं ।

अन्त्यमा, सलाम छ, आदी पुर्खा रविकर्ण रंकासु छछपा दुमीराईलाई, अनि उनको महिमालाई भरथेग गर्ने रवीबासी हर सामेत् र पाछाका दुमी वंशलाई । शुभकामना छ, ऐतिहासिक युगपुरूष रविकर्ण रंकासु दुमीराई स्मृति प्रतिष्ठानको भावी अनन्त

यात्रालाई । साधुवाद छ, यस स्मृति प्रतिष्ठानलाई मलजल पुऱ्याउन दिल-दिमाग र मन-मस्तिष्कदेखि नै अहोरात्र लागिपर्नुहुने समग्र रविबासी गैह्र दुमी, नाता-कुटुम्ब, एवम शुभेच्छुक ईष्टमित्रजनलाई, छिलछिल !

पुनश्चः चालीस सदस्यीय संस्थापक सदस्य र तेह्र सदस्यीय सल्लाहकारसभा रहेको अध्यक्ष श्री पहलमान राई, उपाध्यक्ष श्री धनकुमारी सुब्बा राई, कोषाध्यक्ष श्री रबिन राई सहितको सत्र सदस्यीय संस्थापक संचालक समितिका महासचिव श्री सरस्वती राईले जानकारी गराउनु भएअनुसार ऐतिहासिक युगपुरूष रविकर्ण रंकासु दुमीराई स्मृति प्रतिष्ठान २०७० उद्घाटन समारोह सहितको विस्तृत लेख विवरण आगामी इसीलीम अंकमा प्रकाशन गरिने छ ।

*-सम्पादक*


## हार्दिक शुभकामना

**जावोम्लो / छीरीयाम्लो ५०७४ (सकला उद्यौली) चाडको शुभ उपलक्ष्यमा सुप्तुलु, युङखुलु, रिमेम, नायम, एवं सुम्निमा पारूहाङले हामी सबैको रक्षा गरून् ।**





**एलिजा चाम्लिङ राई**

उदयपुर गाईघाट

हाल चावहिल, काठमाण्डौ

## हार्दिक शुभकामना

**जावोम्लो / छीरीयाम्लो ५०७४ (सकला उद्यौली) चाडको शुभ उपलक्ष्यमा सुप्तुलु, युङखुलु, रिमेम, नायम, एवं सुम्निमा पारूहाङले हामी सबैको रक्षा गरून् ।**



**माक्पाली नारी बचत कोष समिति**

**काठमाडौं**

# यस पटक मैले ...



-मीरह साइँला (नेत्रमणि हलक्सु
दीक्पा दुमी राई)

कस-कसैले भन्थे, घण्टौसम्म थुतुनोले भट्याउनु भन्दा दुई-चार अक्षर लेखिराखेकैले जित्छ है ! यसो विचार गरिहेर्दा हो नै जस्तो पनि लाग्छ । अनि 'नलेखेरै हाम्रो इतिहास आजसम्म कतै फेला नपरेको' भन्छन्को पनि मनासिव नै हो कि झै लाग्छ । झनैसारो जित्नेको इतिहास रहने भन्नु-भन्दानि जिताउनेको चाहिँ उठिबास भाको यो हाम्रो माटो वा भनुङ, देश र दुनियामा हामी दुमीराई चाहिँ बिना इतिहास 'कतै टुप्पैबाट पो पलाइ-पठाइएछ कि क्याहो नि' भनेजस्तो आशंका पनि मनमा जाग्छ । अनि कतै पलेटी कसेर अहिल्यै पो छर्लङ्गै दुमी इतिहास सर्सर्ती उतारिहालुङ कि जस्तोगरि झोंक पनि चल्छ तानि । तर त्यसरी खोइ हुँदो रैछर, अनि जो कोहीले लेख्छु भन्दैमा पत्याउने आधार पनि चाहिँदो नै रैछ । अनजानमा हराएको इतिहास खोज्नु त गाह्रो हुन्छभने झनै जानाजान वा सुनियोजित चालवाजीले हराइएको वा हराउन लगाइएको इतिहास खोज्नु भनेको कति गाह्रो होला जिताहा भनाउदाहरुको स्तुतिगान गाउँदैमा यो हालतमा पुऱ्याइएको यो मुलुकमा ? यो आफैमा त्यति मामुली कुरो किन हुन्थ्यो र ।

त्यसैले त हामी मध्ये नै पनि कति जनाले धेरै कुरा लेख्यौं आजसम्म, केवल भावना साट्ने सिवाय केही काम भएन । झनैं बोल्नु त न साँधी, न त ठेगान नै, कति बोलियो कति, बिना परिणाम व्यर्थको बकबासमा मात्र अल्मलियौं । भन्नुको लागि त भनिन्छ नि 'धेरै सोचे, कम बोले र थोरै लेखे कति जाती' हुन्छ । यो कहावत सबै जसोलाई थाहा पनि छ । तर आजसम्म यसो भन्दै अरुलाई अर्ति-उपदेश दिने बाहेक अरु सिन्को भाँच्ने कामसम्म पनि त गर्न सकिएन छ नि त । पुर्ख्यौली इतिहास लेख्नतिर त आजसम्म पनि हामी कोही अघि सर्दै-सरेनौ नि । कतै चाहिँदो भन्दा बढी सोचि पो पठायौं कि ! यात बेतुकमा बोलेरै मात्र समय भड्काइ पठायौं । खोइ त, अझै पनि हामी हात लागि सुन्यमा नै अल्झियौं त ? तर भन्दैमा भाँति पुऱ्याएर लेख्नै पनि त त्यति सजिलो कर्म काँ छर यो । पहिले त जिलिगाँठी केलाउनैको लागि भएपनि सामासर्दाम त हुनुपऱ्यो नि । रहेन छ भनेपनि उल्टिझारा (पुरै) दुमी वंश नै जोरजाममा जुट्नु हुनुपऱ्यो नि । हौ त्यसैले गर्दा पनि होला, अपुरो ज्ञानको दालिद्रे सोचाइको भूमरीमा फसेर म आफैले पनि लाजै पचाएर भन्ने पर्ने भाको छ, यस 'पालि मैले के लेखुङ...' भनेर घोत्लिदा-घोत्लिदै लेखै पो नबन्ला कि जस्तो छाँट देखापर्दै छ ।

यति नै खेर धामी-बिजुवाहरुले बखानेको प्रसङ्गको एक अंश 'खानु जान, बोल्नु जान र चल्नु जान' झै आज यो मनुवालाई चाहिँ 'सोच्नु, देख्नु र लेख्नु पनि जान है !' भनेर कतै काहिँबाट कुनै तत्वज्ञानदर्शीले अर्तीबुद्धि दिइराखे झै लाग्छ । त्यसै त भन्ने गर्छन्को नै, 'लेख्नको लागि त देख्न पनि त पऱ्यो नि' । अनि हेर्न खोज्ने सबैले देख्छन् नै भन्ने पनि त हुन्न रैछ क्यारे । हेरिहिँड्न त के नै छर, त्यति जाबो त कोल्ले पो गर्दैन र, जो सुकैले नै त सकिन्छ नि, तर देख्न चाहिँ पो निकै गाह्रो छ त । त्यहिँ साह्रो-गाह्रो बीच आजसम्म पनि दुमी सभ्यता अनि पुर्ख्यौली पहिचान (चिनारी) अलपिएकैले गर्दा त हामी 'ठाउँ न ठहर बाँच्ने रहर' मै ताहुर-माहुर गर्दैछौं त नि । लौत भनुङ न भेष - न त भाषा नै, न भूत - न त भविश्य नै; मानि लिउँ एक पेटको सवालमा नै यो पी पेटको खोक्रो सारङ्गी रेट्दैमा हामी आफूलाई धन्य ठान्न विवश छुङ र यसैलाई हामी आफू बाँच्नुको सार्थकता ठान्दा-ठान्दै लोपोन्मुख दुमीभाषा र संकटपूर्ण दुमी संस्कार-संस्कृतिको अलाप जपिहिँडने अवस्थामा धकेलिन पुगिसकेका छौं । भएर पनि के चाहिँ नपुगे जस्तो, पाएर पनि के चिज गुमाए जस्तो, अघाएर पनि पेटै नपोसाए जस्तो, खोइ कस्तो-कस्तो, दिउँसै विपनामै ऐठन परे जस्तो । हुनुपनि 'आफूलाई सुखी तुल्याउने नाममा भेट्टाएसम्म चाहिँ धतुरो-भाङसम्मै होसुर्ने, ढङ्ग नपुगेर बिचल्लीमा परेपछि चाहिँ बल्ल सुम्निमा-पारुहाङ पुकार्ने' हामी किरात सन्तानको

एकलकाँटे स्वभावको बयान नै के गरिबसुङ र खोइ ।

चाहे पुर्ख्यौली थातथलो रावाखोला आसपास 'खाजाबासमा' अनि त्यसैको सेरोफेरो 'मसुंपा-फेकुबा-दिखाने-हौंला' बीच दुमीको थिति बाँधी रीति राख्ने स्थानीय हाम्रा अग्रज दुमी वंशका बिडो थाम्ने जिम्मेवार सन्तानहरू भनौ, यात देश-परदेश वा दुर-दराजमा पहिचानको संकटमा हन्डर र ठक्करले चेत खुलेका जिज्ञासु दुमी सन्ततिहरू नै किन नहुन् । त्यसै त 'मनको बह, कसैलाई नकह' भन्छन्, र पनि घरको न घाटको अवस्थामा नै भएपनि धीत मरिन्जेल जिउने रहर बाँची आज मलाई पनि त्यस्तै अनुभूत भइरहे छ, र हुन सक्छ म जस्ता अन्य थुप्रै किरात सन्ततिहरुलाई नै पनि ...। हो, त्यसैले त यसो घोत्लिन खोज्छु, मनमा आको विचारलाई सबै सामू बाँडे पो बढ्छ भनी पोखिहालुङ कि भन्छु । तर मैले जति नै चेष्टा गरेपनि यस पटक लेखै लेख्ने छेकछन्द चाहिँ त पटक्कै छैन नै । खोई के गर्नु र, लेख नलेखुङ, इसीलीमको सुरु अंकदेखिको आफ्नै मातृभाषा दुमीमा र दुमीभाषाको बारेमा छिटपुटे स्तम्भकार । त्यसो भा' केही लेखुङ न त भनेर कस्सिन खोज्यो, सोच-विचारै अन्धकार ।

गाह्रो गरी कलम समाएर इसीलीमकै लागि भनेर कनीकनी यस्सो के लेख्न खोज्यो, यता लेख्नतिर त होइन, दिमाग त उता चार-चौदेशतिरपो फनरिङ्न थाल्छ बा । उता इसीलीमका पाठकहरूले चाहिँ यसपाली यल्ले के के न लेख्ला भनेर आशं गरिराखेका होलान्; लेख्दै नलेखुङ आफ्नै मन मान्दैन, लेखिहालुङ नत भन्दा दिल-दिमागले बहकिने मनलाई नै तान्दैन । अब परेन त फसाद । उफ ! के गरेरपो यो बाजि उम्किने होला त हैं ! लौ त भनुङ, यस पटकको इसीलीममा केइपनि लेखिन गरे, अन्त भोलिको दुमी पुस्ताले त किन अल्सिएको हैं ? भनेर जुनि-जुनिसम्म सातो नै लिनेगरि सक्तो सराप्दैनन् गाँठे ! हैन, यसरी त हुँदै भएन, यसो कनिकुथी गरेरै भापनि आफ्नो वंशको कुनै अंशमा चैं त केही न केही लेख्न कस्सिनै पऱ्यो लौ भनेर एक्लै घरि सम्भिबस्छु म, ए बाबारे ! के लेख्योभने पो मनको कुरो जस्तो होला त हैं । त्यसै त भन्छन्को सुन्छु म, 'लेखले पाठकको मन छुन सक्नु पर्छ' अनि पो 'मनबाट निस्केको कुरा चाहिँ मनसम्मै पुग्छ' गरे त । सके त हुन्थ्यो नि, मन मात्र त के सिरदेखि पाउसम्मै छुवाउने गरि लेख्नु हुन्थ्यो नि, तर खोइ लेख्ने ढङ्ग काँ छर ! उसो त यो एक कोठारे मनमा आको सप्पै कुरा भलिभाँति लेखुङ भन्दा, बा कसैको मन छुनु त के कसो कुन्नि, बरू दिल-दिमाग नै पो कुँडिन्छ कि ! जस्तो पनि लाग्छ । ढङ्ग न रङ्ग लेखेर कति न छ्याङ्ङै पार्छु भन्दा उल्टै ह्वाङ्ग पारिपठाइयो भने त भोलि पत्रिका हेरेर कोसै न कोसैले त के लेखेको त्यस्तो ? भनेर प्वाक्क सोधिहाल्न पनि के बेर । आ...! जे त पर्ला, लेख्छु आबो आफ्नै बारेमा, यानेकि दुमी, फन्सीकीम र इसीलीमको बारेमा ।

रावाखोले राई भनेर चिनिने दुमीराईहरु आज आएर पुर्ख्यौली थातथलोदेखि भोट-पर्देश लाग्ने क्रममा सर्वत्र छरिएर रहेको छुङ । हामी जता पुगेर जहाँ रहेपनि 'दुङ्छुलु'लाई आफ्नो पौराणिक उद्गमथलो ठान्ने गरिएको छ (सम्पदाः २) । सात सामे अन्तर्गतका २१ पाछाका दुमीहरू (हरहरं-छारीमु-रावाहख-वाजीतु-सहसह-खादीलु) का नालिबेलीको बारेमा लेख्न थालेको पनि डेढ दशक त भैसकेन के हैं ?(इसीलीम, २०६८:८२) । यो सिर्जन्त उखल-भुखल थाहा पाउन इसीलीम अंक १ देखि १३ सम्मै हेर्नुपर्छ है ! पो कसरी भन्ने होला नि । उसो भए लौ अंक एकदेखि सबै इसीलीम मलाई चाहियो, भनेर कसैले सोधिखोजि हरिहाल्योभने परेन आपत । हामी फन्सीकीम र इसीलीमको पितृ बुझाउन खोज्नेहरूकै लागि समेत इसीलीमका बिगत अंकहरूको अनिकाल लागिसकेको कुरा थाहा पाए भने नि । अनि उहिल्यै यो कुरो ख्याल गरेर जतन गरिराख्नु पर्दैन त ? भनेर न्याख्याख्ती पारेभने त 'जोभानेको किस्मत-गोतामेको बिस्मात' होला नि जोस्तो पनि लाग्छ ।

उसो त दुमी वंशको दुमो चाहिँ कतातिर पाइन्छ हैं? भनेर प्वाक्कै सोधि पठाउनेहरूलाई छ्यान-विचार गरिकन भएभरको इतिवृति त सुनाउनै पऱ्यो क्यारे । खोटाङदेखि बाहेक पूर्वी नेपाल र सीमा पारि (दार्जीलिङ, सिक्किम, कालेबुङ, खर्साङ, आदि)सम्म पनि खार्मिले, कादेले, सोतमाली, रङ्गासु, रत्कु(ले), ससर्काली, खरबारे, हाँचेकाली, माक्पाली आदि नामले समेत चिनिदै आएका र नेपालमा नै पनि बीस वटा जिल्लाहरूमा छरिएर रहेका ७,६३८ (राष्ट्रिय जनगणना २०६८) दुमी वंशको

बारेमा पनि त इसीलीम नै हेर्नुपर्छ कसरी नभनुङ होला र । त्यसो त ती हरेक अंकहरूमा दुमीका सातै सामे र २१सै पाछ्राहरूका वंशावली छापिसकेको कुरा पनि कसो नसुनाउँ त । झनै वि.सं. २०६८ सालमा दुकिराफद्वारा प्रकासित ७,८७८ मूल प्रविष्टि सहितको दुमी-नेपाली-अंग्रेजी शब्दकोशको नालीबेलीको बारेमा इसीलीम अंक १३ र १४ मा छ है मात्र नभनेर १५ औं अंकमा दुमी भाषाको वास्नालाई अलिबढी तिख्खर पार्ने प्रयास गरिएको खबर पनि त सुनाउनेइ त होला ।

'फन्सीकीम'को कुरो चल्दा फन्सी 'जम्मा हुने (समेटिने)' र कीम 'साझा थलो (घर)' गरी दुई वटा अलग शब्दहरू मिलेर नै सिङ्गो शब्द फन्सीकीम यानेकि 'एकतृत हुने साझा थलो' बनेको कुरा कति जनाले भेउ नपाएको पनि हुन सक्छ । संस्थाका संस्थापक एवं बर्तमान अध्यक्ष (चतुरभक्त सत्म ब्राक्सुपा दुमीराई)का अनुसार ' फन्सीकीम' शब्दको न्वारान चाहिँ वि.सं. २०५० सालमा नै लाम्दिजा बजारमा सबै क्षेत्रबाट प्रतिनित्व गरिएको एक दुमी भेलाबीच बाक्सिला-६, हलखुमका तत्कालिन तायामी पुर्खा स्व. भिमलसिं मुरह दुमीराई (वि.सं. १९७५-२०५३)ले गर्नु भएको थियो र त्यहाँ उपस्थित सबै अग्रज दुमी पुर्खाहरूले यसलाई सहि थमाएका थिए गरे (इसीलीम, २०५६:३३) । हुन त हालसम्म पनि माक्पातर्फका दुमीभाषीको अर्थ्याईमा 'फन्सी वा फ्वाइसी' भन्नाले त छुट्ने वा अलगिने भन्ने पो बुझिन्छ त । बरू यसको सट्टा 'भेट हुने' दुमी शब्द त 'दुम्' (धातु शब्द)मा कीम 'घर' जोडेर 'दुमकीम' भन्दा पो राम्रो हुन्थ्यो कि ? भन्ने मनसाय पनि व्यक्त नगरिएका होइनन् ।

तैभापनि 'उँखु पो बाङ्गो हुन्छ त, रस त बाङ्गो हुदैन नि' जबकि 'नभेटिकन छुट्टिदैन' वा 'भेट भएसिन छुट्नु अवस्यम्भावी छ' भन्दै शब्दमा अल्झेर दुमीहरूले आफ्नो काँचोपन देखाउन चेष्टा गरेनन् र फन्सीकीम शब्दप्रति सबैको र सधैंको लागि एक मत कायम भएको छ । बरू यसको संरचनागत व्यवस्थापनको सन्दर्भमा चाहिँ प्रारम्भमा रहेको दुई तहः केन्द्रीय (फन्सीकीम, केन्द्रीय कार्य समिति) र स्थानीय (प्रारम्भिक, स्थानीय कार्य समिति) लाई बाक्सिला खोटाङमा सम्पन्न संस्थाको तेस्रो सम्मेलन (वि.सं. २०६२)ले समय सापेक्षे अनुमोदन गरी जम्मा तीन तहः केन्द्रीय (फन्सीकीम), क्षेत्रीय (दुमकीम) र स्थानीय (देलकीम) कायम भइआएको छ । जस अनुसार फन्सीकीम अन्तर्गत हालसम्म 'खाजाबासमा' लगायत दिक्तेल, काठमाडौं, धरान, झापा, आदि समेत गरी करीब एक दर्जन जति दुम्कीम र पाँच दर्जनको हाराहरीमा देलकीमहरू क्रियाशील रहिआएका छन् ।

समसामयिक गतिविधिको बारेमा गाँठी कुरो ओकल्नु पर्दा, हामी पदाधिकारीहरूले हालमा चाहिँ दुमी वंशको सीर उच्च हुनेगरी र स्यावासी पाउने गरि चैं त त्यति सारो के नै काम गरेको छुङ र जस्तो पनि लाग्छ । त्यसमा पनि पूरै दुमीजनले भरोसा गरेको फन्सीकीमको क्रियाशीलतामा सिथीलता आउनाले पछिल्लो समयमा संस्थाप्रति दुमी वंशको विश्वास दुब्लाउदै हामी स्वयम पनि 'यसो न उसो, लिखुरे मुसो'को अवस्थामा फन्सीकीमको बारेमा कतिहद लेख्दा ठीक्क हुन्छ, म आफै पनि अलमलमा परेको छु ।' जुरुक्कै उठिनिस्केर चारतिर फर्किवरि कुर्लुङ-हावाले डाँडापारिसम्म उडाएर लैजाला, त्यसो भा बसिगएर तजविजले भट्याउँ - यो मलिन आवाजलाई त्यहिँ पापी डाँडाले छेक्ला र आफ्नै वंशमाथि घात गरेको ठहर्ला कि भन्ने पीरलोले सकस पर्नेगरि गाँजेको छ मलाई ।

अब कुरो आयो 'इसीलीम'को बारेमा । जो जसले जे जसरी बुझे पनि 'दुमी किरात राई फन्सीकीम (दुकिराफ) को मुखपत्र नै हो इसीलीम । दुमीका अतिरिक्त सिङ्गो किरात सुमदायमा कुबिमी, सेलेमी जस्ता किरात समाजका अग्रज मुन्धुमी धामी विजुवाहरूले संस्कारजन्य विधि-विधानमा अनिवार्य रूपमा प्रयोग गर्ने गरेको एक जातको वनस्पति (चिल्ले कटुस)को पाउलाको नामबाट नै जुराइएको छ इसीलीम पत्रिकाको पवित्र नाम पनि । त्यो पनि अर्धबार्षिक दुमी भाषिक पत्रिका (त्रैभाषिकः दुमी, नेपाली, अंग्रजी)को रूपमा जिल्ला प्रशासन कार्यालय काठमाडौंमा विधिवत दर्ता गरी (द.नं ४५२/१५६) आजभन्दा ठीक डेढ दशक अगाडि (वि.सं. २०५६ सालमा) यसै याम छीरीयाम्लो (सरदकालिन समय)मा यसको प्रकाशन सुरु गरिएको यथार्थ त्यति सजिलैगरि विर्सनै कहाँ सकिन्छ र ।

यसको नामाकरणका सवालमा दुमीहरूबीच छलफल हुँदा इसीलीमका सल्लाहकार एवं संस्थाका अध्यक्षज्यूबाट नै पत्रिकाको नाम प्रस्ताव गरिएको र उपस्थित सबैबाट 'हो मा हो' जनाइएको थियो । तत्कालिन दुमी किरात राई फन्सीकीम, प्रारम्भिक जिल्ला कार्य समिति काठमाडौंका अध्यक्ष क्या. नैन बहादुर राई MM[२] ज्यूको संरक्षकत्वमा तत्कालिन सचिव (यो पंतिकार) लगायत अन्य पाँच जना प्राज्ञिक दुमीजनहरु गरी जम्मा ६ सदस्यीय सम्पादकहरूबाट यस पत्रिकाको सुरुवात वि.सं. २०५६ सालमा गरिएको थियो । त्यसको लगत्तै आघुङ साल (वि.सं. २०५७)मा तात्तातो जोससँगै छीरीयाम्लो (उधौली वा सरदकालिन समय) र धीरीयाम्लो (उभौली वा बसन्तकालिन समय)मा दुई अंकहरू (अंक २ र ३) निकाले बाहेक हालसम्म बर्षेनी एक खेप मात्र पनि बिडो थाम्न हम्मे - हम्मे परेको तथ्यलाई सरम नमानी सुनाउनु परेको छ ।

अझ रमाइलो कुरो त... परिस्थिति वा बाध्यताबश हरेक इसीलीम अंकमा कोही न कोही सम्पादकको नाम च्यानफ्यान भैआएकै छ । जसै इसीलीम प्रकाशन अर्थोपार्जनसँग पनि जोडिएको हुँदा तत्कालीन दुकीराफ कोषाधयक्ष श्री अशोक कुमार खवचु दुमीराईज्यूको पालादेखि संस्थाको कोषाध्यक्ष नै स्वतः इसीलीमको व्यवस्थापक रहने थिति बाँधिएतापनि पछिल्लो समयमा संस्थाको गतिविधिमा आएको उतार-चढावसँगै संस्थाको कोषाध्यक्ष (श्री गुणराज वलक्पा दुमीराई)को अनुपस्थितिमा इसीलीम अंक १५ देखि संस्थाका उपाध्यक्ष श्री ऋषिश्वर सरचु दुमीराईज्यूले व्यवस्थापनको जिम्मेवारी सम्हालिआउनु भएको छ ।

यसरी नै बिगत अंकहरूमा भैं तीन जना सल्लाहकारहरुका साथ संस्थाका अध्यक्ष प्रमुख सल्लाहकार रहनु भएको लक्का जवान १६ बर्षे यस इसीलीम १६औं अंकमा पनि उल्लेखनीय योगदानको कदर सहित व्यवस्थापनमा श्री ऋषिश्वर सरचु (उपाध्यक्ष, फन्सीकीम) र श्री अशेष सत्म (कोषाध्यक्ष, दुमकीम काठमाडौ) तथा सम्पादनमा नेत्रमणि हलक्सु (महासचिव, फन्सीकीम), तेजमाया मुरह (अध्यक्ष, दुमकीम काठमाडौ) र मौलिधन छाचुङ (सचिव, दुमकीम काठमाडौ) चयन गरिएको छ । हरेक इसीलीम अंकलाई विशेष अंक बनाउने प्रयास अनुरुप यस बाजि चाहिँ (चाहे अतिथी लेख नै किन नहोस्) किरात सभ्यता अन्तर्गत दुमी संस्कार-संस्कृतिलाई केही न केही बढी ठाउँ दिन खोजिएको छ ।

टुङ्ग्याउनिमा, 'यस पटक मैले ...' शीर्षकमा सिङ्गो दुमी वंश, दुमी समुदायको आस्थाको केन्द्र 'दुकिराफ' र दुमी सन्देशको बाहक 'इसीलीम'को बारेमा जानि-नजानी चर्च्याउने प्रयत्न गरें । बिन्ति यो छ मेरो, खोक्रो बोक्रै-बोक्रोले धोक्रो भरिपठाएछ नभन्ठान्दिनु होला । जानेर गरें या नजानिकन गरें । जे जस्तै भएपनि नजानेको जत्तिलाई छुटाएर सुनेको र बुझेकोसम्मलाई खोतल्न र ओकल्न चाहिँ अवश्य नै कोशिस गरें । जे जति गरें, दुमी वंशको मन जितेरै यसो गरें । अन्य सबै दुमीका शुभचिन्तक नर-नाता, नाता-नाला, नाता-कुटुम्बहरूलाई आफ्नो ठानेर नै गर्नुसम्म यसै गरें । आबो भन्दैजाँदा यतिसम्म त भनिसकेपछि यो पनि भनिहालुङ कि, एउटै वंशका हामी सबै सन्ततिहरू भावी दिनमा सहकार्य र सहयात्राको लागि जोरजाम हुइराखुङ र दुमी, फन्सीकीम र इसीलीमको बारेमा सबैले सोचुङ, बुझुङ र बुझाङँ । किनकि यी चाहिँदो कुराहरू भनेका हामी सबैको हो र पनि न कसैको हो । सबैको हो र त नि आजसम्म छ यो । कसैको होइन भनिबस्युङ भने भोलि के हुन्छ यो ?

ला... ! यस पटक मैले त के लेखुङ ...? भनेर लेख्दा-लेख्दै त लेखै पो भइपठायो कि जस्तो छ नि ! **नीरी ।**

**सन्दर्भ स्रोतहरू**


इसीलीम, अर्धबार्षिक दुमी भाषिक पत्रिका, अंक १ (२०५६) देखि अंक १५ (२०७०), दुमी किरात राई फन्सीकीम, काठमाडौ

राई, नेत्रमणि (२०७१) । 'दुमीभाषा', सम्पदा, भाषा विशेषाङ्क, जनसांस्कृतिक महासंघ, भाषा तथा लोकसाहित्य मञ्च, नेपाल

राई, नेत्रमणि (२०७०) । 'सन्दर्भ किरात राई भाषा र भाषीको', निप्सङ, अङ्क ३३, बर्ष २५, किरात राई यायोक्खा, केन्द्रीय कार्य समिति, नेपाल

# यस अंकमा थप भएका इसिलिम संमृद्धि कोष सदस्यहरुको विवरणहरु

| सि.न. | नामथर | ठेगाना |
|---|---|---|
| १ | तेज बहादुर राई/ मिश्रा राई | जालपा ४, खोटाङ |
| २ | सविता राई | जालपा ३, खोटाङ हाल, काठमाण्डौ |
| ३ | चुस्त बहादुर राई/ निर्मला राई | कुभिण्डे २, खोटाङ हाल दुवाकोट १, भक्तपुर |
| ४ | लोकेन्द्र राई /शोभा राई | कुभिण्डे २, खोटाङ हाल दुवाकोट १ भक्तपुर |
| ५ | हिरामनि राई /मधु राई | कुभिण्डे २, खोटाङ हाल दुवाकोट १ भक्तपुर |
| ६ | मिसन राई | कुभिण्डे २, खोटाङ हाल दुवाकोट १ भक्तपुर |
| ७ | टेक बहादुर मुरह दुमी | हल्कुम खोटाङ, हाल धरान |
| ८ | सविना हदी दुमी | हल्कुम खोटाङ, हाल धरान |
| ९ | मीना सत्म दुमी | सप्तेश्वर चप्लेटी, हालःसतासीधाम २, झापा |
| १० | खड्ग बहादुर रंकसु दुमी | धरान ८ |
| ११ | कृपा दुमी राई | धरान ८ |
| १२ | अष्ट बहादुर हदी राई | धरान ८ |
| १३ | युवराज · हलक्सु दुमी राई | लाम्दिजा माक्पालीडाडा |
| १४ | हर्कमणि दुमी | खार्मी १ साब्रु X |
| १५ | श्याम दुमी | माक्पा ४, हाल ललितपुर X |
| १६ | दुर्गा बहादुर रंकशु राई | गैरीगाउँ ६ |

*पुनश्चः यो अंकसम्म आईपुग्दा इसिलिम समृद्धिकोष सदस्य संख्या ५८ जना रहेको छ।*

यो १६ औं अंक संस्कृति विषेशांक रहेको छ। यस अंकलाई गहन रुपमा अध्ययन गरी यहा भएको कमीकमजोरी पहिल्याई दिई आवश्यक राय सुझाव तथा प्रतिक्रिया जनाईदिनुहुन अनुरोध गर्दछौं।

**-सम्पादक मण्डल**

## हार्दिक शुभकामना

**विजयादशमी तथा शुभदिपावली २०७१ को पावन अवसरमा सम्पूर्ण ग्राहकहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं**

**Tej Bahadur Basnet**

**Manager**

Mobile: 9841473923

Training Co-ordinator & advocate

**ALLIANCE MEDICAL & RESEARCH CENTER (P) LTD.**

**ALLIANCE TECHNICAL & CONSULT (P) LTD.**

G.P.O. BOX: 24070, Bashundhara-3, Dhapasi, Ringroad, Ktm, Nepal

Tel: 01-4384846/47

E-mail:alliancegroupnepal@yahoo.com, tejbahadur.basnet@yahoo.com

नोटः यहाँ विदेश जानेहरुको लागि मेडिकल जाँच तथा आवश्यक परामर्श समेत प्रदान गरिन्छ ।

## हार्दिक शुभकामना

**विजयादशमी तथा शुभदिपावली २०७१ को पावन अवसरमा सम्पूर्ण ग्राहकहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।**

**छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।**

## राईलिंक सपोर्ट अफसेट प्रेस

चाबहिल-७, काठमाडौं

फोनः ४४६०९०६

# इसीलीमपो तुम्

इसीलीम लाना आस्सोका हाल्सीन्पो यो तुक्रे थो छुक्ना नीरीम्गोता ।

मकाखी इसीलीम ताम खीस्सीबीका १६पो थोबी हुपाचीम गोता ।

ताम खीस्सी होपुपो रीदुम-हदुमपोदुबी लान्पोम गोता ।

भीसोका आभ्कोङ्कामबी दुमीब्रपो दुबी हम् ग ।

तेसोका ङा हुक्सा १७पो खीस्सीबी दुमी खुलुखुक्सुपो दुबी होता ।

इसीलीम दुमी ब्रपो चप्सुलामआ खुचीम १६ थोगोबी होपुपो नुसीलाम तुना नीरीम गोता ।

मका दुमीहाम्पो दुम्कीम दुमी किरात राई फन्सीकीमबी झारा रदुनाम्चुपो गोआकात्सो यो खुचीम गोता ।

नुमुलु सर्सो झारा सीजेक्साहामपो ललुखा का नुमुलु बर्सो यो खुचीम गोता ।

तामआ इङ्कीलाई दुमो सामफार्सो लामचोइसीना यो ओंलन्पो ङा गोता ।

दुमी रदुनाम्चुपो चुचाचा का फन्सीकीमपो कीमनामचु छुनाआ.

चप्सा. जेक्सा. मीम्सा का झाराचुपो ताम्मों लस्सीबी अलनु आस्सो नुबी तुहन्पोयो गोता ।

उङ्कुपो फीन्तुम नुबी लुन्सोका गोतीम्सा चप्सीलाम फीङ्सा झाराबी गोचुरीलाका अलनु ङा आक्देक्ता ।

इसीलीम लास्सीबी बुलुताम्सी ' लक्सा झारा विज्ञापनदाताहाम्बी यो अलनु ना आक्ता ।

ताम इसीलीमबी रीदुम-हदुमपो दुबी लाना होपुचाप्सी-कोक्सी ' लक्सा झाराबी छीलछील ।

रीदुम-हदुमपो दुबी होपुपो साप्तेलगोबीला ' लस्सो हक्सा झारा ताया-ताङकुबी यो अलनु आक्देक्ता ।

इसीलीम मीम्हक्सा झाराचुबी फन्सीकीम मन इसीलीम कीमनाम अलनु वौङा आक्ता ।

सुलाम दुवा हीयोयो माचाम्नु आस्सोका फन्सीकीम का इसीलीम कीमनाम मीम्तुक्ता ।

हुक्सा इसीलीम खीस्सीबी यो तेसोकाङा ' लखालुक्सा नुगोबीलाका जाःली मुक्ता ।

सुप्तुलु युङखुलु का दुङकुलुआ हीयोयो इङ्कीपो सोआगुर्नुन्पोनु । अलनु । -सम्पादक

# (इसीलीमको भनाइ)

इसीलीम प्रकाशन सुरु गरेको पनि सोह्र बर्ष भैसकेको छ । त्यसैले इसीलीम यही अंकबाट १६औं वर्षमा प्रवेश गरेको छ ।

यस अंकमा चाहिँ दुमी संस्कार-संस्कृतिलाई विशेष महत्व दिइएको छ ।

जसरी अघिल्लो १५औं अंकमा दुमीभाषालाई महत्व दिइएको थियो ।

यसरी नै आगामी १७औं अंकमा स्थानीय स्थानीय पहिचानजन्य विषयवस्तुहरु आउने छन् ।

इसीलीम दुमी भाषिक पत्रिकाले बितेका १५ वर्षको अवधीमा आफ्नो पहिचान राखिनै सकेको छ ।

साथमा दुमी संस्था दुमी किरात राई फन्सीकीमप्रति पनि दिनानुदिन सबैको भरोसा जाग्दो छ ।

जिज्ञासु पाठकजनको न्यानो माया र गहिरो चासो पनि त्यतिकै मात्रामा बढ्दै गएको छ ।

यसले हामीलाई अवश्य नै अरु बढी जिम्मेवार हुन प्रेरित पनि गरेको छ ।

दुमी वंश एवं संस्थाको एक सदस्य भएको साइनोले, लेखक, पाठक, शुभेच्छुकलगायत सबै पक्षको अमूल्य सहयोगप्रति आभार प्रकट गर्न चाहन्छौं ।

हाम्रो अनुरोधलाई सहर्ष स्वीकारी महत्वपूर्ण लेखरचना उपलब्ध गराउनुहुने सबैप्रति ऋणी रहने छौं ।

इसीलीम प्रकाशनमा आर्थिक सहयोग गरी टेवा पुऱ्याउनुहुने विज्ञापनदाताहरुमा हार्दिक आभार प्रकट गर्दछौं ।

यस इसीलीम संस्कार-संस्कृति सम्बन्धी लेखको लागि भरपूर सहयोग पुऱ्याउनुहुने सबै लेखक (स्रष्टा)हरुलाई विशेष धन्यवाद दिन चाहन्छौं ।

संस्कार-संस्कृति सम्बन्धी आ-आफ्नो थातथलोबाट बताइपठाउने दिग्गज स्रोत-व्यक्ति (ताया-ताङकु)हरुप्रति पनि धन्यवाद ।

यसरी नै इसीलीम प्रकाशन यात्रामा हाम्रो साथ अनन्त कालसम्मै निरन्तर कायम रहने अपेक्षा राख्दछौं ।

साथमा शुभेच्छुक सबैप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं । आगामी इसीलीम अंकहरुमा पनि निरन्तर साथ सहयोगको अपेक्षा राख्दछौं ।

सुप्तुलु, युङखुलु र दुङकुलु सदा हाम्रा साहसका स्रोत बनून् । **धन्यवाद । -सम्पादक**

विजया दशमी तथा शुभ दीपावली २०७१ को उपलक्ष्यमा सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

वैदेशिक रोजगारको लागि

परामर्श सेवा
कागजी प्रक्रिया
भरपर्दो माध्यम
छिटो छरितो
प्रभावकारी सेवा

Mobhira HR Services Pvt. Ltd.
Govt. Lic No.: 1001/068/069
Your's Reliable HR Recruting Agency

Basundhara, Kathmandu, Nepal
Tel (Private): +977-9803316226, 9851147006
Tel: +977-1-4381644, Fax: +977-1-4381411
E-mail:yadab006@gmail.com (Pvt), mobhirahr@gmail.com (Off)
URL: www.mobhirahr.com

द.नं. १२५२७८/०७१/०७२ पान नं. ६०२४०४१५६

एक्टिभ आल्मुनियम एण्ड फेब्रिकेशन प्रा.लि.

काँडाघारी, काठमाण्डौ, नेपाल
सम्पर्क नं ९८४३५२७६२०, ९८१३८२३०३८, ९८४९३९११८०



प्रो. अभिनाश ढुमी राई

हाम्रो सेवाहरू
आल्मुनियमका झ्याल, ढोका, चौकस, पार्टेसन, ग्लेजिङ्ग गर्नुका साथै आल्मुनियम सम्बन्धी मर्मत संभार पनि गरिन्छ ।



# विजयादशमी तथा शुभदिपावली २०७१ को पावन अवसरमा सम्पूर्ण ग्राहकहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**बिशेषता:**

यहाँ स्वच्छ खानाका परिकार,
पारिवारिक वातावरण,
नेपाली, हिन्दी, मन जित्ने गजल,
आधुनिक गीत गाएर हजुरहरुलाई
मनोरञ्जन दिने हाम्रो उद्देश्य
रहेकोले एक पटक पाल्नुहोस् ।

**रूद्र गिरी**
संचालक

सोमबार, बुधबार, शुक्रबार र शनिबार हप्तामा ४ दिन हाम्रो गजल कार्यक्रम भईरहेको जानकारी गराउदछौं ।



## हलेशी फेमिली क्याफे एण्ड बैंकेट

का.म.पा. ३५ पुरानो सिनामंगल (पेप्सीकोला)

०१-४९९११३६, ९८५१०५४८६६